# व्यवस्थापिका–संसद
# अर्थ समिति
## वार्षिक प्रतिवेदन, २०७२



**व्यवस्थापिका–संसद**
**काठमाडौं**

# व्यवस्थापिका–संसद
# अर्थ समिति
## वार्षिक प्रतिवेदन, २०७२






**व्यवस्थापिका–संसद**
**काठमाडौं**

**व्यवस्थापिका–संसद**

**अर्थ समिति**

**सभापति**

मा. श्री प्रकाश ज्वाला

**पदेन सदस्यहरु**

सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओली

माननीय उपप्रधान तथा सहकारी तथा गरीबी निवारण मन्त्री श्री चित्रबहादुर के.सी.

माननीय अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल

**सदस्यहरु**

| क्र.सं. | नाम, थर | क्र.सं. | नाम, थर |
|---|---|---|---|
| १. | मा. श्री अब्दुल रज्जाक गद्दी | २५. | मा. श्री मनोहर नारायण श्रेष्ठ |
| २. | मा. श्री इच्छा राज तामाङ्ग | २६. | मा. श्री मंजु कुमारी चौधरी |
| ३. | मा. श्री इन्द्रबहादुर बानियां | २७. | मा. श्री मोहनप्रसाद बराल |
| ४. | मा. श्री उदय शम्शेर जवरा | २८. | मा. श्री रत्न शेरचन |
| ५. | मा. श्री ओमदेवी मल्ल | २९. | मा. श्री रमणी राम |
| ६. | मा. श्री कमला पन्त | ३०. | मा. श्री रमेश प्रसाद कुर्मी |
| ७. | मा. श्री केदार प्रसाद संजेल | ३१. | मा. श्री राज कुमार अग्रवाल |
| ८. | मा. श्री केशव प्रसाद बडाल | ३२. | मा. डा. रामशरण महत |
| ९. | मा. श्री गोपाल दहित | ३३. | मा. श्री रीता शाही |
| १०. | मा. श्री गोमा कुवर | ३४. | मा. श्री रेशम बहादुर लामा |
| ११. | मा. श्री गौरा प्रसाई (कोईराला) | ३५. | मा. श्री ल्हारक्याल लामा |
| १२. | मा. श्री चन्द्रकान्त भण्डारी | ३६. | मा. श्री विदुर प्रसाद सापकोटा |
| १३. | मा. श्री जगदिश्वर नरसिंह के.सी. | ३७. | मा. श्री विमल कुमार केडिया |
| १४. | मा. श्री दल बहादुर सुनार | ३८. | मा. श्री शेर बहादुर तामाङ्ग |
| १५. | मा. श्री दामोदर भण्डारी | ३९. | मा. श्री शंकर भण्डारी |
| १६. | मा. श्री दिप नारायण साह | ४०. | मा. श्री सरस्वती वजिमय |
| १७. | मा. श्री दिपक प्रसाद कुईकेल | ४१. | मा. श्री सिर्जना तरामु खत्री |
| १८. | मा. श्री नरदेवी पुन मगर | ४२. | मा. श्री सुरेन्द्र प्रसाद पाण्डे |
| १९. | मा. श्री नर बहादुर चन्द | ४३. | मा. डा० सुवोध कुमार पोखरेल |
| २०. | मा. श्री पुष्पलता लामा | ४४. | मा. श्री श्रवण कुमार अग्रवाल |
| २१. | मा. श्री प्रमिला राणा | ४५. | मा. श्री श्रीकान्ती पासी |
| २२. | मा. श्री बिक्रम पाण्डे | ४६. | मा. श्री श्रीप्रसाद जवेगु |
| २३. | मा. श्री भरत मोहन अधिकारी | ४७. | मा. श्री हरिलाल ज्ञवाली |
| २४. | मा. श्री मदन कुमारी शाह (गरिमा) | | मा. श्री रेवती रमण भण्डारी (आमन्त्रित) |

**समिति सचिव**

श्री कृष्णहरि खड्का

| व्यवस्थापिका-संसद सचिवालय | | |
|---|---|---|
| क्र.सं. | पद | नाम, थर |
| १. | महासचिव | श्री मनोहरप्रसाद भट्टराई |
| २. | सचिव | श्री मुकुन्द शर्मा |

| समिति सचिवालयका कर्मचारी | | |
|---|---|---|
| १. | सचिव | श्री कृष्णहरि खड्का |
| २. | उपसचिव | श्री मनोजकुमार गिरी |
| ३. | शाखा अधिकृत | श्री कान्छा दुलाल |
| ४. | शाखा अधिकृत | श्री अधिराज राई |
| ५. | कम्प्यूटर अपरेटर | श्री प्रकाशकुमार लामा |
| ६. | खरिदार | श्री जगदिश रेग्मी |
| ७. | कार्यालय सहयोगी | श्री माधवप्रसाद नेपाल |

| मुद्रणका कर्मचारी | | |
|---|---|---|
| क्र.सं. | पद | नाम, थर |
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्भिरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

| फोटोकपिका कर्मचारी | | |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री बाबुराजा महर्जन |
| २. | मुद्रण अधिकृत | श्री सागरकुमार तुलाधर |
| ३. | सिनियर प्रेस टेक्निसियन | श्री हरिशचन्द्र भण्डारी |

# मन्तव्य

**सम्माननीय सभामुख महोदय,**

दोस्रो संविधान सभाको निर्वाचन पश्चात् संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम ११० अनुसार व्यवस्थापिका-संसदका विभिन्न विषयगत समितिहरु गठन गर्ने क्रममा अर्थ समितिको पनि गठन भयो । अर्थ समितिले २०७१ साल बैशाख १४ गतेदेखि आफ्नो कार्य प्रारम्भ गरेको थियो । कार्यारम्भ गरेपछि समिति आफ्नो जिम्मेवारीमा निरन्तर सक्रिय रहँदै आएको छ । समितिले हालसम्म विभिन्न समसामयिक महत्वका विषयका कार्यसूची निर्धारण गरी जम्मा ५५ वटा बैठक बसी कार्यसम्पादन गरिसकेको छ । समितिका बैठकहरुबाट महत्वपूर्ण निर्णयहरु भएका छन् ।

नियमावली अनुसार अर्थ समितिको कार्य क्षेत्रअन्तर्गत अर्थ मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोग रहेका छन् । प्रारम्भमा यस समितिले निर्धारित कार्य क्षेत्रअन्तर्गतका मन्त्रालय, आयोगलगायतका निकायहरुको कार्य प्रकृति तथा तिनीहरुको कार्यसम्पादनमा रहेका कमी-कमजोरी र सुधारका लागि गरिएका प्रयासहरू लगायतका विषयहरूका बारेमा सम्बन्धित निकायका तर्फबाट विस्तृतरूपमा जानकारी लिने कार्य गरेको थियो ।

**सम्माननीय सभामुख महोदय,**

समितिले मुलुकको समग्र अर्थतन्त्र र आर्थिक क्षेत्रको विकाससँग सम्बन्धित विषयहरुमा पटक पटक बैठक गरेर गहन छलफल चलाएको छ । यस क्रममा सरकारलाई सम्बन्धित विषयहरुमा आवश्यक सल्लाह, सुझाव र निर्देशन दिँदै आएको छ । सहकारी क्षेत्रमा देखापरेका समस्या, विकृति र समाधानका उपायका साथै सहकारी ऐन संशोधनका सम्बन्धमा समितिमा पटक-पटक छलफल भई मन्त्रालयलाई आवश्यक सुझाव र निर्देशन दिइएका छन् । गरीबी निवारणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि समितिले विभिन्न आवश्यक निर्देशन दिएको छ । पुराना सवारी साधनको व्यवस्थापन लगायत सरकारी पदाधिकारीहरुको सवारी साधन सुविधा र तिनको प्रयोगलाई व्यवस्थित गर्न र अनधिकृत रुपमा उपलब्ध गराइएका विभिन्न सवारी साधनहरु तत्काल फिर्ता लिन सरकारलाई निर्देशन दिएको छ । नेपाल सरकारले करार सेवा लिँदा निर्धारित न्यूनतम पारिश्रमिक रकमभन्दा कम नहुने गरी लिन निर्देशन दिएको छ । राष्ट्रिय योजना आयोगका काम कारबाहीसँग सम्बन्धित विषयका साथै योजना तर्जुमा, विकास योजनाहरुको ढाँचा र विकास बजेट बढीभन्दा बढी खर्च गर्ने उपायका सम्बन्धमा समितिले आवश्यक निर्णय गरी कार्यान्वयनका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराएको छ ।

केही विशिष्ट एवं राष्ट्रिय महत्वका विषयहरुमा समेत समितिले गम्भीर चासो राखी छलफल गर्दै आएको छ । समितिले कतिपय विषयमा उपसमिति समेत गठन गरी विस्तृत अध्ययन एवं सुझाव सहितको प्रतिवेदन प्राप्त गरेको छ । सार्वजनिक खरिद व्यवस्थालाई कसरी पारदर्शी, विश्वसनीय र भरपर्दो बनाउने भन्ने सम्बन्धमा अध्ययन गर्नका लागि उपसमिति गठन गरियो । त्यसरी नै काठमाडौं-तराई/मधेश द्रुतमार्ग र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिनका लागि उपसमिति गठन गरियो । उपसमितिहरुले गहन अध्ययन गरी समितिमा प्रतिवेदन दिएका र प्रतिवेदनहरुमाथि समितिद्वारा अन्तिम निर्णय भई सम्बन्धित निकायहरुलाई निर्देशन सहित सोका प्रतिहरु पठाउने कार्यहरु भएका छन् ।

संसदीय समितिका कार्यसूचीहरुबीच दोहोरोपन नहोओस् भन्नेतर्फ र आमन्त्रण गरिने पदाधिकारीका सम्बन्धमा समेत सजग रही समितिले अन्य समितिसँग समन्वय कायम गर्दै आएको छ । पुँजीगत खर्च बढाउने सम्बन्धमा विकास समिति र कृषि तथा जलस्रोत समितिसँग संयुक्त बैठक आयोजना गरी सरकारको गम्भीर ध्यानाकर्षण गराउने काम भयो । कतिपय विषयहरु अन्य समितिसँग सम्बन्धित निकायसँग गाँसिएको जस्तो देखिए तापनि आर्थिक लगानी र मुलुकको समग्र आर्थिक विकाससँग जोडिएका विषयवस्तुहरुलाई आफ्नो कार्यसूचीमा लिई समितिले कार्य गरेको छ । सार्वजनिक खरिद ऐन, नियममा रहेका अव्यावहारिक पक्षहरुलाई समय सापेक्ष बनाउने सम्बन्धमा वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनबाट राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जलस्रोतसँग सम्बन्धित कतिपय जलविद्युत आयोजनाहरुको लगानी प्रभावित हुने भएकोले त्यस सम्बन्धमा कार्यसूची निर्धारण गरी कार्य गरिएको छन् । यसरी समितिले नियमावलीको दायराभित्र आफ्नो क्षेत्राधिकार अन्तर्गत जिम्मेवारी निर्वाह गर्दै आएको छ ।

मुलुकको आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको बजेट निर्माण प्रक्रिया, बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरुलाई लिएर विधायिकी अङ्गको पहलकदमी एवं सहभागितामा मुलुकमा पहिलोपटक पूर्व बजेट छलफललाई जनस्तरसम्म पुऱ्याई क्षेत्रगत रुपमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो । यस क्रममा स्थानीय राजनीतिक दल, स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, सहकारीमा कार्यरत अभियानकर्ताहरु लगायतसँग आधारभूत तहका सुझाव लिने काम भयो । यस क्रममा सुर्खेत, बाँके, भैरहवा, पाल्पा, पर्सा र मकवानपुर जिल्लामा बृहद् रुपमा अन्तर्क्रिया कार्यक्रम गरी सुझाव सङ्कलन गरियो । विनाशकारी भूकम्प गएको कारण पूर्व बजेट छलफल देशको पूर्वाञ्चल, सुदूर पश्चिमाञ्चल र कर्णाली क्षेत्रका लागि निर्धारित कार्यक्रम स्थगित गर्नु परेको थियो । यसरी स्थानीय स्तरसम्मका जनभावना समेट्ने गरी प्राप्त सुझावहरुलाई बजेटमा सम्बोधन गर्ने व्यवस्थाका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकायहरुलाई निर्देशन सहित प्रतिवेदन पठाइयो । आगामी दिनमा समितिले पूर्व बजेट सम्बन्धी छलफल कार्यक्रमलाई स्थानीय तहसम्म अझ घनिभूत रुपमा अगाडि बढाउने सोच लिएको व्यहोरा यस सम्मानीत सदनमा अभिव्यक्त गर्न चाहन्छु ।

**सम्माननीय सभामुख महोदय,**

समितिले बाढी पहिरोबाट प्रभावित जनताको राहत रकमको सदुपयोगका सम्बन्धमा छलफल गरी गर्नु पर्ने आवश्यक कार्यका लागि सरकारको ध्यानाकर्षण गराएको थियो । नेपाल सरकारबाट वितरण गर्ने गरिएको औषधोपचार खर्च र आर्थिक सहायता सम्बन्धमा सार्वजनिक रुपमा प्रश्नहरु उठेपछि यो विषयलाई समितिले आफ्नो कार्यसूची बनायो । विनाआधार राष्ट्रिय ढुकुटीबाट खर्च नगर्न र उपयुक्त निर्देशिका एवं कार्यविधि निर्माण र परिमार्जन गर्ने दिशामा समितिले निर्देशन दिएको छ । त्यसरी नै सरकारी साधन स्रोतको दुरुपयोग रोक्न, सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन, अनावश्यक भोज भतेर र विदेश भ्रमण नियन्त्रण गर्न पनि सरकारलाई निर्देशन दिएको छ । द्वन्द्वकालमा विस्थापित बैङ्किङ्ग कार्यालयहरुलाई पुनर्स्थापना गर्नका लागि अर्थ मन्त्रालयलाई निर्देशन दिइएको छ । स्वीस बैङ्कमा नेपालीहरुको खातामा रहेको रकमबारे छानबिन गर्नका लागि पनि सरकारलाई सुझाव दिइएको छ ।

संसदमा सरकारका तर्फबाट बजेट प्रस्तुत गर्ने मिति संविधानमा नै व्यवस्था गर्नका लागि समितिका तर्फबाट दिइएको निर्देशन अनुसार संविधानमा बजेट प्रस्तुत गर्ने मिति प्रत्येक वर्षको जेठ १५ गते तोकिएको छ । यसमा समितिले गौरव महसूस गरेको छ । असार १ गतेबाट नयाँ आर्थिक वर्ष प्रारम्भ हुने गरी पूर्व बजेट छलफल, नीति तथा कार्यक्रम प्रस्तुति, छलफल र पारित सम्बन्धी कार्यतालिका सहित समितिले निर्णय गरी सम्बन्धित निकायहरुलाई ऐनमा संशोधन गर्न सुझाव दिएको छ साथै संसदमा बजेट छलफलको अवधि, कार्यविधि र कार्य प्रक्रिया छोट्याउन समेत सम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गरेको छ । अर्थ मन्त्रीले बजेट पेश गरेपछि स्वतः सम्बन्धित निकायहरुमा खर्चको अख्तियारी जाने व्यवस्था मिलाउन र योजना/आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कनलाई प्रभावकारी बनाउने स्थायी प्रकृतिको "अनुगमन र मूल्याङ्कन समिति" बनाउन निर्देशन दिएको थियो । समितिले देशमा २०७२ बैशाख १२ र त्यसपछि गएका भूकम्प तथा पराकम्पनले पारेको मानवीय, भौतिक र आर्थिक क्षतिको विवरण सार्वजनिक गर्न, पूर्णरुपमा र बसोवास गर्न नमिल्ने गरी क्षतिग्रस्त घरका परिवारलाई अस्थायी बसोवासका लागि रु. २५,०००/- उपलब्ध गराउन, बेपत्ताको खोजी गर्न, राहत वितरण न्यायोचित र व्यवस्थित बनाउन, राहत रकम दुरुपयोग रोक्न, आवास र वस्ती विकास कार्यक्रमहरु ल्याउन समेत समितिले सम्बन्धित निकायहरुलाई निर्देशन दिइएको हो । नेपालको पुनर्निर्माण र नवनिर्माणमा दातृ राष्ट्र र निकायहरुको सहयोग जुटाउने उद्देश्यले नेपालमा आयोजना भएको अन्तर्राष्ट्रिय सम्मेलनलाई फलदायी बनाउन समितिले सरकारलाई महत्वपूर्ण सुझावहरु दिएको थियो ।

समितिले राष्ट्रिय महत्वका योजनाहरुलाई समयमै सम्पन्न गर्न, मुलुकमा उत्पादन बढाउन, आयात न्यूनीकरण र निर्यात वृद्धि गर्न बजेटमा प्राथमिकता तोक्न सुझाव दिएको छ । कर प्रणालीलाई वैज्ञानिक बनाउन व्यापारिक प्रयोजनका लागि नेपालमा आयात हुने वस्तुहरुमा रु. १०,०००/- भन्दा बढीको कारोबार बैङ्किक प्रणालीबाटै गर्ने, न्यून विजकीकरणबाट हुने राजश्व छलीलाई नियन्त्रण गरी कानूनी कारबाही गर्ने र राजश्व असूलीलाई सरलीकृत, व्यवस्थित र पारदर्शी बनाउन, सम्पूर्ण आर्थिक कारोबार बैङ्क मार्फत् गर्न र कर असुलीलाई विद्युतीय प्रविधि मार्फत् गर्ने गरी परिमार्जन गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ । समितिले भन्सार नाकाहरुमा राजश्व सङ्कलनको अवस्था, राजश्व संकलनमा रहेका समस्या, त्यहाँ हुने अनियमितता र भन्सार नाकाहरुमा गर्नु पर्ने सुधारका सम्बन्धमा अध्ययन गर्नका लागि मुलुकको सबैभन्दा ठूलो वीरगञ्ज भन्सार, सुख्खा

बन्दरगाह, सुनौली भन्सार, नेपालगञ्ज भन्सारमा आकस्मिक अनुगमन गरेको थियो । यस सम्बन्धमा सरकारलाई आवश्यक निर्देशन दिइएको छ । नेपालको संविधान जारी भएपछि भारतको तर्फबाट गरिएको अघोषित नाकाबन्दीले नेपालको जनजीवन र अर्थतन्त्रमा परेको असरका सम्बन्धमा समितिले अर्थ मन्त्रीसँग समेत छलफल गरी तत्काल आवश्यक पहलकदमी लिनका लागि सरकारलाई सुझाव दिएको छ ।

**सम्माननीय सभामुख महोदय,**

अन्त्यमा, यस समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउनु हुने व्यवस्थापिका-संसदका सम्माननीय सभामुख महोदय, माननीय उपसभामुखज्यू, समितिका माननीय सदस्यहरू, नेपाल सरकार र सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका पदाधिकारीहरू, संवैधानिक निकायका पदाधिकारीहरु, व्यवस्थापिका-संसदका महासचिव, सचिवालयका सचिव, समिति सचिव लगायत समिति सचिवालयका सम्बद्ध कर्मचारीहरु, समितिको कार्यसँग सम्बद्ध सचिवालयका  सम्पूर्ण कर्मचारीहरु, समितिलाई सहयोग पुऱ्याउनु हुने विज्ञहरू, नागरिक समाजका अभियानकर्ताहरु तथा समितिका काम कारबाहीका विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद दिँदै, संविधान सभा (व्यवस्थापिका-संसद कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२८ बमोजिम यो प्रतिवेदन सम्माननीय सभामुख महोदय मार्फत् यस सम्मानीत सदन समक्ष पेश गर्दछु ।

**धन्यवाद ।**

मिति : २०७२/०९/०८

(प्रकाश ज्वाला)
सभापति

# विषय–सुची

## परिच्छेद-१
### परिचय


१.१ पृष्ठभूमी........................................................................................१

१.२ समितिको गठन ..................................................................................१

१.३ समितिको पदेन सदस्य..........................................................................१

१.४ समितिको कार्यक्षेत्र................................................................................ २

१.५ समितिको कार्यविधि.............................................................................. २

१.६ समितिको काम, कर्तव्य र अधिकार ........................................................... २

१.७ समितिको कार्य प्रक्रिया..........................................................................३

१.८ समितिको सीमा ..................................................................................३


## परिच्छेद-२
### कार्य विवरण


२.१. अर्थ मन्त्रालयको कार्य विवरण.................................................................. ५

२.२. सहकारी तथा गरीबी निवारण मन्त्रालयको कार्य विवरण.................................... ५

२.३. राष्ट्रिय योजना आयोगको कार्य विवरण..........................................................६


## परिच्छेद-३
### समितिको भूमिका


३.१. समितिको निर्णयहरु.................................................................................. ९

३.२. निर्णयहरु कार्यान्वयनको अवस्था ................................................................ २५

३.३. समितिको स्थलगत भ्रमण ........................................................................ २६

३.४. आर्थिक अनुशासनमा अर्थ समितिको भूमिका ................................................. २६

३.५. समिति सदस्यहरुको बैठकहरुमा सहभागिता................................................... २७


## परिच्छेद-४
### उपसमिति र तिनका प्रतिवेदन


**४.१** उपसमितिको गठन ................................................................................ २९

**४.२** सार्वजनिक खरिद व्यवस्था उपसमिति............................................................ २९

**४.३** काठमाडौं-तराई/मधेस द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना उपसमिति ............ ३२


## परिच्छेद-५
### पूर्व बजेट छलफल


५.१ पृष्ठभूभी........................................................................................ ३५

५.२ सुर्खेत र बाँके जिल्ला कार्यक्रम .................................................................. ३५

५.३ रुपन्देही र पाल्पा जिल्ला कार्यक्रम .............................................................. ३५

५.४ पर्सा र मकवानपुर जिल्ला कार्यक्रम ..............................................................३६

५.५ पूर्व बजेट छलफलमा उठाइएका केही प्रमुख विषयहरु .......................................... ३७

## परिच्छेद-६

## समीक्षा र निष्कर्ष

६.१ समिक्षा ........ ३९

६.२ निष्कर्ष ........ ४०

## अनुसूचीहरु

अनुसूची-१

सार्वजनिक खरिद व्यवस्थामा देखिएका समस्याहरुको अध्ययन र सुझाव सम्बन्धी प्रतिवेदन, २०७१ ........ ४३

अनसूची-२

काठमाडौं-तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना अध्ययन प्रतिवेदन, २०७२ ... ५७

अनुसूची-३

पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, सुर्खेत र बाँके जिल्ला ........ ६७

अनुसूची-४

पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, रुपन्देही र पाल्पा जिल्ला ........ ८३

अनुसूची-५

पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, पर्सा र मकवानपुर जिल्ला ........ ९६

# परिच्छेद–१
# परिचय

## १.१ पृष्ठभूमी

व्यवस्थापिका-संसदप्रति सरकारलाई उत्तरदायी र जवाफदेही बनाउने प्रमुख माध्यम संसदीय समितिहरु नै हुन् । सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका-संसद्मा पनि विभिन्न विषयगत समितिहरु रहने व्यवस्था नेपालको संविधानको धारा ९७ र संविधान सभा (व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०७० ले गरेको छ । सो नियमावलीको नियम ११० बमोजिम गठन भएको अर्थ समितिको कार्यक्षेत्र अर्थ मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोग रहेका छन् । सरकारलाई व्यवस्थापिका-संसद प्रति उत्तरदायी र जावफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन गरी आफ्नो क्षेत्रभित्र पर्ने निकायहरुलाई आवश्यक अध्ययन, अनुगमन, मूल्यांकन, छलफल र विचार विमर्श गरी निर्देशन र राय सल्लाह दिने काम समितिले गरेको छ ।

समितिले आफ्नो कार्यक्षेत्रभित्र पर्ने निकायहरुले गरेका काम कारबाहीको निरन्तर निगरानी गरी मन्त्रालयहरुले तर्जुमा गरेका नीति र निर्णयहरु कत्तिको जनहितकारी छन र तिनीहरुको कार्यान्वयन कसरी भइरहेको छ भन्ने सम्बन्धमा समितिले सरोकारवाला मन्त्रालय र निकायहरुसँग निरन्तर छलफल र अन्तर्क्रिया गरिरहेको छ ।

सरकारले गरेका निर्णयहरुको औचित्य र प्रभावकारिता सम्बन्धमा देखिएका कमी कमजोरी सुधार गर्न समय समयमा समितिले सम्बन्धित निकायहरुलाई विभिन्न निर्देशनहरु दिएको छ । यसरी दिइएका निर्देशनहरुमध्ये कतिपय कार्यान्वयन भएका छन् भने केही कार्यान्वयन हुने क्रममा रहेका पनि छन् । कतिपय निर्णयहरु कार्यान्वयन नभएका अवस्थामा पनि छन् । निर्णयहरु कार्यान्वयनका लागि समितिले सम्बन्धित निकायहरुलाई बारम्बार ताकेता गरिरहेको पनि छ ।

## १.२ समितिको गठन





संविधान सभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० मा सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी र जवाफदेही बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन व्यवस्थापिका-संसदमा विभिन्न ११ वटा विषयगत समितिहरु गठन गर्ने व्यवस्था रहेको छ । तीमध्ये अर्थ समिति पनि एक हो । २०७० चैत्र २६ गते बसेको व्यवस्थापिका-संसदको बैठकको सहमति बमोजिम सम्माननीय सभामुखबाट समितिका सदस्यहरुको मनोनयन भएको हो । समतिको गठन पश्चात जेष्ठ सदस्य मा. श्री भरतमोहन अधिकारीको अध्यक्ष्यतामा समितिको बैठक बस्दै आएकोमा २०७१ भदौ ११ मा सभापतिको निर्वाचन सम्पन्न भई समिति सभापतिको रुपमा मा.श्री प्रकाश ज्वाला चयन हुनु भयो । हाल यस समितिमा सभापति सहित ४८ जना माननीय सदस्यहरु रहेका छन् ।

## १.३ समितिको पदेन सदस्य

- सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओली
- माननीय उपप्रधान तथा सहकारी तथा गरीबी निवारण मन्त्री श्री चित्रबहादुर के.सी.
- माननीय अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल

## १.४ समितिको कार्यक्षेत्र

संविधान सभा (व्यवस्थापिका-संसदको कार्यसञ्चालन) नियमावली, २०७० अनुसार समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेका छन् :-

- अर्थ मन्त्रालय,
- सहकारी तथा गरीबी निवारण मन्त्रालय, र
- राष्ट्रिय योजना आयोग ।

## १.५ समितिको कार्यविधि

- अन्तरक्रिया कार्यक्रम, गोष्ठी र छलफल गरेको,
- सरकोरवाला निकाहरुसँग छलफल र संवाद गरी निष्कर्षमा पुगेको,
- छलफलमा आवश्यक कागजात झिकाई अध्ययन गरेको,
- समितिको निर्णयानुसार स्थलगत अध्ययन भ्रमण गरेको, र
- उपसमितिहरु निर्माण गरी कार्य सम्पादन गरेको ।

## १.६ समितिको काम, कर्तव्य र अधिकार

आफ्नो कार्य क्षेत्रको परिधिभित्र रही समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था छ :-

- मन्त्रालय, आयोग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने,
- मन्त्रालय, आयोग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने,
- मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,
- विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,
- सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,
- सभाले सुम्पेको अन्य कार्य गर्ने,
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,
- समितिले कार्य सम्पादन गर्दा पदाधिकारीहरुलाई उपस्थित गराउने, विशेषज्ञ सेवा लिने र सम्बन्धित निकायहरुबाट कागजात झिकाउने,
- समितिलाई आवश्यक परेको विषयमा कानूनी सल्लाहकारको राय लिने र कानूनविद नियुक्ति गर्ने, र

- समितिले उपसमिति गठन गर्ने, कार्यक्रम सञ्चालन गर्ने एवं कार्यविधि र कार्य तालिका बनाउने ।

## १.७ समितिको कार्य प्रक्रिया

समितिको सम्पूर्ण कार्यहरु समितिको बैठकको निर्णयको आधारमा संचालन हुने गर्दछ । सबिधानसभा (व्यवस्थापिका–संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२० अनुसार समितिको बैठकको सभापतित्व सभापतिले गर्ने व्यवस्था भए अनुसार बैठकहरु सञ्चालन भएका छन् । नियम अनुसार बैठकको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्यको चारखण्डको एक खण्ड रहने व्यवस्था छ । बैठक संचालनको निम्ति सभापतिको निर्देशन पश्चात समिति सचिवालयले सम्पूर्ण सदस्यहरुलाई बैठकको विषय, समय र स्थानको बारेमा सचिवालयको हातामा सूचना टाँस गर्ने तथा प्रत्येक सदस्यहरुलाइ SMS र टेलिफोन मार्फत सूचना दिने गरिएको छ ।

बैठकका निर्णयहरुलाई सभापतिले प्रमाणित गरी समिति सचिवालयमा लिखित अभिलेखको रुपमा राख्ने गरिएको छ । समितिको निर्णय अनुसार सम्बन्धित निकायलाई दिइने निर्देशन तथा सुझावहरुलाई तत्काल सम्बन्धित निकायमा पठाउने व्यवस्था रहेको छ । समिति तथा उपसमितिहरुको बैठकमा छलफलको विषयवस्तु अनुसार सम्बन्धित निकायका तथा सरोकारवालाहरु र आवश्यक पर्दा विशेषज्ञहरु समेत उपस्थित गराई आवश्यक जानकारी लिने गरिएको छ । समिति अन्तर्गतका उपसमितिहरुले गरेको निर्णयहरुलाई समितिको पूर्ण बैठकबाट अनुमोदन गरी कार्यान्वयन गर्ने गरिएको छ ।

## १.८ समितिको सीमा

समितिको गठनमा ढिलाई हुनु, सभापतिको निर्वाचन लामो समय हुन नसक्नु, संविधान सभा र व्यवस्थापिका-संसदको दोहोरो जिम्मेवारी रहनु, संविधान निर्माण जस्तो महत्वपूर्ण कार्यमा लाग्नु पर्ने अवस्था रहनु, केही राजनीतिक दलहरुको सभा र समितिका बैठकहरुमा परिस्थितिजन्य कारणले यदाकदा उपस्थिति नहुनु, सीमित साधन स्रोत, भौतिक पूर्वाधार र पर्याप्त जनशक्ति समेतको अभावले समितिको काम प्रभावकारी हुन नसकेको देखिन्छ ।

समितिमा रहने सदस्यहरु फेरबदल वा थपघट भइरहनु, समिति बैठकहरु निरन्तर बस्न नसक्नु, समितिमा आमन्त्रण गरिएका पदाधिकारीहरु उपस्थित नहुनु वा बैठकको अवधिभर नवस्नु, समितिका बैठकहरुमा सदस्यहरु नियमित उपस्थित नहुनु, साधन स्रोत र विज्ञताको अभावमा समिति सचिवालयबाट समयमै कार्य सम्पन्न गर्न नसक्नु, कर्मचारीहरुलाई वृत्तिविकासको उचित व्यवस्था नहुनु र समितिको वार्षिक कार्यतालिका निर्माण नहुनु आदि समितिको सीमा रहेका छन् ।

# परिच्छेद-२
# कार्य विवरण

समितिको कार्यक्षेत्र अन्तर्गतका निकायहरुमध्ये अर्थ मन्त्रालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयको कार्य विवरण नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ मा उल्लेख भए अनुसार र राष्ट्रिय योजना आयोगको कार्य विवरण नेपाल सरकार (कार्य-सम्पादन) नियमावली, २०६४ मा उल्लेख भए अनुसार देहाय बमोजिम रहेको छ :-

## २.१. अर्थ मन्त्रालयको कार्य विवरण

| | | | |
|---|---|---|---|
| १. | आर्थिक विश्लेषण | २. | आर्थिक साधनको बाँडफाँड |
| ३. | मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन | ४. | नेपाल राष्ट्र बैङ्क, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगमसमेत), वित्तीय संस्था तथा बिमा |
| ५. | आय र व्ययको विवरण (बजेट) | ६. | राजस्व नीति र योजना |
| ७. | राजस्व प्रशासन तथा राजस्व सङ्कलन | ८. | राजस्व अनुसन्धान |
| ९. | सामान्य मूल्य नीति | १०. | सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय |
| ११. | आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क तथा समन्वय | १२. | वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता |
| १३. | विदेशी मुद्रा विनिमय तथा नियन्त्रण | १४. | सार्वजनिक ऋण तथा नियन्त्रण |
| १५. | तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय | १६. | सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण |
| १७. | विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था | १८. | सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन |
| १९. | लेखा नियन्त्रण तथा व्यवस्थापन | २०. | सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन |
| २१. | सार्वजनिक संस्थानको प्रशासन, नीति निर्माण र समन्वय | २२. | राजस्व र आर्थिक प्रशासन तालिम |
| २३. | पूँजीबजार | २४. | सार्वजनिक लगानी |
| २५. | महालेखा परीक्षकको कार्यालय | २६. | कर्मचारी सञ्चय कोष |
| २७. | नागरिक लगानी कोष | २८. | सार्वजनिक संस्थान निर्देशन बोड |
| २९. | सम्पत्ति शुद्धीकरण | ३०. | युवा स्वरोजगार सम्बन्धी |
| ३१. | अवकाश कोष | ३२. | नेपाल लेखापरीक्षण सेवाको सञ्चालन । |

## २.२. सहकारी तथा गरीबी निवारण मन्त्रालयको कार्य विवरण

| | | | |
|---|---|---|---|
| १. | सहकारी र गरीबी निवारण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | २. | सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमन |
| ३. | सहकारी र आर्थिक विकास | ४. | सहकारीको प्रवर्धन र संरक्षण |
| ५. | अन्तर्राष्ट्रिय सहकारी सङ्गठन सम्बन्धी विषय | ६. | अन्तर्राष्ट्रिय स्तरमा सहकारी संस्थाको प्रवर्धन र विकास |
| ७. | सहकारी वचत तथा ऋण लगानी सम्बन्धी विषय | ८. | सहकारी र गरीबी निवारणसँग आबद्ध संघ संस्थाको अनुगमन, रेखदेख र नियमन |
| ९. | सहकारी रकमको लगानी | १०. | सहकारी र गरीबी निवारण सम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन |
| ११. | सहकारी र गरीबी निवारणसँग सम्बन्धित अन्तर मन्त्रालयगत कार्यको समन्वय | १२. | सीमान्तकृत, विभिन्न वर्ग र समुदायमा रहेका गरीबको पहिचान |

| | | | |
|---|---|---|---|
| १३. | सहकारी र गरीबी निवारणका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको प्रवर्धन, कामको समन्वय, अनुगमन र मूल्याङ्कन | १४. | सहकारी र गरीबी निवारण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्वेक्षण |
| १५. | सहकारी सम्बन्धी क्षमता अभिवृद्धि | १६. | सहकारी र गरीबी निवारण सम्बन्धी आयोजनाको संभाव्यता अध्ययन, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| १७. | सहस्राब्दी विकास लक्ष्य (गरीबी निवारण सम्बन्धी) | १८. | राष्ट्रिय सहकारी विकास बोर्ड |
| १९. | सहकारी संघ संस्था | | |

## २.३. राष्ट्रिय योजना आयोगको कार्य विवरण

नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ मा उल्लेख भए बमोजिम राष्ट्रिय योजना आयोगले देहायका विषयमा नेपाल सरकारलाई परामर्श दिनु पर्ने व्यवस्था छ :-

**क)** आवधिक तथा वार्षिक योजनामा परेका आयोजनाहरुको उद्देश्य र लक्ष्य संशोधन गर्नु पर्ने विषय,

**ख)** वृहत परियोजनाहरुको सम्भाव्यता अध्ययन तथा गुरु योजनाहरु सञ्चालन गर्नु पर्ने विषय,

**ग)** राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनलाई हेरफेर वा संशोधन गर्नु पर्ने विषय र

**घ)** स्वीकृत बजेट र कार्यक्रम भन्दा नयाँ कार्यक्रम सञ्चालन गर्नु पर्ने विषय ।

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५ मा मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघ संस्थावाट अनुदान र ऋणस्वरुप नेपाल सरकारलाई प्राप्त हुने नगदी वा जिन्सी सहायता लिनु अघि त्यस्तो सहायता योजना तथा वार्षिक कार्यक्रमले निर्धारण गरेको प्राथमिकता, नीति तथा कार्यक्रम अनुरुप छ छैन सो सम्बन्धमा सामान्यतया राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिने र सोको विरण तयार पारी अर्थ मन्त्रालयमा पेश गर्ने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था रहेको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ का देहायका नियमहरुमा राष्ट्रिय योजना आयोगले गर्ने कामको सम्बन्धमा देहायका व्यवस्था गरिएको छ :-

➢ **आयोजना स्वीकृत गर्ने गराउने :**

विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्ने, जिल्लास्तरीय आयोजना राष्ट्रिय योजना आयोगको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र केन्द्रीय स्तरका आयोजना राष्ट्रिय योजना आयोगले स्वीकृत गर्नु पर्ने, यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ ।

तर पन्ध्र लाख रूपैयाँ भन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपर्युक्त विधि अपनाई आयोजना स्वीकृत गर्न सम्भव नभएमा कामको आवश्यकता, लागत, त्यसबाट हुने उत्पादन वा रोजगारी वृद्धि वा अन्य आर्थिक सामाजिक उद्देश्य प्राप्तिको विवरण खुलाई त्यसको आधारमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई काम गराउन सक्ने र यसको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनु पर्ने व्यवस्था रहेको छ ।

➢ **कार्यक्रम स्वीकृत गर्ने :**

कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत नियम २२ को उपनियम (१) को अधीनमा रही आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्नु पर्ने व्यवस्था छ । यसरी स्वीकृत भएको कार्यक्रम केन्द्रीय स्तरको भएमा मन्त्रालयले सोको जानकारी राष्ट्रिय योजना आयोगलाई दिनु पर्ने व्यवस्था छ । उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । सम्बन्धित मन्त्रालयले उपनियम (२) बमोजिम स्वीकृत वार्षिक कार्यक्रमको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र राष्ट्रिय योजना आयोगलाई दिनु पर्ने व्यवस्था छ । साथै सम्बन्धित मन्त्रालयले खर्च गर्ने अख्तियारीको जानकारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्ने प्रावधान रहेको छ ।

➢ **कार्यक्रम संशोधन गर्ने :**

कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी त्यस्तो कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजना अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई संशोधन गर्न आवश्यक ठानेमा संशोधन गर्नु पर्ने स्पष्ट कारण खोली तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी त्यस्तो कार्यक्रममा आवश्यक संशोधन गर्न सक्नेछ । यसरी कार्यक्रममा गरिएको संशोधनको जानकारी सम्बन्धित मन्त्रालय र कार्यालयले राष्ट्रिय योजना आयोगलाई दिनु पर्नेछ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ५० मा गाउँ विकास समितिले आफ्नो योजनाको तर्जुमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग र जिल्ला विकास समितिले समय-समयमा दिएको निर्देशन पालन गर्नु पर्ने व्यवस्था छ । दफा १२२ मा नगरपालिकाले नगर विकास योजना तर्जुमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग, नेपाल सरकार र जिल्ला विकास समितिले दिएको निर्देशन पालन गर्नु पर्ने व्यवस्था छ । दफा १९५ मा प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक र वार्षिक विकास योजना तर्जुमा गरेको योजनाको आधारमा राष्ट्रिय योजना आयोग र नेपाल सरकारको सम्बन्धित मन्त्रालयले जिल्ला विकास समितिलाई कार्तिक महिनाभित्र अनुदान र आवश्यक नीति तथा मार्गदर्शनहरु उपलब्ध गराउनु पर्ने भन्ने व्यवस्था रहेको छ ।

# परिच्छेद–३
# समितिको भूमिका

## ३.१. समितिको निर्णयहरु

### १. मिति २०७१/०१/१४ गते बसेको पहिलो बैठकले गरेको निर्णयहरु

१. समितिको आगामी बैठकहरुमा अर्थ मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोगको प्रतिनिधि अनिवार्य रुपमा उपस्थित हुने व्यवस्था मिलाउन सम्बन्धित निकायहरुमा लेखी पठाउने ।

२. समितिको आगामी कार्ययोजना तय गर्नका लागि अर्थ मन्त्रालय, सहकारी तथा गरीबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोगका पधाधिकारीहरुसँग आगामी बैठकमा छलफल गर्ने ।

### २. मिति २०७१/०२/१८ गते बसेको चौथो बैठकले गरेको निर्णय

१. समितिको बैठकमा माननीय सदस्यहरुले उठाउनु भएका विषयहरुलाई आगामी आर्थिक वर्ष २०७१/०७२ को बजेट निर्माण हुँदा प्राथमिकतामा राख्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई निर्देशन गरियो ।

### ३. २०७१/०२/२५ गते बसेको पाँचौं बैठकले गरेको निर्णय

१. नेपाल राष्ट्र बैङ्कले आगामी आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा गर्दा देशमा तरलता र विदेशी विनिमय व्यवस्थापन गर्दै कृषि लगायत उत्पादनशील क्षेत्र, विपन्न वर्ग र ग्रामिण क्षेत्रमा बैंकिङ्ग सेवा बढाउँदै देशको समग्र आर्थिक वृद्धिलाई हासिल गर्न समितिमा उठेका कुराहरुलाई कार्यान्वयन गर्न निर्देश गर्दछ ।

### ४. अर्थ समितिको मिति २०७१/०३/०२ गते बसेको सातौं बैठकले गरेका निर्णयहरु

१. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ लाई समय अनुकुल परिमार्जन र संशोधन गर्न ऐन र निमावलीमा देखिएका समस्या र समाधानको उपायहरुका सम्बन्धमा व्यवस्थापिका-संसदको अर्थ समिति, सम्बन्धित मन्त्रालय वा निकायहरुका पदाधिकारी र नेपाल निर्माण व्यवसायी महासंघ सहभागी रहने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले यथाशीघ्र अन्तर्क्रिया कार्यक्रम आयोजना गरी निस्कर्ष र सुझावहरु सहित अर्थ समितिमा पठाउन निर्देशन दिने ।

२. सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्याहरुलाई सम्बोधन गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लाई समय सापेक्ष संशोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई निर्देशन दिने ।

३. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा देखिएको समस्या समाधान गर्न अध्ययन गरी संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिम एक उपसमिति गठन गर्ने ।

- मा. श्री कमला पन्त
- मा. श्री गोपाल दहित
- मा. श्री चन्द्रप्रकाश (सी.पी.) मैनाली
- मा. श्री जर्नादन ढकाल
- मा. श्री बिक्रम पाण्डे
- मा. श्री भीष्म राज आङदेम्वे
- मा. श्री रत्न शेरचन
- मा. श्री शक्ति बहादुर बस्नेत
- मा. श्री शेरबहादुर तामाङ्ग

४. नेपाल सरकारका विभिन्न निकायहरुमा सेवा करारमा लिदा जुन पदमा सेवा करार लिने हो सो पदको न्यूनतम तलव स्केलभन्दा घटी नहुने गरी सेवा करारमा लिन व्यवस्था मिलाउन अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाउने ।

५. नेपाल सरकारवाट निर्माणधिन योजनाहरुलाई निर्धारित समयमा निर्माण कार्य सम्पन्न गर्न आर्थिक अनुशासन कायम गर्न र गुणस्तर कायम गर्नको लागि अनुगमन र मुल्यांकनको कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न र कारबाहीको सिफारिस समेत गर्नको लागि स्थायी प्रकृतिको "अनुगमन र मूल्यांकन समिति" गठन गर्ने व्यवस्थाको लागि प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा लेखी पठाउने ।

## ५. मिति २०७१/०४/०४ गते बसेको नवौं बैठकले गरेका निर्णयहरु

१. सहकारीले हालसम्म गरेका कार्यको उपलब्धि विवरण, सहकारीमा देखिएका समस्याहरु र समाधानका उपाय लगायत सहकारीका भावी कार्ययोजना समितिमा उपलब्ध गराउन सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने,

२. सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमितिको कार्यावधि, २०७१ साउन मसान्तसम्म हुने गरी थप गर्ने,

३. सहकारी र बजेट विनियोजन लागायतका विषयमा तत्कालै अर्थ मन्त्रीसँग छलफल गर्न देहायको टोली गठन गर्ने :-

- सभापति (जेष्ठ सदस्य) मा. श्री भरतमोहन अधिकारी
- मा. श्री कमला पन्त
- मा. श्री केशवप्रसाद बडाल
- मा. श्री भिष्म राज आङदेम्बे
- समिति सचिव श्री कृष्णहरि खड्का

४. तरकारीमा हालै देखिएका विषादिका सम्बन्धमा समितिको विशेष ध्यानाकर्षण भएको हुँदा यस सम्बन्धमा गम्भीरता साथ समितिले पहल गर्ने प्रस्ताव पारित,

५. आगामी बैठकका छलफलका प्राथमिकता देहाय बमोजिम हुने :-

- बजेट निर्माणमा सभासदहरुको भूमिका,
- गरीबी निवारण कार्यक्रमहरुको प्रभावकारिता वृद्धि सम्बन्धमा
- तरकारीमा विषादी देखिएको सम्बन्धमा
- गरीबी निवारण कोषको उपयोग सम्बन्धमा
- सहकारी र बजेट विनियोजन सम्बन्धमा

## ६. मिति २०७१/०५/०२ गते बसेको दशौं बैठकले गरेका निर्णयहरु

१. सार्वजनिक खरिद व्यवस्था सुझाव उप-समितिको म्याद ३ हप्ता थप गर्ने,

२. सार्वजनिक खरिद ऐन, २०६३ लाई संशोधन गर्ने सार्वजनिक खरिद सम्बन्धी सुझाव उपलब्ध गराई दिन अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेख्ने ।

## ७. मिति २०७१/०६/०१ गते बसेको बाह्रौं बैठकले गरेको निर्णय

१. "सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमिति" ले पेश गरेको प्रतिवेदनलाई अध्ययन गरी त्यसमा समावेश गर्न आवश्यक देखिएका थप विषयहरुका सम्बन्धमा सदस्यहरुले ३ दिनभित्र समितिलाई लिखित सुझाव उपलब्ध गराउने निर्णय गरियो ।

## ८. मिति २०७१/०६/०८ गते बसेको चौधौं बैठकले गरेका निर्णयहरु

१. समितिद्वारा मिति २०७१/०३/०२ मा गठित सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमितिले सार्वजनिक खरिद सम्बन्धी कानूनमा आवश्यक सुधारको लागि यथेष्ट मेहनत गरी प्रतिवेदन पेश गरेकोमा यो समिति उप-समितिको संयोजक सहित माननीय सदस्यहरु लगायत सम्बद्ध महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ । उप-समितिको कार्यकाल समाप्त भएको छ ।

२. सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमितिले पेश गरेको प्रतिवदेन समितिमा छलफल गरी प्राप्त सुझावहरुलाई प्रतिवेदनमा समावेश गरी संशोधन सहित पारित गरियो ।

३. सार्वजनिक खरिद व्यवस्थामा देखिएका समस्याहरुको अध्ययन र सुझाव सम्बन्धी प्रतिवेदन, २०७१ लाई सार्वजनिक खरिद ऐन र नियमावलीमा समावेश गर्ने कार्यको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउने र समितिबाट दिइएका सुझावहरुलाई समावेश गर्दै सार्वजनिक खरिद ऐन, २०६३ लाई तत्काल संशोधन र परिमार्जन गरी व्यवस्थापिका-संसद समक्ष पेश गर्ने प्रयोजनका लागि असोज मसान्तभित्र विधेयकको मस्यौदा (Draft) अर्थ समितिमा छलफलको लागि पेश गर्न यो समिति निर्देशन गर्दछ ।

४. आर्थिक वर्ष २०७१/०७२ को बजेटसँग सम्बन्धित विनियोजन विधेयक लगायतका विधेयकहरु यथासमयमा पारित गर्नका लागि सम्बन्धित पक्षले आवश्यक पहल लिन अनुरोध गर्दै यो समिति विषेश प्रस्ताव पारित गर्दछ ।

**९. मिति २०७१/०६/१२ गते बसेको पन्ध्रौं बैठकले गरेका निर्णयहरु**

१. बाढी पहिरो लगायत दैवी प्रकोपबाट प्रभावित पीडित व्यक्तिहरुको उद्धार, राहत र पुनर्स्थापनाका काम गर्न दैवी प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि गर्नु पर्ने पूर्व तयारीका काम गर्ने, क्षतिग्रस्त भौतिक संरचना र विकास आयोजनाहरुको पुनर्संरचनाका काम तथा विपद् व्यवस्थापनका सम्पूर्ण काम समन्वयात्मक रुपमा गर्नका लागि तत्काल अलग्गै अधिकार र साधन स्रोत सम्पन्न विपद् व्यवस्थापन मन्त्रालय स्थापना गर्न निर्देशन गर्ने ।

२. देशका विभिन्न जिल्लाहरुमा बाढी, पहिरो र डुबानको कारणले पूर्णरुपमा विस्थापित भएका व्यक्तिहरुलाई तत्काल आवश्यक राहत उपलब्ध गराउँदै उनीहरुको लागि स्थायी रुपको पुनर्वासको तत्काल व्यवस्था मिलाउने,

३. बाढी पहिरोको कारणबाट क्षतिग्रस्त र ध्वस्त सरकारी वा सार्वजनिक स्वामित्वमा रहेका भौतिक संरचना तथा विकास आयोजनाहरुलाई तत्काल पुनः निर्माणको कार्यलाई एकीकृत रुपमा तीव्रताका साथ अघि बढाउँदै सेवा सूचारु गर्ने,

४. बाढी, पहिरो र डुबानबाट प्रभावित जनतालाई राहत वितरण, पुनर्स्थापना, पुनर्वास र पुनर्निर्माणको लागि आवश्यक रकम उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने,

५. बाढी, पहिरो र डुबानको कारणबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनः निर्माणको मापदण्ड र कार्य योजना तत्काल बनाउन कार्य गर्न राष्ट्रिय योजना आयोगलाई निर्देश गर्ने,

६. दैवी प्रकोप उद्धार ऐन, २०३९, विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१, राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० र उद्धार तथा राहत सम्बन्धी मापदण्ड, २०६४ समितिको प्रयोजनको लागि समितिमा उपलब्ध गराउन गृह मन्त्रालयसँग अनुरोध गर्ने,

७. विपद् प्रभावित बाँके, वर्दिया, सुर्खेत र दाङ जिल्लाका पूर्ण विस्थापित परिवारका सदस्यलाई प्रति व्यक्ति दैनिक रु ५०।- सहयोग उपलब्ध गराए जस्तै देशभरिका पूर्ण विस्थापित व्यक्तिका लागि समेत सोही व्यवस्था गर्ने,

८. बाढी पहिरो लगायत दैवी प्रकोपबाट प्रभावित भएर पूर्ण रुपमा विस्थापित परिवारलाई तत्काल उपलब्ध गराइने राहत रकम रु. ५ हजार र मृतकका परिवारका लागि उपलब्ध गराइने सहयोग रकम रु. १ लाख अत्यन्त न्यून रहेकोले विशेष बजेटको व्यवस्था गरी सो रकम वृद्धि गर्ने,

९. आमा-बुबा गुमाएर टुहुरा भएका बालबालिकाको पालन पोषण र अध्ययनको विशेष व्यवस्था मिलाउने र सुत्केरी महिला नवजात शिशु, अपाङ्ग एवं जेष्ठ नागरिकको संरक्षण र सहयोगमा विशेष ध्यान पुऱ्याउने,

१०. दैवी प्रकोप उद्धार ऐन, २०३९ लाई तत्काल संशोधन र परिमार्जन गरी विधेयकलाई संसदमा पेश गर्न गृह मन्त्रालयलाई निर्देशन दिने,

११. दशैं, तिहार, छठ, इद जस्ता चाडपर्वको लागि सरकारका तर्फबाट उपलब्ध गराउन निर्णय गरेको रकम प्रति परिवार रु. ३ हजार ज्यादै न्यून रहेकोले पूर्ण विस्थापित घर परिवारलाई सो रकम वृद्धि गर्न सम्बन्धित निकायलाई निर्देशन गर्ने,

१२. देशमा प्राकृतिक प्रकोपबाट उद्धार गर्नु पर्ने व्यक्तिहरुलाई तत्काल व्यवस्थापन गर्नको लागि कम्तीमा प्रत्येक विकास क्षेत्रमा एक/एक वटा पुनर्स्थापना भवन निर्माण गर्न निर्देशन गर्ने,

१३. हालैको प्राकृतिक विपत्तिको अवस्थामा उद्धार लगायतका व्यवस्थापन कार्यमा नेपाल सरकारका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, दातृ निकायहरु, नेपाल रेडक्रस सोसाइटी र विभिन्न संघ-संस्था तथा व्यक्तिहरु सबैलाई समितिको यो बैठक धन्यवाद ज्ञापन गर्दछ ।

**१०. मिति २०७१/०६/२६ गते बसेको सोह्रौं बैठकले गरेका निर्णय**

१. द्वन्द्वकालमा विस्थापन भएका बैङ्क तथा वित्तीय संस्थाहरुलाई तत्-तत् स्थानमा पूनर्स्थापना गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

**११. मिति २०७१/०६/३१ गते बसेको अठारौं बैठकले गरेका निर्णयहरु**

१. नेपाल र भारत सरकारबीच सम्पन्न जलस्रोत व्यापार सम्झौता (PTA) र जलश्रोत विकास सम्झौता (PDA) सम्बन्धित निकायसँग माग गर्ने,

२. आर्थिक वर्ष परिवर्तन तथा संसदमा बजेट पेश गर्ने सम्बन्धमा छलफल भयो,

३. सवारी साधन लिलाम बिक्री सम्बन्धमा छलफल भयो,

४. लिलाम गर्नु पर्ने सवारी साधनहरुको मन्त्रालय वा निकायगत विवरण सहित आगामी बैठकमा उपस्थित हुने ।

**१२. मिति २०७१/०७/०५ गते बसेको बिसौं बैठकले गरेका निर्णयहरु**

**क) पुराना सवारी साधन व्यवस्थापन**

१. सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुको स्वामित्वमा रहेका पुराना सवारी साधनहरुको हस्तान्तरण, मर्मत तथा लिलाम बिक्रीका कार्यहरु निम्न कार्य तालिका अनुसार एकिकृत रुपमा गर्न, गराउन आवश्यक व्यवस्था गर्ने :

- सिंहदरवारभित्र रहेका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले लिलाम गर्नु पर्ने सवारी साधनहरुको विवरण संकलन २०७१ कार्तिक मसान्तसम्म सिंहदरवार पुनर्निर्माण सचिवालयमा पठाइ सक्नु पर्ने,
- सिंहदरवारभित्र रहेका सवारी साधनहरुको हस्तान्तरण, मर्मत तथा लिलाम बिक्री २०७१ मंसिर मसान्तसम्म गरी सक्नु पर्ने,
- काठमाडौ उपत्यकाभित्र रहेका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले लिलाम गर्नु पर्ने सवारी साधनहरुको विवरण संकलन २०७१ मंसिर मसान्तसम्म सरकारलाई उपलब्ध गराइसक्नु पर्ने,
- काठमाडौ उपत्यकाभित्र रहेका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले लिलाम गर्नु पर्ने सवारी साधनहरुको हस्तान्तरण, मर्मत तथा लिलाम बिक्री २०७१ फागुन मसान्तसम्म गरी सक्नु पर्ने,
- नेपालभरी रहेका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले लिलाम गर्नु पर्ने सवारी साधनहरुको विवरण संकलन २०७१ माघ मसान्तसम्म गरी सक्नु पर्ने,
- नेपालभरी रहेका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले हस्तान्तरण, मर्मत तथा लिलाम बिक्री २०७२ जेठ मसान्तसम्म गरी सक्नु पर्ने,

२. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ५८(१६) मा बाह्र वर्षभन्दा बढी पुराना र चालु हालतमा नरहेको सवारी साधनहरुलाई मात्र लिलाम गर्न सकिने प्रावधान रहेकोमा दुर्घटना वा अन्य कारणले क्षतिग्रस्त भई काम नलाग्ने अवस्थामा रहेका सवारी साधनहरु समेतमा आवश्यकता अनुसार मर्मत तथा लिलाम प्रक्रिया अघि बढाउन सक्ने गरी उक्त ऐनमा संशोधन गर्ने प्रक्रिया अगाडी बढाउने ।

३. सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुमा हस्तान्तरण, मर्मत तथा लिलाम बिक्री गर्नु पर्ने सवारी साधन लगायत अन्य सामानहरुको हस्तान्तरण तथा लिलाम गर्ने प्रक्रियागत प्रणालीलाई सरलिकृत गर्ने,

४. लिलामको कार्य सबै सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुले प्रत्येक वर्ष अनिवार्य रुपले गर्ने व्यवस्था गर्ने,

५. सरकारी निकायहरु तथा सार्वजनिक संस्थानहरुको सवारी साधनको विवरण नियमित रुपमा अद्यावधिक गर्नु पर्ने र सोको विवरण अर्थ समितिमा पठाउने व्यवस्था गर्ने,

६. सिंहदरवारभित्र रहेका सवारी साधनहरु चल्न नसक्ने अवस्था हुनासाथ सम्बन्धित निकायले त्यसको विवरण प्राविधिक मूल्याङ्कन सहित सात दिनभित्र सिंहदरवार पुनर्निर्माण सचिवालयलाई उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने । त्यस वाहेकका हकमा सरकारले आवश्यक व्यवस्था गर्ने ।

**ख) सरकारी पदाधिकारीहरुको सवारी साधन सुविधा व्यवस्थापन**

१. सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीहरुको वर्गीकरण गरी चरणबद्ध रुपमा प्राथमिकताक्रमको आधारमा सवारी साधन उपलब्ध गराउने र सवारी साधनको प्रयोग सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने । त्यसरी सुविधा उपलब्ध गराउँदा निश्चित तहसम्म सवारी साधन, इन्धन, चालक र मर्मतको सुविधा दिने र अन्यको हकमा इन्धन, सवारी चालक र मर्मतको लागि आवश्यक रकम मासिक रुपमा एकमुष्ट उपलब्ध गराउने व्यवस्था तत्काल गर्ने,

२. सरकारी निकायमा नियुक्त हुने अधिकृत कर्मचारीहरुका लागि सवारी साधन अनुमती पत्र लिएपछि मात्र नियुक्ती गर्ने नीति लिने,

३. सुविधाका साधनको खरिद, मर्मत, उपयोग र लिलाम लगायतका कार्यहरु केन्द्रीकृत रुपमा गर्नको लागि आवश्यक एक केन्द्रीय संरचना स्थापना गर्ने ।

**ग) सवारी साधन दुरुपयोग व्यवस्थापन**

१. सरकारी निकाय/सार्वजनिक संस्थान/आयोजना/योजनाका नाममा रहेका सवारी साधनहरुलाई सुविधा प्राप्त गर्ने अधिकारी बाहेक अन्य व्यक्तिहरुलाई सवारी साधन उपलब्ध गराउने कार्य तत्काल बन्द गर्ने र त्यस्ता सवारी साधनहरु तत्काल फिर्ता लिने कार्य कडाईका साथ लागू गर्ने ।

२. हालसम्म त्यसरी अनाधिकृत रुपमा उपलब्ध गराइएका सवारी साधनहरुको सम्पूर्ण विवरण संकलन गरी कार्तिक मसान्तसम्म अर्थ समितिलाई उपलब्ध गराउने ।

**१३. अर्थ समितिको मिति २०७१/०७/१३ गते बसेको एकाइसौं बैठकले गरेका निर्णयहरु**

१. समितिले सार्वजनिक खरिद सम्बन्धी व्यवस्थामा संशोधनका लागि सरकारलाई दिएका सुझावहरुमध्ये समितिमा प्राप्त सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक, २०७१ मा कतिपय कुराहरु समावेश भएको नपाइएकोले व्यवस्थापिका-संसदको कारबाहीको लागि प्रस्तुत हुनुअघि यथोचित ढङ्गले तिनलाई समावेश गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायलाई निर्देशन गर्ने,

२. सार्वजनिक खरिद सम्बन्धी कार्यमा सम्बद्ध व्यक्तिबाट त्रुटी भएको पाइएमा कारबाहीको स्पष्ट प्रावधान सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक, २०७१ मा राख्नको लागि निर्देशन गर्ने,

३. सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक, २०७१ मा राख्नका लागि बैठकमा उठाइएका विषयवस्तुहरु समावेश गरी त्यसको आधारमा आवश्यक परिमार्जन कार्य यथाशीघ्र सम्पन्न गरी व्यवस्थापन प्रक्रियाका लागि प्रस्तुत गर्न सम्बन्धित निकायलाई निर्देशन गर्ने ।

**१४. अर्थ समितिको मिति २०७१/०७/१६ गते बसेको बाइसौं बैठकले गरेका निर्णयहरु**

नेपाल सरकार, नीजि क्षेत्र र विश्व बैङ्क समूहको साझेदारीमा निर्माण हुने सार्वजनिक निजी साझेदारी (PPP Model) को आयोजना सरकारको वार्षिक बजेटमा समेत बजेटको व्यवस्थापन भएको, विदेशी लगानी रहेको पहिलो पटक अन्तर्राष्ट्रिय सहयोगबाट निर्माण हुन लागेको कावेली "ए" (३७.६ मेघावाट) जल विद्युत आयोजना लगायतका अनुमतिपत्र खारेज गर्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनले व्यवस्थापिका-संसद अर्थ समितिको गंभीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा समितिले निम्नानुसार निर्णय गरी सम्बन्धित निकायलाई निर्देशन गरेको छ :-

१. उपरोक्त विषयका साथै समितिमा उठेका विषयहरुमा छलफल गरी देशमा लगानी मैत्री वातावरण बनाउन उचित निष्कर्षमा पुग्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई समितिको आगामी बैठकमा बोलाउने ।

२. वित्तिय व्यवस्थापनको कार्य भइसकेको, विद्युत खरिद विक्री सम्झौता प्रक्रियामा रहेको, अन्य आधारहरु तयार भइसकेको र कार्यान्वयनको चरणमा रहेको कावेली "ए" जल विद्युत आयोजनाको सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग समन्वय गरेर अनुमतिपत्र खारेज गर्ने निर्देशन तत्काल फिर्ता लिन लगाउने र आयोजनको कार्यान्वयन गर्न निर्देशन दिने ।

३. कावेली "ए" जलविद्युत लगायत अन्य जलविद्युत आयोजनाहरुको PPA र PDAको कार्यहरु समयमै सम्पन्न गर्न उर्जा मन्त्रालयलाई निर्देशन दिने ।

४. जलविद्युत आयोजनामा वैदेशिक सहयोग आकर्षित गरी विदेशी लगानीलाई भित्र्याउने नीति लिन र विदेशी लगानीमा निर्माणधीन जलविद्युत आयोजनाहरुको कार्यलाई सुचारु कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

## १५. मिति २०७१/०७/२१ गते बसेको चौबिसौं बैठकले गरेका निर्णयहरु

नेपाल सरकार, नीजि क्षेत्र र विश्व बैङ्क समूहको साझेदारीमा निर्माण हुने सार्वजनिक निजी साझेदारी (PPP Model) को आयोजना सरकारको वार्षिक बजेटमा समेत बजेटको व्यवस्थापन भएको, विदेशी लगानी रहेको पहिलो पटक अन्तर्राष्ट्रिय सहयोगबाट निर्माण हुन लागेको कावेली "ए" (३७.६ मेघावाट) जल विद्युत आयोजना लगायतका अनुमतिपत्र खारेज गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशनले व्यवस्थापिका-संसद अर्थ समितिको गम्भीर ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा समितिले निम्नानुसार निर्णय गरी सम्बन्धित निकायलाई निर्देशन गरेको छ :-

क) व्यवस्थापिका-संसद र संसदीय समिति आफैंमा सार्वभौम छन् । अर्थ समितिद्वारा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने, विदेशी लगानी आकर्षित र स्वदेशी लगानी प्रोत्साहित गरी लगानी मैत्री वातावरण निर्माण गर्न, राष्ट्रले ऊर्जा संकट र लोडसेडिङ्ग व्यहोरिरहेको अवस्थामा जलविद्युत आयोजनाहरुको लगानीलाई प्रोत्साहित गर्नु पर्ने जस्ता आफ्नो कार्यक्षेत्र अन्तर्गतका एजेण्डाले आकर्षित गरेको कारण अर्थ मन्त्री, ऊर्जा मन्त्री, अख्तियार दुरुपयोग अनुन्धान आयोगका प्रमुख आयुक्त र अन्य पदाधिकारीहरुलाई समितिको मिति २०७१/०७/१९ गतेको बैठकमा आमन्त्रण गरिएको हो । उक्त बैठकमा अख्तियार दुरुपयोग अनुन्धान आयोगका प्रमुख आयुक्तद्वारा व्यक्त गरिएको जवाफमा व्यवस्थापिका-संसद, अर्थ समितिको क्षेत्राधिकार वारे प्रश्न उठाएको सन्दर्भमा समेत समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२७ बमोजिम "समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन सक्ने र उपस्थित गराइएको व्यक्ति वा पदाधिकारीलाई समितिले आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्ने" व्यवस्था गरेको छ । "यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुने" व्यवस्था छ । नियमावलीको सोही प्रावधान अनुरुप समितिको आफ्नो कामको प्रयोजनका निमित्त विभिन्न निकायका पदाधिकारीलाई उपस्थित गराउन सकिने व्यवस्था छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त स्वयंले मिति २०७१/०७/१९ गतेको अर्थ समितिको बैठकमा संसद र संसदीय समितिको सर्वोच्चता र सार्वभौमिकतालाई सम्मान गर्ने उल्लेख गर्नु भएको थियो ।

ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तद्वारा "आयोगको निर्णय बमोजिम" समितिको २०७१/०७/१९ गतेको बैठकमा "सम्बद्ध ऐन, नियम, निर्देशिका, अनुमतिपत्र, सम्झौता र शर्त बमोजिम भए, नभएको हेरी आवश्यक अध्ययन गरी जो जे आवश्यक कार्य गर्नु पर्ने हो सो गर्न सम्बन्धित मन्त्रालय वा निकाय स्वतन्त्र र जिम्मेवार रहेको व्यहोरा अवगत" गराइसकेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न जलविद्युत आयोजनाहरुका वारेमा विभिन्न मितिमा दिएको निर्देशन सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ऊर्जा मन्त्रालयलाइ आवश्यक कार्यान्वयनको लागि निम्न बमोजिम निर्देशन दिने निर्णय गरियो :

१. विश्व बैङ्क अन्तर्गत आइ.एफ.सी. र बुटवल पावर कम्पनी समेतको लगानीमा कार्य प्रारम्भ गरी करिब रु. ५४ करोड लगानी भइ सकेको कावेली "ए" जलविद्युत आयोजना, भोटेकोशी-५

जलविद्युत आयोजना, मिदिम जलविद्युत आयोजना, माथिल्लो मैलुङ्ग जलविद्युत आयोजना, माथिल्लो खोरङ्गा खोला साना जलविद्युत आयोजना, माथिल्लो सोलु खोला जलविद्युत आयोजना, माथिल्लो करुवा जलविद्युत आयोजना, वलेफि "वी" जलविद्युत आयोजना, माथिल्लो इङ्गवा खोला साना जलविद्युत आयोजना, तल्लो इन्द्रावती जलविद्युत आयोजना, तल्लो वलेफि जलविद्युत आयोजना, वुकु खोला जलविद्युत आयोजना र छहारे खोला जलविद्युत आयोजनाका सम्बन्धमा समेत अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई निर्णय गरेकोले उक्त निर्णयमा उल्लेखित कुनै पनि विषयहरुमा सम्बन्धित निकायहरुले कार्यान्वयन नगर्नु, नगराउनु ।

२. उपरोक्त जलविद्युत आयोजनाहरुका सम्बन्धमा तत्काल अध्ययन गरी सञ्चालन हुन सक्ने आयोजनाहरुका सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गरी, पूरा गर्न लगाइ अगाडि बढाउने, अनुमतिपत्र लिएर लामो समयदेखि कुनै काम अघि नबढाएका आयोजनाहरुका अनुमतिपत्र एक महिनाभित्र काम सम्पन्न गर्ने गरी खारेज गर्ने प्रक्रिया अघि बढाउने र समितिलाई सोको जानकारी गराउने ।

३. माथि उल्लेखित जलविद्युत आयोजनाहरुका सम्बन्धमा सरकारले सो आयोजनाहरुको यथार्थ विवरण यथाशिघ्र सार्वजनिक गर्ने ।

**१६. अर्थ समितिको मिति २०७१/०७/२१ गते बसेको पच्चीसौं बैठकले गरेका निर्णयहरु**

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्बन्धमा :**

१. व्यवस्थापिका-संसद र संसदीय समिति आफैंमा सार्वभौम छन् । अर्थ समितिद्वारा अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने, विदेशी लगानी आकर्षित र स्वदेशी लगानी प्रोत्साहित गरी लगानी मैत्री वातावरण निर्माण गर्ने, राष्ट्रले ऊर्जा संकट र लोडसेडिङ्ग व्यहोरिरहेको अवस्थामा जलविद्युत आयोजनाहरुको लगानीलाई प्रोत्साहित गर्नु पर्ने जस्ता आफ्नो कार्यक्षेत्र अन्तर्गतका एजेण्डाले आकर्षित गरेको कारण अर्थ मन्त्री, ऊर्जा मन्त्री, अख्तियार दुरुपयोग अनुन्धान आयोगका प्रमुख आयुक्त र अन्य पदाधिकारीहरुलाई समितिको मिति २०७१/०७/१९ गतेको बैठकमा आमन्त्रण गरिएको हो । उक्त बैठकमा अख्तियार दुरुपयोग अनुन्धान आयोगका प्रमुख आयुक्तद्वारा व्यक्त गरिएको जवाफमा व्यवस्थापिका-संसद, अर्थ समितिको क्षेत्राधिकार वारे प्रश्न उठाएको सन्दर्भमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२७ बमोजिम "समितिले आफ्नो कामको निमित्त आवश्यक कुनै कागजपत्र झिकाउन वा कुनै व्यक्ति वा पदाधिकारीलाई उपस्थित गराउन सक्ने र उपस्थित गराइएको व्यक्ति वा पदाधिकारीलाई समितिले आवश्यक भएमा बयान लिन र बकपत्र गराउन सक्ने" व्यवस्था गरेको छ । "यस सम्बन्धमा समितिको निर्णय अन्तिम हुने" कानूनी व्यवस्था छ । नियमावलीको सोही प्रावधान अनुरुप समितिको आफ्नो कामको प्रयोजनका निमित्त विभिन्न निकायका पदाधिकारीलाई उपस्थित गराउन सकिने व्यवस्था छ ।

२. अख्तियार दुरुपयोग अनसन्धान आयोगबाट निम्न उल्लेखित जलविद्युत आयोजनाहरुका सम्बन्धमा गरेको सम्पूर्ण निर्णयहरु आयोगको कार्यक्षेत्रभन्दा बाहिर गई गरेको समितिको ठहर छ ।

**जलविद्युत आयोजनाका सम्बन्धमा :**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तद्वारा "आयोगको निर्णय बमोजिम" समितिको २०७१/०७/१९ गतेको बैठकमा "सम्बद्ध ऐन, नियम, निर्देशिका, अनुमतिपत्र, सम्झौता र शर्त बमोजिम भए, नभएको हेरी आवश्यक अध्ययन गरी जो जे आवश्यक कार्य गर्नु पर्ने हो सो गर्न सम्बन्धित मन्त्रालय वा निकाय स्वतन्त्र र जिम्मेवार रहेको व्यहोरा अवगत" गराइसकेको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न जलविद्युत आयोजनाहरुका वारेमा विभिन्न लेखि पठाएको सम्बन्धमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ऊर्जा मन्त्रालयलाइ आवश्यक कार्यान्वयनको लागि निम्न बमोजिम निर्देशन दिने निर्णय गरियो :-

१. विश्व बैंक अन्तर्गत आइ.एफ.सी. र बुटवल पावर कम्पनी समेतको लगानीमा कार्य प्रारम्भ गरी करिब रु. ५४ करोड लगानी भइसकेको कावेली "ए" जलविद्युत आयोजना, भोटेकोशी-५ जलविद्युत आयोजना, मिदिम जलविद्युत आयोजना, माथिल्लो मैलुङ्ग जलविद्युत आयोजना, माथिल्लो खोरङ्गा खोला साना

जलविद्युत आयोजना, माथिल्लो सोलु खोला जलविद्युत आयोजना, माथिल्लो करुवा जलविद्युत आयोजना, वलेफि "बी" जलविद्युत आयोजना, माथिल्लो इङ्गवा खोला साना जलविद्युत आयोजना, तल्लो इन्द्रावती जलविद्युत आयोजना, तल्लो वलेफि जलविद्युत आयोजना, बुकु खोला जलविद्युत आयोजना, तल्लो अरुण जलविद्युत आयोजना र छहारे खोला जलविद्युत आयोजनाका सम्बन्धमा तत्काल अध्ययन गरी सञ्चालन हुन सक्ने आयोजनाहरुको आवश्यक प्रक्रिया पूरा गरी, पूरा गर्न लगाइ अगाडि बढाउने तथा अनुमतिपत्र लिएर लामो समयदेखि कुनै काम अघि नबढाएका आयोजनाहरुका अनुमतिपत्र एक महिनाभित्र काम सम्पन्न गर्ने गरी खारेज गर्ने प्रक्रिया अघि बढाउने। सोको सम्पूर्ण जानकारी अर्थ समितिलाई दिने।

२. माथि उल्लेखित जलविद्युत आयोजनाहरुका सम्बन्धमा सरकारले सो आयोजनाहरुको यथार्थ विवरण यथाशिघ्र सार्वजनिक गर्ने।

**१७. अर्थ समितिको मिति २०७१/०९/११ गते बसेको सत्ताइसौं बैठकले गरेका निर्णयहरु**

१. व्यापारिक प्रयोजनका लागि नेपालमा आयात हुने माल वस्तुहरुमा रु. १०,०००/- भन्दा बढीको कारोबार बैङ्किङ्ग प्रणालीबाट गराउने व्यवस्था गर्ने।

२. न्यून विजकीकरणबाट हुने राजश्व छली नियन्त्रण गर्न स्थायी प्रकृतिको अनुगमन संयन्त्र तयार गर्ने, अनुगमनलाई अझै व्यवस्थित बनाउने र न्यून विजकीकरण गर्नेलाइ कानूनी कारबाही गर्ने।

३. राजश्व असुलीलाई सरलीकृत, व्यवस्थित र पारदर्शी बनाउन सम्पूर्ण कार्य बैङ्क मार्फत् गर्ने व्यवस्था गर्ने र कर असुलीलाई क्रेडिट कार्ड मार्फत् गर्ने प्रक्रिया अगाडी बढाउन इलेक्ट्रोनिक प्रविधिको विकास गर्ने।

४. हालै स्थापना भएको रसुवा गढी भन्सार नाकामा वाणिज्य बैङ्कको शाखा कार्यालय स्थापना गर्ने।

**१८. अर्थ समितिको मिति २०७१/१०/१५ गते बसेको अठाइसौं बैठकले गरेका निर्णयहरु**

१. एकीकृत ने.क.पा.(माओवादी) संसदीय दलको बैठकद्वारा गरिएको संविधान सभा र व्यवस्थापिका-संसदका बैठक बहिष्कार गर्ने निर्णय दुःखद् रहेको निष्कर्ष सहित सो निर्णय फिर्ता लिन एकीकृत ने.क.पा.( माओवादी) लाई हार्दिक अपिल गर्दछ।

२. समितिका केहि माननीय सदस्यहरु बैठकमा अनुपस्थित रहेको सन्दर्भमा आजको बैठक निर्धारित विषयवस्तुमा प्रवेश नगरी आज अनुपस्थित एकीकृत ने.क.पा.(माओवादी) का माननीय सदस्यहरुलाई आगामी बैठकमा उपस्थित हुन अनुरोध गर्दछ।

३. बैठकको निर्धारित विषय "पुराना सवारी साधन व्यवस्थापन" सम्बन्धमा समितिको आगामी बैठकमा छलफल गर्ने।

**१९. मिति २०७१/११/०१ गते बसेको उनन्तीसौं बैठकले गरेका निर्णयहरु**

१. व्यवस्थापिका-संसद, अर्थ समितिको मिति २०७१/०७/५ गतेको निर्णयानुसार पुराना सवारी साधन व्यवस्थापन, सरकारी पदाधिकारीहरुको सवारी साधन सुविधा व्यवस्थापन र सवारी साधन दुरुपयोग व्यवस्थापन सम्बन्धमा समितिको निर्णय कार्यान्वयनको लागि दिइएको निर्देशन तत्काल कार्यान्वियन गर्ने र सो को प्रगति विवरण १५ दिनभित्र समितिमा पठाउने।

२. उपत्यका बाहिर रहेका सरकारी निकायहरुको लिलाम गर्नु पर्ने सवारी साधनहरु लिलामको कार्य गर्न प्रत्येक जिल्ला प्रशासन कार्यालयको समन्वयमा एकिकृत रुपमा गर्ने व्यवस्था मिलाउने।

३. सरकारी निकाय/सार्वजनिक संस्थान/आयोजना/योजनाको नाममा रहेका सवारी साधनहरुको विवरण, सवारी साधन प्रयोग गर्ने पदाधिकारी र अनधिकृत रुपमा उपलब्ध गराइएको भए सो व्यक्तिको विवरण समेत १ महिनाभित्र समितिमा उपलब्ध गराउने।

**२०. मिति २०७१/११/०३ गते बसेको तीसौं बैठकले गरेका निर्णयहरु**

१. स्वीट्जरल्याण्डको एच.एस.बी.सी. बैङ्कमा नेपालीहरुले राखेको करिब ५ अर्ब रुपैयाँको अवस्था तत्काल छानबिन गर्ने र त्यसको सत्य तथ्य अध्ययन, अनुसन्धान र तहकिकात गरी सम्बन्धित व्यक्तिहरुलाई कानूनी दायरामा ल्याउने,

२. नेपाल सरकारले स्वीट्जरल्याण्ड र आवश्यकता अनुसार अन्य देशहरुसँग पारस्परिक सहायता कानूनी सम्बन्धी सम्झौता गर्ने प्रक्रिया तत्काल अघि बढाउने,

३. नेपालीहरुले आर्जन गरेको रकम विदेशी बैङ्कहरुमा जाने कार्यलाई निरुत्साहित गर्ने, त्यस्ता रकमहरुलाई स्वदेशी बैङ्कहरुमा राख्ने वातावरण सिर्जना गर्ने र आर्जित रकम नेपालभित्रै लगानी गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले अध्ययन गरी यथोचित प्रबन्धको व्यवस्था गर्ने,

४. विदेशी लगानीको विवरण र राज्यको विदेशी मुद्रा दायित्व बारे नेपाल राष्ट्र बैङ्कले पूर्ण विवरण अध्यावधिक राखे/नराखेको स्पष्ट पारी त्यस बारे समितिलाई जानकारी गराउने र विभिन्न बैङ्कहरुले प्रचलित कानून अनुसार नै विदेशी मुद्रा खाता सञ्चालन गरे नगरेको सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले कसरी कानून पालना गराउने गरेको छ, राष्ट्र बैङ्कसँग स्पष्ट जानकारी माग गर्ने,

५. नेपालमा उद्योग सञ्चालनको नाममा आएको विदेशी पुँजी, शेयर तथा ऋण सम्बन्धित उद्योगमा उपयोग भए/नभएको यथार्थ अवस्था समितिलाई जानकारी गराउन उद्योग मन्त्रालयको ध्यान आकृष्ट गराउने, त्यसरी नै विदेशी लगानीको नाममा अमान्य अस्वीकार्य शर्त स्वीकार गरी मुलुकको दीर्घकालीन हित नहुने लगानी स्वीकृत गर्ने विषयमा लगानी बोर्डको ध्यान आकृष्ट गर्ने ।

**२१. मिति २०७१/१२/०८ गते बसेको बत्तीसौं बैठकले गरेका निर्णयहरु**

१. आगामी आर्थिक वर्षको प्रस्तावित योजना र कार्यक्रम सम्बन्धमा छलफल भयो ।

२. समितिबाट आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता तथा सरकारको नीति कार्यक्रमका सम्बन्धमा छलफल भयो ।

३. समितिबाट आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता तथा सरकारको नीति तथा कार्यक्रमका सम्बन्धमा हुने छलफल र भ्रमण कार्यक्रहरुमा NDI–NEPAL को सहभागिता, सहकार्य र सहयोगलाई आत्मसात गर्ने ।

**२२. मिति २०७१/१२/०९ गते बसेको तेत्तीसौं बैठकले गरेका निर्णयहरु**

**(क) आर्थिक वर्ष परिवर्तन तथा बजेट प्रस्तुति एवं पारित गर्ने कार्यतालिका सम्बन्धमा :**

आगामी आर्थिक वर्षदेखि नेपाल सरकार र अर्थ मन्त्रालयले तपसिल बमोजिम कार्यान्वयन गर्न, गराउन आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार तथा अर्थ मन्त्रालयलाई निर्देशन गर्ने निर्णय गरिएको छ :

१. **आर्थिक वर्ष परिवर्तन सम्बन्धमा**

आगामी वर्षदेखि असार १ गतेलाई नयाँ आर्थिक वर्षको पहिलो दिनको रुपमा गणना गर्ने ।

२. **वार्षिक बजेट प्रस्तुति, छलफल र पारित सम्बन्धी कार्यतालिका :**

| क्र.सं. | विषय | समय तालिका |
|---|---|---|
| १. | प्रत्येक वर्ष आगामी आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रम र बजेटका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) माथि पूर्व बजेट छलफल कम्तिमा ३ हप्ता | बैशाख १५ गतेसम्म |
| २. | सरकारको आगामी नीति तथा कार्यक्रम प्रस्तुत | बैशाख २० गतेसम्म |
| ३. | सरकारको नीति तथा कार्यक्रम पारित | बैशाख मसान्तसम्म |
| ४. | राजश्व र व्ययको वार्षिक अनुमान (बजेट) पेश र बजेटसँग सम्बन्धित विधेयकहरु व्यवस्थापिका-संसदमा प्रस्तुत | जेठको पहिलो सातासम्म |
| ५. | बजेट र बजेटसँग सम्बन्धित विधेयकहरु पारित | जेठ मसान्तसम्म |
| ६. | सार्वजनिक खरिदका कागजी प्रक्रिया, बोलपत्र आह्वान, स्वीकृति र सम्झौता लगायतका कार्यहरु सम्पन्न गर्ने | असारदेखि भदौ मसान्तसम्म |
| ७. | खरिद कार्य र विकास निर्माणका कामहरु सञ्चालन गर्ने | असोजदेखि जेठ मसान्तसम्म |

**३. नीतिगत र प्रक्रियागत सुझावहरु :**

१. संसदमा बजेट प्रस्तुत गर्ने र पारित गर्ने समय संविधान वा ऐनमा नै व्यवस्था गर्ने । अन्य आवश्यक विषयहरुमा पनि कानूनी व्यवस्था गर्ने ।

२. चालू खर्च घटाउने र पुँजीगत खर्च अर्थात् विकास बजेट खर्च बढाउने क्षमता वृद्धि गर्नुका साथै पुँजीगत खर्चमा छुट्याइएको बजेट समयभित्रै खर्च गरिसक्ने व्यवस्था मिलाउने ।
३. योजना र कार्यक्रमहरुको कार्यान्वयन प्रक्रियालाई असर नपर्ने गरी सरल तुल्याउन कर्मचारीको सरुवा र काज खटाउने कार्यलाई व्यवस्थित गर्ने । कर्मचारीको विज्ञताका आधारमा योजनाहरुमा पदस्थापनको व्यवस्था गर्ने ।
४. दोस्रो चौमासिकको अन्त्यसम्ममा योजनाहरुको कार्यप्रगतिको समिक्षा गरी रकम खर्च गर्न नसक्ने वा थप रकम आवश्यक पर्ने भएमा रकमान्तर गर्नु पर्ने प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने र रकमान्तर गर्ने पर्ने देखिएमा औचित्य र कारण खुलाई चैत महिनाभित्र मात्र गर्न सक्ने गरी व्यवस्था मिलाउने ।
५. योजनाहरुको अनुगमन एवं मूल्याङ्कनलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको व्यवस्था गरी समयमै गुणस्तरयुक्त कार्य सम्पन्न गर्ने, गराउनेलाई पुरस्कृत गर्ने र गुणस्तरहीन कार्य गर्ने, गराउने वा समयमा कार्य सम्पन्न नगर्नेलाई अख्तियारको दुरुपयोग मानी दण्ड सजाय गर्ने ।
६. बजेट प्रस्तुत भइसकेपछि बजेटमाथिको छलफलको अवधि, कार्यविधि र प्रक्रिया छोट्याउन सम्बन्धित निकायमा अनुरोध गर्ने ।
७. मध्यकालीन खर्च संरचना बनाएर मात्र कार्यक्रम पेश गर्नु पर्ने व्यवस्था गर्ने ।
८. अर्थ मन्त्रीले बजेट पेश गरेपछि सम्बन्धित निकायहरुमा स्वतः खर्चको अख्तियारी जाने व्यवस्था गर्ने ।

**(ख) पूर्व बजेट छलफल र भन्सार अनुगमन सम्बन्धमा :**

१. आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) तथा सरकारको नीति तथा कार्यक्रमका सम्बन्धमा सम्बन्धित क्षेत्रका सरकारी कार्यालय प्रमुखहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, गैर सरकारी संघ, संगठन र संस्थाका प्रतिनिधि एवं पत्रकारहरु लगायतसँग छलफल एवं अन्तर्क्रिया गर्न र तत् तत् ठाउँमा रहेका भन्सार नाकाहरुमा अनुगमन गर्न २०७१ चैत र २०७२ बैशाख महिनामा विभिन्न चारवटा टोली गठन गरी नेपालगञ्ज, सुर्खेत, बुटवल, भैरहवा, वीरगञ्ज र विराटनगर स्थलगत भ्रमण गर्ने ।

## २३. मिति २०७१/१२/२७ गते बसेको चौंतीसौं बैठकले गरेका निर्णयहरु

१. गरीबी निवारण कोषको वर्तमान अवस्था एवं आगामी कार्यक्रमका सम्बन्धमा छलफल भयो ।
२. समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय/आयोग/सचिवालयहरुलाई आ-आफ्नो क्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान, अवलोकन लगायत अन्य कुनै पनि भ्रमणहरुमा व्यवस्थापिका-संसद, अर्थ समितिको समेत अनिवार्य रुपले प्रतिनिधित्व हुने व्यवस्था मिलाउन निर्देशन गर्दछ ।

## २४. मिति २०७१/१२/१९ गते बसेको पैंतीसौं बैठकले गरेका निर्णयहरु

१. सहकारी तथा गरीबी निवारण मन्त्रालय गठन भएको सन्दर्भमा गरीबी निवारण कोष, युवा तथा साना उद्योगी स्वरोजगार कोष, ग्रामिण स्वावलम्बन कोष र गरीबसँग विश्वेश्वर कार्यक्रम लगायत गरीबी निवारणसँग सम्बन्धित अन्य कोषहरुलाई समय सापेक्ष रुपमा प्रभावकारी र व्यवस्थित ढंगबाट सञ्चालन गर्न विद्यमान गरीबी निवारण कोष ऐन, २०६३ र अन्य सम्बन्धित ऐन र नियमहरुलाई संशोधन गरी समन्वय र नेतृत्व सहकारी तथा गरीबी निवारण मन्त्रालयले गर्ने गरी स्पष्ट रुपमा कानूनी व्यवस्था गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।
२. आगामी आर्थिक वर्षदेखि लागू गर्ने गरी राष्ट्रिय परिचयपत्र वितरणलाई ठोस र व्यवस्थित गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयलाई तथा गरीबीको परिचयपत्रवितरणलाई ठोस र व्यवस्थित गर्न सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।
३. सहकारी ऐन, २०४८ लाई संशोधन गर्ने विधेयकलाई यथाशीघ्र टुंगो लगाई व्यवस्थापिका-संसद सचिवालयमा पेश गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

४. विभिन्न मन्त्रालय तथा अन्य निकायहरुवाट गरीबी निवारण सम्बन्धी सञ्चालन हुने कार्यक्रमहरुलाई व्यवस्थित रुपबाट गरीबी निवारणको उद्देश्य अनुरुप एकीकृत रुपमा सहकारी तथा गरीबी निवारण मन्त्रालयको संयोजन र सहकार्यमा सञ्चालन गर्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

५. गरीबी निवारण कोष सचिवालयको प्रशासनिक र व्यवस्थापकीय सुधार गरी उत्पादन र रोजगारी वृद्धि तथा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धन हुने कार्यक्रमहरु पारदर्शी र तदारुकताका साथ सम्पन्न गर्न आवश्यक संगठनात्मक सुधार गर्न निर्देशन गर्ने ।

६. गरीबी निवारण कोषको नियमावली तथा कोषका पदाधिकारी र कर्मचारीलाई उपलब्ध गराइने सुविधाको विवरण समितिमा एक हप्ताभित्र उपलब्ध गराउन गरीबी निवारण कोषलाई निर्देशन गर्ने ।

७. सहकारी तथा गरीबी निवारण जस्तो महत्वपूर्ण विषय सरकारको राष्ट्रिय प्राथमिकतामा पर्नु पर्छ । गरीबी निवारणमा सहकारी क्षेत्रको भूमिकालाई अझ सशक्त बनाउन आगामी आर्थिक वर्षमा सहकारी तथा गरीबी निवारण मन्त्रालयको लागि पर्याप्त बजेट व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

८. अर्थ समितिको तर्फबाट उपयुक्त समयमा गरीबी निवारण कोषद्वारा गरीबी निवारणका लागि सञ्चालित कार्यक्रमहरुको स्थलगत अध्ययन अनुगमन गर्ने ।

९. गरीबी निवारणको लागि प्राथमिकताका साथ सम्बोधन गर्न गर्नु पर्ने जाति, वर्ग र समूह पहिचान गरी त्यस्ताको लागि दिर्घकालीन योजना निर्माण गरी प्रभावकारी रुपमा सम्बोधन गर्न (मुक्त कमैया, कम्लरी, अधेखा, हलिया, चेपाङ्ग, वनकरीया, चिडीमार, लोपोन्मुख आदिवासी/जनजाति, दलित, भूमिहीन, अति विपन्न र विपन्न) आगामी आर्थिक वर्षमा यस्ता लक्षित वर्गहरुसम्म पुऱ्याई गरीबी निवारण गर्न स्पष्ट रणनीति, कार्ययोजना, कार्यक्रम र समूचित बजेट व्यवस्था गरी प्रभावकारी रुपमा कार्य अगाडी बढाउने ।

१०. गरीबी निवारण सम्बन्धी कार्यक्रम पचहत्तरवटै जिल्लामा सञ्चालन गर्न गरीबी निवारण कोष र सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

११. सहकारी नीति कार्यान्वयन गर्न सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

१२. सहकारीका कार्यहरुलाई नियमित अनुगमनको व्यवस्था गर्न सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

१३. सहकारी तथा गरीबी निवारण मन्त्रालय मातहत पचहत्तरवटै जिल्लामा तत्काल सहकारी कार्यालय स्थापना गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

**२५. मिति २०७२/०१/२७ गते बसेको छत्तीसौं बैठकले गरेका निर्णयहरु**

१. २०७२ वैशाख १२ गते र त्यसपछि पटक पटक गएको विनाशकारी भूकम्पबाट पीडितहरुको उद्धार, राहत र पुनर्स्थापनाका लागि हालसम्म निकासा भएको रकम सम्बन्धी विस्तृत विवरण दुई दिनभित्र उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

२. २०७२ वैशाख १२ गते र त्यसपछि पटक पटक गएको विनाशकारी भूकम्पबाट पीडितहरुको उद्धार, राहत र पुनर्स्थापनाका लागि विभिन्न निकाय र व्यक्तिबाट हालसम्म प्राप्त सहयोग र खर्चको विवरण उपलब्ध गराउन प्रधानमन्त्री राहत कोष र गृह मन्त्रालयलाई निर्देशन गर्ने ।

**२६. मिति २०७२/०१/२८ गते बसेको सैंतीसौं बैठकले गरेका निर्णयहरु**

१. यही वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछि आएका पराकम्पनबाट भएको मानवीय र भौतिक एवं आर्थिक क्षतिको यथार्थ र यकिन विवरण पन्ध्र दिनभित्र सार्वजनिक गर्न सम्बन्धित निकायलाई निर्देशन गर्ने ।

२. भूकम्पबाट पूर्णरुपमा र बसोबास गर्न नमिल्ने गरी घरहरु क्षतिग्रस्त भएका परिवारलाई अस्थायी बसोवासको लागि २५ हजार रुपैयाँका दरले वितरणको व्यवस्था गर्ने र सो रकम गा.वि.स.मा पठाउने व्यवस्था मिलाउन निर्देशन गर्ने ।

३. भूकम्पग्रस्त स्थानहरुमा अझै पनि बेपत्ताहरुको खोजीको लागि उद्धारको कार्यलाई निरन्तर जारी राख्ने र बेपत्ता व्यक्तिहरुको हकमा निश्चित अवधिपछि उनीहरुलाई बेपत्ताको सूचीमा सूचीकृत गरी निजका परिवारलाई मृतकले पाए सरहकै राहत उपलब्ध गराउने ।

४. राहत वितरण व्यवस्थित र न्यायोचित हुन नसकेको, कहीं आवश्यकताभन्दा बढी वितरण भएको, कहीं न्यून मात्रामा पुगेको, कहीं पुग्दै नपुगेको अवस्थामा नपुगेका र न्यून मात्रामा पुगेका स्थानहरुमा तत्काल राहत पुऱ्याउने र राहत वितरणलाई निष्पक्ष, पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउन निर्देशन दिने ।

५. सरकारको मातहतमा र सरकारी निकायको समन्वयमा एकद्वार प्रणालीबाट मात्र राहत वितरण लगायतका कार्यहरु गर्ने व्यवस्था मिलाउने ।

६. उद्धार, राहत र पुनर्स्थापनामा जोखिमपूर्ण र प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत, पदोन्नति वा सम्मान गर्ने ।

७. विपत्तिको अवस्थामा अनियमितता र ढिलासुस्ती गर्ने, कालोबजारी र कृत्रिम अभाव सृजना गर्ने व्यापारी, चोरी, डकैती र दुर्व्यवहार एवं गलत कार्य गर्नेलाई कडाभन्दा कडा कारबाही गर्न निर्देशन गर्ने ।

८. भूकम्पबाट धेरै शैक्षिक संस्थाहरु ध्वस्त भएका कारण अध्ययन, अध्यापन अवरुद्ध भएकोले तत्काल अस्थायी व्यवस्था गरी शैक्षिक संस्थाहरुमा पढाई सुचारु गर्ने व्यवस्था मिलाउन निर्देशन गर्ने ।

९. भूकम्प लगायत कुनै पनि प्राकृतिक विपत्ति र त्यसबाट हुने क्षतिलाई न्यून गर्नका लागि विपद् व्यवस्थापन ऐनलाई समयानुकूल बनाएर तत्काल संसदमा पेश गर्न गृह मन्त्रालयलाई निर्देशन गर्ने ।

१०. सरकारको साधारणतर्फको बजेट खर्चमा मितव्ययिता अपनाउने, सरकारी खर्चमा हुने विदेश भ्रमण, वार्षिक उत्सव, महोत्सव लगायतका कार्यहरु नगरी त्यसबाट हुने बचत राहत एवं पुनर्स्थापना कार्यमा लगाउने ।

११. खर्च हुन नसकेको पुँजीगत बजेट रकमलाई रकमान्तर गरी राहत र पुनर्निर्माणमा लगाउने ।

१२. गा.वि.स. सचिव र अन्य कर्मचारीलाई अनिवार्य रुपमा गा.वि.स.मा पठाउने र राहत वितरणमा स्थानीय संयन्त्रलाई प्रभावकारी बनाउने ।

१३. विगतमा व्यवस्थापिका-संसद, अर्थ समितिले निर्देशन दिए अनुसार संरचनागत रुपमा विपद् व्यवस्थापनको लागि विपद् सम्बन्धी नीतिगत, कानूनी, संरचनागत, समन्वयात्मक र कार्यान्वयनका सबै काम एकीकृत रुपमा गर्नका लागि प्रधानमन्त्री कार्यालय मातहत रहने गरी ऐनको व्यवस्था सहित उच्चस्तरीय अधिकारसम्पन्न प्राधिकरण स्थापना गर्ने ।

१४. नयाँ योजना र कार्यक्रम सहित आवास र बस्ती विकासको कार्यक्रम ल्याई आवास कार्यक्रम अभियानका रुपमा अघि बढाउने र घर निर्माणमा युवा स्वयंसेवकहरुलाई तालिम दिएर परिचालन गर्ने व्यवस्था मिलाउन निर्देशन दिने ।

१५. भूकम्पबाट भीमसेन स्तम्भ (धरहरा), वसन्तपुर दरवार, काष्ठमण्डप, चाँगुनारायण, स्वयम्भु लगायत ध्वस्त ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाहरुको पुनर्निमाण नेपाल आफैंले गर्ने गरी आवश्यक रकमसहित तत्काल 'पुनर्निर्माण कोष' स्थापना गर्ने ।

१६. आगामी आर्थिक वर्षको बजेटमा भूकम्प र बाढी, पहिरो प्रभावित जिल्ला तथा भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचना तथा सम्पदाहरुलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गर्ने । पुनर्निर्माणमा कम्तीमा बीस प्रतिशत रकम विनियोजन गर्ने ।

**२७. मिति २०७२/०२/२४ गते बसेको उनान्चालिसौं बैठकले गरेका निर्णयहरु**

१. भूकम्पबाट भएको क्षति र पुनर्निर्माणको लागि आवश्यकताको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन (पी.डी.एन.ए.) यथाशीघ्र तयार गर्न नेपाल सरकारर राष्ट्रिय योजना आयोगलाई सुझाव दिने ।

२. नेपाल सरकारद्वारा आयोजना गर्न लागिएको नेपालका विकास साझेदार राष्ट्र र दातृ निकायहरुसँगको अन्तर्राष्ट्रिय सम्मेलनमा प्रस्तुत गरिने प्रस्ताव लगायतका अन्य तयारी कार्यहरु यथाशीघ्र सम्पन्न गरी राष्ट्रको नवनिर्माणमा अन्तर्राष्ट्रिय समुदायबाट महत्वपूर्ण सहयोग प्राप्त हुने गरी सम्मेलनलाई उपलब्धिमूलक रुपमा सफल बनाउन नेपाल सरकारलाई निर्देश गर्ने ।

३. यस राष्ट्रिय विपत्तिको बेलामा अनावश्यक विदेश भ्रमण, सरकारी साधन, स्रोतहरुको प्रयोग, भोजभतेर जस्ता साधारणतर्फको फजुल खर्च नियन्त्रण गर्ने विषयमा यस समितिको पूर्व निर्णय कार्यान्वयन नभएकोले यसतर्फ नेपाल सरकारको पुनः ध्यानाकर्षण गर्ने ।

४. नेपाल सरकारले तयार गर्दै रहेको भूकम्पबाट भएको क्षति र पुनर्निर्माणको लागि आवश्यकताको मूल्याङ्कन सम्बन्धी प्रतिवेदन (पी.डी.एन.ए.) का सम्बन्धमा भूकम्प प्रभावित जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने व्यवस्थापिका-संसदका माननीय सदस्यहरु सहित माननीय अर्थ मन्त्री, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, नेपाल सरकारका मुख्य सचिव लगायतको उपस्थितिमा यही जेठ ३१ गते बिहान ८:०० बजे बस्ने अर्थ समितिको बैठकमा आवश्यक छलफल गर्ने ।

**२८. मिति २०७२/०२/२८ गते बसेको चालिसौं बैठकले गरेका निर्णयहरु**

१. भूकम्पबाट सहकारी क्षेत्रमा भएको मानवीय, आर्थिक, भौतिक समेत क्षतिको यथार्थ र आधिकारिक तथ्याङ्क सम्बद्ध निकायहरुसँग समन्वय गरेर यथाशीघ्र तयार गरी समितिमा उपलब्ध गराउन सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

२. सरकारको निर्णय अनुसार २० जिल्लामा तत्काल सहकारी डिभिजन कार्यालय स्थापना गर्न र सहकारी कार्यालयहरुलाई विस्तार गर्दै पचहत्तरवटै जिल्लामा कार्यालय स्थापना गर्ने समितिको विगतको निर्णय कार्यान्वयन गर्न नेपाल सरकार एवं सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

३. सहकारीलाई व्यवस्थित, मर्यादित एवं समय सापेक्ष बनाउन मन्त्रालय, विभाग र कार्यालयको कार्यक्षेत्र स्पष्ट रुपमा किटान गरी सङ्गठनात्मक पुनर्संरचना गर्न सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई निर्देशन गर्ने ।

४. भूकम्पबाट क्षति भएका सहकारीहरुलाई पुनर्स्थापना गर्न सरकारले सरल ब्याजदरमा सुलभ ढङ्गबाट ऋण उपलब्ध गराउने व्यवस्थाको लागि नेपाल सरकारलाई निर्देशन गर्ने ।

५. भूकम्पपीडितहरुका लागि २ प्रतिशत ब्याजदरमा नेपाल सरकारद्वारा उपलब्ध गराउने निर्णय गरेको सुलभ ऋण राष्ट्र बैङ्कबाट एउटा मापदण्ड निर्धारण गर्न लगाई सहकारी संस्थाहरु मार्फत् उपलब्ध गराउने व्यवस्था गर्न नेपाल सरकारलाई सुझाव दिने ।

६. भूकम्पपीडितहरुलाई रु. ५० हजार बराबरको ऋण मिनाहा गर्ने सरकारको निर्णय सहकारी मार्फत् लिएको ऋणमा पनि लागू हुने व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

**२९. मिति २०७२/०२/३१ गते बसेको एकचालिसौं बैठकले गरेका निर्णयहरु**

१. राष्ट्रिय योजना आयोगका उपाध्यक्षले भूकम्पबाट भएको क्षतिर पुनर्निर्माणको लागि आवश्यकताको मूल्यांकन सम्बन्धी नेपाल सरकारले तयार गरेको प्रतिवेदन (पी.डी.एन.ए.) को प्रस्तुतीकरण गर्नुभयो ।

२. पी.डी.एन.ए. माथि छलफलको क्रममा माननीय सदस्यहरुबाट उठाइएका कुराहरुका आधारमा राष्ट्रिय योजना आयोगले परिमार्जन र संशोधन गरी उक्त प्रतिवेदनलाई अन्तिम रुप दिन नेपाल सरकारलाई निर्देशन गर्ने निर्णय भयो ।

**३०. मिति २०७२/०३/०४ गते बसेको बयालीसौं बैठकले गरेका निर्णयहरु**

१. उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगका संयोजक श्री रुप खड्काले आयोगको अन्तरिम प्रतिवेदन बैठक समक्ष प्रस्तुत गर्नुभयो ।

२. समिति सभापतिद्वारा आयोगका संयोजक सहित सबै आमन्त्रित व्यक्तिहरुलाई धन्यवाद व्यक्त भयो ।

३. कर प्रणाली सम्बन्धमा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगको अन्तरिम प्रतिवेदनमाथिको छलफलका क्रममा माननीय सदस्यहरुले उठाउनु भएका महत्वपूर्ण विषयवस्तुहरुलाई प्रतिवेदनमा समावेश गर्न र प्रतिवेदनलाई अन्तिम रुप दिएपछि समितिमा पठाउने व्यवस्था गर्न उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगलाई निर्देश गर्ने निर्णय भयो ।

**३१. मिति २०७२/०३/०८ गते बसेको त्रिचालिसौं बैठकले गरेका निर्णयहरु**

१. नेपालमा हुन लागेको अन्तर्राष्ट्रिय सम्मेलन उपलब्धिमूलक र फलदायी बनाउन नेपाल सरकारलाई निर्देशन दिंदै समितिको तर्फबाट सम्मेलनको सफलताको शुभकामना व्यक्त गरियो ।

२. विनाशकारी भूकम्पबाट भएको विनाशपछि राष्ट्रको पुनर्निर्माणका लागि ठोस् कार्यक्रम र कार्ययोजना सहितको प्रस्ताव सम्मेलन समक्ष राख्न नेपाल सरकारलाई निर्देश गर्ने ।

३. सरकारद्वारा स्थापना गरिएको पुनर्निर्माण कोषमा उपलब्ध हुने गरी आर्थिक सहयोग (अनुदान) माग गर्नु उपयुक्त हुने सुझाव नेपाल सरकारलाई दिने ।

४. अन्तर्राष्ट्रिय सम्मेलनमा नेपालको आवश्यकता अनुसार soft loan उपलब्ध गराउन माग गर्न निर्देश गर्ने ।

५. महाभूकम्पपछि क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माण गर्नु पर्ने अवस्थामा हालसम्म नेपालले तिर्नु पर्ने सबैखाले वैदेशिक ऋण मिनाहाको ठोस् प्रस्ताव अघि सार्न निर्देश गर्ने ।

६. अन्तर्राष्ट्रिय सम्मेलनपूर्व बहुपक्षीय, द्विपक्षीय वार्ता र छलफल गरी उपरोक्त प्रस्तावहरुलाई परिपक्व बनाई निष्कर्षमा पुऱ्याउन नेपाल सरकारको ध्यानाकर्षण गर्ने ।

**३२. मिति २०७/०३/२० गते बसेको चवालिसौं बैठकले गरेका निर्णयहरु**

(क) समितिको २०७१ साल चैत्र ९ गतेको व्यवस्थापिका-संसद, अर्थ समितिको निर्णयानुसार सुर्खेत, बाँके, रुपन्देही, पाल्पा, पर्सा र मकवानपुर जिल्लामा समितिका माननीय सदस्यहरु सहितको सहभागितामा भएको पूर्व बजेट सम्बन्धी छलफल कार्यक्रममा प्राप्त सुझावहरुका आधारमा तयार गरिएको प्रतिवेदनमा उल्लिखित विषयवस्तुलाई समेटेर आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पठाउने ।

(ख) समितिको आजको बैठकमा उठेका आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु समेतका आधारमा भएका निर्णयहरु देहाय बमोजिम रहेका छन् :-

१. आयात न्यूनीकरण र निर्यात वृद्धिका लागि उत्पादनमुलक शीर्षकमा बजेटलाई प्राथमिकता दिनु पर्ने र यसको लागि सरकारले कृषिमा वैज्ञानिकीकरण गर्दै किसानलाई सुलभ ब्याजदरमा ऋण उपलब्ध गराई उत्साही बनाउनुका साथै सडक, ऊर्जा लगायतका क्षेत्रलाई प्राथमिकतामा राख्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

२. मुलुकको उत्पादन वृद्धिका लागि सहकारी संस्थाहरुलाई परिचालन गर्ने व्यवस्थाका लागि नेपाल सरकारलाई निर्देशन गर्ने ।

३. वहुवर्षीय राष्ट्रिय महत्वका योजनाहरुलाई निर्धारित समयमै सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

४. विनियोजित बजेट खर्च गर्ने क्षमता कमजोर भएको कारण विभिन्न विकास योजनाहरु निर्धारित समयमा सम्पन्न हुन नसकेको हाम्रो विगतको अनुभवलाई मध्यनजर गर्दै त्यस्ता कार्यहरु समयभित्रै सम्पन्न गर्न आवश्यक बजेट र कार्ययोजना सहितको रकम खर्च गर्ने अख्तियारी सम्बन्धित निकायमा चाँडो प्रक्रियाबाट पुग्ने व्यवस्था गर्न अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

५. प्रक्रियासम्मत ढङ्गले आएका र पूर्व तयारी भएका योजना प्रस्तावलाई मात्र राष्ट्रिय योजना आयोगबाट पारित गरिने परिपाटी बसाली पारदर्शी रुपमा यसलाई कार्यान्वयन गर्ने व्यवस्था मिलाउन नेपाल सरकार र राष्ट्रिय योजना आयोगलाई निर्देशन गर्ने ।

६. भूकम्पबाट क्षत विक्षत संरचनाहरुको पुनर्निर्माण र नवनिर्माण गर्नका लागि वैदेशिक रोजगारीमा गएका युवाहरुलाई उपयुक्त पारिश्रमिक सहित यहाँको रोजगारीको लागि आकर्षण दिने व्यवस्था गर्न र स्वयं सेवक परिचालनको योजना बनाई अघि बढ्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

७. भूकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक विपत्तिमा जोखिम न्यूनीकरणका लागि पूर्वतयारी कार्य व्यवस्थित रुपमा गर्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

८. खानीजन्य लगायतका विभिन्न उद्योग, शिक्षा, स्वास्थ्य, द्रूत यातायात आजको विकासको लागि प्राथमिक आधार भएकोले बजेटमा यी विषयलाई प्राथमिकतामा राख्न नेपाल सरकारलाई निर्देशन गर्ने ।

(ग) भुकम्प, बाढी, पहिरो लगायत प्राकृतिक प्रकोप प्रभावित जिल्लाका लागि आगामी कार्तिक मसान्तसम्म बजेट फ्रिज नहुने व्यवस्था गर्नका लागि अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

(घ) समितिका माननीय सदस्यहरु (श्री गोपाल दहित, श्री उमेशकुमार यादव र श्री मदनकुमारी शाह (गरिमा)) ले लिखित रुपमा दिनु भएका थप सुझावहरु सक्कलै अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगलाई पठाउने ।

**३३. मिति २०७२/०४/२० गते बसेको सठ्चालिसौं बैठकले गरेका निर्णयहरु**

१. निजगढ विमान स्थल र काठमाडौं तराई मधेश द्रुत मार्गको बजेट व्यवस्थापन सम्बन्धमा छलफल भयो । समितिको बैठकमा अर्थ मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रीबाट काठमाडौं-तराई/मधेस फास्ट ट्रयाक सडक आयोजनाको सम्बन्धमा र पर्यटन, नागरिक उड्डयन तथा संस्कृति मन्त्रीबाट निजगढ दोश्रो अन्तरराष्ट्रिय विमानस्थलको बारेमा जानकारी गराईयो ।

२. संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार काठमाडौं-तराई/मधेस फास्ट ट्रयाक सडक तथा निजगढ दोश्रो अन्तरराष्ट्रिय विमानस्थल आयोजनाहरुको आर्थिक, भौतिक, प्राविधिकलगायत अन्य विषयहरुको अध्ययन अवलोकन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय भयो ।

- मा. श्री कमला पन्त
- मा. श्री केशव प्रसाद बडाल
- मा. श्री गोपाल दहित
- मा. श्री जगदिश्वर नरसिंह के.सी.
- मा. श्री बिक्रम पाण्डे
- मा. श्री मदनकुमारी शाह (गरिमा)
- मा. श्री शक्तिबहादुर बस्नेत

क) उपसमितिले आफू मध्येबाट एक जना संयोजक चयन गर्नेछन् ।

ख) समितिले सम्बन्धित विज्ञ, विशेषज्ञ र प्रावधिकहरुसँग अन्तर्क्रिया छलफल गर्न सक्नेछ ।

ग) उपसमितिको कार्यावधि उपसमितिले कार्य प्रारम्भ गरेको मितिले १५ दिनको हुनेछ ।

घ) उपसमितिले अन्य कार्यविधि आफैले तय गर्नेछ ।

**३४. मिति २०७२/०६/१४ गते बसेको पचासौं बैठकले गरेका निर्णयहरु**

(क) व्यवस्थापिका-संसद, अर्थ समितिको २०७२ साल साउन २० गते बसेको बैठकद्वारा संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार काठमाडौं-तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाहरुको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको अध्ययन अवलोकन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिका संयोजक माननीय श्री केशवप्रसाद बडालले समितिको बैठकमा समितिका सभापति माननय श्री प्रकाश ज्वाला लाई उपसमितिको प्रतिवेदन हस्तान्तरण गर्न भयो ।प्रतिवेदनमाथि विभिन्न माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नुभयो । प्रस्तुत प्रतिवेदनका सम्बन्धमा समितिको आगामी बैठकले टुङ्गो लगाउने निर्णय गर्‍यो ।

(ख) समितिले समसामयिक विषयहरुका सम्बन्धमा देहाय बमोजिमका प्रस्तावहरु पारित गर्‍यो :-

१. नेपालको संविधान जारी भए पश्चात् भारतद्वारा गरिएको 'अघोषित' नाकाबन्दीका कारण नेपाल-भारत सीमानाका भन्सार नाकाहरुबाट निर्वाध रुपमा हुँदै गरेको आयात-निर्यातमा अवरोध उत्पन्न भएको हालको अवस्थामा दैनिक उपभोग्य सामानहरुको अभावमा जनजीवन कष्टकर भएको र नजिकिँदै गरेको चाडपर्वहरुलाई समेत गम्भीर असर पर्ने भएकोले दुई देशबीचका भन्सार नाकाहरु यथाशीघ्र पूर्ण रुपमा खुलाउन सम्बन्धित पक्षको गम्भीर ध्यानाकर्षण गराउँदै यस सम्बन्धमा राजनीतिक एवं कुटनीतिक पहल गर्न र समस्या समाधान गर्न यो समिति नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

२. नेपालको तराई/मधेश क्षेत्रमा लामो समयदेखि भएको बन्द, हड्तालले देशको अर्थतन्त्रलाई गम्भीर असर पारेकोले उक्त क्षेत्रमा आन्दोलनरत पक्षसँग तत्काल वार्ता गरी समस्या समाधान गर्न यो समिति नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

३. रसुवागढी र तातोपानी लगायतका नेपाल-चीन सीमाका भन्सार नाकाहरु सुचारु गरी अत्यावश्यक उपभोग्य मालवस्तुहरुको यथाशीघ्र आपूर्ति गर्न आवश्यक कुटनीतिक एवं प्रशासनिक पहलकदमी लिन यो समिति नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

४. यस समितिका सदस्य माननीय श्री मोहनप्रसाद बराललाई २०७२ असोज १२ गते मङ्गलबार राती ९:०० बजे आफ्नो निवासतर्फ जाँदै गर्दा अज्ञात समूहद्वारा सांघातिक आक्रमण भई टाउकोमा गम्भीर चोट लागी घाइते हुनुभएको र थापाथलीस्थित नर्भिक अस्पतालको सघन उपचार कक्षमा उपचार हुँदै गरेको हालको अवस्थामा उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उक्त घटना बारे सत्य तथ्य पत्ता लगाई दोषी उपर कडा कारबाही गर्न र उहाँको उपचारमा लाग्ने आवश्यक सम्पूर्ण रकम नेपाल सरकारले व्यहोर्ने गरी सहयोग हुन यो समिति नेपाल सरकारसँग अनुरोध गर्दछ ।

**३५. मिति २०७२/०६/१७ गते बसेको एकाउन्नौं बैठकले गरेका निर्णयहरु**

१. काठमाडौं-तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोश्रो विमानस्थल आयोजनाको प्रतिवेदन माथि छलफल भयो । छलफलमा उठेका महत्वपूर्ण विषयहरु प्रतिवेदनमा समावेश गरी पारित गर्ने र उक्त प्रतिवेदन नेपाल सरकारको सम्बन्धित निकायहरुमा तत्काल कार्यान्वनको लागि सिफारिसका साथ पठाउने ।
   (क) प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय,
   (ख) अर्थ मन्त्रालय,
   (ग) भौतिक पूवार्धार तथा यातायातमन्त्रालय,
   (घ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र
   (ड.) राष्ट्रिय योजना आयोग ।

२. नेपालमा निर्माण हुने ठूला आयोजनाहरु नेपाली निर्माण व्यवसायीहरुबाट निर्माण गर्न उच्च प्राथमिकता दिने र नेपाली निर्माण व्यवसायहरुबाट बन्न नसक्ने आयोजनाहरुमा मात्र विदेशी निर्माण कम्पनीहरुलाई दिने ।

**३६. मिति २०७२/०६/२४ गते बसेको बाउन्नौं बैठकले गरेका निर्णयहरु**

१. नेपाल सरकारद्वारा आर्थिक सहायता उपलब्ध गराउने भनी निर्णय भै वितरण गर्न बाँकी रहेको रकम हालको लागि वितरण स्थगन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

२. दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न भएपश्चात् हालसम्म नेपाल सरकारद्वारा गरिएको औषधोपचार खर्च लगायत अन्य आर्थिक सहायता वितरण सम्बन्धी निर्णय र निकासा भएको रकम सम्बन्धी विवरण समितिलाई उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयलाई निर्देशन गर्ने ।

**३७. मिति २०७२/०८/११ गते बसेको त्रिपन्नौं बैठकले गरेका निर्णयहरु**

१. विद्यमान नीति, नियम, निर्देशिका र कार्यविधि बमोजिम विल भरपाई पेश भएको अवस्थामा मात्र औषधोपचार खर्च र द्वन्द्वपीडित परिवारका लागि उपलब्ध गराउन निर्णय भई निकासा हुन बाँकी रकम निकासा दिन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

२. विभिन्न संघसंस्थालाई विभिन्न कार्यक्रमका लागि दिइने रकमको निकासा हाललाई रोक्न अर्थ मन्त्रालयलाई निर्देशन दिने ।

३. औषधोपचार खर्च वितरण सम्बन्धी विद्यमान व्यवस्थालाई व्यवहारिक बनाउनुका साथै वास्तविक पीडित विरामीहरुलाई मात्र सहायता उपलब्ध हुन सक्ने र दोहोरो अर्थ नलाग्ने गरी निर्देशिका परिमार्जन गर्नु पर्ने र गृह मन्त्रालयबाट उपलब्ध गराउने आर्थिक सहायताको लागि तत्काल निर्देशिका बनाउनु पर्ने देखिएकोले औषधोपचार वापत र अन्य प्रकारका आर्थिक सहायता दिने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कार्यविधि बनाई एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने र त्यस सम्बन्धमा समितिले थप अध्ययन गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने ।

४. मन्त्रिपरिषद्बाट आर्थिक सहायता र उपचार खर्च सम्बन्धमा विगतमा भएका निर्णयहरुका सम्बन्धमा समितिले आवश्यक छानबिन गर्ने ।

### ३८. मिति २०७२/०९/०८ गते बसेको पचपन्नौं बैठकले गरेका निर्णयहरु

१. समितिको आजको बैठकमा पेश भएको व्यवस्थापिका-संसद, अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७२ माथि छलफलका क्रममा प्राप्त सुझावहरुलाई समावेश गरी पारित गर्ने । थप संशोधन गर्नु पर्ने देखिएमा मा. सदस्यहरुले आजको मितिले ३ दिनभित्र समिति सचिवालयमा सुझाव पेश गर्ने । प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी सभापतिले सभामा पेश गर्ने निर्णय गरियो ।

## ३.२. निर्णयहरु कार्यान्वयनको अवस्था

समितिको निर्णय कार्यान्वयनको लागि नेपाल सरकारका सम्बन्धित निकायमा पठाइएकोमा केही कार्यान्वयन भएका छन्, केही कार्यान्वयनको क्रममा रहेका छन् भने केही कार्यान्वयन हुन नसकेको अवस्था पनि विद्यमान छ । राष्ट्रिय महत्वका केही निर्णय एवं निर्देशन कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेका छन् :-

(क) सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमितिले समितिमा पेश गरी समितिले अन्तिम रुप दिई पठाइएको प्रतिवेदनमा उल्लिखित सुझावहरु र समितिको मिति २०७१/७/१३ मा बसेको एक्काइसौं बैठकले गरेको निर्णय समेतका आधारमा नेपाल सरकारका तर्फबाट व्यवस्थापिका-संसदको व्यवस्थापन कार्यमा प्रस्तुत गर्नका लागि सार्वजनिक खरिद (पहिलो संशोधन) विधेयक अघि बढाउने कार्य भएको छ । तथापि समितिले गहन अध्ययन गरी दिएको सुझाव पूर्ण रुपमा विधेयकमा प्रतिविम्बित भएको पाइन्न । हाल यो विधेयक दफावार छलफलको क्रममा सुशासन तथा अनुगमन समितिमा विचाधीन रहेको छ ।

(ख) संवत् २०७१ कार्तिक ५ गते बसेको समितिको बीसौं बैठकले पुराना सवारी साधन व्यवस्थापन सम्बन्धमा, सरकारी पदाधिकारीहरुको सवारी साधन सुविधा व्यवस्थापन सम्बन्धमा र सवारी साधन दुरुपयोग व्यवस्थापन सम्बन्धमा विशेष अध्ययन एवं छलफल गरी यस सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि पठाइएकोमा यस सम्बन्धमा शुरुआती दिनमा केही तदारुकता अपनाइएको पाइए तापनि उल्लेख्य कार्य भएको पाइएको छैन ।

(ग) काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको अध्ययन अवलोकन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न गठित उपसमितिको प्रतिवेदनलाई समितिले परिमार्जन सहित पारित गरी सम्बन्धित निकायहरुमा पठाएको र उक्त प्रतिवेदनले आयोजनालाई नेपाल सरकार आफैंले निर्माण एवं सञ्चालन गर्ने वा यसका लागि अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरुबीच खुला प्रतिस्पर्धा गराई अघि बढ्नु पर्ने वा ITNL (I.L & F.S.) कम्पनी मार्फत् नै यदि निर्माण कार्य अघि बढाउनु परेमा हालको व्यवस्थाले सम्पूर्ण नोक्सानी नेपाल सरकारले व्यहोर्ने अवस्था देखिएकोले नेपाल सरकार साझेदार नरहने गरी आयोजनाको सम्पूर्ण नाफा-घाटाको भागिदार सम्बन्धित कम्पनी नै हुने गरी उपसमितिले दिएका सुझाव र निर्देशनको आधारमा आयोजना निर्माण सम्झौता गर्नु पर्ने पनि काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाका सम्बन्धमा निष्कर्ष दिएकोमा हाल सो कार्य रोकिएको पाइएबाट समितिको निर्देशनको आंशिक कार्यान्वयन भएको भन्न सकिने अवस्था देखिन्छ ।

(घ) संवत् २०७१ कार्तिक ५ गते बसेको समितिको त्रिपन्नौं बैठकले नेपाल सरकारबाट आर्थिक सहायता र उपचार खर्च वितरणको अवस्था सम्बन्धमा केही बेथिति रहेको विषय चर्चामा आएको अवस्थामा सम्बन्धित निकायका व्यक्तिहरुलाई आमन्त्रण गरी छलफल गरे पश्चात् आर्थिक सहायता वितरण सम्बन्धी विद्यमान व्यवस्थालाई व्यवहारिक बनाउनु आवश्यक भएको ठहर गर्दै दोहोरो अर्थ नलाग्ने गरी सम्बन्धित निर्देशिका परिमार्जन गर्नु पर्ने र गृह मन्त्रालयबाट उपलब्ध गराउने आर्थिक सहायताको लागि तत्काल निर्देशिका बनाउनु पर्ने र अन्य प्रकारका आर्थिक सहायता दिने विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट कार्यविधि बनाई एक महिनाभित्र समितिमा पेश गर्न निर्देशन दिने र त्यस सम्बन्धमा समितिले थप अध्ययन गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने भनी भएको निर्णय कार्यान्वयनको लागि तहाँ पत्र पठाइएकोमा हाल एक महिना गुज्रिइसकेको र सम्बन्धित निकायहरुबाट यस सम्बन्धमा कुनै प्रतिक्रिया पनि प्राप्त नभएको अवस्था विद्यमान छ ।

(ङ) समितिले विभिन्न जिल्लाहरुमा गई जनस्तरमा गरेको पूर्व बजेट सम्बन्धी छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु सम्बन्धित निकायमा पठाइएकोमा तिनमा सुझाइएका महत्वपूर्ण विषयहरु के-कति सम्बोधन भए भन्ने विषयमा राम्ररी अध्ययन हुन नसकेको भए तापनि केही विषयहरु सम्बोधन भएको पाइएको देखिएको छ ।

(च) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कावेली "ए" लगायतका केहि जलविद्युत आयोजनाको अनुमतिपत्र खारेज गर्नका लागि ऊर्जा मन्त्रालयमा पत्राचार गरेको सम्बन्धमा राष्ट्रले ऊर्जा संकट र लोडसेडिङ्ग व्यहोरिरहेको अवस्थामा जलविद्युत आयोजनाहरुको लगानीलाई प्रोत्साहित गर्नु पर्ने जस्ता आफ्नो कार्यक्षेत्र अन्तर्गतका एजेण्डाले आकर्षित गरेको कारण यस विषयमा समितिको बैठक बसी उक्त बैठकमा माननीय अर्थ मन्त्री, माननीय ऊर्जा मन्त्री, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त, ऊर्जा मन्त्रालयका सचिव लगायत अन्य पदाधिकारीहरुलाई आमन्त्रण गरी २०७१/०७/१९ गते यस विषयमा बृहत छलफल गरी सञ्चालन हुन सक्ने जलविद्युत आयोजनाहरुका सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गरी गर्न लगाई कार्य अघि बढाउन र अनुमति पत्र लिएर लामो समयसम्म कार्य अघि नबढाएका आयोजनाहरुको अनुमति पत्र खारेजीको प्रक्रियामा जान सम्बन्धित निकायहरुलाई निर्देशन दिइएकोमा निर्देशानुसार भई केही विकास आयोजनाहरु अवरुद्ध हुनबाट जोगिएको अवस्था रह्यो ।

(छ) अधिकार र साधन स्रोत सम्पन्न विपद व्यवस्थापन मन्त्रलाय स्थापनना गर्न तथा उच्च स्तरिय अधिकार सम्पन्न विपद व्यवस्थापन प्राधिकरण स्थापन गर्न समितिले नेपाल सरकार निर्देशन दिएकोमा सरकारले भुकम्प पीडितको लागि ऐन नियमको व्यवस्था गरी पूनर्निर्माण प्राधिकरण समेत स्थापना गरेको छ ।

(ज) समितिले भुकम्पबाट पूर्ण रुपमा र बासोवास गर्न नमिल्ने गरी घरहरु क्षतीग्रस्त भएका परिवारलाई अस्थाई बसोवासका लागि रु. २५,०००/- का दरले वितरणको व्यवस्था गर्न र सो रकम सम्बन्धित न.पा./ गा.वि.स.हरुमा पठाउने निर्देशन दिएकामा नेपाल सरकारले त्यसलाई कार्यन्वयन गरेको छ ।

## ३.३. समितिको स्थलगत भ्रमण

| सि.नं. | विषय | मिति |
|---|---|---|
| १. | नेपालगञ्ज-कोहलपुर सडक आयोजना र सिक्टा सिँचाइ आयोजना | २०७१/०४/१२ |
| २. | झापाको मेची पुल र चाराली-केचना-चन्द्रगढी सडक आयोजना | २०७१/०४/२३ देखि २५ गतेसम्म |
| ३. | मलेशियाका निर्माणाधिन आयोजनाहरु | २०७१/०५/२० देखि २५ गतेसम्म |
| ४. | पूर्व बजेट छलफल (सुर्खेत र बाँके) | २०७१/१२/२८ देखि ३० गते सम्म |
| ५. | भन्सार अनुगमन, बाँके | २०७१/१२/३० |
| ६. | पूर्व बजेट छलफल, रुपन्देहीको भैरहवा | २०७२/०१/०४ |
| ७. | पूर्व बजेट छलफल, पाल्पाको तानसेन | २०७२/०१/०५ |
| ८. | भन्सार अनुगमन, रुपन्देही | २०७२/०१/०६ |
| ९. | पूर्व बजेट छलफल, पर्साको वीरगञ्ज | २०७२/०१/०९ |
| १०. | भन्सार अनुगमन, पर्सा | २०७२/०१/०९ |
| ११. | पूर्व बजेट छलफल, मकवानपुरको हेटौंडा | २०७२/०१/११ |

## ३.४. आर्थिक अनुशासनमा अर्थ समितिको भूमिका

सरकारलाई व्यवस्थापिका–संसदप्रति उत्तरदायी बनाउनका लागि संसदीय समितिको गठन गरिएको हुन्छ । यसै मान्यताको आधारमा अर्थ समितिले आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शीता, जवाफदेहिता तथा सहभागिता कायम गर्नका निम्ति निम्न भूमिका निर्वाह गरेको हुन्छ ।

- योजना तर्जुमा तथा बजेट निर्माण जस्ता आर्थिक नीति निर्माणका कार्यलाई जनमुखी बनाउनका निम्ति उपयुक्त सल्लाह तथा सुझाव दिने,
- नीति, योजना तथा कार्यक्रमहरु पारदर्शी ढंगले कार्यान्वयन गर्नका निम्ति मार्गदर्शन प्रदान गर्ने,
- कार्यक्रमहरु कार्यान्वयनका क्रममा देखिएका समस्याहरु समाधान गर्नका निम्ति आवश्यक सुझाव दिने,

- स्थानीय श्रोत साधनको परिचालनका सम्बन्धमा सम्भाव्यता अध्ययन गर्न स्थलगत अध्ययन गर्ने,
- आर्थिक गतिविधिहरु नियम कानून सम्मत संचालन भए नभएको बारेमा अनुगमन गर्ने,
- समितिको कार्यक्षेत्र भित्रका निकायले गरेको कामको सम्बन्धमा नागरिकहरुको गुनासो, सिकायत, सुझावको बारेमा समितिमा छलफल गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनका निम्ति नागरिकहरुको गुनासोको सम्बोधन गर्न आवश्यक अनुसार अनुगमन समेत गर्ने,
- सरकारले गर्ने आर्थिक सन्धी सम्झौताहरुका बारेमा छलफल गर्ने, र
- समितिको कार्यक्षेत्रको विषयसंग सम्बन्धित रहेर आवश्यकता अनुसार अध्ययन, अनुसन्धान र छलफल गर्ने ।

## ३.५. समिति सदस्यहरुको बैठकहरुमा सहभागिता

समितिको पहिलो बैठक २०७१/०१/१४ मा बसि प्रतिवेदन बुझाउने अवधि २०७२/०९/०८ सम्म समितिको बैठकहरु ५५ वटा बसेको र उक्त बैठकहरुमा अर्थ समितिका माननीय सभापति र माननीयज्यूहरुको उपस्थिति विवरण निम्नानुसार रहेको छ ।

| सि.नं. | नाम थर | उपस्थित संख्या | कैफियत |
|---|---|---|---|
| १. | सभापति मा. श्री प्रकाश ज्वाला | ४२ | |
| २. | मा. श्री अब्दुल रज्जाक गद्दी | २४ | |
| ३. | मा. श्री इच्छा राज तामाङ्ग | ८ | |
| ४. | मा. श्री इन्द्रबहादुर बानिया | – | २०७२/०८/२९ गतेदेखि समिति सदस्य रहनु भएको |
| ५. | मा. श्री उदय शम्शेर जवरा | २४ | |
| ६. | मा. श्री ओमदेवी मल्ल | १९ | मिति २०७१/०६/२२ गतेदेखि समिति सदस्य रहनु भएको |
| ७. | मा. श्री कमला पन्त | ३७ | |
| ८. | मा. श्री केदार प्रसाद संजेल | ४१ | |
| ९. | मा. श्री केशव प्रसाद बडाल | ४१ | |
| १०. | मा. श्री गोपाल दहित | २७ | |
| ११. | मा. श्री गोमा कुँवर | ४१ | |
| १२. | मा. श्री गौरा प्रसाई (कोईराला) | २९ | |
| १३. | मा. श्री चन्द्रकान्त भण्डारी | २२ | मिति २०७१/०६/२२ गतेदेखि समिति सदस्य रहनु भएको |
| १४. | मा. श्री जगदिश्वर नरसिंह के.सी. | ४० | |
| १५. | मा. श्री दल बहादुर सुनार | २३ | |
| १६. | मा. श्री दामोदर भण्डारी | १२ | |
| १७. | मा. श्री दिप नारायण साह | २४ | |
| १८. | मा. श्री दिपक प्रसाद कुईकेल | ३१ | |
| १९. | मा. श्री नरदेवी पुन मगर | ३४ | |
| २०. | मा. श्री नरबहादुर चन्द | ३५ | |
| २१. | मा. श्री पुष्पलता लामा | १४ | |
| २२. | मा. श्री प्रमिला राणा | ४३ | |
| २३. | मा. श्री बिक्रम पाण्डे | ३४ | |
| २४. | मा. श्री भरत मोहन अधिकारी | ३३ | |
| २५. | मा. श्री मदन कुमारी शाह (गरिमा) | ३३ | |
| २६. | मा. श्री मनोहर नारायण श्रेष्ठ | ३४ | |
| २७. | मा. श्री मंजु कुमारी चौधरी | ३४ | |
| २८. | मा. श्री मोहनप्रसाद बराल | १८ | |
| २९. | मा. श्री रत्न शेरचन | २३ | |

| सि.नं. | नाम थर | उपस्थित संख्या | कैफियत |
|---|---|---|---|
| ३०. | मा. श्री रमणी राम | ३ | मिति २०७१/०६/२२ गतेदेखि समिति सदस्य रहनु भएको |
| ३१. | मा. श्री रमेश प्रसाद कुर्मी | २६ | |
| ३२. | मा. श्री राज कुमार अग्रवाल | १३ | |
| ३३. | मा. डा. रामशरण महत | – | मिति २०७२/०८/२९ गतेदेखि समिति सदस्य रहनु भएको |
| ३४. | मा. श्री रीता शाही | ४३ | |
| ३५. | मा. श्री रेशम बहादुर लामा | २१ | |
| ३६. | मा. श्री ल्हारक्याल लामा | २ | मिति २०७२/०४/२४ गतेदेखि समिति सदस्य रहनु भएको |
| ३७. | मा. श्री विदुर प्रसाद सापकोटा | २५ | |
| ३८. | मा. श्री विमल कुमार केडिया | १६ | |
| ३९. | मा. श्री शेर बहादुर तामाङ्ग | २६ | |
| ४०. | मा. श्री शंकर भण्डारी | ३१ | |
| ४१. | मा. श्री सरस्वती वजिमय | ३० | |
| ४२. | मा. श्री सिर्जना तरामु खत्री | ३९ | |
| ४३. | मा. श्री सुरेन्द्र प्रसाद पाण्डे | ३० | |
| ४४. | मा. डा. सुवोध कुमार पोखरेल | २३ | |
| ४५. | मा. श्री श्रवण कुमार अग्रवाल | ११ | |
| ४६. | मा. श्री श्रीकान्ती पासी | २४ | |
| ४७. | मा. श्री श्रीप्रसाद जवेगु | २२ | |
| ४८. | मा. श्री हरिलाल ज्ञवाली | ३८ | |
| संविधान सभा (व्यवस्थापिका-संसद कार्य सञ्चालन) नियमावली, २०७० को नियम ११४ को उपनियम १ बमोजिम सम्माननीय सभामुखज्यूले व्यवस्थापिका-संसदको सहमति लिई सदस्यहरुको हेरफेर वा थपघट गर्नु भएको र उपनियम ३ (ख) बमोजिम मन्त्री हुनु भई हाल समिति सदस्य नरहनु भएका माननीयज्यूहरुको उपस्थिति विवरण | | | |
| १. | मा. श्री अब्दुल हमिम | ८ | २०७१/०६/२२ गतेदेखि समिति सदस्य नरहनु भएको |
| २. | मा. श्री अमिय कुमार यादव | ८ | २०७१/०६/२२ गतेदेखि समिति सदस्य नरहनु भएको |
| ३. | मा. श्री अशोक कोइराला | १८ | मिति २०७२/०८/२९ गतेदेखि समिति सदस्य नरहनु भएको |
| ४. | मा. श्री उमेश यादव | २० | |
| ५. | मा. श्री सी.पि. मैनाली | ३४ | |
| ६. | मा. श्री जनार्दन ढकाल | २७ | मिति २०७२/०४/२० गतेदेखि समिति सदस्य नरहनु भएको |
| ७. | मा. श्री नरेन्द्र बिक्रम नेम्बाङ्ग | ६ | मिति २०७२/०८/२९ गतेदेखि समिति सदस्य नरहनु भएको |
| ८. | मा. डा. बाबुराम पोखरेल | ५ | २०७१/०६/२२ गतेदेखि समिति सदस्य नरहनु भएको |
| ९. | मा. श्री शक्तिबहादुर बस्नेत | ४१ | |
| १०. | मा. श्री भिष्मराज आङदेम्बे | १० | |

# परिच्छेद-४
# उपसमिति र तिनका प्रतिवेदन

## ४.१ उपसमितिको गठन

संविधान सभा (व्यवस्थापिका–संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारबाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्रभित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरुमध्येबाट उपसमिति गठन गर्न सक्ने प्रावधान अनुसार निम्न दुईवटा उपसमिति गठन गरिएको थियो :-

- सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमिति, र
- काठमाडौं–तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना उपसमिति ।

## ४.२ सार्वजनिक खरिद व्यवस्था उपसमिति

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा देखिएका समस्या समाधान गर्न अध्ययन गरी संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार १५ (पन्ध्र) दिनभित्र प्रतिवेदन पेश गर्न तपसिल बमोजिम समितिको मिति २०७१/३/२ गते बसेको बैठकको निर्णयानुसार एक उपसमितिको गठन भयो । उपसमितिमा देहायका माननीय सदस्यहरु रहनुभएको थियो :-

- मा. श्री कमला पन्त
- मा. श्री गोपाल दहित
- मा. श्री चन्द्रप्रकाश (सी.पी.) मैनाली
- मा. श्री जनार्दन ढकाल
- मा. श्री बिक्रम पाण्डे
- मा. श्री भिष्म राज आङदेम्वे
- मा. श्री रत्न शेरचन
- मा. श्री शक्ति बहादुर बस्नेत
- मा. श्री शेरबहादुर तामाङ्ग

### १. संयोजक चयन एवं स्थायी आमन्त्रण

उपसमितिको मिति २०७१/३/६ गते बसेको पहिलो बैठकले माननीय श्री चन्द्रप्रकाश (सी.पी.) मैनालीलाई संयोजक चयन गर्नुका साथै माननीय श्री उदय शमशेर ज.ब.रा., माननीय श्री जगदिश्वर नरसिंह के.सी. र माननीय श्री रेवतीरमण भण्डारीलाई स्थायी आमन्त्रित सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरेको थियो ।

### २. अध्ययन भ्रमण

२०७१ साल साउन १२ गते निर्माणाधीन नेपालगञ्ज-कोहलपुर सडक खण्ड र सिक्टा सिँचाइ आयोजना स्थल, २०७१ साल साउन २३ देखि २५ गतेसम्म झापा जिल्लाको मेची पुल र चाराली-चन्द्रगढी-केचना सडक आयोजना स्थल लगायत, इलाम जिल्लाको निर्माणाधीन विमानस्थल, २०७१ साल भाद्र २० देखि २५ गतेसम्म मलेशियाका निर्माण आयोजनाहरुको स्थलगत अध्ययन अवलोकन र अन्तर्क्रिया कार्यक्रम एवं मलेशियाको अर्थ मन्त्रालयका पदाधिकारीसँग सार्वजनिक खरिद सम्बन्धमा छलफल सम्पन्न भयो ।

### ३. अन्तर्क्रियात्मक कार्यक्रम र आमन्त्रित व्यक्तिहरु

नेपाल निर्माण व्यवसायी महासंघका पदाधिकारीहरु अध्यक्ष, श्री जयराम लामिछाने, सल्लाहकार, श्री रमेश शर्मा, निवर्तमान अध्यक्ष, श्री यज्ञध्वज कार्की, वरिष्ठ उपाध्यक्ष, श्री रवि सिंह, उपाध्यक्ष, श्री केशवप्रसाद गौतम, कानूनी सल्लाहाकार, श्री बाबुराम दाहाल लगायत खरिद विज्ञ, श्री पदम गुरुङ्ग र निर्माण व्यवसायी महासंघका सदस्य श्री नवराज भण्डारी सहितको सहभागितामा अन्तर्क्रियात्मक कार्यक्रम समितिको सभाकक्षमा २०७१ असार १२ गते सम्पन्न भयो ।



*एभरेष्ट होटलमा आयोजना भएको सार्वजनिक खरिद सम्बन्धी विषयको अन्तर्क्रियात्मक कार्यक्रम*

२०७१ साउन २ गते समितिको बैठक कक्षमा आमन्त्रित सडक विभागका प्रमुख श्री देवेन्द्र कार्की, खानेपानी तथा ढल निकास विभागका उपमहानिर्देशक श्री रामचन्द्र देवकोटा, विद्युत विकास विभागका उपमहानिर्देशक श्री समिररत्न शाक्य, सु.ई. श्री नविनराज सिंह, सिँचाइ विभागका प्रमुख श्री माधव बेल्वासे, शहरी विकास तथा भवन निर्माण विभागका सी.डी.ई. श्री निलमकुमार डङ्गोल, सडक विभागका सी.डी.ई. खरिद ईकाइ प्रमुख श्री गम्भीर श्रेष्ठ लगायतको उपस्थितिमा अन्तर्क्रियात्मक कार्यक्रम सम्पन्न भयो ।

२०७१ साउन २२ गते होटल एभरेष्टमा आयोजना भएको अन्तर्क्रियात्मक कार्यक्रममा सार्वजनिक खरिद विशेषज्ञ श्री नारायणदत्त शर्मा र विज्ञ श्री शक्तिप्रसाद श्रेष्ठको उपस्थिति रहेको थियो । २०७१ साउन २४ गते होटल एभरेष्टमा आयोजना भएको अन्तर्क्रियात्मक कार्यक्रममा सार्वजनिक खरिद विज्ञ श्री शक्तिप्रसाद श्रेष्ठको सहभागिता रहेको थियो ।

**४. प्रतिवेदन पेश**

यस उपसमितिले अध्ययनका लागि केही समय थप गर्नु पर्ने आवश्यकता अनुभव गरी कार्यावधि थप गर्नका लागि सिफारिस गरेको र सो बमोजिम थप कार्यावधि समितिबाट अनुमोदन भई समितिले मिति २०७१/०६/०८ गते आफ्नो प्रतिवेदन पेश गरेको थियो । सोही दिन समितिले प्रतिवेदनलाई केही संशोधन सहित पारित गरेको थियो ।

**५. सार्वजनिक खरिदमा देखिएका समस्याहरु**

लागत अनुमान तयार गर्दा र बोलपत्र आह्वान गर्दा दिइने समयावधिमा समस्या देखिएको छ । सिलवन्दी बोलपत्र दाखिला गर्ने क्रममा हुने अस्वाभाविक क्रियाकलापले पनि समस्या हुने गरेको पाइन्छ । अस्थिर बजार भाउ, मूल्य समायोजन, खरिद सम्झौता, थप कार्य सम्पादनको जमानत, परामर्शदाताको जिम्मेवारी, आयोजनाहरुको भेरिएशन आदेश स्वीकृत गर्ने अधिकारीको कार्यक्षेत्र र खरिद कार्यको म्याद थपमा समेत समस्या देखिएको छ । मोबिलाइजेशन पेश्कीको दुरुपयोग र बिल भुक्तानीको कार्यमा समेत ढिलाइ हुने गरेको पाइन्छ । निर्माण कार्य न्यून गुणस्तरको हुने गरेको, निर्माण व्यवसयीहरुलाई जिम्मेवार बनाउन नसकिएको, निर्माण कार्यको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण कार्य सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रभावकारी ढंगबाट गर्न नसकेको, सार्वजनिक खरिदको वर्गीकरण हुन नसकेको, अस्वाभाविक बोलपत्र पेश गर्ने गरिएको, अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा नेपालीहरुलाई ग्राह्यता नदिने गरिएको तथा जमिनको मूल्याङ्कन

यथार्थपरक हुने नगरेको र बोलपत्र आव्हानको समय र कार्यान्वयन समय सिमाको सम्बन्धमा कडाइ हुन नसकेको आदि समस्याहरु उपसमितिले औंल्याइएको छ ।

### ६. सार्वजनिक खरिदका समस्या समाधानका सुझावहरु

सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुअघि सम्बन्धित कार्यस्थलमा स्थानीय निकायलाई जानकारी गराई अवलोकन र अध्ययन गरी बोलपत्रको सूचना प्रकाशन हुनुअघि योजनाको कम्प्लिट ड्रइङ्ग, डिजाइन र इष्टिमेट एकै पटक सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्नेछ । लागत अनुमानमा त्रुटी देखिएमा अख्तियारको दुरुपयोग भएको मानी सम्बन्धित प्राविधिकलाई विभागीय कारबाही गर्ने व्यवस्था गर्ने । बोलपत्र वा पूर्वयोग्यता सम्बन्धी प्रस्ताव दर्ता गर्ने वा पठाउने स्थानहरुमा सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमध्ये कुनै एक स्थानमा हुने व्यवस्था गर्नु पर्ने । शीलबन्दी बोलपत्र दाखिला लगायत बोलपत्रका सम्पूर्ण कार्यहरुलाई २०७२ असार महिनासम्म अनिवार्य रुपमा विद्युतीय सञ्चारको प्रविधि (E-Bidding) लागू गर्नु पर्ने ।

बोलपत्र स्वीकृत भई खरिद सम्झौता गर्न नआउने बोलपत्रदातालाई बोलपत्रको जमानत (Bid Bond) जफत गरी १ वर्ष ६ महिनासम्म कुनै पनि सार्वजनिक निकायको बोलपत्र खरिद कार्यमा सहभागी हुन बन्देज गरी सोको सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्ने व्यवस्था गर्ने । बोलपत्र पेश गर्ने अन्तिम दिनपछिको १ महिनाभित्र स्वीकृत गरिसक्नु पर्ने व्यवस्था गर्ने । लागत अनुमानको १५% सम्म न्यून कबोल गर्ने बोलपत्र दाताले कबोल गरेको अंकको ५% कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्नु पर्ने, लागत अनुमानको १५% भन्दा बढी रकम न्यून कबोल गर्ने बोलपत्रदाताले त्यसभन्दा जति बढी न्यून प्रतिशत कबोल गरेको छ उक्त बढी प्रतिशतको आधा बराबरको रकम शुरुको ५% बराबरको रकममा थप गरी कार्य सम्पादन जमानत बुझाइ सम्झौता गर्नु पर्ने व्यवस्था गर्ने ।

परामर्शदातालाई दिनु पर्ने तलब भत्ता लगायतका सुविधा परामर्शदाताकै सम्झौतामा समावेश गरी पेश गर्नु पर्ने र सरकारी सेवाबाट अवकाश भएका व्यक्तिहरु अवकाश भएको मितिले ३ वर्षसम्म सरकारी र अर्धसरकारी संस्थामा परामर्श सेवाको कार्य गर्न नपाउने व्यवस्था गर्ने । सेवा, खरिद र निर्माणमा भेरिएशन गर्दा कारण, आधार र औचित्य खुलाई भेरिएशन आदेश सरकारी तथा सार्वजनिक संस्थानहरुमा हुने गरी तहगत र कानूनी व्यवस्था हुनु पर्ने । आयोजनाको भेरिएशन आदेश दिने व्यवस्था कारण, आधार र औचित्यको आधारमा मन्त्रीपरिषद्सम्म जानुपर्ने व्यवस्था नराख्ने । मोबिलाइजेशन पेश्की लिएको ३० दिनभित्र योजनाको कार्य अनिवार्य रुपमा प्रारम्भ गर्नु पर्ने र उक्त अवधिभित्र कार्य प्रारम्भ नगरेमा मोबिलाइजेशन पेश्कीको व्याज सहित अशुल उपर गर्ने साथै सम्झौता भङ्ग गर्नेसम्म प्रकृया शुरु गने । कार्यालय प्रमुखले कार्यस्थल उपलब्ध नगराएमा विभागीय कारबाही हुने व्यवस्था गर्ने ।

सम्झौतामा उल्लेख भए बमोजिम निर्माण वा खरिदमा न्यून गुणस्तरको कार्य गरेमा सम्बन्धित निर्णयकर्ता, सम्झौताकर्ता, प्राविधिक कार्यमा संलग्न व्यक्ति, परामर्शदाता (डिजाइनर र सुपरभाइजर), निर्माण व्यवसायीलाई कानूनी कारबाही गर्ने व्यवस्था राख्ने । गुणस्तर परिक्षण गर्ने आधुनिक मेशीन आवश्यक संख्यामा अनिवार्य खरिद गरी उक्त मेशीनबाट गुणस्तर परीक्षण गर्ने र आशंकित वस्तुहरु पत्ता लगाउने मेशीनको प्रयोग गर्ने । निर्माण व्यवसायीले आयोजना स्थलमा समय सहितको “कार्य तालिका” अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था गर्नु पर्ने । निर्माण व्यवसायीले समयमा काम नगरेमा, काममा ढिला सुस्ती गरेमा, काम छोडी भागेमा वा अन्य लापरबाही गरेमा कानूनी कारबाही हुने व्यवस्था गर्ने । निर्माण कार्यको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षणको कार्य प्रभावकारी ढंगवाट गराउनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले सक्रिय भूमिका निर्वाह गर्ने र कार्य प्रगतिको विवरण वेभ साइटमा राख्ने व्यवस्था मिलाउने । निर्माण व्यवसायी वा प्रस्तावदाताको कामको सम्पूर्ण विवरण उल्लेख हुने गरी “अभिलेख पत्र” (Log Book) को व्यवस्था गरी सम्बन्धित निकायले प्रमाणित गरी वेभसाइटमा राख्ने व्यवस्था गर्नु पर्ने । अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा नेपालीहरुलाई अनिवार्यरुपमा ग्राह्यता दिनु पर्ने व्यवस्था राख्ने । सार्वजनिक खरिदमा सेवा (Service), आपूर्ति (Supplies) र काम को स्रोत वर्गीकरण गरी स्पष्ट प्रावधान राख्ने जस्ता प्रमुख र महत्वपूर्ण सुझावहरु दिइएको छ । *(उपसमितिको प्रतिवेदनलाई अनुसूची-१ मा राखिएको छ)*

## ४.३ काठमाडौं–तराई/मधेस द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना उपसमिति

संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार काठमाडौं-तराई/मधेस फास्ट ट्र्याक सडक तथा निजगढ दोश्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाहरुको आर्थिक, भौतिक, प्राविधिकलगायत अन्य विषयहरुको अध्ययन अवलोकन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय भयो ।

- मा. श्री कमला पन्त
- मा. श्री केशवप्रसाद बडाल
- मा. श्री गोपाल दहित
- मा. श्री जगदिश्वर नरसिंह के.सी.
- मा. श्री बिक्रम पाण्डे
- मा. श्री मदनकुमारी शाह (गरिमा)
- मा. श्री शक्तिबहादुर बस्नेत

### १. संयोजक एवं सचिव चयन र स्थायी आमन्त्रण

उपसमितिको मिति २०७२/०४/२४ गते बसेको पहिलो बैठकले समितिका माननीय सभापति श्री प्रकाश ज्वाला र आमन्त्रित सदस्य श्री रेवतीरमण भण्डारीलाई उपसमितिमा स्थायी आमन्त्रण गर्ने निर्णय गर्नुका साथै सचिवालयका समिति सम्बद्ध उपसचिव श्री मनोजकुमार गिरीलाई उपसमिति सचिवको रुपमा कार्य गर्ने गरी चयन गऱ्यो ।

### २. उपसमितिमा आमन्त्रित व्यक्तिहरु

उपसमितिको मिति २०७२ भाद्र १ गतेको बैठकमा नेपाल सरकारका पूर्व सचिव श्री शीतलबाबु रेग्मी र विषयविज्ञ श्री युगप्रसाद गौचनलाई आमन्त्रण गरिएको थियो । २०७२ भाद्र २ गते बसेको बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शान्तराज सुवेदी र पूर्व मुख्य सचिव श्री तुलसीप्रसाद सिटौलालाई आमन्त्रण गरिएको थियो । राष्ट्रिय योजना आयोगका तत्कालिन उपाध्यक्ष प्रा.डा.गोविन्दराज पोखरेल, अर्थ मन्त्रालयका सचिव श्री सुमनप्रसाद शर्मा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री गजेन्द्रकुमार ठाकुरलाई २०७२ भाद्र ४ गतेको बैठकमा आमन्त्रण गरिएको थियो ।




*काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना उपसमितिको बैठक*

२०७२ साल भाद्र ८ गते बसेको बैठकमा तत्कालीन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री कृपासुर शेर्पा, मन्त्रालयका निमित्त सचिव श्री मोहनकृष्ण सापकोटा, सहसचिव श्री सुरेश आचार्य, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक श्री संजीव गौतम, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री बुद्धिसागर लामिछाने, नेपाल नागरिक उड्डयन प्राधिकरणका का.मु उपमहानिर्देशक श्री देवानन्द उपाध्याय र अधिकृत श्री शम्भुकुमार मण्डलको उपस्थिति रहेको थियो । २०७२ साल भाद्र १८ गते दुई पटक बसेको अलग-अलग बैठकमा क्रमशः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शान्तराज सुवेदी र नेपाल सरकारका निवर्तमान मुख्य सचिव श्री लिलामणि पौडेललाई आमन्त्रण गरिएको थियो ।

**३. प्रतिवेदन पेश**

उपसमितिले अध्ययनका लागि केही समय थप गर्नु पर्ने आवश्यकता अनुभव गरी सोका लागि समितिमा सिफारिस गरेको र सो बमोजिम थप कार्यावधि समितिबाट अनुमोदन भई उपसमितिले समितिले मिति २०७२/६/१४ गते समितिमा आफ्नो प्रतिवेदन पेश गरेको थियो ।

काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो विमानस्थल आयोजनाका सम्बन्धमा उपसमितिले पेश गरेको प्रतिवेदनमाथि छलफल २०७२ साल असोज १७ गते बसेको बैठकमा छलफल भई बैठकमा उठाइएका महत्वपूर्ण विषयहरु प्रतिवेदनमा समावेश गरी पारित गर्ने र उक्त प्रतिवेदन नेपाल सरकारका देहायमा उल्लिखित सम्बन्धित निकायहरुमा तत्काल कार्यान्वनको लागि सिफारिसका साथ पठाउने निर्णयका साथै नेपालमा निर्माण हुने ठूला आयोजनाहरु नेपाली निर्माण व्यवसायीहरुबाट निर्माण गर्न उच्च प्राथमिकता दिने र नेपाली निर्माण व्यवसायीहरुबाट बन्न नसक्ने आयोजनाहरुमा मात्र विदेशी निर्माण कम्पनीहरुलाई दिने निर्णय भयो :-

(१) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(२) अर्थ मन्त्रालय
(३) भौतिक पूवार्धार तथा यातायातमन्त्रालय
(४) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(५) राष्ट्रिय योजना आयोग

**४. निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनामा औंल्याइएका समस्या**

विमानस्थलको निर्माण कार्य तत्काल शुरु हुने अवस्था नदेखिएकोले परियोजना कार्यान्वयनमा समस्या देखिएको छ । सरकारले विमानस्थल निर्माण कार्यको लागि छुट्याइएको रकम कम भएको । विमानस्थल आयोजनाको क्षेत्रभित्रको सरकारी जग्गामा व्यक्तिहरुको पूनर्वासको उचित व्यवस्था सरकारले गर्न नसकेको । जग्गाको लगत सङ्कलन गरी बोलपत्र आह्वान र प्रस्ताव मूल्याङ्कनको कार्य हुन नसकेको । Project Implementation को सम्बद्ध निकायसँग समन्वय हुन नसकेको जस्ता समस्याहरु देखिएका छन ।

**५. निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनामा गरेको सिफारिस**

विमानस्थल बनाउने कार्य तत्काल अगाडि बढाउनु पर्ने र परियोजना कार्यान्वयन गराउन प्रचलित ऐन, कानून एवं राष्ट्रिय हित अनुसार सरकार अगाडि बढ्नु पर्ने । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विमानस्थलको प्रारम्भिक कार्यको लागि आवश्यक रकम तत्काल दिनु पर्ने । आयोजनाको क्षेत्र भित्र बसोवास गरिरहेका र सार्वजनिक बन क्षेत्रमा लामो समयसम्म बसोवास गरिरहेका व्यक्तिहरुको पूनर्वासको पनि यथोचित व्यवस्था गर्नु पर्ने । विमानस्थलभित्रको जग्गाको लगत संकलन कार्य सम्पन्न गरी बोलपत्र आह्वान र प्रस्ताव मूल्याकनको कार्य सम्पन्न गर्ने । विमानस्थल निर्माणको लागि उपयुक्त विधि पहिचानको लागि Project Implementation को कार्य सम्बद्ध निकायसँग समन्वय गरी गर्ने । विमानस्थल आयोजना र काठमाण्डौ तराई द्रुतमार्ग एक आपसमा सम्बन्धित आयोजना भएकोले भौतिक योजना तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय बीचमा समन्वय र सूचना प्रभावको निरन्तरताको लागि संयन्त्र बनाउनु पर्ने सुझाव दिइएको छ ।

**६. काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनामा औंल्याएका समस्या**

आयोजनाको नामाकरण यकिन र ठोस् नभएको, आयोजनाको लागत अनुमान अत्यधिक भएको, आयोजनाको अवधि बढी भएको र सवारी आवागमनको कुल प्रक्षेपित संख्या ज्यादै नै बढी भएकोले नेपाल सरकारले ठूलो धनराशी वार्षिक रुपमा नियमित भुक्तानी गर्नु पर्ने देखिएको छ । आयोजना सञ्चालनमा सरकारको स्पष्ट दृष्टिकोण नभएको, सवारी आवागमन दस्तुर (Toll Tax) अत्यधिक महँगो र अव्यवहारिक देखिएकोले सवारी साधनहरुले वैकल्पिक बाटो प्रयोग गर्ने सम्भावना बढी देखिएको छ । आयोजनाको मोडेल (PPP Model) औचित्यपूर्ण नदेखिएको, विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्दा राज्यलाई धेरै बढी दायित्व पर्ने गरी प्रवर्द्धकले तयार गरेको र खर्च रकम बढाइ चढाई अस्वभाविक प्रस्ताव गरेकोले परियोजना नै अनिश्चितताको खाडलमा जान सक्ने देखिएको । सहुलियत ऋण र अनुदानमा साँवा ब्याज भुक्तानी सम्बन्धमा स्पष्ट उल्लेख नभएको, Minimum Revinue Guarentee (MRG) प्रतिफलको प्रक्षेपण उचित नभएको,

विमानस्थल र_द्रुतमार्गको निर्माण समन्वयात्मक ढंगबाट एकैसाथ निर्माण हुने अवस्था नदेखिएको तथा वैकल्पिक सडकको विकास ध्यान नदिएको र जोखिम व्यवस्थापनमा समस्या आउन सक्ने समस्याहरु प्रतिवेदनले औंल्याइएको छ ।

**७. काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनामा गरेको सिफारिस**

राष्ट्रिय गौरवका आयोजनाहरु लोक कल्याणकारी भावना, सामाजिक दायित्व, स्वदेशी एवं निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी सञ्चालन गर्नु आजको युगमा सान्दर्भिक देखिन्छ । यस परिप्रेक्ष्यमा यस्ता आयोजनाहरु वृहत राष्ट्रिय हितलाई मध्यनजर गर्दै नेपाल सरकार आफैंले निर्माण एवं सञ्चालन गर्नु उपयुक्त हुन्छ । यसका लागि नेपाली योग्य निर्माण व्यवसायीहरुलाई अवसर मिल्ने गरी सार्वजनिक खरिद ऐनमा सामयिक परिमार्जन समेत गरी अघि बढ्नु उपयुक्त हुने देखिन्छ । विदेशी कम्पनी वा संस्थालाई यस्ता आयोजनाहरु दिनु पर्ने अवस्था भएमा खुला प्रतिस्पर्धा गराई राष्ट्रिय हितलाई केन्द्रमा राखी अघि बढ्न उपयुक्त हुने देखिन्छ । आयोजनाको कुल लागत अनुमान वस्तुनिष्ठ एवं यथार्थपरक ढङ्गबाट हुने गरी पुनरावलोकन गर्नु पर्ने र आयोजना सञ्चालन गर्ने अवधि पुनर्विचार गरी पर्याप्त मात्रामा घटाउनु पर्ने ।

द्रुतमार्गमा नेपाल सरकारले ग्यारेण्टी गरेको सवारी साधनहरुको आवागमन संख्या उल्लेख्य रुपमा घटाउनु पर्ने देखिन्छ । Toll Tax व्यावहारिक हुने गरी घटाउनु पर्ने देखिन्छ । आयोजनामा अवलम्बन गरिएको मोडालिटी (PPP Model) को वारेमा सरकारले पूर्वविचार गर्नु पर्ने र विस्तृत आयोजना प्रतिवेदन DPR मा लागत अनुमान बढी भएकोले यसमा पूनर्विचार गर्नु पर्ने देखिन्छ । सहुलियत ऋणको साँवा ब्याज भुक्तानीको (Pament Schedule) स्पष्ट हुनु पर्ने र अनुदानको रकमको समेत सीमा र कार्य विधि स्पष्ट हुनु पर्ने तथा आयोजनामा प्रबर्द्धकले प्रस्ताव गरेका १६ प्रतिशत प्रतिफललाई घटाउने पहल गर्नु पर्ने देखिन्छ । आवागमन कर (Toll Tax) को संख्या धेरै बढी प्रक्षेपण गरेको कारण आम्दानीका हिसाब किताबमा पूनर्विचार गर्नु पर्ने । निजगढ विमानस्थल र द्रुतमार्गको निर्माण कार्यमा समन्वय र सहकार्य गरी विमानस्थलको निर्माण कार्यको सम्झौता भएपछि मात्र द्रुतमार्गको कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । आयोजनाको निर्माण गर्दा उपत्यकामा प्रवेश गर्ने वैकल्पिक मार्गहरुको विकासमा अवरोध नपुग्ने गरी हुनु पर्ने तथा आयोजनाको नामलाई संशोधन गरी "काठमाडौं-निजगढ द्रुतमार्ग आयोजना" राख्नु पर्ने सुझाव दिइएको छ । *(उपसमितिको प्रतिवेदनलाई अनुसूची-२ मा राखिएको छ)*





*काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना सम्बन्धमा समितिमा छलफल*

# परिच्छेद–५
# पूर्व बजेट छलफल

## ५.१ पृष्ठभूमी

अर्थ समितिको २०७१ चैत्र ९ गते बसेको बैठकले गरेको निर्णयानुसार आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) तथा सरकारको नीति तथा कार्यक्रमका सम्बन्धमा सम्बन्धित क्षेत्रका सरकारी कार्यालय प्रमुखहरु, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, गैर सरकारी संघ, सङ्गठन र संस्थाका प्रतिनिधि एवं पत्रकारहरु लगायतसँग छलफल एवं अन्तर्क्रिया गर्न र तत्-तत् स्थानमा रहेका भन्सार नाकाहरुमा अनुगमन गर्न पाँचवटै विकास क्षेत्र समेटिने गरी यही चैत र बैशाख महिनामा विभिन्न टोली गठन गरी सुर्खेत, बाँके, रुपन्देही, पाल्पा, पर्सा, मकवानपुर, विराटनगर, धनकुटा, कैलाली र डडेलधुरा जिल्लामा स्थलगत भ्रमण गर्ने कार्यक्रम तय भएको थियो । क्षेत्रगत रुपमा जनभावना बुझेर आगामी आर्थिक वर्षको लागि निर्माण हुँदै गरेको राष्ट्रिय बजेटलाइ जनमुखी बनाउने प्रयोजनार्थ यसरी पूर्व बजेट छलफल कार्यक्रम तय गरिएको हो । हाम्रो मुलुकको इतिहासमै विधायिकी अङ्गको सहभागितामा जनस्तरमा गएर पूर्व बजेट छलफल गरिएको यो नै पहिलो हो भन्न सकिन्छ ।

पूर्व बजेट छलफल सम्बन्धी कार्यक्रमको ढाँचा तय गर्दा विभिन्न समूह विभाजन गरी अनौपचारिक छलफलद्वारा सुझावहरुलाई लिखित रुपमा तयार गर्न लगाइएको थियो । समिति सम्बद्ध हाम्रो भूमिका उहाँहरुलाई आवश्यक सहयोग गर्नु रहेको थियो । कार्यक्रमबाट प्राप्त लिखित सुझावहरुलाई जस्ताको तस्तै उतार गरी सम्बन्धित निकायहरुमा कार्यान्वयनका लागि पठाइएको थियो ।

## ५.२ सुर्खेत र बाँके जिल्ला कार्यक्रम

निर्धारित क्षेत्रहरुको भ्रमणको शुरुवात सुर्खेत जिल्लाबाट गरिएको थियो । यस जिल्लाको सदरमुकाम वीरेन्द्रनगरमा २०७१ चैत्र २८ गते कार्यक्रम सम्पन्न गरियो । भोलिपल्ट चैत्र २९ गते बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जमा कार्यक्रम सम्पन्न गरियो । सोही दिन जमुनाहा भन्सार नाकाको अनुगमन कार्य सम्पन्न भएको थियो ।

यस भ्रमण टोलीमा समितिका माननीय सभापति श्री प्रकाश ज्वाला सहित माननीय सदस्यहरु श्री जगदिश्वरनरसिंह के.सी., श्री केशवप्रसाद बडाल, श्री दलबहादुर सुनार, श्री रीता शाही, श्री गोमा कुँवर लगायत समितिका सचिव श्री कृष्णहरि खड्का, उपसचिव श्री मनोजकुमार गिरी र शाखा अधिकृत श्री कान्छा दुलालको सहभागिता रहेको थियो । *(कार्यक्रममा प्राप्त लिखित सुझावहरुलाई अनुसूची-३ मा राखिएको छ)*

## ५.३ रुपन्देही र पाल्पा जिल्ला कार्यक्रम

दोस्रो भ्रमणमा निर्धारित कार्यक्रम २०७२ बैशाख ४ गते रुपन्देही जिल्लाको सदरमुकाम भैरहवामा र भोलिपल्ट ५ गते पाल्पा जिल्लाको सदरमुकाम तानसेनमा सम्पन्न गरिएको थियो । पाल्पाको कार्यक्रम सम्पन्न भएको भोलिपल्ट बैशाख ६ गते बेलहिया भन्सार नाकाको अनुगमन कार्य सम्पन्न भएको थियो ।

भ्रमण टोलीमा समितिका माननीय सभापति श्री प्रकाश ज्वाला सहित माननीय सदस्यहरु श्री अब्दुल रज्जाक गद्दी, श्री चन्द्रप्रकाश मैनाली, श्री चन्द्रकान्त भण्डारी, श्री सिर्जना तरामु खत्री, श्री श्रीकान्ती पासी लगायत समिति सचिव श्री कृष्णहरि खड्का, शाखा अधिकृत श्री कान्छा दुलाल र कम्प्युटर अपरेटर श्री प्रकाशकुमार लामाको सहभागिता रहेको थियो । (कार्यक्रममा प्राप्त लिखित सुझावहरु लाई अनुसूची-४ मा राखिएको छ)





*रुपन्देही जिल्लाको सदरमुकाम भैरहवामा पूर्व बजेट छलफल सम्बन्धी छलफल कार्यक्रम*




*रुपन्देही जिल्लाको सदरमुकाम भैरहवामा पूर्व बजेट छलफल सम्बन्धी छलफल कार्यक्रम*








*बेलहिया भन्सार नाकाको अनुगमन*

## ५.४ पर्सा र मकवानपुर जिल्ला कार्यक्रम

तेस्रो भ्रमण कार्यक्रम अन्तर्गत २०७२ बैशाख ९ गते पर्सा जिल्लाको सदरमुकाम वीरगञ्जमा र ११ गते मकवानपुर जिल्लाको सदरमुकाम हेटौंडामा कार्यक्रम सम्पन्न भएको थियो । यस भ्रमण टोलीले वैशाख ९ गते सिर्सिया भन्सार नाकाको अनुगमन कार्य सम्पन्न गरेको थियो ।

भ्रमण टोलीमा समितिका माननीय सभापति श्री प्रकाश ज्वाला सहित माननीय सदस्यहरु श्री कमला पन्त, श्री गोपाल दहित, श्री श्रीप्रसाद जवेगु, श्री रमेशप्रसाद कुर्मीका साथै उपसचिव श्री मनोजकुमार गिरी, शाखा अधिकृत श्री कान्छा दुलाल र खरिदार श्री जगदिश रेग्मीको सहभागिता रहेको थियो । *(कार्यक्रममा प्राप्त लिखित सुझावहरुलाई अनुसूची-५ मा राखिएको छ)*

## ५.५ पूर्व बजेट छलफलमा उठाइएका केही प्रमुख विषयहरु

- बजेट भाषण अघि सम्बन्धित मन्त्रालयको बजेट सीमा सम्बन्धमा व्यवस्थापिका-संसदमा छलफल गर्ने,
- बजेट असार पहिलो हप्तासम्म पारित भइसक्नु पर्ने ।
- गाउँ परिषद्, इलाका परिषद् र जिल्ला परिषद्बाट निर्णय भई गएका योजनाहरु पहिलो प्राथमिकतामा पार्नु पर्ने ।
- बजेट तर्जुमा गर्दा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै जमीन, जल, जङ्गल, जडिबुटी, खानी तथा खनिज पदार्थको अधिकतम उपयोग गरी राष्ट्र र जनतालाई सक्षम बनाउनु पर्दछ ।
- वातावरणीय पूर्वअध्ययन गरी वातावरणमैत्री योजना सञ्चालन गरिनु पर्ने ।
- पूर्वाधार विकासमा निजी क्षेत्रलाई आकर्षित गर्नु पर्ने ।
- बजेटमा कनिका छर्ने प्रवृत्तिलाई रुिरत्साहित गरी Integrated Project को अवधारणा कम्तिमा पनि एक विकास क्षेत्रमा एउटा लागू गर्नु पर्ने ।
- निर्वाचन क्षेत्रगत रुपमा प्राविधिक शिक्षालय, नमूना विद्यालयको निर्माणमा जोड हुनु पर्ने ।
- ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण, संरक्षण सर सम्बर्द्धन गर्न वस्तुगत योजना स्वीकृत हुनु पर्ने ।
- प्राकृतिक सम्पदालाई पर्यटन र व्यापारसँग जोड्न पूर्वाधार विकास गर्न निश्चित कार्यक्रम ल्याउनु पर्ने ।
- लैङ्गिक हिंसा पीडित महिलाहरुलाई सुरक्षित संरक्षणस्थलमा राख्नका लागि जिल्लामा कम्तिमा एउटा सुरक्षित आवासगृह निर्माण गर्न बजेट सहित संरचनाको व्यवस्था गर्नु पर्ने ।
- निर्वाहमुखी कृषिको अन्त्य गरी व्यावसायिक कृषि पेशाका लागि कृषकहरुलाई आवश्यक तालिम तथा सहुलियत ब्याजदरमा ऋण अनुदानको व्यवस्था गर्नु पर्ने ।
- प्रत्येक जिल्लामा सहकारी कार्यालय, अञ्चल र विकास क्षेत्रका क्षेत्रीय सदरमुकाममा सहकारी प्रशिक्षण केन्द्रको स्थापना हुनु पर्ने ।
- सहकारी, निजी र सरकारी गरी तीनखम्बे अर्थ नीतिलाई अझ ठोस् र व्यावहारिक रुपमा लागू गर्नु पर्ने ।
- ठूला पूर्वाधारमा लगानी बढाउनु पर्ने ।
- समयमै खर्चको अख्तियारी प्रदान गरिनु पर्ने ।
- योजना अनुगमन र मूल्याङ्कनमा स्वतन्त्र निकायको संलग्नता हुनु पर्ने ।
- पूर्वाधार निर्माण अन्तर्गत : मध्य-पहाडी राजमार्ग, हिमाली राजमार्ग, पूर्व-पश्चिम रेलमार्ग र उत्तर-दक्षिण राजमार्गहरु प्राथमिकतामा पर्नु पर्ने ।
- मानव संशाधनको क्षमता विकास (व्यावसायिक शिक्षा, स्वास्थ्य, तालिम आदि) मा ध्यान दिनु पर्दछ ।
- उद्योग स्थापना गर्न चाहने सहकारीहरुलाई बीउ, पुँजी र मेशिनरी औजारहरु खरिद एवं आयात गर्दा नब्बे प्रतिशत अनुदान व्यवस्था गरिनु पर्ने ।
- 'एक सहकारी, एक उत्पादन' को नीतिलाई प्रभावकारी बनाउन एक गा.वि.स. मा एक प्रकृतिको मात्र सहकारी स्थापित हुने गरी गरीबी न्यूनीकरण गर्दै जाने नीति अवलम्बन गरिनु पर्ने ।
- राज्यले स्थानीय स्तरमा विनियोजित बजेटको पच्चीस प्रतिशत सहकारी क्षेत्रको प्रबर्द्धन, विकास र संरक्षणका लागि छुट्याउनु पर्ने ।
- जलस्रोतको विकासलाई राज्यको प्राथमिकीकरणभित्र पारी मुलुकलाई लोडसेडिङ्ग मुक्त गर्ने उपाय अवलम्बन गर्नु पर्ने ।

- वास्तविक कृषकहरुलाई सहुलियत ऋण, आधुनिक प्रविधि, सेवा सहज रुपमा पर्याप्त मात्रामा उपलब्ध हुने अवस्थाको सुनिश्चितता हुनु पर्ने ।
- करको सीमा एकलको तीन लाख र परिवारवालाको पाँच लाख गरिनु पर्ने ।
- सरकारको योजना छनौट : स्थानीय निकायद्वारा प्रक्रियागत रुपले पारित भई आएका योजनालाई नै प्राथमिकता दिनु पर्ने । शक्ति र पहुँचको आधारमा बाँडफाँट गर्ने व्यवस्थाको अन्त्य हुनुपर्ने ।

# परिच्छेद–६
# समीक्षा र निष्कर्ष

## ६.१ समिक्षा

समितिद्वारा राष्ट्रिय महत्वका विभिन्न विषयहरुमा महत्वपूर्ण कार्यहरु भएको भए तापनि कमी-कमजोरीहरु बिल्कुलै रहेनन् भन्न सकिने अवस्था पनि देखिन्न । समितिले आफ्नो कार्यसम्पादनको अवस्थालाई समीक्षा गर्दा देहाय बमोजिम अनुभव गरिएको छ :-

### १. निर्णयको कार्यान्वयन सम्बन्धमा

समितिले विभिन्न समसामयिक विषयवस्तुका सम्बन्धमा विभिन्न निकायलाई दिएको निर्देशनहरुमध्ये कतिपय कार्यान्वयन नभएको पनि पाइएका छन् । समितिले कतिपय निर्णय कार्यान्वयनको सम्बन्धमा सम्बन्धित निकायहरुलाई पटक-पटक ताकेता पनि गरेको छ । यस अवस्थालाई विचार गर्दा समितिको निर्णयद्वारा निर्देशित विषयवस्तु व्यवहारसम्मत नभएको वा सरकारका सम्बन्धित निकायद्वारा निर्देशनलाई गम्भीरतापूर्वक नलिइएको वा अन्य अवस्था के हो ? भन्ने सम्बन्धमा आगामी दिनमा समितिले पुनरावलोकन गर्नु पर्ने देखिएको छ । समिति निर्देशन दिंदै जाने र सरकारले कार्यान्वयन नगर्ने परिपाटिको स्थायीरुपमा नै अन्त्य गर्नु पर्ने हुन्छ । समितिले दिएको निर्देशन कार्यान्वयनको अवस्था सम्बन्धित निकायले अनिवार्य रुपमा समितिलाई पत्रद्वारा जानकारी गराउने व्यवस्था हुनु पर्ने देखिन्छ ।

### २. समितिको कार्यक्षेत्र सम्बन्धमा

व्यवस्थापिका-संसद अन्तर्गत विभिन्न समितिका तोकिएका कार्यक्षेत्र छन् । तथापि कुनै निश्चित समसामयिक विषयवस्तुमा संसदका विभिन्न फरक समितिहरुले चासो राख्ने र बैठकको विषयवस्तु निर्धारण गर्ने गरेको अनुभव रहेको छ । उदाहरणका लागि कावेली “ए” जलविद्युत आयोजना लगायतका केही आयोजनाको अनुमतिपत्र खारेज गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल सरकार, ऊर्जा मन्त्रालयलाई पठाएको पत्रको सन्दर्भमा अर्थ समिति, विकास समिति र कृषि तथा जलस्रोत समितिले चासो राखी समितिको छलफलको विषयवस्तु निर्धारण गरेको थियो । विषयवस्तुलाई फरक कोणबाट हेर्दा यसो भएको देखिन्छ ।

यस अवस्थामा एकभन्दा बढी समितिको बैठकको कार्यसूचीमा निर्धारित विषय र सम्बद्ध निकाय एउटै भएको अवस्थामा निर्णयहरु बाझिने सम्भावना रहने कुरालाई मध्यनजर गर्दै यी तीनवटा समितिहरुको समन्वयमा समितिको संयुक्त बैठक आयोजना गरिएको थियो ।

### ३. कार्यसूची तय गर्ने सम्बन्धमा

समितिको कार्यसूची निर्धारण गर्दा सामान्यतः कतिपय विषय पछिल्लो बैठकले निर्धारण गरेको अवस्था रहन्छ र समितिका प्रायः सदस्यहरुलाई अवगत भएको र सहमति रहेको हुन्छ । कतिपय बैठकको कार्यसूचीलाई लिएर समिति सदस्यहरुद्वारा विमति अभिव्यक्त भएको अनुभव पनि रहेका छन् । यस अनुभवबाट अबका दिनमा बैठकको कार्यसूची तय गर्ने सम्बन्धमा व्यवस्थित विधि अवलम्बन गर्नु पर्ने देखिएको छ ।

### ४. बैठकमा पदाधिकारीको उपस्थिति सम्बन्धमा

समितिका कतिपय बैठकहरुमा आमन्त्रण गरिएका पदाधिकारी आफू उपस्थित नभई अन्य व्यक्ति पठाउने र कतिपय समयमा समितिको बैठकमा उपस्थित भए तापनि विभिन्न परिस्थिति दर्शाई छलफल नसकिँदै निस्कने भएबाट समितिको कार्य प्रभावकारी हुन नसकेको देखिन्छ ।

### ५. सहकारी तथा गरीबी निवारण क्षेत्रका सम्बन्धमा

संविधानले परिकल्पना गरेको तीन खम्बे अर्थनीतिको प्रभावकारी कार्यान्वयन गराउने, सहकारी क्षेत्रलाई गतिवान बनाउने, सहकारी नीति, २०६९ लाई यथासक्य चाँडो कार्यान्यवन गर्ने, सहकारीको

पाँच वर्षे रणनीतिलाई लागू गर्ने, सहकारी विकास कोषलाई सबल बनाउन अक्षय कोषको व्यवस्था गर्ने, ७५ वटै जिल्लामा सहकारी कार्यालय स्थापना गर्ने, राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको सहकारी तथा प्रशिक्षण केन्द्र स्थापना गर्ने, प्रत्येक जिल्लामा एक-एक वटा शीत भण्डार स्थापना गर्ने, सहकारी तथा गरीबी निवारण मन्त्रालयलाई साधन स्रोत सम्पन्न बनाउने, सहकारी क्षेत्रका लागि दक्ष जनशक्ति तयार गर्ने, कृषि उत्पादन, प्रशोधन, बजारीकरणको पूर्वाधार निर्माण आदि सम्बन्धमा आवश्यक मात्रामा समितिले आगामी दिनमा विशेष कार्य गर्नु जरुरी देखिएको छ । यसरी सहकारी क्षेत्रको विकासमा विशेष ध्यान दिनु जरुरी रहेको अवस्था एकातिर विद्यमान छ भने गरीबी निवारण सम्बन्धी मन्त्रालय गठन भएको तर गरीबी निवारण कोष प्रत्यक्ष रुपमा प्रधानमन्त्री मातहत रहेको अवस्था विद्यमान छ । यसमा तादात्म्यता मिलाउने सम्बन्धमा पनि कार्य हुनु आवश्यक देखिएको छ ।

**६.२ निष्कर्ष**

संसदीय सर्वोच्चता अँगालिएको हाम्रो मुलुकमा संसदीय समितिलाई Mini Parliament पनि भनिन्छ । सरकारलाई व्यवस्थापिका-संसदप्रति उत्तरदायी बनाउन सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि गठन भएका समितिहरुको कार्यको गहन महत्व रहेको छ । समितिले विभिन्न समयमा गरेका निर्णय एवं निर्देशनहरुको पूर्ण रुपमा पालना गर्नु वा तिनमा केही कठिनाई भए यस सम्बन्धमा समितिलाई सुसूचित गर्ने परिपाटी बसाल्न सकिएमा समितिको कार्यको प्रभावकारिता वृद्धि हुने र संसदीय सर्वोच्चताको व्यावहारिक प्रयोग भएको ठहर्नेछ भन्ने समितिको निष्कर्ष रहेको छ । नेपाल सरकारद्वारा संसदमा प्रस्तुत गरिने बजेटसँग सम्बन्धित विधेयक तयारी गर्नुअघि सम्बन्धित विषयगत समितिमा यस सम्बन्धमा पर्याप्त छलफल गर्ने परिपाटी बसाल्नु पनि आवश्यक देखिन्छ । नयाँ संविधान जारी भैसकेको हालको अवस्थामा संसदीय समितिहरुको भूमिका अझ प्रभावकारी हुनु आवश्यक देखिन्छ । व्यवस्थापिका- संसद र संसदीय समितिहरुले उत्तरदायी रुपमा रही संसदीय मर्यादालाई उच्च बनाउन समझदार, जिम्मेवार, अनुशासित र जवाफदेही ढङ्गले काम गर्नु आजको आवश्यकता हो । यसलाई सबैले आत्मसात गर्नु पर्दछ ।

# समाप्त

# अनुसूचीहरु

## अनुसूची-१

# सार्वजनिक खरिद व्यवस्थामा देखिएका समस्याहरुको अध्ययन र सुझाव सम्बन्धी प्रतिवेदन, २०७१

### १. पृष्ठभूमि

सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल गर्न र सार्वजनिक निकायले निर्माण कार्य गर्दा-गराउँदा मालसामान, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्दा त्यस्तो खरिदको व्यवस्थापन क्षमता अभिवृद्धि गरी उत्पादक, बिक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई विना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नका लागि २०६३ सालमा जारी भएको सार्वजनिक खरिद ऐन कार्यान्वयनको क्रममा विभिन्न समस्याहरु देखिएको सन्दर्भमा व्यवस्थापिका-संसद, अर्थ समितिको ध्यानाकर्षण भई उक्त समस्या समाधानका लागि समितिले छलफलको विषय उठान गरेको हो ।

सार्वजनिक खरिद व्यवस्थामा विशेष गरी निर्माण कार्यसँग सम्बन्धित र प्रमुख रुपमा उठेका विषयहरुमध्ये लागत अनुमान तयार गर्दा ड्रइङ्ग, डिजाइनिङ्ग लगायतका कार्यहरु कार्यस्थलमा नगई अनुमानको आधारमा तयार गर्ने प्रचलन रहनु, बोलपत्रका प्रक्रिया लामो हुनु, समयमा कार्य सम्पन्न हुन नसक्नु, भेरिएशन समस्या रहनु, ई-बिडिङ्गमा समस्या रहनु, अस्थिर बजार भाउ रहने गरेको सन्दर्भमा मूल्य समायोजनको समस्या, मोबिलाइजेशन पेश्कीको सदुपयोग लगायत सार्वजनिक खरिद सम्बन्धमा विविध सैद्धान्तिक, व्यावहारिक एवं कार्यान्वयन पक्षमा समस्याहरु रहेको अनुभव समितिले गर्‍यो ।

अर्थ समितिको मिति २०७१ साल असार १ र २ गते बसेका बैठकहरुमा सार्वजनिक खरिद सम्बन्धी विषयमा व्यापक छलफल भई समग्र सार्वजनिक खरिद व्यवस्था एवं सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा समस्याहरु रहेको ठहर गर्दै उक्त समस्या समाधानको लागि समितिको मिति २०७१/०३/०२ को निर्णयानुसार संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार तपसिल बमोजिम ९ (नौ) सदस्यीय "सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमिति" गठन गरिएको थियो :-

१. माननीय श्री कमला पन्त
२. माननीय श्री गोपाल दहित
३. माननीय श्री चन्द्रप्रकाश (सी.पी.) मैनाली
४. माननीय श्री जनार्दन ढकाल
५. माननीय श्री बिक्रम पाण्डे
६. माननीय श्री भिष्मराज आङदेम्बे
७. माननीय श्री रत्न शेरचन
८. माननीय श्री शक्तिबहादुर बस्नेत
९. माननीय श्री शेरबहादुर तामाङ्ग

मिति २०७१/०३/०६ मा बसेको पहिलो बैठकले माननीय श्री चन्द्रप्रकाश (सी.पी.) मैनालीलाई उपसमितिको संयोजक चयन गर्दै बैठकले तपसिलका माननीय सदस्यहरुलाई स्थायी आमन्त्रित सदस्यको रुपमा मनोनयन गर्ने निर्णय गरेको थियो :-

**१.** माननीय श्री उदय शमशेर ज.ब.रा.
**२.**माननीय श्री जगदिश्वर नरसिंह के.सी.
**३.** माननीय श्री रेवतीरमण भण्डारी

## २. अध्ययनको उद्देश्य

सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्याहरुमध्ये विशेषगरी निर्माण कार्यसँग सम्बन्धितविषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कार्यान्वयन पक्षमा देखिएका समस्याहरुको पहिचान गर्दै तिनमा गर्नु पर्ने सुधारका सम्बन्धमा आवश्यक सुझाव सहितको प्रतिवेदन समिति समक्ष प्रस्तुत गर्नु उपसमितिको उद्देश्य रहेको छ ।

## ३. अध्ययनको सीमा

सार्वजनिक खरिद सम्बन्धी विषय निकै जटिल भएको र सम्बन्धित विषयमा लेखिएका सामग्रीहरु यथेष्ट मात्रामा नपाइनु र अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि उपलब्ध समय थोरै हुनुलाई उपसमितिको अध्ययनको सीमाको रुपमा उल्लेख गर्न सकिन्छ ।

## ४. अध्ययनको कार्यावधि

उपसमितिलाई समिति समक्ष प्रतिवेदन पेश गर्न १५ (पन्ध्र) दिनको कार्यादेश मिति २०७१/०३/०२ को समितिको निर्णयवाट दिइएको थियो । उपसमितिको कार्यको सिलसिलामा सार्वजनिक खरिद जस्तो गहन र जटिल एवं महत्वपूर्ण विषयमा अध्ययन गरी प्रतिवेदन दिन उक्त समय अपुग भई थप समय आवश्यक भएकोले समितिको मिति२०७१/४/४ को निर्णयानुसार २०७१ साउन मसान्तसम्म समयावधि थप गरिएको थियो । उपसमितिलाई अध्ययनको लागि पुनः थप समय आवश्यक परेकोले समितिको मिति २०७१ भाद्र २ गते बसेको बैठकले आगामी तीन हप्ता कार्यावधि थप गर्ने निर्णय गरेको थियो ।

## ५. अध्ययनको कार्यविधि

- सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को सुक्ष्म अध्ययन गर्ने,
- सार्वजनिक खरिद व्यवस्थासँग सम्बन्धित अन्य दस्तावेज अध्ययन गर्ने,
- विभिन्न निकायका पदाधिकारीहरुसँग अन्तर्क्रिया/छलफल गर्ने,
- सार्वजनिक खरिद सम्बन्धी विषयमा स्वदेशी र विदेशी निर्माणाधीन योजनाहरुको स्थलगत अध्ययन, अवलोकन गर्ने,
- सार्वजनिक खरिद सम्बन्धमा विभिन्न निकाय र व्यक्तिहरुसँग राय सुझाव लिने,
- विदेशी मुलुकहरुमा सार्वजनिक खरिद सम्बन्धमा भएका व्यवस्थाहरुको अध्ययन गर्ने,
- विदेशी दातृ निकायहरुले अवलम्बन गर्ने सार्वजनिक खरिद सम्बन्धी विषयहरु अध्ययन गर्ने,
- सार्वजनिक खरिद सम्बन्धमा विभिन्न विज्ञ/विशेषज्ञ र कानून विज्ञसँग अन्तर्क्रिया/छलफल गर्ने,
- सार्वजनिक खरिद सम्बन्धी स्थलगत भ्रमण एवं अन्तर्क्रिया कार्यक्रमहरुमा सहयोगी निकायहरुसँग सहकार्य गरी काम अगाडि बढाउने ।

## ६. अध्ययनको कार्यतालिका

| क्र.सं | मिति | समय | कार्यविवरण |
|---|---|---|---|
| १ | २०७१/०३/०६ | ९:०० बजे | • उपसमितिको संयोजक चयन,<br>• स्थायी आमन्त्रित सदस्य मनोनयन |
| २ | २०७१/०३/०९ | ९:०० बजे | • कार्ययोजना र कार्यविधि सम्बन्धमा छलफल |
| ३ | २०७१/०३/१२ | १:०० बजे | • निर्माण व्यवसायी प्रतिनिधिहरुसँग छलफल |
| ४ | २०७१/०४/०२ | १:०० बजे | • सिँचाई विभाग, सडक विभाग, विद्युत विकास विभाग, खानेपानी तथा ढल निकास विभाग र शहरी विकास तथा भवन निर्माण विभागका प्रमुखलाई आमन्त्रण गरी सम्बन्धित विषयमा छलफल,<br>• उपसमितिको म्याद साउन मसान्तसम्म थप गर्न समितिलाई अनुरोध गर्ने निर्णय |
| ५ | २०७१/०४/११ | ८:३० बजे | सार्वजनिक खरिद र स्थलगत भ्रमण सम्बन्धी छलफल,-<br>• साउन १२ गते नेपालगञ्ज-कोहलपुर सडक र सिक्टा सिँचाई |

| क.सं | मिति | समय | कार्यविवरण |
|---|---|---|---|
| | | | आयोजनाको स्थलगत अवलोकन भ्रमण गर्ने निर्णय<br>● साउन २३ गते झापा जिल्लाको निर्माणाधीन मेची पुल, चाराली-चन्द्रगढी-केचना सडक आयोजना र इलाम जिल्लाको निर्माणाधीन विमानस्थलको स्थलगत अवलोकन र झापा जिल्लामा अन्तर्क्रिया कार्यक्रम एवं विज्ञसँग छलफल गर्ने निर्णय |
| ६ | २०७१/०४/१२ | बिहान ८:०० बजे प्रस्थान, सोही दिन २:०० फिर्ता आगमन | ● निर्माणाधीन नेपालगञ्ज-कोहलपुर सडक आयोजना र सिक्टा सिँचाई आयोजनाको स्थलगत अवलोकन भ्रमण र अन्तर्क्रिया कार्यक्रम |
| ७ | २०७१/०४/२३ देखि २५ गते | २३ गते ११:०० बजे प्रस्थान, २५ गते २:०० बजे आगमन | ● झापा जिल्लाको निर्माणाधीन मेची पुल, चाराली-चन्द्रगढी-केचना सडक आयोजना र इलाम जिल्लाको निर्माणाधीन विमानस्थलको स्थलगत अवलोकन र झापा जिल्लामा अन्तर्क्रिया कार्यक्रम एवं विज्ञसँग छलफल |
| ८ | २०७१/०४/२७ | ८:३० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| ९ | २०७१/०४/२९ | ८:३० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १० | २०७१/०५/०१ | ८:३० | ● प्रतिवेदन तयारी सम्बन्धी<br>● उपसमितिको म्याद तीन हप्ता थप गर्नको लागि समितिलाई अनुरोध गर्ने निर्णय |
| ११ | २०७१/०५/०३ | १:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १२ | २०७१/०५/०४ | ११:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १३ | २०७१/०५/०६ | ११:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १४ | २०७१/०५/०८ | ८:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १५ | २०७१/०५/२० देखि २५ सम्म | २० गते १२:०० बजे प्रस्थान, २५ गते राती ११:०० बजे आगमन | ● मलेशियाका निर्माण आयोजनाहरुको स्थलगत अध्ययन अवलोकन र अन्तर्क्रिया कार्यक्रम एवं मलेशियाको अर्थ मन्त्रालयको पदाधिकारीसंग सार्वजनिक खरिद सम्बन्धमा छलफल । |
| १६ | २०७१/०५/२७ | ०२:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १७ | २०७१/०५/२९ | ०१:०० | ● प्रतिवेदन तयारी सम्बन्धी |
| १८ | २०७१/०५/३० | ०३:०० | ● प्रतिवेदन माथि छलफल र समितिमा पेश गर्ने गरी पारित |
| १९ | २०७१/०६/०५ | ०२:३० | ● समितिबाट उपसमितिलाई विषेश समय प्राप्त हुन आएकोले प्राप्त सुझावहरुलाई समावेश गरी छलफल गरी प्रतिवेदनलाई पारित गरियो । |

**७. उपसमितिमा प्राप्त सुझावहरु**

| क.सं. | सुझाव उपलब्ध गराउने संस्था/व्यक्ति |
|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | ऊर्जा मन्त्रालय |
| ३. | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ४. | शहरी विकास तथा भवन निर्माण विभाग |
| ५. | विद्युत विकास विभाग |
| ६. | खानेपानी तथा ढल निकास विभाग |

| क्र.सं. | सुझाव उपलब्ध गराउने संस्था/व्यक्ति |
|---|---|
| ७. | सिंचाइ विभाग |
| ८. | सार्वजनिक खरिद तथा अनुगमन कार्यालय |
| ९. | नेपाल टेलिकम |
| १०. | प्रहरी प्रधान कार्यालय |
| ११. | मध्य पहाडी लोक मार्ग |
| १२. | सशस्त्र प्रहरी बल, प्रधान कार्यालय |
| १३. | नेपाली सेना, जङ्गी अड्डा |
| १४. | सडक विभाग |
| १५. | नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल |
| १६. | एन.डी.आई. नेपालबाट विभिन्न आठवटा मुलुकहरुको सार्वजनिक खरिद सम्बन्धी ऐन, नियमहरु अध्ययनको लागि प्राप्त भएको |
| १७. | श्री शक्तिप्रसाद श्रेष्ठ (विज्ञ) |
| १८. | श्री नारायणदत्त शर्मा (सार्वजनिक खरिद विज्ञ) |
| १९. | श्री पदम गुरुङ (विज्ञ) बाट मौखिक सुझाव प्राप्त भएको |

**ट.स्थलगत अवलोकन भ्रमण**

| क्र.सं. | मिति | भ्रमण स्थान | अवलोकन स्थल | स्रोत |
|---|---|---|---|---|
| १. | २०७१/०४/१२ | नेपालगञ्ज | निर्माणाधीन नेपालगञ्ज-कोहलपुर सडक र सिक्टा सिँचाई आयोजना | कालिका एफ.एम |
| २. | २०७१/०४/२३ देखि २५ सम्म | झापा र इलाम जिल्ला | झापा जिल्लाको मेची पुल र चाराली-चन्द्रगढी-केचना सडक आयोजना, इलाम जिल्लाको विमानस्थल | NDI Nepal |
| ३. | २०७१/०५/२० देखि २५ सम्म | मलेशिया | मलेशियाका निर्माण आयोजनाहरुको स्थलगत अध्ययन अवलोकन र अन्तर्क्रिया कार्यक्रम एवं मलेशियाको अर्थ मन्त्रालयको पदाधिकारीसंग सार्वजनिक खरिद सम्बन्धमा छलफल । | ने. नि. व्य. महासंघ र नि. व्य. प्र. समिति |

- **स्थलगत अध्ययन अवलोकन भ्रमणका सम्बन्धमा**

सार्वजनिक खरिद व्यवस्था सुझाव उपसमितिद्वारा निर्माणाधीन अवस्थामा रहेका विभिन्न स्वदेशी तथा विदेशी आयोजनाहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण गरी त्यसबाट प्राप्त हुन आएको अनुभवलाई समेत यस प्रतिवेदनमा समावेश गर्दै उपसमितिद्धारा सर्वप्रथम मिति २०७१/०४/१२ मा कोहलपुर-नेपालगञ्ज-जमुनाहा निर्माणाधीन सडक र राष्ट्रिय गौरवको सिक्टा सिँचाई आयोजनाको स्थलगत अध्ययन अवलोकनभ्रमणबाट उपसमितिले निर्माण कार्यमा देखिने गरेका समस्याहरुको पहिचान गर्ने अवसर प्राप्त गरेको थियो । अध्ययन अवलोकनका क्रममा कोहलपुर-नेपालगञ्ज-जमुनाहा सडकमा उपसमितिले ड्रइङ, डिजाइनमा नै त्रुटी भएका कारण समयमै कार्य पुरा गर्न कठिनाई भएको र बीचबीचमा आउने विभिन्न समस्याले गर्दा भेरिएशन गर्नु पर्ने बाध्यात्मक अवस्था सिर्जना हुनुका साथै कार्य प्रगतिमा समेत ढिलाइ हुन पुगेको ठहर गरेको छ । त्यस्तै सिक्टा सिँचाइ आयोजना पुरा गर्न पनि लागत इस्टमेट लगायतका समस्या, जग्गा प्राप्ति, मुआब्जा आदिका कारणले भेरिएशन गर्नु पर्ने समस्याले गर्दा निर्माण कार्य समयमै पुरा नहुने देखिन्छ ।

अध्ययन अवलोकन भ्रमणकै क्रममा २०७१/०४/२३ देखि २५ गतेसम्म पूर्वाञ्चलको झापा र ईलामका निर्माणाधीन मेची नदीको पुल, चाराली-चन्द्रगढी-केचना सडक र ईलाम विमानस्थलको स्थलगत अवलोकन भ्रमणका क्रममा देखिएका समस्याहरुमा पुलको डिजाइनमा नै समस्या देखिएको, निर्माण स्थलका घर टहरा हटाउने समस्या आदिले कार्य ढिलाइ भएको देखिन्छ । भारत सरकारको सहयोगमा निर्माणाधीन चाराली-चन्द्रगडी-केचना सडक आयोजनामा नेपाल पक्षको पहल कदमीमा तदारुकता देखिएन । ईलाममा निर्माणाधीन विमानस्थलका सम्बन्धमा डिजाइनमा नै विस्तृत अध्ययन नगरेको देखियो । बस्ती भए पट्टि भिरालो पाखामा साइड ड्रेन लगायत

ग्याभिन वालको इस्टमेट नभएकाले त्यता पट्टिको बस्तीमा पानीको भङ्गालो पसी घर बस्ती भत्काउने खतरा सृजना भएको देखियो, जसलाई सम्बन्धित निकायले तत्काल सम्बोधन गर्नु आवश्यक देखिन्छ ।

निर्माण कार्य भइरहेको स्थानहरुमा देखिएका यस्ता विविध समस्यालाई सम्बन्धित निकायले समयमै समस्या समाधान गर्नु पर्ने उपसमितिको ठहर रहेको छ । यसै शिलशिलामा मिति २०७१/०५/२० देखि २५ गतेसम्म मलेसियाको विकास निर्माण कार्य र त्यहाँको सार्वजनिक खरिद व्यवस्थाका विषयमा उपसमितिले अध्ययन अवलोकन भ्रमण गर्दा देखिएका कुराहरुका सम्बन्धमा त्यहाँको खरिद व्यवस्थाले सेवा खरिद, वस्तु खरिद र निर्माण कार्यको छुट्टाछुट्टै व्यवस्था गरेको पाइयो । संझौद्धठ ागर्ने समयमा नै गुणस्तर, सम्पन्न गर्ने समय र लागतका सम्बन्धमा कानुनले नै स्पष्ट व्यवस्था गरेकाले सरकारी भवन र अन्य व्यापारिक कम्प्लेक्सहरुको निर्माण गर्दा धेरै तल्ला भएका भवन निर्माण गर्ने डिजाइन र इस्टमेटले एकातर्फ जमिनको उपयोगमा किफायत देखिन्छ भने अर्कातर्फ सरकारी कार्यालयहरुको सुगमता र व्यापारिक सुलभता पनि रहेको देखियो । उप-समितिले स्वदेश र विदेशमा गरेको स्थलगत अवलोकन भ्रमणको समयमा सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्याहरु र तिनका समाधानलाई प्रतिवेदनको सुझाव हिस्सामा समेट्ने काम गरेको छ ।

**९.अन्तर्क्रिया/छलफल**

| **मिति :** २०७१/०३/१२ (स्थान : समितिको बैठक कक्ष) | | |
|---|---|---|
| **सि.नं** | **आमन्त्रित सहभागी** | **संघ/संस्था** |
| १. | अध्यक्ष, श्री जयराम लामिछाने | निर्माण व्यवसायी महासंघ |
| २. | सल्लाहकार, श्री रमेश शर्मा | निर्माण व्यवसायी महासंघ |
| ३. | निवर्तमान अध्यक्ष, श्री यक्षध्वज कार्की | निर्माण व्यवसायी महासंघ |
| ४. | वरिष्ठ उपाध्यक्ष, श्री रवि सिंह | निर्माण व्यवसायी महासंघ |
| ५. | उपाध्यक्ष, श्री केशवप्रसाद गौतम | निर्माण व्यवसायी महासंघ |
| ६. | कानुनी सल्लाहाकार, श्री बावुराम दाहाल | निर्माण व्यवसायी महासंघ |
| ७. | खरिद विज्ञ, श्री पदम गुरुङ्ग | निर्माण व्यवसायी महासंघ |
| ८. | श्री नवराज भण्डारी | निर्माण व्यवसायी महासंघ |

| **मिति :** २०७१/०४/०२ (स्थान : समितिको बैठक कक्ष) | | |
|---|---|---|
| १. | प्रमुख, श्री देवेन्द्र कार्की | सडक विभाग |
| २. | उपमहानिर्देशक श्री रामचन्द्र देवकोटा | खानेपानी तथा ढल निकास विभाग |
| ३. | उपमहानिर्देशक श्री समिररत्न शाक्य | विद्युत विकास विभाग |
| ४. | सु.ई. श्री नविन राज सिंह | विद्युत विकास विभाग |
| ५. | प्रमुख श्री माधव बेल्वासे | सिँचाइ विभाग |
| ६. | सी.डी.ई. श्री निलमकुमार डंगोल | सहरी विकाश तथा भवन निर्माण विभाग |
| ७. | सी.डी.ई.ख.ई. प्रमुख श्री गम्भीर श्रेष्ठ | सडक विभाग |

| **मिति :** २०७१/०४/२२ (स्थान : होटल एभरेष्ट, काठमाडौं) | | |
|---|---|---|
| १. | श्री नारायणदत्त शर्मा | सार्वजनिक खरिद विशेषज्ञ |
| २. | श्री शक्तिप्रसाद श्रेष्ठ | सार्वजनिक खरिद विज्ञ |
| **मिति :** २०७१/०४/२४ | | |
| १. | श्री शक्तिप्रसाद श्रेष्ठ | सार्वजनिक खरिद विज्ञ |

१०. समस्या र समाधानका उपाय

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| १. | लागत अनुमान तयार गर्दा समस्या देखिएको । | • सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुअघि सम्बन्धित कार्यस्थलमा स्थानीय निकायलाई जानकारी गराई अवलोकन र अध्ययन गरी बोलपत्रको सूचना प्रकाशन हुनुअघियोजनाको कम्प्लिट ड्रइङ्ग, डिजाइन र इष्टिमेट एकै पटक सम्पन्न भइ सक्नु पर्ने व्यवस्था मिलाउने ।<br>• लागत अनुमान तयार गर्दा बोलपत्र आह्वान हुँदाको आर्थिक वर्षको दररेट राख्ने व्यवस्था गर्ने ।<br>• सार्वजनिक निकायले २५ हजार रुपैयाँसम्मको खरिद गर्न लागत अनुमान गर्नु नपर्ने व्यवस्था राख्ने । तयार गरिएको लागत अनुमानमा त्रुटी देखिएमा अख्तियारको दुरुपयोग भएको मानी सम्बन्धित प्राविधिकलाई विभागीय कारबाही गर्ने व्यवस्था राख्ने ।<br>• सार्वजनिक निकायले लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईंट्टा, ढुङ्गा, माटो, पानी, कर्कटपाता, बिटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, सेनिटरीका सामान, बिजुलीका सामान, जी.आई.वायर र यस्तै अन्य सामग्रीको दरभाउ, मेशीन तथा उपकरण भाडा वा कामदारको ज्याला निर्धारण जिल्ला दररेटको आधारमा हुने व्यवस्था गर्ने । दररेट निर्धारण समितिको दररेट उपलब्ध नहुँदा निर्माणस्थल नजिकैको सम्बन्धित सरकारी कार्यालय वा सरकारी स्वामित्व भएको संस्थान, प्राधिकरण, निगम वा यस्तै प्रकृतिका अन्य संस्थाले तोकेको दरभाउ वा उद्योग वाणिज्य संघ वा निर्माण व्यवसायी महासंघको सदस्यताप्राप्त सम्बन्धित निर्माण व्यवसायी संघले दिएको दरभाउ, भाडा वा ज्यालाका आधारमा निर्धारण गर्ने व्यवस्था राख्ने ।<br>• सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोविलाइजेशन र डि-मोविलाइजेशन खर्च, विमा, गुणस्तर परिक्षण, व्यवसाय जन्य स्वास्थ्य र सुरक्षा, एजविल्ट नक्सा आदीको खर्च छुट्टाछुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्नेछ र बोलपत्र पुस्तिकाको BOQ मा समेत छुट्टाछुट्टै आइटम बनाई समावेश गर्नु पर्नेछ ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिक व्यक्ति र सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने प्राविधिकव्यक्ति फरक फरक हुनु पर्ने । | |
| २. | बोलपत्र आह्वान गर्दा दिइने समयावधिमा समस्या देखिएको । | • राष्ट्रिय स्तरको बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा बढीमा एक्काइस दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचनाको हकमा बढीमा पैंतालीस दिनको अवधि रहने व्यवस्था गर्ने ।<br>• पुनः दोश्रो बोलपत्र आह्वानको सूचनालाई १५ दिनको समय दिने व्यवस्था गर्ने ।<br>• पुनः तेश्रो बोलपत्र आह्वानको सूचनालाई ७ दिनको समय दिने व्यवस्था गर्ने । | |
| ३. | सिलवन्दी बोलपत्र दाखिला गर्दासमस्या देखिएको । | • बोलपत्र वा पूर्वयोग्यता सम्बन्धी प्रस्ताव दर्ता गर्ने वा पठाउने स्थानहरुमा सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय रजिल्ला प्रहरी कार्यालयमध्ये कुनै एक स्थानमा हुने व्यवस्था गर्नु पर्ने । | |

| क्र.सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| | | ● शिलबन्दी बोलपत्र दाखिला लगायत बोलपत्रका सम्पूर्ण कार्यहरुलाई २०७२ असार महिनासम्म अनिवार्य रुपमा विद्युतीय संचारको प्रविधि (E-Bidding) लागू गर्नु पर्ने । | |
| ४. | अस्थिर बजार भाउले मूल्य समायोजनमा समस्या देखिएको | ● १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकारप्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने व्यवस्था गर्ने । मूल्य समायोजन गर्दा तोकिए बमोजिमको सुत्र अनुसार हुने व्यवस्था गर्ने ।<br>● मूल्य समायोजन गर्दा नेपाल राष्ट्र बैंकको कन्जुमर्श प्राइस इन्डेक्स अनुसार हुने व्यवस्था गर्ने । | |
| ५. | खरिद सम्झौता गर्दा समस्या देखिएको । | ● बोलपत्र स्वीकृत भई खरिद सम्झौता गर्न नआउने बोलपत्रदातालाई बोलपत्रको जमानत (Bid Bond) जफत गरी १ वर्ष ६ महिनासम्म कुनै पनि सार्वजनिक निकायको बोलपत्र खरिद कार्यमा सहभागी हुन बन्देज गरी सोको सूचना राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन गर्ने व्यवस्था राख्ने ।<br>● सार्वजनिक निकायले छनोट भएको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी १५ दिनभित्र खरिद सम्झौता गर्नको लागि कार्य सम्पादन जमानत दाखिला गर्न राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्ने व्यवस्था राख्ने ।<br>● बोलपत्र कबोल गरी सम्झौता गरेका तर समयमा कार्य आरम्भ र सम्पन्न नगर्ने सम्झौताकर्तालाई सचेत गर्ने र अख्तियारको दुरुपयोग अनुसार कारबाही चलाउने व्यवस्था गर्ने ।<br>● कार्य सम्पादन जमानत दाखिला गरी बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको बोलपत्रको जमानत रकम जफत गरी सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र क्रमश: स्वीकृत गरी निजलाई खरिद सम्झौता गर्न सूचना गर्नु पर्ने र यस्तो अवस्थामापहिलो र दोस्रो बोलपत्रदाताबीचको कबोल अंकको भिन्नता भने १० प्रतिशतभन्दा बढी नहुने व्यवस्था गर्नु पर्ने ।<br>● बोलपत्र पेश गर्ने अन्तिम दिनपछिको १ महिनाभित्र स्वीकृतगरिसक्नु पर्ने व्यवस्था गर्ने । | |
| ६. | थप कार्य सम्पादन जमानत सम्बन्धमा । | ● लागत अनुमानको १५% सम्म न्यून कबोल गर्ने बोलपत्र दाताले कबोल गरेको अंकको ५% कार्य सम्पादन जमानत दाखिला गरी सम्झौता गर्नु पर्ने,<br>● लागत अनुमानको १५% भन्दा बढी रकम न्यून कबोल गर्ने बोलपत्रदाताले त्यस भन्दा जति बढी न्यून प्रतिशत कबोल गरेको छ उक्त बढी प्रतिशतको आधा बराबरको रकम शुरुको ५% बराबरको रकममा थप गरी कार्य सम्पादन जमानत बुझाइ सम्झौता गर्नु पर्ने व्यवस्था राख्ने ।<br>● बोलपत्र पेश गर्दा लागत अनुमानको बढी र घटी भएमा गुणस्तरको सुनिश्चितता हेरी सीमा तोकी बोलपत्र अस्विकृत गर्न सक्ने प्रावधान राख्ने । | |
| ७. | दाखिला भएको बोलपत्र फिर्ता लिने वा संशोधन गर्दा समस्या देखिएको । | ● एक पटक बोलपत्र पेश गरिसकेपछि फिर्ता लिन वा संशोधन गर्नका लागि बोलपत्र पेश गर्ने अन्तिम मिति र समयभन्दा २४ घण्टा (एकदिन) अगावै सिलबन्दी निवेदन दिनु पर्ने व्यवस्था गर्ने। | |
| ८. | परामर्शदाताको जिम्मेवारी सम्बन्धमा। | ● परामर्शदातालाई दिनु पर्ने तलब भत्ता लगायतका सुविधा परामर्शदाताकै सम्झौतामा समावेश गरी पेश गर्नु पर्ने र | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| | | सम्झौताभन्दा अलग शीर्षकबाट दाबी गर्न नपाउने व्यवस्था राख्ने ।<br>● सरकारी सेवाबाट अवकाश भएका व्यक्तिहरु अवकाश भएको मितिले ३ वर्षसम्म सरकारी र अर्धसरकारी संस्थामा परामर्श सेवाको कार्य गर्न नपाउने व्यवस्था राख्ने ।<br>● परामर्शदाताले गुणस्तर कायम गरी वस्तुपरक लागत अनुमान र पूर्ण डिजाइन गर्नु पर्नेछ । परियोजनाको डिजाइनमा गम्भीर प्राविधिक समस्या देखिएमा सम्बन्धित परामर्शदाता नै जिम्मेवार हुने व्यवस्था गर्ने । त्रुटी देखिएमा जिम्मेवार प्राविधिक कर्मचारी र परामर्शदाता संस्थालाई दुई वर्षसम्म यस क्षेत्रमा काम गर्न नपाउने गरी कालो सूचीमा राख्ने र क्षतिको मात्रा हेरी क्षतिपूर्ति भराउनेसम्मको कारबाही गर्ने व्यवस्था राख्ने । | |
| ९. | आयोजनाहरुको भेरिएशन आदेश स्वीकृत गर्ने अधिकारीको कार्यक्षेत्र सम्बन्धमा । | ● सेवा, खरिद र निर्माणमा भेरिएशन गर्दा कारण, आधार र औचित्य खुलाई भेरिएशन आदेश सरकारी तथा सार्वजनिक संस्थानहरुमा हुने गरी तहगत र कानुनी व्यवस्था हुनु पर्ने ।<br>● आयोजनाको भेरिएशन आदेश दिने व्यवस्था कारण, आधार र औचित्यको आधारमा मन्त्रीपरिषद्मा सम्म जानुपर्ने व्यवस्था नराख्ने । | |
| १०. | बोलपत्र फारमको तयारी र बिक्री सम्बन्धमा । | ● बोलपत्र आह्वान हुनुभन्दा अगावै बोलपत्रको सूचना, बोलपत्र फारम र अन्य सम्पूर्ण कागजात तयार गरी सक्नु पर्नेछ र बोलपत्र आह्वान भएकै समयमा बेवसाईटमा पनि हेर्न सक्ने र विक्री वितरण गर्ने सक्ने अनिवार्य व्यवस्था गर्ने । बोलपत्र सम्बन्धी सम्पूर्ण कागजातहरु तयार नगरी बोलपत्रको सूचना प्रकाशित गरेमा सम्बन्धित निकायका प्रमुखलाई विभागीय कारबाही गर्ने व्यवस्था राख्ने । | |
| ११. | मूल्य समायोजनको सूत्र (Formula) सम्बन्धमा । | ● मूल्य समायोजन सूत्र (Formula) खरिद सम्झौतामा अनिवार्य राख्ने व्यवस्था गर्नु पर्ने । | |
| १२. | खरिद कार्यको म्याद थप सम्बन्धमा । | ● खरिद सम्झौतामा उल्लेख भए बमोजिम म्यादभित्र नै कार्य सम्पन्न गरिसक्नु पर्ने व्यवस्था गर्ने ।<br>● कुनै पक्षको गैर जिम्मेवारीको कारण सम्झौता गरिएको अवधिभित्र कार्य सम्पन्न नभएमा सम्बन्धित पक्ष जिम्मेवार हुने व्यवस्था गर्ने ।<br>● सार्वजनिक निकायको कारणबाट नोक्सानी भएमा विभागीय कारबाही हुने व्यवस्था गर्ने ।<br>● समयभन्दा अघि काम सम्पन्न भएकोमा सम्बद्ध कर्मचारी र निर्माण व्यवसायीलाई सम्मान र पुरस्कृत गर्नु पर्ने अनिवार्य व्यवस्था गर्ने । | |
| १३. | मोबिलाइजेशन पेश्कीको दुरुपयोग हुने गरेको । | ● मोबिलाइजेशन पेश्की लिएको ३० दिनभित्र योजनाको कार्य अनिवार्य रुपमा प्रारम्भ गर्नु पर्ने र उक्त अवधिभित्र कार्य प्रारम्भ नगरेमा मोबिलाइजेशन पेश्कीको व्याज सहित अशुल उपर गर्ने साथै सम्झौता भङ्ग गर्ने सम्म प्रकृया शुरु गने । कार्यालय प्रमुखले कार्यस्थल उपलब्ध नगराएमा विभागीय कारबाही हुने व्यवस्था गर्ने । | |
| १४. | बिल भुक्तानीमा समस्या देखिएको । | ● बिल वा विजकको चेक जाँच बढीमा २१ (एक्काईस) दिनभित्र गरिसक्नु पर्ने व्यवस्था राख्ने । बिल वा बिजक स्वीकृत गरी बढीमा ७ (सात) दिनभित्र भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम अनिवार्य रुपमा भुक्तानी गरिसक्नु पर्ने व्यवस्था राख्ने । | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| | | ● खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवाप्रदायक वा परामर्शदातालाई खरिद सम्झौता बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने र यस्तो भुक्तानी दिँदा निर्माण कार्यको हकमा कार्य सम्पादन जमानत र कट्टा गरिएको रिटेन्शन मनी रकमको पचास प्रतिशत रकम सहित फिर्ता गर्नु पर्ने व्यवस्था राख्ने । बाँकी रहेको पचास प्रतिशत रकम व्यवसायीले बैंक ग्यारेन्टी राखी निवेदनसाथ फिर्ता माग गरेमा समेत भुक्तानी दिनु पर्ने व्यवस्था गर्ने । | |
| १५. | निर्माण कार्य न्यून गुणस्तरको हुने गरेको । | ● सम्झौतामा उल्लेख भए बमोजिम निर्माण वा खरिदमा न्यून गुणस्तरको कार्य गरेमा सम्बन्धित निर्णयकर्ता, सम्झौताकर्ता, प्राविधिक कार्यमा संलग्न व्यक्ति, परामर्शदाता (डिजाइनर र सुपरभाइजर), निर्माण व्यवसायीलाई कानुनी कारबाही गर्ने व्यवस्था राख्ने ।<br>● गुणस्तर परिक्षण गर्ने आधुनिक मेशीन आवश्यक संख्यामा अनिवार्य खरिद गरी उक्त मेशीनबाट गुणस्तर परीक्षण गर्ने र आशंकित वस्तुहरु पत्ता लगाउने मेशीनको प्रयोग गर्ने । | |
| १६. | श्रेणी बमोजिम खरिद सम्झौता गर्न पाउने सम्बन्धमा । | ● निर्माण कार्यमा तपसील बमोजिम गर्न पाउने व्यवस्था गर्ने :-<br>➢ “क” र “ख” श्रेणीका निर्माण व्यवसायीहरुले २ करोडभन्दा माथिको मात्र लागत अनुमान भएको निर्माण कार्य गर्न पाउने व्यवस्था गर्ने ।<br>➢ २ करोडसम्मको निर्माण कार्यको लागि पूर्वयोग्यता नचाहिने व्यवस्था गर्ने । | |
| १७. | उपभोक्ता समितिको व्यवस्था सम्बन्धमा । | ● उपभोक्ता समिति गठन गर्दा विभेदमा परेका, पछाडि पारिएका र स्थानीय समुदायको नेतृत्वमा उपभोक्ता समिति गठन गर्न प्रोत्साहित गर्ने । | |
| १८. | निर्माण व्यवसयीहरुलाई जिम्मेवार बनाउने सम्बन्धमा । | ● निर्माण व्यवसायीले आयोजना स्थलमा समय सहितको “कार्य तालिका” अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था गर्नु पर्ने ।<br>● निर्माण व्यवसायीले समयमा काम नगरेमा, काममा ढिला सुस्ती गरेमा, काम छोडी भागेमा वा अन्य लापरबाही गरेमा कानूनी कारबाही हुने व्यवस्था गर्ने । | |
| १९. | निर्माण कार्यको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण कार्य प्रभावकारी ढंगबाट हुन नसकेको । | ● निर्माण कार्यको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षणको कार्य प्रभावकारी ढंगवाट गराउनका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले सक्रिय भूमिका निर्वाह गर्ने र कार्य प्रगतिको विवरण वेभ साइटमा राख्ने व्यवस्था मिलाउने । | |
| २०. | निर्माण व्यवसायी वा प्रस्तावदाताको कामको विवरण उल्लेख हुने गरी अभिलेख पत्रको व्यवस्था नभएको । | ● निर्माण व्यवसायी वा प्रस्तावदाताको कामको सम्पूर्ण विवरण उल्लेख हुने गरी “अभिलेख पत्र” (Log Book) को व्यवस्था गरी सम्बन्धित निकायले प्रमाणित गरी वेभसाइटमा राख्ने व्यवस्था गर्नु पर्ने । | |
| २१. | कार्यालयले सेवा करारमा कर्मचारी लिँदा समस्या देखिएको । | ● कार्यालयले सेवा करारमा कर्मचारी लिँदा जुन पदको कर्मचारी लिने हो सो पदको प्रचलित तलबमानभन्दा १५% वा सोभन्दा अधिक घटी कबोल गरेको बोलपत्र स्वीकृत गर्न नहुने व्यवस्था गर्ने र सम्झौता भएको रकमको १०% भन्दा बढी प्रशासनिक खर्च करारमा कर्मचारी उपलब्ध गराउने संस्थाले लिन नपाउने व्यवस्था गर्ने । | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| २२. | खरिद गुरु योजना अनुरुप बजेट विनियोजन हुने नगरेको | • बजेट विनियोजन गर्दा खरिद गुरु योजनालाई विशेष प्राथमिकतामा राख्नु पर्ने । | |
| २३. | बोलपत्र वा कोटेशनको दररेट पेश गर्दा समस्या देखिएको । | • जिल्ला प्रशासन कार्यालयबाट निर्धारित बजार मूल्यभन्दा अस्वाभाविक घटी वा बढी दररेट पेश गरेमा बोलपत्र वा कोटेशन अस्वीकृत गर्ने व्यवस्था गर्ने । | |
| २४. | बोलपत्र आह्वान गर्ने निकायहरुले सामानगत दररेट गोप्य राख्ने गरेकाले विभिन्न समस्या आउने गरेको । | • बोलपत्र आह्वान गर्ने निकायहरुले सामानगत दररेट हेर्न चाहने व्यक्तिलाई देखाउनु पर्ने अनिवार्य व्यवस्था गर्ने । लागत अनुमानको इष्टिमेट अंक बोलपत्रको सूचनामा नै प्रकाशन गर्नु पर्ने व्यवस्था राख्ने । | |
| २५. | सवारी साधन लिलाम बिक्रीमा समस्या देखिएको । | • लिलाम बिक्रीको प्रक्रियालाई सरल बनाउने ।<br>• सवारी साधनहरु दुर्घटना भई चालू नहुने भएमा वा प्रयोगमा ल्याउन नसकिने भएका सवारी साधनहरुका सम्बन्धमा तत्काल प्रतिवेदन तयार गरी लिलाम बिक्रीमा जान सकिने व्यवस्था गर्ने । | आर्थिक कार्यविधि ऐन, २०५५ |
| २६. | नेपाल सरकारका सवारी साधन प्राप्त गर्ने पदाधिकारीलाई दिइने सवारी साधन, इन्धन, सवारी चालक र मर्मतमा सरकारको अत्यधिक व्ययभार हुने गरेको र यसको व्यवस्थापनमा समस्या रहने गरेको । | • नेपाल सरकारको विशिष्ट र राजपत्रांकित प्रथम श्रेणी वा सो सरहका पदाधिकारीहरूलाई उपलब्ध गराउने सरकारी सवारी साधन एक, पेट्रोल र मोबिल एवं सवारी साधनको नियमित मर्मत र सम्भारको बन्दोवस्तको लागि निर्धारित रकम एउटै मापदण्ड बनाई स्तर अनुसार उपलब्ध गराउने नीति तय गर्ने ।<br>**(क)** सवारी सुविधा प्राप्त गर्ने पदाधिकारीको स्तर एवं तहको आधारमा गाडीको किसिम र स्तर तोक्ने । नेपाल सरकारको विशिष्ट श्रेणी र राजपत्रांकित प्रथम श्रेणी वा सो सरहका पदाधिकारीहरूलाई चालकको निमित्त नेपाल सरकारको हलुका सवारी चालक प्रथम तहको तलवमानको शुरु स्केल वरावरको रकम, मासिक क्रमशः १०० लिटर तथा ८० लिटर पेट्रोल र त्रैमासिक ५ लिटर मोबिल बापतको रकम तथा सवारी साधनको नियमित मर्मत र सम्भारको बन्दोवस्तको लागि निर्धारित रकम मासिक रुपमा सम्बन्धित निकायबाट उपलब्ध हुने व्यवस्था गर्ने ।<br>**(ख)** सरकारी मोटर खरिद भएको बाह्र वर्षसम्म सवारी साधन सुविधा पाउने पदाधिकारी एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा वा बढुवाभई जाँदा समेत सोही मोटर प्रयोग गर्नु पर्ने व्यवस्था राखी त्यस्तो पदाधिकारी सवारी साधनको आवागमन हुन नसक्ने स्थानमा सरुवा भइ गएमा सो सवारी साधनको आवश्यक बन्दोवस्त सम्बन्धित निकायले गर्ने ।<br>**(ग)** नेपाल सरकारले सवारी साधनको दुरुपयोग हुन नदिन तथा यसको अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।<br>**(घ)** सरकारी सवारी साधन प्राप्त गर्ने पदाधिकारीहरूबाट निजी काममा प्रयोग हुन सक्ने सन्दर्भमा नियन्त्रणको मापदण्ड तयार गरी लागू गर्ने । | अर्थ समिति को पूर्व निर्णय |
| २७. | Procurement Audit / Perfermance Base Audit व्यवस्था नभएको । | • Procurement Audit र Perfermance Base Audit लाई प्रभावकारी बनाउनु पर्ने । | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| २८. | सम्झौतापत्रमा लक्ष्य (Milestone) उल्लेख नभएको । | • सम्झौतापत्रमा लक्ष्य (Milestone) उल्लेख हुनु पर्ने र यसको प्रगति अनुसार भुक्तानी गर्ने व्यवस्था राख्ने । | |
| २९. | निर्माण व्यवसायहरुको Expert Pool Rostor नभएकाले समस्या भएको | • सार्वजनिक अनुगमन कार्यालयले Good, Service र Work को Roster बनाउनु पर्ने । | |
| ३०. | योजना बनाउनुभन्दा अगाडि योजनाको विस्तृत कार्य योजना सहितको कार्यान्वयन तालिका बनाउने नगरिएको । | • योजना बनाउँदाको समयमा नै योजनाकार्यान्वयन तालिका बनाई पेश गर्नु पर्ने व्यवस्था राख्ने । | |
| ३१. | सार्वजनिक खरिदको प्रत्येक चरणमा सरकारी पदाधिकारी-लाई जिम्मेवार र जवाफदेही बनाउन नसकिएको । | • सार्वजनिक खरिदको प्रत्येक चरणको कार्यमा सम्बद्ध सरकारी पदाधिकारी पनि जिम्मेवार र जवाफदेही हुने गरी प्रावधानहरु राख्नु पर्ने । | |
| ३२. | सार्वजनिक खरिदको प्रत्येक चरण र प्रक्रियामा कसूरको वर्गीकरण गरी सजाय हुने व्यवस्था नभएको । | • सार्वजनिक खरिदकोप्रत्येक चरण र प्रक्रियामा काम चाँडो हुने गरी संयन्त्र बनाउने र कार्य ढिला गर्ने वा अनुशासनहीन काम गर्नेलाई कसूरको वर्गीकरण गरी कारबाही गर्ने प्रावधान राख्ने । | |
| ३३. | सार्वजनिक खरिद अनुगमन कार्यालयको अधिकार स्पष्ट नभएको । | • सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अधिकारसम्पन्न बनाउन ऐनको व्याख्या गर्ने, अनुगमन, कार्यान्वयन र सुपरिवेक्षणको अधिकार, दोषीमाथि कारबाहीको अधिकार र आवश्यक पर्दा बाधा अडकाउ फुकाउने अधिकार समेतको व्यवस्था गर्नु पर्ने ।<br>• गुणस्तर मापन गर्ने आधुनिक संयन्त्रहरुको प्रयोग गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अधिकार र स्रोत उपलब्ध गराई सम्पन्न गराउने । | |
| ३४. | "वार्षिक कारोवार" को परिभाषा नभएकोलेफरक फरक व्याख्या गरी फरक फरक तरिकाले मूल्यांकन गर्ने गरिएको । | • "वार्षिक कारोवार" को परिभाषा स्पष्ट रुपमा लेखिनु पर्ने । | |
| ३५. | सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्रमा सार्वजनिक निकायले परिवर्तन गर्न पाउने व्यवस्था भएकोले आफू अनुकूल हुने गरी बोलपत्र | • सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको स्टाण्डर्ड बिडिङ डकुमेण्टमा परिवर्तन गर्न नपाउने व्यवस्था गर्ने । | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| | सम्बन्धी कागजात तयार गर्नेगरिएको । | | |
| ३६. | प्राकृतिक स्रोतबाट प्राप्त हुने सामग्रीहरुको स्रोतको विषयमा निर्माण कार्यको अवधिमा विवाद सिर्जना हुने गरेको | • निर्माण कार्यको लागत अनुमान तयार गर्दा नै प्राकृतिक स्रोतबाट प्राप्त हुने सामग्रीहरुको स्रोत स्पष्ट खुलाउनु पर्ने । | |
| ३७. | अन्तर्राष्ट्रियस्तरको बोलपत्रमा नेपालीहरुलाई ग्राह्यता नदिने गरिएको । | • अन्तर्राष्ट्रिय स्तरको बोलपत्रमा नेपालीहरुलाई अनिवार्य रुपमा ग्राह्यता दिनु पर्ने व्यवस्था राख्ने । | |
| ३८. | ६० करोड रुपैयाँदेखि माथिको निर्माण कार्यमा विदेशीहरुले भाग लिने गरेको । | • १ अर्ब रुपैयाँभन्दा माथिका निर्माण कार्यहरुमा मात्र विदेशी कम्पनीहरुले भाग लिन पाउने व्यवस्था गर्ने । | |
| ३९. | खरिद नियमावलीमा सब कन्ट्रयाक्टरबाट गरेको कारोबारलाई वार्षिक कारोबार मा गणना हुन छूट भएको । | • नियमावली संशोधन गरी गणना हुने व्यवस्था थप गर्नु पर्ने । | |
| ४०. | निजी संघ संस्था वा निकायहरुले काम गराउँदा समस्या हुने गरेको | • नेपाल सरकारको स्वामित्व भएका निकायहरुमा दर्ता भएका कुनै पनि निजी संघ, संस्था वा निकायहरुले काम गराउँदा सार्वजनिक खरिद ऐनको दायराभित्र ल्याउने व्यवस्था गर्ने । | |
| ४१. | मजदुरको पारिश्रमिक सम्बन्धमा | • नेपाल सरकारवाट निर्धारित पारिश्रामिकभन्दा कम नहुने गरी मजदुरलाई पारिश्रमिक दिने व्यवस्था गर्ने । | |
| ४२. | जमिनको मूल्याङ्कन सम्बन्धमा | • सरकारीनिकायबाट हुने कुनै निश्चितजमिनको मूल्याङ्कनमा एउटैमूल्य निर्धारण हुने व्यवस्थामिलाउने ।<br>• बजार मूल्यमा सरकारी निकायहरुले जग्गा प्राप्त गर्न उपयुक्त उपायहरु अवलम्वन गर्ने । | |
| ४३. | अत्यावश्यक सामानहरुको खरिद सम्बन्धमा | • सार्वजनिक निकाय वा संघ संस्थाहरुले अत्यावश्यक सेवा वा सामग्री खरिद गर्दा औचित्य खुलाई विभागीय प्रमुखले सोझै बजारबाट खरिद गर्न सक्ने व्यवस्था राख्ने,<br>• हवाईजहाज खरिद गर्नको लागि औचित्य खुलाई जहाजको किसिम, संख्या, बिक्रेता कम्पनी सम्बन्धमा मन्त्रिपरिषद्ले नीतिगतनिर्णय गर्नु पर्ने व्यवस्था गर्ने ।<br>• मन्त्रीपरिषद्को नीतिगत निर्णय अनुसार सम्बन्धित मन्त्रालयको निकायहरुले तहगत प्रक्रिया अुसार स्पेशिफिकेशन तयार गरी बोलपत्र आव्हान गरी कारण, औचित्यको आधारमा हवाईजहाज खरिद गर्न सक्ने व्यवस्था गर्ने । | |
| ४४. | सामान खरिद सम्बन्धमा | • कार्यालय प्रयोजनका लागि बजारमा सहज उपलब्ध हुने सामानहरु आवश्यकता भन्दा बढी खरिद गरेमा खरिद गर्नेव्यक्तिहरुलाई विभागीय कारबाही गर्नेव्यवस्थागर्ने । | |

| क्र. सं. | सार्वजनिक खरिदमा देखिएका समस्याहरु | समाधानका सुझावहरु | कैफियत |
|---|---|---|---|
| ४५. | अस्वाभाविक बोलपत्र पेश गर्ने सम्बन्धमा | • बजार मूल्यभन्दा अस्वाभाविक बढी वा घटी रुपमा मूल्य राखी बोलपत्र पेश गर्ने र स्वीकृत गर्नेलाई कानुनी कारबाही हुनु पर्ने । | |
| ४६. | सार्वजनिक खरिद गर्ने प्रकृया | • सार्वजनिक खरिदमा सोझै खरिद, कोटेशनबाट खरिद र बोलपत्रबाट खरिद गर्ने सीमा र अधिकार स्पष्ट गर्नु पर्ने । | |
| ४७. | सार्वजनिक खरिदको वर्गीकरण | • सार्वजनिक खरिदमा सेवा (Service), आपूर्ति (Supplies) र काम (Works) को स्रोत वर्गीकरण गरी स्पष्ट प्रावधान राख्ने । | |
| ४८. | बोलपत्र आव्हानको समय र कायान्वयन सम्बन्धमा | • सरकारद्धारा घोषित आयोजनाहरु सम्पन्न हुने गरी समयमै बोलपत्र आव्हान नगर्ने, बोलपत्र स्वीकृत नगर्ने र कार्य प्रारम्भ नगर्ने अधिकारीलाई आवश्यक कारबाहीको व्यवस्थहुनुपर्ने । | |

**विविध सुझाव**

१. आर्थिक अनुशासन र आर्थिक पारदर्शिता कायम गर्न, नगदी कारोवारलाई घटाउने, वैंकिङ्ग कारोवार बढाउने, रु ५००० भन्दा माथिको कारोबार बैंकबाट गर्ने, सानो परिमाणका मुद्रा मात्र संचालनमा ल्याउने नयाँ मुद्रा निस्काशन पछि पुराना मुद्रा खिच्ने अवधि तोक्ने विषयमा छलफल गर्न अर्थ मन्त्री र नेपाल राष्ट्र वैंकको गभर्नरलाई आमन्त्रण गर्नु पर्ने ।

**११. निष्कर्ष तथा सुझाव**

प्रत्यक्ष रुपमा सार्वजनिक सेवा र विकास निर्माण कार्यसँग सम्बन्धित रहेको यो ऐनको सम्बन्धमा उपसमितिले सुझाव सहितको प्रतिवेदन तयार गरेको हो । विद्यमान ऐन, नियमका प्रावधानहरु कतिपय अवस्थामा अस्पष्ट, द्विविधायुक्त र विवेकमा आधारित रहेको पाइन्छ । यसले सार्वजनिक हितको भावनालाई अभिव्यक्त गर्न सक्दैन । देशको समग्र विकास र निर्माणसँग सम्बन्धित सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ लाई सरकारले संशोधन र परिमार्जन गर्नु पर्ने उपसमितिको ठहर रहेको छ । सार्वजनिक खरिद ऐन र सर्वजनिक खरिद नियमावलीमा रहेका कतिपय प्रावधानहरु कार्यान्वयनमा समस्या रहेको देखिन्छ । सार्वजनिक खरिद नियमावलीका कतिपय प्रावधानहरुको गाम्भीर्यतालाई विचार गर्दा ऐनमा समावेश गर्नु पर्ने देखिन्छ ।

मौजुदा सार्वजनिक खरिद ऐन र नियमावली अध्ययन गर्दा यसले गरेका व्यवस्थाका अधिकांश दफा र नियमहरुमा समस्या रहेको र विशेष गरी न्यून बोल अंक गर्ने बोलपत्रलाई नै स्वीकृत गर्नु पर्ने हुनाले न्यून बोलकवोल गरी बोलपत्र पार्ने पक्षलाई कार्य गराउनु पर्दा समयमै काम सम्पन्न नगर्ने, आवश्यक वस्तु वा सेवा उपलव्ध नगराउने र संझौतालाई बीचमै छोडी अलपत्र पार्ने लगायत गरिएका काम पनि गुणस्तरयुक्त नहुने समस्या गम्भीर रुपमा रहेको कुरा उपसमितिले महशुस गरी त्यस सम्बन्धमा सार्वजनिक खरिद ऐन संशोधन गर्ने क्रममा नै कानुनी कारबाहीको कडा व्यवस्था गर्नु पर्ने ठहर उपसमितिको रहेकोछ ।

भेरिएशनको सम्बन्धमा अध्ययन गर्दा खरिद लगायतका सम्पूर्ण कार्यको बोलपत्रमा न्यून बोलकवोल गर्ने, सेवाको विषयमा पनि न्यून बोलकवोलकै कारण स्तरीय सेवा दिन नसक्नु र विशेष गरी निर्माण कार्यका सम्बन्धमा ऐन र नियमावलीले गरेको कार्यसम्पादनको प्रक्रिया, लागत अनुमानको हचुवा प्रचलन, परामर्शदाताको परामर्श सेवाको विश्वसनीयता लगायत ड्रइङ डिजाइनमा नै हुने गरेका कमी कमजोरीका कारण निर्माण कार्य सम्पन्न गर्नु अगाडि नै भेरिएशनको समस्या खडा हुने गरेको देखियो । यस्ता समस्या निराकरणका लागि ऐन नियममा नै विस्तृत चेक जाँच र कडा कानुनी प्रावधान स्पष्ट रुपमा व्यवस्था गर्नु पर्ने उपसमितिको ठहर रहेकोछ ।

सार्वजनिक खरिद र सेवाका सम्बन्धमा सरकारी निकाय, सार्वजनिक संघ संस्था र सार्वजनिक कार्यमा सरोकार राख्ने अन्य जुनसुकै निकायले पनि आफूले लिनु दिनु पर्ने वस्तु वा सेवाको गुणस्तरमा निश्चित मापदण्ड कायम गरी गराई मात्र खरिद प्रक्रियालाई छिटो छरितो रुपमा कार्यन्वयन गराउने तर्फ ऐन नियममा कडा कानुनी व्यवस्था गर्नु पर्ने उपसमितिले आवश्यक ठहराएको छ ।

उपसमितिले राष्ट्रिय योजना आयोगले राष्ट्रिय स्तरका पूर्वाधार निर्माण गर्दा योजनाहरुको प्राथमिकताको स्तर निर्धारण गर्नु पर्ने, सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अधिकार सम्पन्न बनाउनु पर्ने र लिलाम-विक्री सम्बन्धी ऐनलाई पनि सामयिक बनाउनु पर्ने सुझाव नेपाल सरकारलाई दिनुपर्ने आवश्यकता महशुस गरेको छ ।

सार्वजनिक खरिद सम्बन्धी कार्यमा अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण तहमा कमी कमजोरी रहेको देखिन्छ । सार्वजनिक खरिद सम्बन्धी ऐन र नियमलाई समय सापेक्ष रुपमा संशोधन र परिमार्जन गर्नु पर्ने अवस्था विद्यमान

रहेको छ । सार्वजनिक खरिद व्यवस्थाको कार्यान्वयनमा जिम्मेवार पक्षहरुलाई अधिकार सम्पन्न बनाई जिम्मेवारीको आत्मबोध गराउन सान्दर्भिक रहेको छ । यसर्थ उपसमितिले सार्वजनिक खरिद सम्बन्धमा औंल्याएका समस्याहरुमा सिफारिस गरेको सुझावहरुलाई सरकारले सार्वजनिक खरिद ऐन, २०६३ लाई तत्काल संशोधन र परिमार्जन गरी व्यवस्थापिका-संसद समक्ष यथाशीघ्र विधेयक पेश गर्नका लागि सिफारिस गर्दछ ।

## अनसूची-२

# काठमाडौं-तराई/मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना अध्ययन प्रतिवेदन, २०७२

## परिच्छेद-१
## परिचय

### १.१ गठन

व्यवस्थापिका-संसद, अर्थ समितिको २०७२ साउन २० गते बसेको बैठकले संविधान सभा (व्यवस्थापिका-संसदको कार्य सञ्चालन) नियमावली, २०७० को नियम १२४ अनुसार काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको अध्ययन अवलोकन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल बमोजिमको उपसमिति गठन गर्ने निर्णय गरेको थियो :-

१) मा. श्री कमला पन्त
२) मा. श्री केशवप्रसाद बडाल
३) मा. श्री गोपाल दहित
४) मा. श्री जगदिश्वर नरसिंह के.सी.
५) मा. श्री बिक्रम पाण्डे
६) मा. श्री मदनकुमारी शाह (गरिमा)
७) मा. श्री शक्तिबहादुर बस्नेत

कार्य प्रारम्भ गरेको पन्ध्र दिनभित्र प्रतिवेदन पेश गर्न गठित यस उपसमितिको पहिलो बैठक मिति २०७२/०४/२४ मा बसेको थियो । बैठकले उपसमितिका सदस्य मा. श्री केशव प्रसाद बडाललाई संयोजकको रुपमा चयन गऱ्यो । उपसमितिले अर्थ समितिका माननीय सभापति श्री प्रकाश ज्वाला र समितिका आमन्त्रित सदस्य माननीय श्री रेवती रमण भण्डारीलाई उपसमितिका बैठकहरुमा स्थायी रुपमा आमन्त्रण गर्ने निर्णय गरेको थियो ।

### १.२ उद्देश्य

मुलुकको आर्थिक विकाससँग प्रत्यक्ष गाँसिएको निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको तयारी चरणका हालसम्मका अवस्थाहरुको वस्तुस्थिति अध्ययन गरी राष्ट्रको हितमा केन्द्रित रही कार्य गर्नको लागि के-कसरी अघि बढ्नु उपयुक्त हुन्छ भन्ने कुराको विश्लेषण र सुझाव सहितको प्रतिवेदन अर्थ समितिमा पेश गर्नु यस उपसमितिको उद्देश्य रहेको छ ।

### १.३ कार्यसीमा

हालका दिनहरुमा तराईका केही क्षेत्रमा परिस्थिति केही असहज भएको कारण स्थलगत अवलोकन गर्न कठिनाई भएकोले सम्बन्धित मन्त्रालय/निकायहरु र विषयका जानकार तथा विज्ञहरुसँग निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको जानकारी प्राप्त गरी निचोड निकाल्नु उपसमितिको कार्यसीमा रहेको छ ।

### १.४ कार्यविधि

- उपसमितिको संयोजक चयन गर्ने,
- सम्बन्धित आयोजनाका लागि हालसम्म भए, गरेका काम कारबाही सम्बन्धी कागजात मगाई तिनको अध्ययन गर्ने,
- सम्बन्धित मन्त्रालयका पदाधिकारीहरुसँग जानकारी लिने,
- सम्बन्धित विषयका जानकार तथा विज्ञ एवं सरोकारवालाहरुसँग जानकारी लिनुका अतिरिक्त यस सम्बन्धमा धारणा बुझ्ने,
- आवश्यकता अनुसार अन्य विधि अवलम्बन गर्ने,

**१.५ कार्यावधि :**

उपसमितिको पहिलो बैठक बसेको मिति २०७२/०४/२४ देखि पन्ध्र दिनसम्म रहेकोमा संविधान सभाका बैठकहरु र बजेट सम्बन्धी लगायत व्यवस्थापिका-संसदकोबैठकहरुका कारण उपसमितिको कार्य प्रभावित भएकोले २०७२ साल भदौ ८ गते बसेको उपसमितिको बैठकले आगामी दुई हप्तासम्मका लागि पछि समितिबाट अनुमोदन गर्ने गरी कार्यावधि थप्ने निर्णय गरेको थियो । यस अनुसार उपसमितिको कार्यावधि २०७२ साल भदौ २२ गतेसम्म रहेको छ ।

**१.६ कार्यक्षेत्र**

निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना तथा यी आयोजनाहरुसँग सम्बन्धित मन्त्रालय तथा निकायहरु यस उपसमितिको कार्यक्षेत्र रहेको छ ।

**१.७ प्रतिवेदनको संरचना**

प्रतिवेदनको संरचना यस प्रकार रहेको छ ।

१. परिच्छेद एक : परिचय
२. परिच्छेद दुई : सम्पादित कार्य
३. परिच्छेद तीन : आयोजनाहरुको वस्तुस्थिति र विषयवस्तु
४. परिच्छेद चार : समस्या, सुझाव र निष्कर्ष
५. अनुसूची : १ देखि ११ सम्म

## परिच्छेद-२
## सम्पादित कार्य

**२.१ बैठकको विवरण**

| क्र.सं | बैठक मिति | छलफल/निर्णय |
|---|---|---|
| १. | २०७२/४/२४ | ● कार्यविधि र कार्ययोजनाको बारेमा छलफल ।<br>● उपसमितिको संयोजकमा माननीय श्री केशवप्रसाद बडाललाई चयन गर्ने,<br>● काठमाडौं भित्रिने सडक मार्गका अलग-अलग नाकाहरुबाट हालैका दिनहरुमा गुड्ने गरेका सवारी साधनहरु (किसिमहरु समेत खुलेको) को संख्यात्मक विवरण सम्बन्धित निकायहरुबाट माग गर्ने । |
| २. | २०७२/४/२९ | काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको सम्बन्धमा आवश्यक जानकारी लिनका लागि आगामी बैठकहरुमा सम्बन्धित विषयका विज्ञहरुलाई आमन्त्रण गर्ने । |
| ३. | २०७२/५/१ | ● काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाका सम्बन्धमा पूर्व मुख्य सचिव श्री लिलामणि पौडेलबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई लेखिएको पत्र र तत्सम्बन्धमा उक्त मन्त्रालयबाट पठाइएको पत्र (जवाफ) को प्रतिलिपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग गर्ने ।<br>● उपसमितिको आगामी बैठकहरुमा देहायका व्यक्तिहरु आमन्त्रण गर्ने :<br>१. प्रा.डा. गोविन्दराज पोखरेल (माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग),<br>२. श्री सुमनप्रसाद शर्मा (सचिव, अर्थ मन्त्रालय),<br>३. श्री शान्तराज सुवेदी (सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय),<br>४. श्री गजेन्द्र कुमार ठाकुर (सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय)<br>५. श्री लिलामणि पौडेल (नेपाल सरकारका पूर्व मुख्य सचिव),<br>६. श्री तुलसीप्रसाद सिटौला (पूर्व सचिव, नेपाल सरकार),<br>७. श्री जयराम लामिछाने (पूर्व अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ) । |
| ४. | २०७२/५/२ | ● विषय विज्ञ र सम्बद्ध पदाधिकारीहरुसँग छलफल । |
| ५. | २०७२/५/४ | ● विषय विज्ञ र सम्बद्ध पदाधिकारीहरुसँग छलफल ।<br>● उपसमितिले व्यवस्थापिका-संसद, अर्थ समितिको कार्यादेश अनुसार निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको अध्ययन गरिरहेको सन्दर्भमा समितिले निर्णय लिनुअघि काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाका सम्बन्धमा |

| क्र.सं | बैठक मिति | छलफल/निर्णय |
|---|---|---|
| | | कुनै पनि काम, कारबाही अघि नबढाउने व्यवस्थाका लागि अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पत्र पठाउने । |
| ६. | २०७२/५/८ | ● नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सम्बद्ध पदाधिकारीहरुसँग निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाका सम्बन्धमा छलफल ।<br>● व्यवस्थापिका-संसद, अर्थ समितिको कार्यादेश अनुसार उपसमितिले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना र काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको आर्थिक, भौतिक, प्राविधिक लगायत अन्य विषयहरुको अध्ययन गरिरहेको र अध्ययनको लागि थप समय आवश्यक परेकोले समितिबाट पछि अनुमोदन गराउने गरी आजको मितिबाट दुई हप्तासम्मका लागि म्याद थप गरी कार्य गर्ने । |
| ७. | २०७२/५/१६ | ● प्रतिवेदन तयारीका सम्बन्धमा छलफल । |
| ८. | २०७२/५/१७ | ● उपसमितिको आगामी बैठक २०७२ साल भदौ १८ गते बस्ने र उक्त बैठकमा अर्थ समितिका माननीय सदस्य श्री उदय शम्शेर ज.ब.रा. र नेपाल सरकारका पूर्व मुख्य सचिव श्री लिलामणि पौडेललाई आमन्त्रण गर्ने, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री शान्तराज सुवेदीबाट थप जानकारी लिनका लागि आमन्त्रण गर्ने । |
| ९ | २०७२/५/१८ | ● आमन्त्रित व्यक्तिहरुबाट जानकारी लिइयो । |
| १०. | २०७२/५/२१ | ● प्रतिवेदनको तयारी सम्बन्धमा छलफल भयो ां (विहान ८.०० बजे )<br>● प्रतिवेदनको तयारी सम्बन्धमा छलफल भयो । (दिनको ३.०० बजे ) |
| ११. | २०७२/५/२२ | ● प्रतिवेदनका तयारी सम्बन्धमा छलफल भयो । (विहान ८.०० बजे )<br>● प्रतिवेदनका तयारी सम्बन्धमा छलफल भयो । (दिनको ३.०० बजे ) |
| १२. | २०७२/५/२२ | ● प्रतिवेदनका तयारी सम्बन्धमा छलफल भयो । (विहान ८.०० बजे )<br>● प्रतिवेदनका तयारी सम्बन्धमा छलफल भयो । (दिनको ३.०० बजे ) |
| १३. | २०७२/६/१२ | ● उपसमितिको कार्यावधि समितिबाट पछि अनुमोदन गराउने गरी आज मिति २०७२/६/१२ गतेसम्मको लागि थप गर्ने ।<br>● समिति सचिवालयद्वारा तयार गरिएको प्रतिवेदन परिमार्जन सहित पारित ।<br>● उपसमितिको प्रतिवेदनलाई समितिको आगामी बैठकमा पेश गर्ने । |

### २.२ बैठकमा आमन्त्रित व्यक्ति

| क्र.सं. | बैठक मिति | आमन्त्रित व्यक्ति | पद, सम्बद्ध निकाय/संस्था |
|---|---|---|---|
| १. | २०७२/५/१ | श्री शीतलबाबु रेग्मी<br>श्री युगप्रसाद गौचन | पूर्व सचिव, नेपाल सरकार<br>विषय विज्ञ |
| २. | २०७२/५/२ | श्री शान्तराज सुवेदी<br>श्री तुलसीप्रसाद सिटौला | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>पूर्व सचिव, नेपाल सरकार |
| ३. | २०७२/५/४ | प्रा.डा.गोविन्दराज पोखरेल<br>श्री सुमनप्रसाद शर्मा<br>श्री गजेन्द्रकुमार ठाकुर | मा.उपाध्यक्ष, राष्ट्रिय योजना आयोग<br>सचिव, अर्थ मन्त्रालय<br>सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| ४. | २०७२/५/८ | माननीय श्री कृपासुर शेर्पा<br><br>श्री मोहनकृष्ण सापकोटा<br>श्री सुरेश आचार्य<br>श्री संजीव गौतम<br><br>श्री बुद्धिसागर लामिछाने<br>श्री देवानन्द उपाध्याय<br>श्री शम्भुकुमार मण्डल | मन्त्री, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>नि.सचिव, संस्कृति, पर्यटन तथा ना.उ.मं.<br>सहसचिव,,,<br>महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण<br>सहसचिव, सं.प. तथा ना.उ.मन्त्रालय<br>का.मु.उपमहानिर्देशक, ने.ना.उ.प्रा.<br>अधिकृत, एस.आई.ए. (सी.ए.ए.एन.) |
| ५. | २०७२/५/१८ | श्री शान्तराज सुवेदी | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| क्र.सं. | बैठक मिति | आमन्त्रित व्यक्ति | पद, सम्बद्ध निकाय/संस्था |
|---|---|---|---|
| | | श्री लिलामणि पौडेल | नेपाल सरकारका पूर्व मुख्य सचिव• |

## परिच्छेद-३
## आयोजनाको वस्तुस्थिति र विषयवस्तु

### ३.१ काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना :

१) आयोजनाको लागि बोलपत्र आह्वान गर्दा दुई पटकसम्म कतैबाट पनि बोलपत्र नपरेको अवस्थामा सहुलियत ऋण, लगायतका विभिन्न सुविधाको ग्यारेण्टी नेपाल सरकारले गरिदिने व्यवस्थाका साथ तेस्रोपटक बोलपत्र आह्वान गर्दा भारतीय ITNL Consortium (I.L. & F.S.) कम्पनीको मात्र निवेदन परेको ।

२) चार लेनको ७६ किलोमिटर लम्बाई भएको एशियाली हाइ-वे प्राइमरी क्लास स्ट्याण्डर्ड सडक निर्माण सम्बन्धी आयोजनाको ठाउँ-ठाउँमा १७० मिटरदेखि ३०० मिटरसम्मका लामा पुलहरु ७ वटा, पचास मिटरभन्दा ठूला पुलहरु ४० वटा, पचास मिटरभन्दा कमका साना पुलहरुको संख्या ८० वटा र सडकको चौडाई औसत बाइस मिटरको हुने र हालको दुई लेनको निजगढ-पथलैया सडक समेतको स्तरोन्नति गर्ने कार्य आयोजनाभित्र परेको ।

३) नेपाल सरकारले इक्वीइटी बापत ५० प्रतिशत कार्य सम्पन्न भएपछि १५ अर्ब रुपैयाँ अनुदानको रुपमा प्रबर्द्धकलाई दिने व्यवस्थाको साथै ७५ अर्ब रुपैयाँ सहुलियत ब्याज दर (३ प्रतिशत) मा नेपाल सरकारले ऋण उपलब्ध गराइ दिने व्यवस्था उल्लेख भएको । आयोजनाको कुल अनुमानित लागत १ खर्ब १२ अर्ब रुपैयाँ लाग्ने कुरा उल्लेख गरेको ।

४) आयोजनाको अवधि जम्मा तीस वर्षको रहेको, जसमा सडक निर्माणमा पाँच वर्ष लाग्ने र निर्माण कार्य सम्पन्न भएको वर्षदेखि पच्चीस वर्षसम्म लगानीकर्ता/प्रबर्द्धकले उक्त सडकबाट सडक प्रयोग दस्तुर उठाउने र तत्पश्चात सरकारलाई हस्तान्तरण गर्ने (PPP model) व्यवस्था रहेको, पहिलो वर्षमा उक्त सडक प्रयोग गर्ने सवारी साधन संख्या (PCU) १,६४,३१,३२२ हुने जसमा दैनिक रुपमा सवारी साधन संख्या बढ्दै गई पच्चीसौं वर्षमा २,४७,४९,६७९ पुग्ने कुरा उल्लेख भएको ।

५) सवारी साधनको आवागमन नपुग भएमा अपुग हुने रकम क्षतिपूर्तिको रुपमा नेपाल सरकारले व्यहोर्ने व्यवस्था उल्लेख भएको जस अन्तर्गत प्रबर्द्धकले पहिलो वर्षमा २५ अर्ब ६० करोड आय हुनु पर्ने र २५औं वर्षमा ८ खर्ब ७० अर्ब उठाउन पाउने शर्त राखेको, निर्धारितभन्दा बढी संख्यामा सवारी साधनहरुको आवागमन भएमा हुने फाइदा नेपाल सरकार र लगानीकर्ता/प्रबर्द्धकले संयुक्त उपयोग गर्ने उल्लेख भएको, सञ्चालन अवधिभर सडकको आवश्यक मर्मत सम्भार कार्य प्रबर्द्धककै जिम्मा रहने व्यवस्था प्रस्तावमा उल्लेख भएको ।

६) प्रबर्द्धकले आयको रुपमा उठाउने सडक प्रयोग दस्तुर एक कारको प्रति कि.मी. रु. २०।५० का दरले ७६ कि.मी. को रु. १,५५८।– लाग्ने उल्लेख गरेको । दुईवटा मोटरसाइकललाई एउटा कार बराबर, एउटा बसलाई दुईवटा कार बराबर र एउटा ट्रकलाई तीनवटा कार बराबर मानी सडक प्रयोग दस्तुर उठाउने कुरा उल्लेख गरेको ।

७) Minimum Revenue Guarantee (MRG) का सम्बन्धमा रहेको Components को छुट्टाछुट्टै गणना गर्ने साथै उक्त विषयलाई विस्तृत बनाई विभिन्न माध्यमबाट सर्वसाधारणलाई आवश्यकता अनुसार जानकारी गराउने तथा आयोजना प्रस्तावकले लगानीको १६ प्रतिशत प्रतिफल पाउने गरी MRG प्रस्ताव गरेकोमा उक्त प्रतिफल बार्ताको चरणमा घटाउन पहल गर्ने निर्णय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (मन्त्रीस्तर)को बैठकले गरेको ।

---

• नेपाल सरकारका तत्कालिन मुख्य सचिवले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिवलाई काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाका सन्दर्भमा लेख्नु भएको मिति २०७१/१२/३ को "अत्यन्त जरुरी" पत्रको प्रतिलिपि (उपसमितिको अनुरोधमा बैठकमा प्रस्तुत) अनुसूची-१ मा राखिएको छ ।

८) हालसम्ममा ९० प्रतिशत ट्र्याक खोल्ने कार्य पहिले नै नेपाली सेना मार्फत् नेपाल सरकारको खर्चमा सम्पन्न भैसकेको र घर/जग्गा अधिग्रहण कार्य ८० प्रतिशत सम्पन्न भैसकेको ।

९) निजगढ विमानस्थल निर्माण कार्य सम्पन्न हुनुसँगै यो आयोजना पनि सम्पन्न हुने गरी आयोजनाहरु अघि बढेमा मात्र दुवै आयोजनाको सार्थकता हुने भएको अवस्थामा सडक निर्माण कार्य मात्र हाल अघि बढ्न लागेको अवस्था देखिएको ।

**३.२ निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना :**

१) बारा जिल्लाको निजगढमा दोस्रो अन्तराष्ट्रिय विमानस्थल निर्माण गर्न नेपिकोनले १९९७ मा प्रारम्भिक अध्ययन गरेको र आर्थिक वर्ष २०६४/६५ देखि बजेट वक्तव्यले निरन्तरता दिएको र २०६७ चैतमाअर्थ मन्त्रालयलेश्वेतपत्र जारी गरीपरियोजनानिर्माण गराउनेउल्लेख भएको ।

२) नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र LMW (Land Mark World wide) नामको एक कोरियन कम्पनीबीच मिति २०६६/०८/७ मा परियोजनाको सम्भाव्यता अध्ययन सम्झौता गर्ने निर्णय भए अनुसार मिति २०६६/११/२३ मा सम्झौता भएको तथा LMW ले मिति २०६७/१२/२७ गतेसम्भाव्यता अध्ययन प्रतिवेदन प्रस्तुत गरेको र प्रतिवेदन कार्यान्वयन गर्ने मनशाय राखी मिति २०६८/०७/०७ मा निवेदन दिएको । LMW ले निवेदन पेश गरेको तीन महिनाभित्र नेपाल सरकारले प्रक्रिया आरम्भ गर्नु पर्नेमा आयोजनालाई कुन तरिकाबाट अघि बढाउने भन्ने विषय हालसम्म पनि BOOT कमिटीमा विचाराधीन रहेको । विमानस्थल सञ्चालन हुनुभन्दा कम्तिमा ६ महिना अगाडि नै काठमाडौं निजगढ Fast Track सडकको निर्माण सम्पन्न भै सञ्चालनमा आउनु पर्ने LMW को निष्कर्ष रहेको ।

३) दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको चार किल्लाको घोषणा गरी सर्वसाधारणका लागि सूचना प्रकाशन गरी जानकारी गराइ सकिएको । गत आर्थिक वर्षको रु. ५० करोड र यस आर्थिक वर्षको रु. ५० करोड गरी रु. १ अर्ब व्यवस्था भएकाले प्रारम्भिक कार्य शुरु गर्न बजेटको व्यवस्था भएको । विमानस्थलको चार किल्ला क्षेत्रभित्रको ८४ विगाहा निजी जग्गा अधिग्रहणको लागि प्रक्रिया शुरु गरेको । नेपाल नागरिक उड्डयन प्राधिकरणले आयोजना निर्देशनालय स्थापना गरी कर्मचारीको व्यवस्था लगायत आवश्यक कार्यहरु शुरु गरेको ।

४) निजी जग्गा अधिग्रहणको लागि ऐन बमोजिम आयोजना प्रमुख मार्फत् सम्पूर्ण जग्गाको लगत सङ्कलन र भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग समन्वय गरी प्रारम्भिक कारबाही चलाएको ।

५) प्रस्तुत परियोजना निजीक्षेत्रको लगानी र BOOT ढाँचामा कार्यान्वयन गर्ने भनी NPC को BOOT Committee ले मिति २०६४।९।१८ मा नै सुचीकृत गरी BOOT ढाँचामा कार्यान्वयन गर्ने नेपाल सरकार म.प.को मिति २०६४।११।१ मा नीतिगत निर्णय समेत भई नेपाल सरकार अर्थ मन्त्रालयबाट २०६८ माघमा जारी गरेको आर्थिक विकास र समृद्धिको तत्कालीन कार्ययोजना, २०६८ ले प्रस्तुत परियोजनालाई BOOT अवधारणामा निर्माण कार्य शुरु गर्ने भनी उल्लेख गरेको ।

६) परियोजनाको जग्गामा बसोबास गर्ने करिब १,४०० घरधुरीलाई अन्यत्र पुनर्वास गराउने व्यवस्थाका लागि स्थानीय वासिन्दासँग समेत समन्वय तथा वार्ता गरी सुझाव पेश गर्न ३ सदस्यीय समिति गठन भै समितिले कार्य गरेको ।

७) विमानस्थल निर्माण भएमा दक्षिण एसियाकै क्षेत्रीय विन्दुको रुपमा रहने, ४ घण्टाको उडान दूरीमा २० भन्दा बढी शहरहरुको लागि गन्तव्य स्थानर महाद्विपीय उडानको लागि ट्रान्जिट बिन्दु बन्ने, वार्षिक ६ करोड यात्रुलाई सेवा प्रदान गर्न सक्ने क्षमता भएको Aviation Visionfor Asia Region भन्ने अभियानलाई सार्थक बनाउँदै आर्थिक विकासको साथैमुलुकको समग्र क्षेत्रमा द्रुत विकासको सम्भावना बढाउने कुरा उल्लेख भएको ।

# परिच्छेद-४
# समस्या, सुझाव र निष्कर्ष

## ४.१ काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाको समस्या र सुझाव :

### (क) समस्या :

#### १) आयोजनाको नामाकरण :

काठमाडौंदेखि निजगढसम्मको ७६ कि.मी. चार लेन सडक आयोजनाको नाम "काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना" रहेको । यस नामले काठमाडौंदेखि तराई/मधेशका सम्पूर्ण सडकहरु बुझिने भै दुविधा श्रृजना हुने भएकोले आयोजनाको नामाकरण गर्दा यकिन र ठोस् रुपमा नामाकरण भएको नपाइएको ।

#### २) लागत अनुमान :

आयोजनाको लागत अनुमान १ खर्ब १२ अर्ब उल्लेख छ । लागत अनुमान तयार गर्दा एसियाली विकास बैङ्कले सन् २००८ मा ५५ अर्ब ११ करोड र सन् २०१४ मा ९६ अर्ब ८८ करोड लाग्ने अनुमान गरेको देखिन्छ । आयोजनाको लागत अनुमान नेपाल सरकार आफैंले नगरी लगानीकर्ता/प्रबर्द्धकद्वारा गराएको र प्रबर्द्धकले १ खर्ब १२ अर्ब अनुमान गरेको देखिन्छ । प्रबर्द्धकले उल्लेख गरेको यो लागत अनुमान वास्तविक सर्वेक्षण, विश्लेषण नगरी अत्यधिक मूल्याङ्कन भएको देखिन्छ । सडकमा पर्ने जमीनमध्ये नेपाल सरकारले करीब ८० प्रतिशत अधिग्रहण गरी सोको मुआब्जा दिइसकिएको र नेपाली सेनाबाट नेपाल सरकारको लगानीमा उक्त सडकको ९० प्रतिशत ट्र्याक खोलिसकिएको, निर्माणका लागि आवश्यक पर्ने वस्तुहरुमा सीमेण्ट र स्टिल बाहेक स्थानीय स्तरमा नै उपलब्ध हुने अवस्था र नेपाल राष्ट्र बैङ्कको इण्डेक्स एवं स्थानीय स्तरमा श्रमिकको पारिश्रमिक दर लगायतका विषयहरुलाई मध्यनजर गर्दा यस आयोजनाको कुल लागत अनुमान अत्यधिक भएको देखिएको ।

#### ३) आयोजनाको अवधि :

आयोजनाको निर्माण अवधि ५ वर्ष र प्रबर्द्धकले त्यसपछि सञ्चालन गर्ने अवधि २५ वर्ष गरी आयोजनाको कुल अवधि ३० वर्ष रहेकोमा अन्तर्राष्ट्रिय प्रचलन र व्यवहारलाई हेर्दा २५ वर्ष सञ्चालन अवधि बढी भएको देखिएको ।

#### ४) सवारी आवागमन संख्याको अनुमान :

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछिको पहिलो वर्ष द्रुतमार्गमा सवारी आवागमन नेपाल सरकारले ग्यारेण्टी गरेको संख्या १,६४,४१,३२२ (PCU) र हरेक वर्ष बढ्दै गई पच्चीसौं वर्षमा २,४७,४९,६७९ (PCU) पुग्ने उल्लेख भएकोमा महानगरीय ट्राफिक प्रहरी महाशाखाको च.नं. १३१, मिति २०७२/४/२५ को पत्रद्वारा पठाइएको प्रतिदिनको आवागमनको विवरणलाई अनुसूची-२ मा राखिएको छ । हालैका दिनहरुमा सवारी आवागमनको संख्यालाई सालाखाला हिसाब गर्दा प्रतिदिन निम्नानुसार हुने देखिन्छ :-

| क्र.सं. | स्थान (नाका) | काठमाडौं (In) | काठमाडौंबाट बाहिर (Out) | कुल जम्मा |
|---|---|---|---|---|
| १. | नागढुङ्गा | ४,१३४ | ३,६७४ | ७,८०८ |
| २. | फर्पिङ्ग | ४४६ | ४१४ | ८६० |

उपरोक्त विवरण हेर्दा नागढुङ्गामा हुने आवागमनबाट काठमाडौं प्रवेश गर्ने र काठमाडौंबाट बाहिरिने सवारी साधनहरु नेपालका पूर्वी र पश्चिमी स्थानहरुमा जाने र त्यताबाट आउने समेत पर्ने भएको सन्दर्भमा द्रुतमार्गमा आवागमन संख्याको अनुमान कुल संख्या ७,८०८ को ६० प्रतिशत सवारी साधनले द्रूतमार्गको प्रयोग गर्छन् भनी हिसाब निकाल्दा जम्मा ४,६८५ हुन आउँछ, यसमा फर्पिङ्ग नाका प्रयोग गर्ने कुल संख्या ८६० लाई शत प्रतिशत (१००%) जोड्दा पनि प्रतिदिन ५,५४५ सवारी साधन संख्या आवागमन हुने देखिन्छ । निर्माण कार्य सम्पन्न भएपछिको पहिलो वर्षको लागि नेपाल सरकारले ग्यारेण्टी गरेको द्रुतमार्ग प्रयोग गर्ने सवारी साधनहरुको संख्या प्रतिदिन ४५,०१७ पुग्नु पर्ने देखिन्छ ।

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागको अभिलेख अनुसार आर्थिक वर्ष २०७०/७१ सम्ममा दर्ता भएका सवारी साधनहरुको विवरणलाई अनुसूची-३ मा राखिएको छ । जस अनुसार कुल संख्या १७,५५,८२१ रहेको र तीमध्ये १३,७१,२०६ मोटरसाइकल मात्रको संख्या देखिन्छ । कुल मोटरसाइकल संख्याको करीब पचास प्रतिशत काठमाडौं उपत्यकामा सञ्चालन हुने देखिन्छ ।

उपरोक्त तथ्याङ्कलाई विश्लेषण गर्दा यातायात व्यवस्था विभागमा दर्ता भएका सवारी साधनहरुको विवरणको अवस्था यस सन्दर्भमा विचारणीय देखिन्छ । नेपाल सरकारले ग्यारेण्टी गरेको सवारी साधनहरुको आवागमन (द्रुतमार्गमा) हुने कुल प्रक्षेपित संख्या ज्यादै नै बढी (लगभग नौ गुणा बढी) हुने भएकोले यो प्रक्षेपण अवैज्ञानिक देखिन्छ । यस्तो अवस्थामा प्रबर्द्धकलाई नेपाल सरकारले ठूलो धनराशी वार्षिक रुपमा नियमित भुक्तानी गर्नु पर्ने देखिएको ।

**५) आयोजना सञ्चालन :**

नेपाल सरकारले आयोजनामा रु. ७५ अर्ब सहुलियत ब्याजदर (३ प्रतिशत) मा प्रबर्द्धकलाई उपलब्ध गराउने र रु. १५ अर्ब अनुदान दिने तथा अधिग्रहण गर्नु पर्ने बाँकी जग्गाको मुआब्जा पनि नेपाल सरकारले नै व्यहोर्ने गरी कार्य हुन लागेको र तुलनात्मक रुपमा प्रबर्द्धकले आफ्नो तर्फबाट गर्ने लगानी रु. २२ अर्ब मात्र खर्च हुने देखिएको । आयोजनामा नेपाल सरकारले ग्यारेण्टी गरेको सडक प्रयोग दस्तुर बाहेक कुल खर्च रु. ९० अर्बभन्दा बढी हुने देखिएको छ । नेपाल सरकारले राष्ट्रिय गौरबको यस आयोजनामा लोक कल्याणकारी भावना र सामाजिक दायित्व निर्वाह गर्नु पर्ने तथा स्वदेशी व्यवसायी र निजी क्षेत्रलाई प्रोत्साहन एवं स्वदेशी पुँजीलाई प्राथमिकता दिनु पर्नेमा यसो भएको देखिएन ।

**६) सवारी आवागमन दस्तुर (Toll Tax):**

द्रुतमार्ग प्रयोग गरे बापत लिने सवारी आवागमन दस्तुर काठमाडौंबाट बाहिरिँदा र निजगढबाट भित्रिँदा प्रति इकाइ प्रति कि.मी. रु. २०।५० लिने उल्लेख भएको र सवारी आवागमन दस्तुर **(Toll Tax)** प्रतिइकाइ **(PCU)** निम्नानुसारले तिर्नु पर्ने देखिन्छ :-

| क्र.सं. | सवारी साधन | प्रति इकाइ (PCU) गणना | एकतर्फी प्रयोग गर्दा लाग्ने रु. | दुईतर्फी प्रयोग गर्दा लाग्ने रु. |
|---|---|---|---|---|
| १. | मोटरसाइकल | ०.५ | ७७९/- | १,५५८ /- |
| २. | कार | १ | १,५५८/- | ३,११६/- |
| ३. | बस, ट्रक | २ | ३,११६/- | ६,२३२/- |
| ४. | हेभी ट्रक | ३ | ४,४७४/- | ९,३४८/- |

उपरोक्त विवरणका आधारमा अन्तर्राष्ट्रिय प्रचलन समेतलाई ध्यानमा राख्दा ७६ कि.मी.को सडकमा ५९ मिनेटको यात्रा गर्दा सवारी आवागमन दस्तुर अत्यधिक महँगो र अव्यावहारिक देखिएको र यस्तो अवस्थामा सवारी साधनहरुले अन्य वैकल्पिक बाटो प्रयोग गर्ने सम्भावना बढी देखिएको ।

**७) आयोजनाको Model :**

**BOOT Model** र **PPP Model** दुवै मोडेलको मापदण्ड र आधारलाई अंगिकार नगरेकोले यो कुन ढाँचामा द्रुतमार्ग आयोजनाको तयारी भएको भन्ने व्यवहारतः स्पष्ट नभएको । आयोजनाको सम्भाव्यता अध्ययनकर्ता, विस्तृत आयोजना प्रतिवेदन प्रस्तोता र लगानिकर्ता/प्रबर्द्धक एउटै हुँदा यसबाट समस्या हुने देखिएको । यस आयोजना लाग्ने भनिएको रकममध्ये नेपाल सरकारले ९० अर्ब रुपैयाँ लगानी गर्ने भएको अवस्थामा INTL (IL & F.S.) कम्पनीलाई लगानीकर्ताको रुपमा उल्लेख गर्न नमिल्ने देखिएको ।

**८) विस्तृत आयोजना प्रतिवेदन (DPR) :**

सन् २००८ सालमा भएको अध्ययनबाट अनुमानित ६७ अर्ब लागतलाई वर्तमान मूल्यमा रुपान्तरण गर्दा रु. ९७ अर्बको हाराहारीमा हुन आउने लागत अनुमान हुँदाहुँदै राज्यलाई धेरै बढी दायित्व पर्ने गरी प्रक्षेपण गरी प्रबर्द्धकले DPR तयार गरेको र खर्च रकम बढाई चढाई अस्वाभाविक प्रस्ताव गरेको देखिएकोले परियोजनाको कार्यान्वयनमा समस्या हुन सक्ने देखिएको । DPR तयार गर्दा अन्तर्राष्ट्रिय मापदण्डलाई आधार नबनाइएको र नेपाल राष्ट्र बैङ्कको इण्डेक्सलाई आधार नलिइएको हुँदा लागत अनुमान वस्तुपरक र यथार्थपरक नदेखिएको ।

**९) सहुलियत ऋण र अनुदान रकम भुक्तानी :**

द्रुतमार्ग आयोजना निर्माणको लागि रुं ७५ अर्ब ३ प्रतिशत ब्याजमा र अनुदान रु. १५ अर्ब गरी ९० अर्ब नेपाल सरकारको लगानी हुने तथा सरकारले गरेको ऋण लगानीको साँवा ब्याज भुक्तानी (Pament Schedule) र अनुदान रकमको सम्बन्धमा स्पष्ट उल्लेख नभएको ।

**१०. Minimum Revinue Guarentee (MRG) :**

MRG को Componants छुट्टाछुट्टै गणना नभएको र आयोजना प्रबर्द्धकले १६ प्रतिशत प्रतिफलपाउने गरीप्रस्ताव गरेकोमा उक्तप्रतिफल अन्तर्राष्ट्रिय प्रचलनभन्दा बढी भएको देखिएको ।

**११. आम्दानीको आधार :**

आयोजना सम्पन्न भएपछि संचालन अवधिको शुरुमा ६,७ वर्षसम्म मात्र नेपाल सरकारले रकम व्यहोर्नु पर्ने Break Evan भन्दा अगाडिको अवधिमा नेपाल सरकारबाट रु. २३.४ अर्ब मात्र व्यहोर्ने तथा Traffiic Revenue को आधार मान्दा सन् २०२६ मा Break Even प्राप्त भै सन् २०४५ सम्ममा रु.२३९.१ अर्ब आम्दानी हुने प्रक्षेपण सवारी आवागमन दस्तुरको कारणबाट उचित नभएको ।

**१२. विमानस्थल र द्रुतमार्गको निर्माण :**

निजगढ विमानस्थल र द्रुतमार्ग आयोजना एक आपसमा अन्तर्सम्बन्धित आयोजना हुन् । दुवै आयोजनाको कार्य एकैसाथ सम्पन्न हुनु पर्दछ । तर विमानस्थल निर्माणमा प्रारम्भिक कार्य मात्र भएको छ । विमानस्थल आयोजना कार्य आरम्भ भएपछि निर्माणमा कम्तिमा १२ वर्ष लाग्ने र द्रुतमार्ग ५ वर्ष मै सम्पन्न हुने हुँदा सर्वप्रथम विमानस्थलको कार्य अगाडि बढाउनु पर्ने देखिन्छ । LMW ले गरेको DPR को कारण सरकारले धान्नै नसक्ने असिमित आर्थिक दायित्व व्यहोर्नु पर्ने र राज्यको अधिकतम हित समेत नदेखिएकोले दुवै आयोजनाको निर्माणमा समन्वयात्मक ढंगबाट एकैसाथ निर्माण हुने अवस्था नदेखिएको ।

**१३. वैकल्पिक सडकको विकास :**

काठमाडौं उपत्यकामा प्रवेश गर्ने अन्य वैकल्पिक मार्गहरुको विकास र निर्माण कार्य प्रभावित हुन सक्ने सम्भावना देखिएको ।

**(ख) सुझाव :**

१) "काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजना" भनी उल्लेख भएको नामलाई संशोधन गरी "काठमाडौं-निजगढ द्रुतमार्ग आयोजना" उल्लेख गर्नु पर्ने । यसो गर्दा आयोजनाको नाम वस्तुपरक रुपमा स्पष्ट हुने देखिन्छ ।

२) यो राष्ट्रिय गौरवको आयोजनालाई वृहत राष्ट्रिय हितलाई मध्यनजर गर्दै नेपाल सरकार आफैंले निर्माण एवं सञ्चालन गर्नु उपयुक्त हुने देखिएकोले यो आयोजना नेपाल सरकारले नै निर्माण गर्नु पर्दछ । यसका लागि अन्तर्राष्ट्रिय स्तरका निर्माण कम्पनी वा संस्थाहरुबीच खुला प्रतिस्पर्धा गराई अघि बढ्नु मुलुकको हितमा हुने देखिन्छ ।

३) यो आयोजनामा कार्य गर्न इच्छुक देखिएको ITNLConsortium (I.L. & F.S.) कम्पनी मार्फत् नेपाल सरकारले कार्य अघि बढाउने तयारी गरिरहेको सन्दर्भमा देहायका बुँदाहरु समेतलाई पालना गरेर मात्र अघि बढ्नु मुलुकको हितमा हुने देखिन्छ :-

**(क) न्यूनतम सवारी आवागमन बापत उठ्ने रकमको ग्यारेण्टी (MRG) गर्ने सम्बन्धमा :** न्यूनतम सवारी आवागमनको सम्बन्धमा गरिएको अनुमान तथ्यभन्दा धेरै नै बढी भएकोले यस्तो ग्यारेण्टी गरी नेपाल सरकाले सम्झौता गर्नु उपयुक्त देखिँदैन ।

**(ख) लागत अनुमानका सम्बन्धमा :** कुल लागत अनुमान वस्तुनिष्ठ एवं यथार्थपरकभएको नदेखिएको हुँदा यसमाथि गम्भीरतापूर्वक पुनरावलोकन गरी निक्यौंल गर्नु पर्ने देखिन्छ ।

**(ग) आयोजनाको सञ्चालन अवधि :** प्रबर्द्धकद्वारा प्रस्तावित आयोजना सञ्चालनका लागि प्रस्तावित अवधि धेरै लामो भएकोले सो अवधि घटाउनेतर्फ पुनर्विचार गरी निर्णय लिनु उपयुक्त हुने देखिन्छ ।

**(घ) सवारी आवागमन दस्तुर -Toll Tax का सम्बन्धमा :** सवारी आवागमन दस्तुर अधिक देखिएको हुँदा यस अवस्थामा उक्त सडक प्रयोग गर्न सडक उपभोक्ता आकर्षित हुने गरी यसलाई घटाउनु पर्दछ ।

**(ङ) वैकल्पिक सडकको विकास सम्बन्धमा :** उपत्यकामा प्रवेश गर्ने वैकल्पिक अन्य मार्गहरुको विकासमा अवरोध नपुग्ने गरी यो आयोजना अघि बढ्नु पर्ने देखिन्छ ।

## ४.२ निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको समस्या र सुझाव :

**(क) समस्या :**

**१)** नेपाल सरकार पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय र LMW (Land Mark World wide, A Korean Consultancy Company) बीच परियोजनाको संभाव्यता अध्ययन सम्झौता भएको, उक्त कम्पनीले संभाव्यता अध्ययन प्रतिवेदन प्रस्तुत गरेको र परियोजना कार्यान्वयन गर्ने मनसाय राखी मन्त्रालयमा निवेदन दिएको र भारत लगायत अन्य विभिन्न मुलुक तथा लगानीकर्ताहरु आयोजना निर्माणको लागि इच्छुक भएकोले कुन देश र लगानीकर्ताहरुवाट परियोजना कार्यान्वयन गराउने भन्ने द्विविधा रहेको देखिएको ।

**२)** नेपाल सरकारले उक्त आयोजना BOOT ढाँचामा कार्यान्वियन गर्ने निर्णय गरेको, राष्ट्रिय योजना आयोगले विमानस्थलको निर्माण निजी क्षेत्रको लगानी BOOT MODEL मा निर्माण गर्न सुचिकृत गरेको भए तापनि प्रारम्भिक कार्यमा ढिलाई भइरहेको ।

**३)** विमानस्थल आयोजना क्षेत्रभित्रको सरकारी जग्गामा करिब १४०० घरधुरी रहेको सन्दर्भमा तिनलाई त्यहाँबाट हटाई अन्यत्र बसोवासको व्यवस्थापन भैनसकेको ।

**४)** विमानस्थलको क्षेत्रमा करिव ७५०० हेक्टर वन क्षेत्रमा परेको र करीब ४००० भन्दा बढी संख्यामा रुख कटान गर्न वन मन्त्रालयसँग समन्वय कार्य हुन बाँकी रहेको ।

**५)** विमानस्थल आयोजनाको आवश्यक प्रारम्भिक कार्य गर्न सम्बन्धित मन्त्रालयहरु र स्थानीय प्रशासन सहितको संयन्त्र बन्न नसकेको ।

**६)** विमानस्थल निर्माणबाट विस्थापित हुने परिवारका सदस्यहरुलाई रोजगारीको व्यवस्था हुनका लागि सम्बन्धित पक्षहरुको माग रहेको तर यस बारे नेपाल सरकारको कुनै सोच नरहेको ।

**७)** विमानस्थल निर्माण क्षेत्रमा रहेको पानीको मुहानबाट दक्षिणतर्फका जमीनमा खेती भइरहेको सन्दर्भमा विमानस्थल निर्माण गर्दा पनि उक्त मुहानको उपयोगको व्यवस्था (सिँचाइ) हुनु पर्ने भन्ने स्थानीय किसानहरुको चासो रहेको ।

**(ख) सुझाव :**

(१) यो आयोजनाको औचित्यता एवं उपयोगिता काठमाडौं-तराई मधेश द्रुतमार्ग आयोजना साथसाथै सम्पन्न हुनुसँग गाँसिएको सन्दर्भ र विमानस्थल निर्माणमा लाग्ने अनुमानित समय र यो आयोजना तयारीको हालसम्मको अवस्था समेतलाई विचार गर्दा नेपाल सरकारले तत्काल अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरुबीच खुला प्रतिस्पर्धा गराई सो कार्य अघि बढाउनु पर्दछ ।

(२) नेपाल सरकारले परियोजना BOOT ढाँचामा राष्ट्रिय हित हुने गरी कार्यान्वयन गर्ने निर्णय गरेको र राष्ट्रिय योजना आयोगले विमानस्थलको निर्माण निजी क्षेत्रको लगानी BOOT MODEL मा निर्माण गर्न सुचीकृत गरेको सन्दर्भमा तत्काल कार्य अगाडि बढाउनु पर्ने ।

(३) विमानस्थल आयोजनाको क्षेत्रभित्रको सरकारी जग्गामा करिब १४०० घरधुरी बसोवास गरिरहेकोले उक्त घरधुरीमा बसोवास गर्ने वास्तविक भूमिहिन व्यक्तिहरु पहिचान गरी त्यस्ता व्यक्तिहरुको लागि सरकारले उनीहरुको आपसी भाइचारा, सामाजिक संस्कृति संरक्षण र सामाजिक सद्भाव नबिग्रने गरी भौतिक पूर्वाधार सहितको पुनर्वासको वैकल्पिक व्यवस्था गर्नु पर्ने । साथै विमानस्थलको क्षेत्रभित्र पर्ने सार्वजनिक वन क्षेत्रमा लामो समयसम्म बसोवास गरिरहेका व्यक्तिहरुको पूनर्वासको पनि यथोचित व्यवस्था गर्नु पर्ने।

(४) विमानस्थलको क्षेत्रमा करिव ७५०० हेक्टर वन क्षेत्रमा करीब ४००० भन्दा बढी संख्यामा रुख कटान गरी वातावरणीय प्रभावको मूल्याङ्कन व्यवस्थापनको कार्य भूमिसुधार तथा व्यवस्था मन्त्रालय र वन तथा भू–संरक्षण मन्त्रालयसँग समन्वय गरी अगाडि बढाउनु पर्ने ।

(५) विमानस्थल आयोजनाको कार्य अगाडि बढाउन आवश्यक प्रारम्भिक कार्य गर्न नेपाल सरकारको गृह, वन तथा भू–संरक्षण, भूमिसुधार तथा व्यवस्था र स्थानीय प्रशासनसँग समन्वय, सहयोग तथा अनुगमनको प्रभावकारी व्यवस्थाको लागि संयन्त्र बनाउनु पर्ने ।

(६) विमानस्थलको निर्माणपछि विमानस्थल सञ्चालनमा आएको बखत विमानस्थल निर्माणबाट विस्थापित परिवारका सदस्यहरुलाई योग्यता र क्षमता हेरी रोजगारीमा प्राथमिकता दिनु पर्ने ।

(७) विमानस्थल निर्माण भैसक्दा त्यहाँ रहेको पानीको मुहानको उपयोग दक्षिणतर्फका खेतमा साविक झैं हुने गरी सिँचाइ समेतको व्यवस्थामा ध्यान दिनु पर्ने ।

**४.३ निष्कर्ष**

उपसमितिले छोटो अवधिमा गरेको अध्ययनबाट देखिएका सन्दर्भ र विषयवस्तुका आधारमा राष्ट्रिय महत्वका दुई आयोजनाहरु- काठमाडौं-तराई/मधेश द्रुतमार्ग र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाका सम्बन्धमा अध्ययन, विश्लेषण गरी यो प्रतिवेदन तयार गरेको छ ।

हालसम्म प्रारम्भिक कार्य सम्पन्न हुने क्रममा रहेको निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनामा विभिन्न मुलुक र लगानीकर्ताहरु इच्छुक देखिएको र निर्णय भैनसकेको, BOOT Model मा निर्माण गर्नका लागि सूचीकृत भए तापनि प्रारम्भिक कार्यमैढिलाई भएको, सम्बन्धित स्थानका बासिन्दाको अन्यत्र बसोबासको व्यवस्थापन बारे कार्य नभएको, सम्बन्धित निकायहरु र स्थानीय प्रशासनबीचको समन्वयका लागि संयन्त्र निर्माण हुन बाँकी रहेको, विस्थापित हुनु पर्ने अवस्थाका स्थानीय बासिन्दाका केही माग एवं चासो रहेको र तिनलाई सम्बोधन गरेको नदेखिएको लगायतका समस्याहरुमा उपसमितिले दिएका सुझावहरुलाई मध्यनजर गर्दै विमानस्थललाई आधुनिक प्रविधियुक्त हुने गरी अन्तर्राष्ट्रिय स्तरमा खुला प्रतिस्पर्धा गराई राष्ट्रको अधिकतम हितलाई केन्द्रमा राखी पारदर्शिता कायम गरी विमानस्थल निर्माणकार्य तत्काल अघि बढाउनु आवश्यक देखिन्छ ।

काठमाडौं-तराई/मधेश द्रुतमार्ग आयोजनाका सम्बन्धमा आयोजनाको नामाकरण वस्तुपरक नभएको, आयोजनामा निर्माण कम्पनीहरुबीच खुला प्रतिस्पर्धा नगराइएको, लागतको अनुमान प्रबर्द्धक मार्फत् गराइएको र सो अधिक देखिएको, निर्माणको अनुमानित लागतको अधिकतम हिस्सा नेपाल सरकारले ऋण र अनुदान बापत खर्च गर्ने अवस्था रहेको, न्यूनतम सवारी आवागमनको संख्याको अनुमान अत्यधिक रहेको र यसरी गरिएको अनुमान अनुसारको सडक प्रयोग दस्तुर बापत उठ्ने भनिएको रकम नउठेमा नेपाल सरकारले प्रबर्द्धकलाई अपुग रकम नियमित बुझाउने (MRG) शर्त रहेको, प्रबर्द्धकले आयोजना सञ्चालन गर्ने अवधि अधिक उल्लेख भएको, प्रस्तावित सवारी आवागमन दस्तुर अधिक एवं अव्यावहारिक भएको र अन्य वैकल्पिक मार्गहरुको निर्माणमा हुन सक्ने सम्भावित असजिला पक्ष लगायतका विषयमा नेपाल सरकारले पूर्ण गम्भीरताका साथ समयमै पुनरावलोकन गर्नु जरुरी देखिएको छ ।

उपरोक्त पृष्ठभूमिमा यो काठमाडौं तराई मधेश द्रुतमार्ग आयोजनालाई नेपाल सरकार आफैंले निर्माण एवं सञ्चालन गर्नु पर्दछ । यसका लागि अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरुबीच खुला प्रतिस्पर्धा गराई अघि बढ्नु मुलुकको हितमा हुने देखिन्छ । ITNL (IL & F.S.) कम्पनी मार्फत् नै यदि निर्माण कार्य अघि बढाउनु परेमा हालको व्यवस्थाले सम्पूर्ण नोक्सानी नेपाल सरकारले व्यहोर्ने अवस्था देखिएकोले नेपाल सरकार साझेदार नरहने गरी आयोजनाको सम्पूर्ण नाफा-घाटाको भागिदार सम्बन्धित कम्पनी नै हुने गरी उपसमितिले दिएका सुझाव र निर्देशनको आधारमा आयोजना निर्माण सम्झौता गर्नु पर्ने उपसमितिको निष्कर्ष रहेको छ ।

## अनुसूची-३

## पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, सुर्खेत र बाँके जिल्ला

### सुर्खेत जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- बजेट आउनु अघि जिल्ला र क्षेत्रको सुझाव लिनु पर्ने ।
- बजेट भाषण अघि सम्बन्धित मन्त्रालयको बजेट सीमा सम्बन्धमा व्यवस्थापिका-संसदमा छलफल गर्ने,
- बजेट असार पहिलो हप्तासम्म पारित भइसक्नु पर्ने ।
- गाउँ परिषद्, इलाका परिषद् र जिल्ला परिषद्बाट निर्णय भई गएका योजनाहरु पहिलो प्राथमिकतामा पार्नु पर्ने ।
- सरकारले नीति तथा कार्यक्रम तय गर्दा अहिलेसम्म वितरणमुखी बजेट ल्याउने गरेको छ । त्यसलाई रोक्नु पर्ने र यसको ठाउँमा उत्पादनमुखी बजेटको नीति तथा कार्यक्रम समावेश गरी व्यापार घाटा कम गर्ने, वैदेशिक पलायन रोक्ने र राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्रको नीति लिनु पर्ने ।
- खुला अर्थतन्त्रलाई अवलम्बन गरेपछि राष्ट्रिय आत्मनिर्भर अर्थतन्त्र धराशयी भएको छ । राज्य नियन्त्रित अर्थतन्त्रको विकास गर्ने नीति लिनु पर्दछ ।
- हिमाली जिल्लाहरुमा कार्तिक मसान्तसम्म योजनाहरुको निर्माण भइ सक्नुपर्ने नीति बनाउनु पर्दछ ।
- राष्ट्रिय गौरवका योजनालाई पहिलो प्राथमिकता दिनुपर्ने र नेपाल सरकारले कार्यान्वयन गर्नु पर्ने ।
- ठेक्का सम्बन्धी नियमावली बनाउँदा निर्माण गरेको भौतिक संरचनाको कम्तिमा ५० वर्षसम्मको ग्यारेण्टी लिनु पर्ने ।
- कुनै पनि निर्माण कम्पनीका सञ्चालकले ८० प्रतिशतभन्दा कम रकमको योजनालाई स्वीकृति नदिने नीति बनाउनु पर्ने ।
- जुनसुकै योजना नर्माण गर्दा वा सञ्चालन गर्दा त्यसको सम्बन्धमा सम्बन्धित उपभोक्तालाई जानकारी गराउनु पर्ने ।
- विकास निर्माणको कार्य नियमित अनुगमन गर्नु पर्ने ।
- नेपालको अर्थतन्त्र दलाल पुँजीपति र नोकरशाहीको हातमा रहेको हुँदा यसको अन्त्य गर्दै राष्ट्रिय पुँजीपति वर्गको संरक्षणको नीति अवलम्बन गरेको राष्ट्र सक्षम बन्दछ र व्यापार घाटा कम हुनेछ । यसले आयातमा कमी ल्याउँदै निर्यातमा वृद्धि हुने नीति तय गर्नु पर्दछ ।
- बजेट तर्जुमा गर्दा कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै जमीन, जल, जङ्गल, जडिबुटी, खानी तथा खनिज पदार्थको अधिकतम उपयोग गरी राष्ट्र र जनतालाई सक्षम बनाउनु पर्दछ ।
- कम्तिमा १२ कक्षासम्म नि:शुल्क शिक्षा दिने बन्दोवस्त गर्नु पर्ने । विद्यालय तहमै प्राविधिक शिक्षालाई समावेश गरिनु पर्ने ।
- नि:शुल्क रुपमै स्वास्थ्योपचारको बन्दोवस्त गरिनु पर्ने ।

**सडक :**

- सुर्खेत-बङ्गीचौर, डोटी-दिपायल सडक, सुर्खेत-तेलपानी-भुरीगाउँ-वर्दिया सडक, कैलाली-चिसापानी-बाबियाचौर सडक, छाप्रे-अछाम-मङ्गलसेन सडक लाई प्राथमिकतामा राख्नु पर्ने ।
- गंगटे-आरनटुडा-ढाडखेत-ठाँटी-सुयारा, मध्यपहाडी लोकमार्गले सुर्खेतलाई जोड्नु पर्ने ।
- कैलाली-लम्कीघाटगाउँ गुठु-अछाम सडकलाई प्राथमिकता दिनु पर्ने ।

- गढी-लेखगाउँ-कल्यानकाध-भक्तडी-लगाभ सडक, हरिहरपुर-तरङ्गा-तातापानी सडक, धुवायाविट-वढीपाटी-गंगटे-आरटुडा-ढाडखेत-ठाटी-जाजरकोट सडक लगायत सुर्खेत उपत्यकामा चक्रपथ निर्माण गर्नु पर्ने ।
- करेखोला-साटाखानी-गर्पण सडक, जामेनेवलार-पील्क-देउली-काफलकोट सडक, कोहलपुर-सुर्खेत दुई लेन सडकलाई प्राथमिकतामा राख्नु पर्ने ।
- सुर्खेत-जुम्ला सडक राष्ट्रिय प्राथमिकतामा राख्नु पर्ने ।
- धुलायाविट-बोटेचौर-सल्यान-पुरन्धारा-दाङ सडकहरुलाई प्राथमिकता दिनु पर्ने ।
- सुर्खेत लगायतका जिल्लाहरुमा बाढीले नोक्सानी पुर्‍याएका भौतिक संरचनालाई पुनः निर्माण गर्न प्राथमिकताका साथ बजेट छुट्याउनु पर्ने ।
- मध्यपश्चिम क्षेत्रमा पर्यटन र जडीबुटीको उत्पादन, सङ्कलन र प्रशोधनको कार्यक्रमलाई पहिलो प्राथमिकता दिनु पर्ने ।
- सुर्खेतको भेरीगंगाको मदानेचौरमा क्षेत्रीय विमानस्थल निर्माणलाई प्राथमिकता दिनु पर्ने ।

**उद्योग र अन्य :**

- गुठु, चौकुने सिमेण्ट तुरुन्त सञ्चालनमा ल्याउनु पर्ने ।
- सुर्खेत क्षेत्रीय अस्पताललाई मेडिकल कलेजको रुपमा विस्तार गर्नु पर्ने ।
- बाबियाचौर र औलचिङ्गमा इलाका प्रशासन कार्यालय स्थापना गरिनु पर्ने ।
- राष्ट्रिय बजेट निर्माण गर्दा छिमेकी तथा दातृ निकायबाट सहयोग स्वीकार गर्दा कुनै पनि अवस्थामा शर्तविना नै स्वीकार गर्ने नीति अख्तियार गर्नु पर्ने ।
- कुनै पनि गैर सरकारी संस्थाबाट आउने बजेट, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट नियन्त्रित हुनु पर्ने ।

**(विषय : योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)**

- उपभोक्ताहरुमा विकास निर्माणका योजनाहरुलाई अपनत्वको भूमिकामा निर्माण गरिनु पर्ने ।
- योजना छनौटमा राजनीतिक दलहरुको साझा धारणा बन्नु पर्ने ।
- योजना कार्यान्वयनको अनुगमन गर्ने ।
- देशमा जलविद्युत आयोजनामा राज्यले प्राथमिकता साथ बजेट विनियोजन गर्नु पर्ने ।

**(ख) सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- वातावरणीय पूर्वअध्ययन गरी वातावरणमैत्री योजना सञ्चालन गरिनु पर्ने ।
- पूर्वाधार विकासमा नीजि क्षेत्रलाई आकर्षित गर्नु पर्ने ।
- बजेटमा कनिका छर्ने प्रवृत्तिलाई निरत्साहित गरी Integrated Project को अवधारणा कम्तिमा पनि एक विकास क्षेत्रमा एकवटा लागू गर्नु पर्ने ।
- सामाजिक न्यायको कार्यक्रममा सरकारको दायित्व राख्नु पर्ने ।
- नगरोन्मुख वा नगर क्षेत्रहरुमा विकासका न्यूनतम पूर्वाधारको मापदण्ड तय गरिनु पर्ने ।
- यस क्षेत्रमा पर्ने रत्न राजमार्गको कोहलपुर-सुर्खेत खण्डको स्तरोन्नति म्यगदभि ीबलभ मा गर्नु पर्ने ।
- क्षेत्रीय विमानस्थल निर्माणलाई प्रथमिकतामा राख्नु पर्ने ।
- सिंचाइ सुविधाबाट वञ्चित क्षेत्र पहिचान गरी योजना छनौटमा प्राथमिकता तोक्नु पर्ने ।
- खोला तथा नदी क्षेत्रमा आधारित भई सिँचाई आयोजना व्यापक रुपमा सञ्चालनमा ल्याउनु पर्ने ।

- बढीमा दुई वर्षसम्म सम्पन्न हुन सक्ने गरी योजना छनौट गरी कार्यान्वयन गर्ने नीति ल्याउनु पर्ने ।
- कृषि उत्पादनमा वृद्धि गर्न सिँचाई निकै महत्वपूर्ण भएकाले यसलाई प्राथमिकतामा राख्नु पर्ने ।
- सुर्खेत उपत्यकाको हाल सञ्चालनमा आएको झुना वहर खानेपानी आयोजनाको वैकल्पिक स्रोतहरु खोजी गरी भरपर्दो बनाउनु पर्ने ।
- योजना छनौटदेखि कार्यान्वयन तहमा, सुपरीवेक्षण तथा अनुगमन तहमा खटिई गुणस्तरयुक्त निर्माण कार्य गर्न पर्याप्त प्राविधिक जनशक्ति व्यवस्थापन हुनु पर्ने ।
- योजना छनौट, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्दा रात दिन खटिई काम गर्ने जनशक्तिलाई उचित पारिश्रमिक र प्रोत्साहन सुविधा दिनु पर्ने व्यवस्था गर्नु पर्ने ।
- राष्ट्रिय योजना आयोगबाट बीचमा योजना थमिने प्रक्रिया बन्द हुनु पर्ने ।
- प्रक्रियागत ढङ्गले आएका योजनाहरु मात्र राष्ट्रिय योजना आयोगबाट पारित गरिनु पर्ने ।
- सुर्खेत-कोहलपुर १३२ केभी प्रसारण लाईन तत्काल सम्पन्न हुनु पर्ने ।
- बाढी प्रभावित ५०० भन्दा बढी सिँचाइ योजनाहरुको पुनः निर्माण गर्न आगामी वर्षको कार्यक्रममा सम्बोधन गरिनु पर्ने ।
- भेरी बबई डाइभर्सन, नाग्म-गमगढी सडक, रुकुम-दुनै (डोल्पा) सडक निर्माणमा तीव्रता ल्याउनु पर्ने ।
- भेरी करिडोर सिँचाइ आयोजना सञ्चालनमा ल्याउनु पर्ने ।
- यस भेकको आर्थिक विकासमा टेवा पुग्ने चौकुने सिमेण्ट उद्योग निर्माणको प्रक्रिया थालनी गर्नु पर्ने ।
- अछाम, कालिकोट, जुम्ला, मुगुबाट सरल तरिकाले तराइ जोड्ने सुर्खेत-कैलाली जोड्ने सडकको लागि कपालीघाट (कर्णाली नदी) मा पुल निर्माण गरिनु पर्ने ।
- दाङ-तुलसीपुर-बोटेचौर-सुर्खेत सडकको स्तरोन्नति गरिनु पर्ने ।

**शिक्षा :**

- हरेक निर्वाचन क्षेत्रमा नमूना विद्यालय, कलेज स्थापना र विकासका लाग नयाँ शिक्षक दरबन्दी सिजर्ना गर्नु पर्ने।
- विद्यालय भवन निर्माणको कार्य भवन डिभिजन कार्यालयबाट गरिनु पर्ने ।
- प्राविधिक शिक्षालयलाई विस्तार गरिनु पर्ने ।
- एकीकृत सेवा केन्द्र, इलाका शिक्षा कार्यालयहरु स्थापना गरिनु पर्ने ।
- बजेट तथा कार्यक्रमको् अख्तियारी र फुकुवा समयमै प्राप्त हुनु पर्ने ।
- निर्वाचन क्षेत्रगत रुपमा प्राविधिक शिक्षालय, नमूना विद्यालयको स्थापना निर्माणमा जोड हुनु पर्ने ।
- जिल्ला शिक्षा कार्यालयबाट हुने पूर्वाधार विकासका कार्यहरु जिल्ला प्राविधिक कार्यालयबाट हुनु पर्ने ।
- तहगत रुपमा विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी सृजना गरिनु पर्ने ।
- प्रत्येक स्रोत केन्द्रलाई सम्पन्न बनाउन आवश्यक पर्ने पूर्वाधार र सामग्रीको व्यवस्थापनमा जोड दिनु पर्ने र प्रत्येक स्रोत केन्द्रमा खरिदार स्तरको कर्मचारीको व्यवस्थापन गरिनु पर्ने ।
- शिक्षक, कर्मचारी र अभिभावकको क्षमता विकास कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनु पर्ने ।
- क्षेत्रीय शैक्षिक अनुसन्धान केन्द्रको स्थापना गरिनु पर्ने ।
- बालविकास केन्द्रको सवलीकरण तथा सम्बद्ध कर्मचारीको पारिश्रमिक वृद्धि गर्नु पर्ने ।
- सामुदायिक अध्ययन केन्द्रको सवलकिरण र सुदृढीकरण गरिनु पर्ने ।
- शिक्षक सेवा आयोग तथा परीक्षा नियन्त्रण कार्यालयको क्षेत्रीय कार्यालय स्थापनामा जोड दिनु पर्ने ।

- विशेष आवश्यकता भएका बालबालिकाको उच्च शिक्षासम्म अध्ययनको लागि विशेष विद्यालयको स्थापना गरिनु पर्ने ।

**समावेशीकरण :**

- सिमान्तकृत वर्ग जातजाति, लिङ्ग तथा क्षेत्रलाई प्राथमिकता दिई विशेषगरी यस क्षेत्रका लागि क्षेत्रीय विकासको लागि विशेष व्यवस्था मिलाउनु पर्दछ ।
- सीमान्तकृत जातजातिमध्ये दलितहरुको आर्थिक, सामाजिक क्षेत्रको विकासका लागि विशेष प्राथमिकता दिनु पर्दछ ।

**स्वास्थ्य क्षेत्र :**

- प्रत्येक सदरमुकाममा कम्तिमा ५० शैयाको अस्पतालको व्यवस्था गरिनु पर्दछ ।
- स्वास्थ्य नीति २०७१ मा व्यवस्था गरिएको र हरेक स्वास्थ्य चौकीमा एक चिकित्सक तथा एक वार्डमा एक एएनएम को व्यवस्था गरिनु पर्दछ ।
- बजेट प्राप्त नभएका समयमा काम गर्न र आकस्मिक प्रकोप नियन्त्रण गर्न विशेष कोषको व्यवस्था गर्नु पर्दछ ।
- प्रत्येक जिल्लामा आयुर्वेद अस्पतालको व्यवस्था गर्नु पर्दछ ।
- जडीबुटी उत्पादन, सङ्कलन र प्रशोधनका लागि विशेष कार्यक्रम ल्याउनु पर्ने ।

**संस्कृति :**

- ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण, संरक्षण सर सम्बर्द्धन गर्न वस्तुगत योजना स्वीकृत हुनु पर्ने ।
- प्राकृतिक सम्पदालाई पर्यटन र व्यापारसँग जोड्न पूर्वाधार विकास गर्न निश्चित कार्यक्रम ल्याउनु पर्दछ ।
- हस्तकलाको प्रबर्द्धन गर्न विशेष कार्यक्रमको व्यवस्था गर्नु पर्दछ ।

**महिला विकास :**

- लैङ्गिक हिंसा भएका महिलाहरुलाई सुरक्षित संरक्षणस्थलमा राख्नका लागि जिल्लाका कम्तिमा एउटा सुरक्षित आवासगृह निर्माण गर्न बजेट सहित संरचनाको व्यवस्था गर्नु पर्ने ।
- महिलाको लागि आउने कार्यक्रमहरु महिला तथा बालबालिका कार्यालय मार्फत् आउनु पर्ने र आवश्यक समन्वय सम्बन्धित कार्यालयबाट गरिनु पर्ने ।
- ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका लागि सीप विकास र मनोविमर्श कार्यक्रम ल्याउनुपर्ने ।

**सुरक्षा र विकास :**

- सुरक्षा र विकासमा तादात्म्यता ल्याउन प्रहरीका युनिटहरुको संख्या र दरबन्दी थप र स्तरोन्नती गर्ने एवं सबै सुरक्षा निकायहरुको समन्वयात्मक भूमिका प्रबर्द्धन गर्ने ।
- शान्ति सुरक्षा सम्बन्धी सूचना सङ्कलन गर्ने कार्यलाई सवलीकरण गर्ने ।
- नेपाल प्रहरीमा महिला हिंसा तथा बालबालिका क्षेत्र अपराध नियन्त्रण गर्नका लागि महिला प्रहरीको दरबन्दी थप गर्नु पर्ने ।
- प्रत्येक जिल्लामा कम्तिमा १०० जनाको क्षमता भएको कारागार व्यवस्था गरिनु पर्ने ।
- प्रहरीबाट प्रदान गरिने सेवा प्रवाहमा सुधार ल्याउन प्रहरी क्षमता विकास/तालिमको व्यवस्था गर्नु पर्ने ।

**कृषि तथा पशुपालन :**

- बजेटमा सम्बोधन गरी हरेक इलाकामा अधिकार सहितको कृषि तथा पशु सेवाकेन्द्र हुनु पर्ने ।
- प्रत्येक गा.वि.स. र नगरपालिकामा एक/एक कृषि तथा पशुपालन जे.टि.ए. को व्यवस्था गरिनु पर्ने ।
- पशु ल्याब, पशु स्वास्थ्य तथा पशु प्रजनन सेवालाई आकस्मिक सेवामा राख्नु पर्ने ।

- पशु नश्ल सुधार,आहारा विकास,पशु स्वास्थ्य, कृषितथा पशु बीमालाईप्राथमिकता दिनुपर्ने ।
- पशुपालक कृषकले सरकारी सेवा मार्फत् प्राप्त गर्ने औषधि (निःशुल्क) को किटान हुनु पर्ने ।
- युवा कृषकलाई सहुलियत ब्याज दरमा ऋण, भन्सार छूट र उत्कृष्ट युवा कृषकलाई किसान कार्डको व्यवस्था हुनु पर्ने । नेपाल सरकार मार्फत् सञ्चालित युवा लक्षित कार्यक्रमको संख्या बढाउनु पर्ने ।
- सहुलियत दरका रासायनिक मलको व्यवस्था गरिनु पर्ने ।

**सिँचाइ :**

- सिँचाइको व्यवस्था गर्न सिँचाइ नक्शाङ्कन गरी पानीको स्रोत संरक्षण र सदुपयोग गर्ने विशेष कार्यक्रम ल्याइनु पर्ने ।

**खानी तथा भू-गर्भ :**

- एक विकास क्षेत्रमा एक कार्यालय हुनु पर्ने ।

**घरेलु तथा साना उद्योग :**

- स्वरोजगारी सिर्जना हुने घरेलु उद्योगहरुको स्थापना गर्न प्रोत्साहन गर्ने कार्यक्रम ल्याउनु पर्ने ।
- वैदेशिक रोजगारीमा जानेका लागि क्षमता विकास तालिम सञ्चालन गर्नु पर्ने ।

**(विषय : योजना कार्यान्वयन, पुँजीगत खर्च वृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपाय)**

- रातो किताबमा परिसकेका योजनाहरुको कार्यान्वयनमा विद्यमान झञ्झटिलो प्रक्रिया हटाई खरिद प्रक्रियामा जान सक्ने नीतिको व्यवस्था हुनु पर्ने ।
- सार्वजनिक खरिद ऐनको संशोधन यथाशीघ्र हुनु पर्ने ।
- नदीनाला, खोलाहरुमा पाइने बालुवा, गिट्टी, ढुङ्गालाई वाह्य निकासमा रोक लगाए पनि स्वदेशी निर्माणका लागि निर्वाध रुपमा प्रयोग गर्न पाउनु पर्ने ।
- जिल्ला परिषद्को समयावधि प्रत्येक आर्थिक वर्षको प्रथम चौमासिकभित्र सम्पन्न हुनु पर्ने ।
- आर्थिक अनियमितता कम गर्न र गुणस्तर नियन्त्रणका लागि पर्याप्त प्राविधिक जनशक्तिको संरचना दुरुस्त राख्नु पर्ने ।
- समयमै निर्माण कार्य गुणस्तरयुक्त तरिकाले सम्पन्न गर्ने प्राविधिक तथा निर्माण व्यवसायीहरुलाई पुरस्कृत गर्ने व्यवस्था हुनु पर्ने ।
- आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र अख्तियारी र बजेट प्राप्त हुनु पर्ने ।
- पूर्वाधार विकासका लागि सञ्चालित योजना कार्यान्वयन गर्दा सम्बन्धित कार्यालयको समन्वय अनिवार्य हुनु पर्ने । जस्तैः कृषि कुलो र सिँचाइ योजना, गा.वि.स. सडकर डिभिजन सडक आदि ।
- आर्थिक वर्ष असारबाट जेठसम्म कायम गर्नु पर्ने ।
- दुर्गम क्षेत्रको बजेट बहुवर्षीय बजेट मानी फ्रिज नहुने व्यवस्था गर्नु पर्ने ।
- योजनाको खर्चका आधारमा कर्मचारीलाई प्रोत्साहन व्यवस्था गर्नु पर्ने ।
- समुदायमा सञ्चालन हुने योजनाको कार्यान्वयन अघि सरोकारवाला र उपभोक्ताको रोहवरमा योजना जानकारी गराउने र योजना सम्पन्न भएपछिको सामाजिक परीक्षणबीच तादात्म्यता गराउने ।

**विविध/सुशासन :**

- नागरिकता, पासपोर्ट, जग्गा धनी विवरण, नक्सा लगायतका सरकारी महत्वका कागजात अभिलेखलाई एक वर्षभित्र अनिवार्य रुपले डिजिटल सिष्टममा लैजानु पर्ने ।
- राष्ट्रिय योजना आयोगले योजना छनौट गर्दा स्थानीय निकायले पारित गरेका योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।

- स्थानीय निकायहरुबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको निगरानी राख्नको लागि वडा नागरिक मञ्च र सामुदायिक सचेतना केन्द्रलाई व्यवस्थित र सवलीकरण गरिनु पर्ने ।
- राष्ट्रिय बजेट तर्जुमा गर्दा जनस्तरमा छलफल गरी सम्बन्धित क्षेत्रका विज्ञहरुबाट सहयोग लिई तर्जुमा गर्नु पर्ने ।
- बाढी पीडितको जीविकोपार्जनको कार्यक्रमलाई परिणाममुखी बनाउनु पर्ने ।
- योजना अनुगमन कार्यलाई वस्तुगत, परिणममुखी बनाउने संयन्त्र निर्माण गर्नु पर्ने ।
- कर्मचारीलाई कामका आधारमा मूल्याङ्कन गर्न गणीतीय सूचकाङ्क सहितको मूल्याङ्कन फाराम विकास गरिनु पर्ने ।
- योजनाको उच्च गुणस्तरमा काम गराउने कार्यालय प्रमुखबाट कर्मचारीलाई पुरस्कृत गरिनुपर्ने ।

**राजस्व नीति सम्बन्धमा :**

- सुर्खेत जिल्ला मध्यपश्चिमाञ्चल क्षेत्रको केन्द्रविन्दुको रुपमा स्थापित हुँदैछ । सडक सुविधाको विस्तारसँगै सुर्खेत जिल्ला व्यापारिक केन्द्रको रुपमा स्थापित हुँदै गएको परिप्रेक्ष्यमा आन्तरिक राजस्वमा यस जिल्लाको योगदान बढ्ने निश्चित छ ।
- कर प्रशासनको क्षेत्रमा हाल सुर्खेत जिल्ला मात्र कार्यक्षेत्र रहेको सेवा कार्यालय स्थापना भै सञ्चालनमा छ । दैलेख, कालिकोट लगायतका जिल्लाका व्यवसायीलाई कर सम्बन्धी सेवा लिन नेपालगञ्ज जानु पर्ने बाध्यता छ । सुर्खेतमै दश हजारभन्दा बढी करदाता भएकाले सानो कार्यालयले यसको प्रशासन हेर्न असम्भव हुँदै गएको देखिन्छ ।
- यस क्षेत्रका करदातालाई सहज रुपमा सेवा प्रदान गर्न र यस क्षेत्रको राजस्व सम्भाव्यता अनुसार कर सङ्कलन गर्न करदाता सेवा कार्यालय सुर्खेतलाई अपग्रेड गरी पूर्णरुपको आन्तरिक राजस्व कार्यालय बनाई माथि उल्लिखित जिल्लाहरुमा समेत कार्यक्षेत्र विस्तार गर्नु पर्ने देखिन्छ ।

**सरकारी कार्यालयको पुँजीगत खर्चतर्फ :**

- पुँजीगत खर्च वृद्धिका सवालमा सबै सरकारी कार्यालयको योजना कार्यान्वयन तीन चरणमा गरिनु पर्ने :
- ठेक्कापट्टा रखरिद सम्बन्धी काम क्षेत्रीय प्रशासन वा खरिद इकाइ कार्यालय स्थापनागरीगर्ने ।
- योजनाको कार्यान्वयन र नापजाँच सम्बन्धित सरकारी निकायले गर्ने,
- खर्च कार्यान्वयनको अनुगमन छुट्टै समिति (क्षेत्र भए क्षेत्रीय, जिल्ला भए जिल्लास्तरीय अनुगमन समिति) मार्फत् सिफारिसका आधारमा भुक्तानी दिने व्यवस्था गर्ने । अनुगमन कार्य विभाग, मन्त्रालयबाट पनि गर्ने ।

**(ग) नागरिक समाजका प्रतिनिधिबाट प्राप्त सुझाव :**
**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**
**शिक्षा :**

- पूर्वाधार विकासमा समता ल्याउनु पर्ने ।
- गुणस्तरीय शिक्षाको लागि आवश्यक नीति तय गर्नु पर्ने ।
- व्यावहारिक एवं समयसापेक्ष प्राविधिक शिक्षालयहरु स्थापनामा जोड दिनु पर्ने ।

**यातायात :**

- पूर्व सम्भाव्यता अध्ययन गरेर दक्ष प्राविधिक परिचालन गरेर मात्र सडक सञ्जाल विस्तार गरिनु पर्ने ।
- विद्यमान सडक सञ्जालको स्तरोन्नति तुरुन्त गरिनु पर्ने ।
- सबै जिल्लाका सदरमुकाम जोड्ने सडकहरु यथाशीघ्र कालोपत्र गरिनु पर्ने ।

- हवाई यातायात, एयरपोर्ट निर्माण, केबुलकार जस्ता कुराहरु हिमाली तथा पहाडी जिल्लामा सञ्चालन गरिनु पर्ने ।
- पर्यटकीय क्षेत्रहरु भएका स्थानमा स्तरीय सडक निर्माण गरिनु पर्ने ।

**कृषि :**

- निर्वाहमुखी कृषिको अन्त्य गरी व्यावसायिक कृषि पेशाका लागि कृषकहरुलाई आवश्यक तालिम तथा सहुलियत ब्याजदरमा ऋण अनुदानको व्यवस्था गर्नु पर्ने ।
- विद्यमान अनुदान प्रणाली झञ्झटिलो र किसानमुखी नभएकाले त्यसलाई परिमार्जन गर्नु पर्ने ।
- प्रत्येक जिल्लामा कृषि तथा पशुपालनका लागि अनुसन्धान केन्द्रहरु स्थापना गर्नु पर्ने ।
- कृषिका लागि पकेट क्षेत्रहरु पहिचान गरी सिँचाइ व्यवस्था गर्नु पर्ने ।
- निर्यातमुखी कृषि फर्मका लागि आवधिक योजना बनाउनु पर्ने ।

**सञ्चार :**

- विद्यमान सञ्चार माध्यमहरुको अनुगमन गरी आवश्यक मापदण्ड तोक्नु पर्ने ।
- एकद्वार विज्ञापन नीति खारेज गरी समानुपातिक ढङ्गबाट वितरण र अनुदानको व्यवस्था गर्नु पर्ने ।
- नयाँ खोल्ने सञ्चार माध्यमका लागि सम्भाव्यता अध्ययन पछि मात्र सञ्चालन अनुमति दिनुपर्ने ।

**पर्यटन :**

- पर्यटकीय क्षेत्रमा निर्माण हुने संरचनाका लागि निर्माण सामग्रीमा सहुलियत हुनु पर्ने ।
- पर्यटकीय स्थलको पूवाधार विकासका लागि विशेष प्याकेज ल्याउनु पर्ने ।
- थप पर्यटकीय क्षेत्र पहिचान गरी त्यसको विस्तार गर्नु पर्ने ।
- पर्यटन क्षेत्रको अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गर्नु पर्ने ।

**शहरीकरण :**

- व्यवस्थित शहरीकरणका लाग नीति बनाउने र प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
- भूमिको छनौट गरी सोही अनुरुप उपयोग गरिनु पर्ने ।
- अव्यवस्थित शहरीकरण रोकेर व्यवस्थित गर्नु पर्ने ।

**सामाजिक सुरक्षा तथा संस्कृति :**

- सामाजिक सुरक्षालाई स्पष्ट नीति बनाएर प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।

**स्थानीय निकाय :**

- स्थानीय स्तरबाट छनौट गरिएका योजनाहरु राजनीतिक पूर्वाग्रह नराखी कार्यान्वयन गर्नु पर्ने ।

**वन तथा वातावरण :**

- अवैधरुपमा ढुङ्गा, गिट्टी,बालुवातथा वन पैदावारको निकासी रोक्न विशेष प्याकेट ल्याउनु पर्ने ।
- विद्यमान वनजङ्गल विस्तार गरी २९ प्रतिशतबाट ३३ प्रतिशतसम्म पुऱ्याउनु पर्ने ।
- संरक्षित क्षेत्रहरुको सदुपयोग गर्नु पर्ने ।
- प्रत्येक जिल्लामा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्नु पर्ने ।

**रोजगारी :**

- उत्पादनमुखी उद्योग, कलकारखानाको स्थापना गरिनु पर्ने, जसमा विद्यमान कर छूटको प्रणालीलाई निरन्तरता दिनु पर्ने ।
- शिक्षित बेरोजगारहरुलाई शैक्षिक प्रमाणपत्र धितो राखी ऋण दिने व्यवस्था गर्नु पर्ने ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**

- अपर कर्णालीका लागि विद्यमान समस्या अन्त्य गरी तत्काल निर्माण शुरु गर्नु पर्ने ।
- एसियाकै ठूलो मानिएको चौकुने सिमेण्ट उद्योग तत्काल सञ्चालन गर्नु पर्ने ।
- मध्यपश्चिमका राष्ट्रिय निकुञ्जहरुमा सबै किसिमका पूर्वाधार विकास गर्नु पर्ने ।
- मध्यपश्चिमका प्रत्येक जिल्ला सदरमुकामसम्मका सडक तत्काल कालोपत्रे गर्नु पर्ने र सडक सञ्जाल नपुगेका जिल्ला (हिमाली, पहाडी) मा तत्काल अध्ययन गरी सडक विस्तार र कालोपत्रे गर्नु पर्ने ।
- तीनवटै अञ्चलमा मेडिकल कलेजको स्थापना गर्नु पर्ने ।
- भेरी बबई डाइभर्सनको काम तत्काल अघि बढाउनु पर्ने ।
- प्रत्येक जिल्लाका सबै निर्वाचन क्षेत्रमा आवश्यकता अनुसार भण्डारण तथा कृषि चिस्यान केन्द्र स्थापना गर्नु पर्ने ।
- नन्सिंहगाढ जलविद्युत आयोजनाको काम अघि बढाउनु पर्ने ।
- कृषि विश्वविद्यालय स्थापना गर्नु पर्ने ।
- कम्तिमा तीनवटा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्नु पर्ने ।
- कर्णाली र मध्यपश्चिमका विकट क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी निश्चित अवधिसम्मका लागि बजेटमा प्राथमिकीकरण गरिनु पर्ने ।
- निर्माणाधीन भग्नावशेष काँक्रेविहारको कार्य सम्पन्न गरिनु पर्ने र जिल्लाको हकमा पर्यटन गुरुयोजना निर्माण गरिनु पर्ने ।
- बाढीपीडितको पुनर्वासको लागि तत्काल पहल चालिनु पर्ने ।
- भूमिको पहिचान गरी प्रयोग गर्नको लागि भू-उपयोग नीति तत्काल कार्यान्वयन गरिनु पर्ने ।
- हरेक निर्माण योजना र बजेट स्थानीय सञ्चार माध्यमबाट सार्वजनिक गरिनु पर्ने ।

**(घ) सहकारी संघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- कृषि, यातायात, ऊर्जा, जडिबुटी र पर्यावरणीय पर्यटनमा पहिलो प्राथमिकतामा राखी कार्यान्वयनतर्फ जोड दिनु पर्ने ।
- विदेशमा उत्पादित वस्तुलाई आयातमा निरुत्साहित गर्ने कार्यक्रम ल्याउनु पर्ने ।
- सरकारका सबै निकायहरुमा सहकारीको प्रतिनिधित्व गराउनु पर्ने ।
- सहकारी क्षेत्रको उत्पादन वृद्धिका लागि सरकारले प्रविधि र अनुदान उपलब्ध गराउनु पर्ने ।
- सहकारी क्षेत्रका विकासका लागि क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, भ्रमण (आन्तरिक/वाह्य) अनुगमनमा जोड दिनु पर्ने ।
- राज्यबाट सञ्चालन गरिने कार्यक्रमहरु सहकारी मार्फत् ग्रामीणस्तरसम्म पुऱ्याउने नीति तथा कार्यक्रम हुनु पर्ने ।
- निजामती सेवा अन्तर्गत सहकारी समूह गठन गर्नु पर्ने ।
- सहकारीका जिल्ला तथा विषयगत संघहरुको भवन निर्माणका लागि बजेट व्यवस्थापन गरिनु पर्ने ।
- जिल्ला सहकारी कार्यालयमा स्रोत, साधन, जनशक्तिको पर्याप्त व्यवस्थाको लागि बजेट विनियोजन गरिनु पर्ने ।
- कृषि कार्यालय, पशु विकास कार्यालय, वन तथा अन्य आयोजनाबाट सहकारीलाई वितरण गर्ने अनुदान तथा सहकारी सम्बन्धी कार्यक्रम जिल्ला सहकारी कार्यालयबाट मात्र गर्ने व्यवस्था हुनु पर्ने ।
- सहकारी बोर्डको नाममा रहेका जग्गाहरु जिल्ला सहकारी संघमा हस्तान्तरण गर्ने व्यवस्था गरिनु पर्ने ।

**(विषय : सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गरिनु पर्ने विषयवस्तु)**
**समस्या :**

- सहकारी ऐन, नियम समयसापेक्ष नहुनु ।
- सहकारी विकासका लागि आवश्यक बजेट र दक्ष जनशक्तिको अभाव ।
- राज्यको तर्फबाट सहकारीलाई प्राथमिकतामा नराखिनु ।
- उत्पादिन वस्तुले वैदेशिक उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु ।
- सहकारी क्षेत्रलाई प्रोत्साहन हुने खालका कार्यक्रमहरु नहुनु ।

**आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु :**

- सहकारी ऐन, नियमहरु समयसापेक्ष र अन्य ऐन, नियमहरु सहकारीमैत्री हुनु पर्ने ।
- प्रत्येक जिल्लामा सहकारी कार्यालय, अञ्चलमा र विकास क्षेत्रका क्षेत्रीय सदरमुकाममा सहकारी प्रशिक्षण केन्द्रको स्थापना हुनु पर्ने ।
- प्रत्येक जिल्लामा सहकारीबाट उत्पादित कृषिजन्य वस्तुहरुको व्यवस्थापनको लागि शीतभण्डार हुनु पर्ने ।
- उत्पादित वस्तुको प्रशोधन, बजारीकरण, प्रमाणीकरण र ढुवानीमा अनुदानको व्यवस्था हुनु पर्ने ।
- सहकारी क्षेत्रमा लगाइएको कर हटाउनु पर्ने ।

## बाँके जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिबाट प्राप्त सुझाव**
**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- नीति, कार्यक्रम र बजेट दलका कार्यकर्तामुखी नभई जनमुखी हुनु पर्ने ।
- लक्षित वर्ग, क्षेत्र, लिङ्ग, धर्म, समुदाय, विपन्न तथा पछाडि परेका जनताको पहुँच स्थापित हुने गरी योजना छनौट गर्नु पर्ने ।
- योजना छनौट गर्दा लक्षित वर्ग शिक्षित छैन भने सहजीकरण गर्ने सहयोगीको सहयोगद्वारा उनीहरुका भावनालाई सम्बोधन गर्ने गरी योजना तर्जुमा गर्ने । जस्तै : महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक, तेस्रो लिङ्गी आदि ।
- रकमान्तर गरी खर्च गर्ने व्यवस्थाको अन्त्य गर्नु पर्ने ।
- आधारभूत आवश्यकता, जस्तो : स्वास्थ्य, शिक्षा र खानेपानी जस्ता कुराहरु निःशुल्क भनिएको भए तापनि कार्यान्वयन नभएकोले यी कुराहरु निःशुल्क हुनु पर्ने ।
- आर्थिक वर्ष ठाउँ अनुसार फरक हुने गरी व्यवस्था हुनु पर्ने ।
- विपद् व्यवस्थापनको लागि विशेष बजेट छुट्याउनु पर्ने ।
- सामाजिक सुरक्षा भत्तालाई नागरिकको दैनिकी सरल व्यवस्थापन हुन सक्ने गरी परिमार्जन गर्नु पर्ने ।
- युवाहरुलाई रोजगारी नमिल्दासम्म बेरोजगार भत्ता उपलब्ध गराउनु पर्ने ।
- करको दायरा फराकिलो पार्दै कर चुहावटमा पूर्णतया नियन्त्रण गर्ने र करको दर भने घटाउनु पर्ने ।
- ठूला/साना कृषकहरुलाई अनुदानको व्यवस्था गर्नु पर्ने ।
- ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गको दैनिकी व्यवस्थापनको लागि प्याकेज कार्यक्रम आउनु पर्ने ।
- स्वदेशी उत्पादनलाई प्राथमिकता दिन केही वर्षसम्म कर लगायत सरकारी दस्तुरमा छुट दिई देश आत्मनिर्भर बनाउनेतर्फ योजना तर्जुमा तथा कार्यान्वयन पक्षलाई कडाई गर्नु पर्ने ।
- पर्यटकीय स्थल, प्राकृतिक सम्पदा तथा पुरातात्विक महत्वका विषयलाई संरक्षण गर्दै यस क्षेत्रको पर्यटकीय विकासलाई आर्थिक विकाससँग जोड्ने गरी कार्यक्रम आउनु पर्ने ।

- नीति, कार्यक्रम र बजेटको कार्यान्वयनमा हुने अनियमिततालाई रोक्न विशेष व्यवस्था गर्नु पर्ने ।
- बजेट कार्यान्वयन गर्न स्थानीय जनप्रतिनिधि नहुँदा सहजीकरण गर्न गाह्रो भएको र अनियमितता बढेर गएकोले स्थानीय निकायको निर्वाचन हुनु पर्ने ।
- अन्तिम समयमा आएर बजेट खर्च गरी अनियमितता हुने परिपाटीको अन्त्यका लागि विशेष व्यवस्था गरिनु पर्ने ।
- एक आर्थिक वर्षभित्र सरकार बदलिँदा नीति, कार्यक्रम नबदलिने व्यवस्था गरिनु पर्ने ।
- सहकारी, निजी र सरकारी गरी तीनखम्बे लगानी नीतिलाईं अझ ठोस् र व्यावहारिक रुपमा लागू गर्नु पर्ने ।
- गरीबी निवारणका लागि व्यावसायिक तथा रोजगारीलाई केन्द्रमा राखेर नीति कार्यक्रम ल्याउनु पर्ने ।
- जिल्लामा एकीकृत योजना तर्जुमा गर्दा वा समीक्षा गर्दा गैर सरकारी संस्थाको प्रशासनिक खर्च विवरण पनि सार्वजनिक हुनु पर्ने व्यवस्था गर्नु पर्ने ।
- आरक्षणको सवालमा दलित, महिला, जनजाति, अपाङ्ग, पीछडिएको क्षेत्र आदिका साथै विपन्न वर्गलाई पनि समेट्नु पर्ने ।

**(विषय : योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)**

- विकास निर्माण र योजना छनौटमा सबै दलहरुको साझा धारणा बनाउनमा ध्यान दिनु पर्ने ।
- सबै दलका कमिटीभित्र विकास निर्माण योजनाका प्रस्तावहरुसँग सरोकार राखेर छलफल हुनु पर्ने ।
- राजनीतिक दलहरुले आफ्ना कार्यकर्तालाई रोजगारी मिल्ने ढङ्गले योजना छनौट नगरी स्थानीय आवश्यकतालाई केन्द्रमा राखी गर्नु पर्ने ।
- स्थानीय विकास मन्त्रालयको नियमावली अनुसार वडा नागरिक मञ्च, गाउँ, नगर र जिल्ला परिषद्बाट पारित भएका योजना मात्र राष्ट्रिय योजना आयोग मार्फत् बजेटको रातो किताबमा राखिनु पर्ने ।
- गलत प्रक्रियाबाट आएका योजनाहरुलाई कार्यान्वयनमा रोक लगाउनु पर्ने ।
- प्राथमिकीकरण गरी पठाइएका योजनाहरु निर्धारित अवधिसम्म हु-वहु कार्यान्वयनका लागि रातो किताबमा राख्नु पर्ने ।
- योजना छनौट गर्दा लक्षित वर्ग शिक्षित छैनन् भने सहजीकरणमा राजनीतिक दलहरुको भूमिका हुनु पर्छ।
- आधारभूत आवश्यकताका वस्तुहरु जस्तैः शिक्षा, स्वास्थ्य, खानेपानी, दूर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति जस्ता कुराहरु जनतालाई उपलब्ध गराउने सवालमा राजनीतिक व्यक्तिहरुले भूमिका निर्वाह गर्नु पर्ने ।
- विकास निर्माणका सवालमा दलहरुले स्थानीय स्तरमा सहजीकरण गर्न सक्छन् ।
- विकास निर्माणको कामलाई लिएर पार्टीगत फाइदा लिएको पनि पाइएकोले इमान्दारिता दलमा आबद्ध व्यक्तिहरुमा हुनु पर्ने ।
- 'राजनीति पेशा होइन, यो समाज सेवा हो' भन्ने कुरालाई हृदयङ्गम गर्दै देश विकासमा टेवा पुर्‍याउनु पर्छ।
- राजनीतिक नेतृत्वले कार्यकर्ताको सामाजिक गल्ती ढाकछोप गर्नु हुन्न ।

**(ख) सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु र योजना कार्यान्वयन, पुँजीगत खर्च वृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपाय)**

- आर्थिक वर्ष परिमार्जन गर्नु पर्ने ।
- लागत अनुमान अनुरुप बजेट विनियोजन हुनु पर्ने ।
- ठूला पूर्वाधारमा लगानी बढाउनु पर्ने ।

- जनसहभागिता प्रवर्द्धनमा जोड दिनु पर्ने ।
- समयमै अख्तियारी प्रदान गरिनु पर्ने ।
- कार्यसम्पादन करार गर्नु पर्ने ।
- कार्यबोझको अनुपातमा दरबन्दी मिलान हुनु पर्ने ।
- निश्चित लागत अनुमानभन्दा कमको योजना कार्यान्वयन नगर्ने व्यवस्था हुनु पर्ने ।
- योजना अनुगमन र मूल्याङ्कनमा स्वतन्त्र निकायको संलग्नता हुनु पर्ने ।
- कर्मचारीको क्षमता विकासमा ध्यान दिनु पर्ने ।
- न्यूनतम कबोल गर्नेलाई ठेक्का सम्झौता नगरी औसत निर्धारण गरी सोही अनुरुपको प्रणाली बनाई ठेक्का सम्झौत ागर्ने व्यवस्था गर्नु पर्ने ।
- आयोजना सम्पन्न नभएसम्म मुख्य कर्मचारी सरुवा गर्न नहुने ।
- कर्मचारी आवास, स्वास्थ्य, शिक्षा (सन्ततिको) को व्यवस्थ ागर्नु पर्ने ।
- सार्वजनिक सुनवाइ नियमित हुनु पर्ने ।
- सूचनाको हक कार्यान्वयनमा गम्भीर हुनु पर्ने ।
- एकल ट्रेड युनियनको व्यवस्था हुनु पर्ने ।
- पूर्व अनुमानयोग्य सरुवा प्रणालीको विकास गर्नु पर्ने ।
- जिल्लागत क्षमताभन्दा बढी बजेट विनियोजन नगर्नु पर्ने ।
- दुर्गम स्थानमा कार्यरत कर्मचारीलाई छुट्टै प्रोत्साहन व्यवस्था हुनु पर्ने ।
- स्वतन्त्र कार्य वातावरण हुनु पर्ने ।
- अनावश्यक दबाब, भनसुन, नातावाद, राजनैतिक संरक्षणको अन्त्य हुनु पर्ने ।
- सार्वजनिक खरिद ऐनमा सुधार (ई-बिडिङ्गका विकृतिहरु नियन्त्रण, लो बिडिङ्ग कम गर्न उपयुक्त समाधान) हुनु पर्ने ।
- ठेकेदारको वस्तुगत रुपमा क्षमता मूल्याङ्कन गरिने परिपाटी बसाल्नु पर्ने ।
- सब कण्ट्राक्टिङ्गका बेफाइदा कम गर्ने उपाय अवलम्बन गर्नु पर्ने ।
- कोटेशनको सीमाङ्कन बढाउनु पर्ने ।
- कार्यप्रकृति अनुसार ठेकेदारको वर्गीकरण हुनु पर्ने ।
- काम अनुसारको बजेट हुनु पर्ने, न कि बजेट अनुसारको काम ।
- राजनैतिक दबाबशुन्य हुनु पर्ने ।
- खर्चको अनिवार्य सार्वजनिकरण हुनु पर्ने ।
- आ.ले.प. कार्यमुलक हुनु पर्ने (स्थलगत प्रमाणीकरण) ।
- कार्यक्रम स्वीकृति विभाग र मन्त्रालय तहमा सीमित राख्नु पर्ने ।
- बजेट भागबण्डा गर्न नहुने ।
- कोटेशनको समय एक हप्ता मात्र हुनु पर्ने ।
- ठेकेदारको धरौटी १०-२० प्रतिशत पुऱ्याउनु पर्ने ।
- सार्वजनिक खरिद कानूनमा चलखेल गर्ने लुप्सहरु राख्न हुँदैन ।
- जिन्सी मूल्याङ्कनको निश्चित आधार तय हुनु पर्ने ।

- कर्मचारीलाई होटल बासको लागि निश्चित रकम निर्धारण गरी होटलको बिल अनिवार्य हुनु नपर्ने व्यवस्था राख्नु पर्ने ।
- बजेट वक्तव्यको घोषणा नै कार्यक्रम तथा अख्तियारी भएको मान्नु पर्ने ।
- कामको आधारमा मूल्याङ्कन, दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्ने ।
- स्थानीय निकायको निर्वाचन अत्यन्त जरुरी ।
- रकमान्तरको लचकता र सीमा सम्बन्धित मन्त्रालयलाई दिनु पर्ने । (राष्ट्रिय योजना आयोगबाट अधिकार प्रत्यायोजन हुनु पर्ने)
- सम्बन्धित आयोजना परियोजनामा उजुरी परी समयमा छिनोफानो नहुनुले ढिलाई हुँदा समयमा खर्च हुन नसक्ने समस्यालाई सम्बोधन गर्न १५दिनभित्र उजुरीको टुङ्गो लाग्ने व्यवस्था हुनु पर्ने ।
- दरबन्दी समयमै पदपूर्ति नहुँदा लक्षित कार्यक्रम समयमै सञ्चालन नभई पुँजीगत खर्च हुन नसक्ने भएकाले यसतर्फ ध्यान दिनु पर्ने ।
- २५ प्रतिशतभन्दा बढी विकास निर्माण कार्यको बोलपत्रमा दभयिध जान नपाउने व्यवस्था राख्नु पर्ने ।
- आर्थिक वर्ष दातृ निकाय र नेपाल सरकारको मिलान गर्नु पर्ने/एकरुपता हुनु पर्ने ।
- हिमाली जिल्लामा विकास बजेट फ्रिज नहुने व्यवस्था अनिवार्य हुनु पर्ने ।
- निर्माण आयोजनाहरुले काम गर्दै रहेको अवस्थामा सम्बन्धित मुख्य कर्मचारीको सरुवा गरिनु नहुने ।
- जुन संस्था वा निकायले राजस्वमा वृद्धि गराएको छ, त्यो संस्था वा निकायले गर्ने कार्यमा १० प्रतिशत रकम खर्च गर्न पाउने प्रावधान अनिवार्य हुनु पर्ने ।
- जुन-जुन निकायले राजस्वमा ठूलो योगदान गरेको छ, त्यसको कम्तिमा २० प्रतिशत रकम त्यसै क्षेत्रको अध्ययन, अनुसन्धानमा खर्च गर्नु पर्ने प्रावधान हुनु पर्ने ।

**(ग) नागरिक समाजका प्रतिनिधिबाट प्राप्त सुझाव**
**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- राष्ट्रियप्राथमिकताकाक्षेत्रहरुःजलविद्युत, कृषि,पर्यटन,शिक्षा, पूर्वाधार निर्माण स्पष्ट हुनु पर्ने ।
- पूर्वाधार निर्माण अन्तर्गत : मध्य-पहाडी राजमार्ग, हिमाली राजमार्ग, पूर्व-पश्चिम रेलमार्ग र उत्तर-दक्षिण राजमार्गहरु प्राथमिकतामा पर्नु पर्ने ।
- शिक्षा अन्तर्गत : प्राविधिक शिक्षा (प्रत्येक विकास क्षेत्रमा), कृषि विश्वविद्यालय, वन विज्ञान विश्वविद्यालय, सूचना तथा प्रविधि विश्वविद्यालय प्राथमिकतामा राख्नु पर्ने । प्रत्येक विकास क्षेत्रमा एक सरकारी मेडिकल कलेज खुल्नु पर्ने ।
- स्वास्थ्य अन्तर्गत : प्रत्येक जिल्लामारहेका जिल्ला अस्पतालहरुलाई सुविधा सम्पन्न बनाउनु पर्ने ।
- गाउँ विकास समितिको बजेट बढाउनु पर्ने ।
- गा.वि.स. मा न्यूनतम अधिकृत स्तरको कर्मचारी व्यवस्था गर्नु पर्ने ।
- गा.वि.स. स्तरका सम्पूर्ण कार्यालय गा.वि.स. मातहत सञ्चालनको व्यवस्था हुनु पर्ने । जस्तै : हेल्थपोष्ट, विद्यालयहरु आदि ।
- भ्रष्टाचार नियन्त्रणको लागि देहाय बमोजिम विशेष कार्यक्रम हुनु पर्ने ।
- प्रत्येक सरकारी कार्यालयमा सी.सी.टी.भी. क्यामेरा जडान गर्नु पर्ने ।
- एन.जी.ओ./आई.एन.जी.ओ. हरुका कार्यको अनुगमन प्रभावकारी हुनु पर्ने ।
- एकद्वार नीति अवलम्बन गर्नु पर्ने ।
- सम्पूर्ण तलबी व्यक्तिहरुलाई १ प्रतिशत करको दायराभित्र राख्नु पर्ने ।

- घरबहाल कर कडाइका साथ लागू गर्नु पर्ने ।
- अव्यवस्थित शहरीकरण रोक्न विशेष योजना निर्माण गर्नु पर्ने ।
- विभिन्न विकासको नाममा पैसा मार्फत् धर्म परिवर्तन गर्ने क्रम रोकिनु पर्ने ।
- नैतिक शिक्षालाई आधारभूत शिक्षादेखि विश्वविद्यालयतहसम्म अनिवार्य लागू गर्नु पर्ने ।
- सिण्डीकेट प्रणाली खारेज गर्नु पर्ने ।
- आरक्षणमा वर्गलाई राख्नु पर्ने जातिलाई होइन ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**

- पुरातात्विक तथा धार्मिक क्षेत्रको जगेर्ना तथा स्तरोन्नति गरिनु पर्ने ।
- बागेश्वरी मन्दीरको सरसफाइ तथा पर्यटन प्रबर्द्धन गर्नु पर्ने ।
- वादी क्षेत्रलाई विशेष कार्यक्रम बनाइ सम्बोधन गर्नु पर्ने ।
- नेपालगञ्जलाई खजुरा तथा कोहलपुर जोडेर महानगरपालिका बनाइनु पर्ने ।
- जिल्लामा सिँचाइ व्यवस्था गर्नु पर्ने ।
- अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला प्रस्तावित कोहलपुरलाई छिटो बनाइनु पर्ने ।
- नेपालगञ्जमा विशेष औद्योगिक करिडोर बनाइनु पर्ने ।
- नेपालगञ्जमा एक सुविधासम्पन्न सीटी हल र फन पार्कको व्यवस्था गर्नु पर्ने ।
- कृषि अनुसन्धान केन्द्रको उच्चतम सदुपयोग गर्नु पर्ने ।
- बाँके जिल्लामा गैरसरकारी संस्थाहरुलाई जिल्ला विकास समितिको मातहतमा एकद्वार नीति अवलम्बन गरी मिलाउनु पर्ने ।

**(घ) जिल्ला विकास समिति तथा नगरपालिकाका प्रमुख एवं प्रतिनिधि र जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गा.वि.स. महासंघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- व्यावसायिक र रोजगारमुलक कृषि, निर्यातमुलक सहकारीकरण गर्नु पर्छ ।
- पूर्वाधार विकास (सडक, विद्युत, सिँचाई, विमानस्थल) मा जोड दिनु पर्दछ ।
- मानव संशाधनको क्षमता विकास (व्यावसायिक शिक्षा, स्वास्थ्य, तालिम आदि) मा ध्यान दिनु पर्दछ ।
- वातावरण संरक्षण र जलवायु परिवर्तनको असर न्यूनीकरणमा ध्यान दिनु पर्दछ ।
- प्राकृतिक तथा मानवजन्य जोखिम/विपत्ति (बाढी, पहिरो, आगजनी आदि) नियन्त्रणमा बजेट छुट्याउनु पर्दछ ।
- क्षेत्रीय आवश्यकता र भौगोलिक विकटता अनुरुपका कार्यक्रम ल्याउनु पर्दछ ।
- सुशासन र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्नु पर्दछ ।
- गैर बजेटरी खर्च (सहायता, चन्दा, स्रोतान्तर आदि) नियन्त्रण गर्नु पर्दछ ।
- लो बिडिङ्ग नियन्त्रणका उपाय सार्वजनिक खरिद कानूनमा सुधार गरी गर्नु पर्दछ ।
- लक्षित समूहको सशक्तीकरण र आय आर्जन कार्यक्रम ल्याउनु पर्दछ ।
- निजी क्षेत्र लगानीमैत्री र लगानी सुरक्षाको व्यवस्थामा पनि विशेष ध्यान दिनु पर्दछ ।
- चेलिबेटी बेचविखन, घरेलु हिंसा र लैङ्गिक हिंसा नियन्त्रणमा विशेष ध्यान दिनु पर्दछ ।
- खुला सीमाका कारण हुने चोरी, तस्करी र भन्सार नियन्त्रणमा ध्यान दिनु पर्दछ ।
- कृषि, पशुपालन, उद्योग, व्यापारलाई सहकारीकरण गर्नु पर्दछ ।

- द्वन्द्वबाट क्षति भएका संरचना पुनर्निर्माण गर्नु पर्दछ ।
- व्यवस्थित शहरीकरण र शहरी पूर्वाधार विकासमा ध्यान दिनु पर्दछ ।
- अव्यवस्थित बसोबासलाई पुनर्बसोबास कार्यक्रम ल्याउनु पर्दछ ।
- योजना कार्यान्वयनको प्रभावकारी मूल्याङ्कनका संरचना तथा बजेट व्यवस्था त्यसका लागि हुनु पर्दछ ।
- कर्मचारीको सेवा सुविधामा विशेष ध्यान दिँदै गुणस्तरीय जनशक्ति विकासका उपाय अवलम्बन गर्नु पर्दछ ।
- रातो किताबको भाग-२ को कार्यक्रम जिल्ला विकास समितिले बनाउने भएपछि स्थानीय स्तरमै कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था हुनु पर्दछ ।
- एकल ट्रेड युनियनको अवधारणा कार्यान्वयन गर्नु पर्दछ ।

**(विषय : स्थानीय तहका योजना तर्जुमामा सहजीकरण तथा उपयुक्त जनसहभागिताका प्रभावकारी उपाय)**

- वस्तीस्तर र वडा स्तरमा सरोकारवाला (महिला, दलित, जनजाति, अपाङ्ग समेत) सँग सघन छलफल गर्ने व्यवस्था गर्नु पर्दछ ।
- स्थानीय आवश्यकताको पहिचान गर्न सकिने गरी सूचना/तथ्याङ्क व्यवस्थापन गर्नु पर्दछ ।
- आवधिक गाउँ विकास योजना र वार्षिक बजेटबीचको तालमेल हुनु पर्दछ ।
- स्रोत परिचालन कार्यविधि, २०६९ ले तोकिएको क्षेत्रभन्दा बाहिर नगई लक्षित समूहको बजेट खर्च गर्नु पर्दछ ।
- स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाका कार्यक्रम समेत स्थानीय निकायउसँग दोहोरो नपर्ने गरी योजना तर्जुमा हुनु पर्दछ ।
- इलाका स्तरबाट प्राथमिकीकरण गर्दा तथ्यमा आधारित होओस् भनी ध्यान दिनु पर्दछ ।
- जिल्लाको विषयगत समितिमा विषयगत कार्यालयको सघन छलफल गरी कार्यक्रममा दोहोरोपन हुन नदिने परिपाटी विकास गर्नु पर्दछ ।
- एकीकृत योजना तर्जुमा समितिमा सघन छलफल गर्ने र जिल्लाबाट तर्जुमा भएको बजेट केन्द्रबाट हुबहु कार्यान्वयन गर्ने व्यवस्थाको सुनिश्चितता हुनु पर्दछ ।
- गैर सरकारी संस्था र विषयगत कार्यालयको बजेट तर्जुमामा एकद्वार पद्धति (जिल्ला विकास समितिबाट बजेट बारे निर्णय भएपछि त्यही नै अन्तिम हुने) अपनाउनु पर्दछ ।
- योजना तर्जुमा पद्धति विधिवत् नभई भनसुनबाट पनि हुने परिपाटीको सख्त निषेध हुनु पर्दछ ।

**(ङ) सहकारी संघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- भौतिक पूर्वाधार निर्माण विकास योजना बनाइनु पर्ने ।
- पूर्व-पश्चिम मध्यपहाडी राजमार्ग बनाइनु पर्ने ।
- राष्ट्रिय गौरवका आयोजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्नु पर्ने ।
- पाँच विकास क्षेत्रमा उत्तर-दक्षिण जोड्ने राजमार्ग निर्माण गर्नु पर्ने ।
- जल, जमीन, जङ्गल, जडिबुटी र जैविक विविधताको संरक्षण, प्रबर्द्धन, समुचित प्रयोगको ग्यारेण्टी हुनु पर्ने।
- छिमेकी मित्रराष्ट्रहरुसँग जोडिएका मुख्य नाकाहरुमा राजस्व वृद्धि र व्यवस्थित गर्नको लागि सुक्खा बन्दरगाहको निर्माण गरिनु पर्ने ।
- लक्षित वर्गका कार्यक्रम परिणाममुखी बनाइनु पर्ने ।

- पर्यटन विकासका लागि वार्षिक निश्चित क्षेत्र तोकी क्रमिक रुपमा विकास गर्दै जाने नीति अख्तियार गर्नु पर्ने ।
- आयात प्रतिस्थापन र निर्यात वृद्धिका लागि कृषि विमालाई प्रभावकारी बनाउँदै उत्पादनका पकेट क्षेत्र घोषणा गरी मेशिनरी कृषि औजार, उन्नत बीउ विजनको खोज, अनुसन्धानका लागि नब्बे प्रतिशत अनुदानको व्यवस्था गर्नु पर्ने ।
- दैवी प्रकोप नियन्त्रणका लागि समयमा नै रोकथाम वा क्षति न्यूनताको लागि सूचना केन्द्र सहितको संरचना लगायतका पूर्वतयारी आवश्यक ।

**(विषयः सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**समस्याः**

- सहकारी ऐनका कतिपय राम्रा प्रावधान कार्यान्वयन हुन नसक्नु र त्यसमा समयानुकूल परिमार्जन गर्नु जरुरी रहेको भए तापनि सो हुन नसक्नु,
- पाठ्यक्रममा सहकारी विषयवस्तु समेटिन नसक्नु,
- कतिपय निष्क्रिय भएका सहकारीलाई खारेज गर्ने प्रक्रियामा नजानु,
- सहकारीको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरु नहुनु,
- सहकारीमा राजनीतिकरण हुनु,
- उत्पादिन वस्तुहरुको प्रशोधन, भण्डारण र बजारीकरणको उचित व्यवस्थापन नहुनु,
- सहकारीहरुलाई दोहोरो कर लगाइनु,
- साधन, स्रोत, अनुगमन, निरीक्षण र सहकारी शिक्षाको कमी हुनु,
- सहकारी उद्योग दर्ता गर्न कानूनी जटिलता हुनु,
- उत्पादन गर्ने सहकारीहरुलाई अनुदानको व्यवस्था नहुनु, र
- सहकारीहरुको विशिष्टीकरण नहुनु ।

**(विषय : आगामी बजेटमा सम्बोधन गर्नु पर्ने सहकारीका विषयवस्तु)**

- पचहत्तरवटै जिल्लामा स.प्र.डी.का. स्थापना गरिनु पर्ने ।
- चौधवटै अञ्चलमा होस्टेलको व्यवस्था सहितको तालिम केन्द्र हुनु पर्ने ।
- राष्ट्रिय स्तरको सहकारी विश्वविद्यालय र अनुसन्धान केन्द्र स्थापना गरिनु पर्ने ।
- प्रत्येक जिल्लामा सहकारी शीतभण्डार र सहकारी हाटबजार स्थापना हुनु पर्ने ।
- उद्योग स्थापना गर्न चाहने सहकारीहरुलाई बीउ, पुँजी र मेशिनरी औजारहरु खरिद एवं आयात गर्दा नब्बे प्रतिशत अनुदान व्यवस्था गरिनु पर्ने ।
- राष्ट्र बैङ्कले निर्धारण गरेको विपन्न वर्ग कर्जा सहकारी मार्फत् लक्षित वर्गमा लगानी गर्नु पर्ने ।
- 'एक सहकारी, एक उत्पादन' को नीतिलाई प्रभावकारी बनाउन एक गा.वि.स. मा एक प्रकृतिको मात्र सहकारी स्थापित हुने नीति लागू गरी गरीबी न्यूनीकरण गर्दै जाने नीति अवलम्बन गरिनु पर्ने ।
- सहकारीमा लाग्ने दोहोरो करको अन्त्य हुनु पर्ने ।
- वित्तीय बैङ्कहरु र गैर सरकारी संस्थाहरुका कार्यक्रमहरु सहकारी संस्थाहरु मार्फत् सञ्चालन गर्ने नीति अवलम्बन गरिनु पर्ने ।
- राज्यले स्थानीय स्तरमा विनियोजित बजेटको पच्चीस प्रतिशत सहकारी क्षेत्रको प्रबर्द्धन, विकास र संरक्षणका लागि छुट्याउनु पर्ने ।

- उत्पादित सहकारी उपजको ढुवानी साधनहरुको खरिदका लागि पचहत्तर प्रतिशत अनुदान व्यवस्था गरिनु पर्ने ।
- अर्ग्यानिक मल उत्पादन कारखाना नेपालमा खोल्ने व्यवस्था हुनु पर्ने ।
- उत्पादन गर्ने सहकारी र एकीकरण हुन चाहने सहकारीहरुलाई कर छूट सहित आर्थिक प्याकेजको व्यवस्था गरिनु पर्ने ।

## अनुसूची-४

## पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, रुपन्देही र पाल्पा जिल्ला

### रुपन्देही जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**(क) राजनीतिक दलका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**कृषि :**

- कृषि क्षेत्रको विकासका लागि निश्चित विषयवस्तुको पहिचान हुनु पर्ने । क्षेत्रगत उत्पादनको पहिचान गरी एक क्षेत्र वा एक जिल्ला एक उत्पादनको नीति अवलम्बन गर्नु पर्ने ।
- कषि क्षेत्रकोलागि राज्यले विषय खुलाई अनुदान दिनु पर्ने । त्यसको पारदर्शिता निर्धारण हुनुपर्ने ।
- उत्पादन र कृषिसँग सम्बन्धित पशुपालन, मत्स्यपालन लगायतको विषयको निर्धारण हुनु पर्ने ।
- फलफुल, जडीबुटी, प्राविधिक लगायतका विषयहरुलाई वैज्ञानिकीकरण गरी कार्यान्वयन गर्नु पर्ने ।

**पर्यटन :**

- पर्यटन क्षेत्रको विकासको लागि आवश्यक नीति निर्माण हुनु पर्ने ।
- पर्यटन विकासका सम्भावित क्षेत्रको पहिचान गरी आवश्यक रणनीति तय गर्नु पर्ने ।
- पर्यटन विकासका क्षेत्रमा देखिएका नीतिगत समस्याको अन्त्य हुनु पर्ने ।
- लुम्बिनीलाई पर्यटन र सस्कृतिको क्षेत्रमा अधिकतम प्रयोग गर्ने गरी सरकारी रणनीति अवलम्बन गर्नु पर्ने ।
- पर्यटन विकासको क्षेत्रमा आवश्यक पर्ने सरकारी नीति र त्यससँग सम्बन्धित अप्ठ्याराहरुको अन्त्य हुनु पर्ने ।
- स्वास्थ्य सम्बन्धी राज्यको नीति स्पष्ट हुनु पर्ने ।
- स्वास्थ्य जस्तो सम्बेदनशील विषयका बारेमा राज्यले नागरिक उपचार कोषको व्यवस्था गर्नु पर्ने ।
- स्वास्थ्य बीमालाई कडाइका साथ लागू गर्नु पर्ने ।
- स्वास्थ्य सबैको भन्ने सरकारको नीति कार्यान्वयन गर्नु पर्ने ।
- शिक्षा नीति स्पष्ट हुनु पर्ने ।
- शिक्षालाई प्राविधिकरण गर्ने गरी बजेटको व्यवस्था मिलाउनु पर्ने ।
- शिक्षाको विविधीकरणको अन्त्य हुनु पर्ने र त्यसलाई निःशुल्क गराउन आवश्यक बजेटको व्यवस्था हुनु पर्ने ।
- सञ्चारलाई वैज्ञानीकीकरण गरी सर्वसुलभ र आम जनसमुदायको पहुँचमा पुऱ्याउनु पर्ने ।
- खाने पानीको क्षेत्रमा आवश्यक सरकारी नीति अवलम्बन गरी स्वच्छ सफा पीउने पानीको नीति अवलम्वन हुनु पर्ने ।
- जलस्रोतको विकासलाई राज्यको प्राथमिकीकरणभित्र पारी मुलुकलाई लोडसेडिङ्ग मुक्त घोषणा नीति अवलम्वन हुनु पर्ने ।
- रोजगारका प्रमुख आधार जलस्रोत हुने गरी राज्यले आवश्यक नीति अवलम्वन गर्नु पर्ने ।
- बेरोजगारी अन्त्यको लागि राज्यको तहगत क्षेत्रमा विकास गरी हाल देखिएको बेरोजगारीको डरलाग्दो अवस्थाको अन्त्य हुनु पर्छ ।

- कम्तिमा एक घर, एक रोजगार नीति अवलम्बन हुनुपर्छ ।
- अनुगमन नीतिको कडाइका साथ कार्यान्वयन हुनु पर्छ । दण्ड र सजायको व्यवस्था मिलाउनु पर्छ ।

**(विषय : योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)**

- विकासका पूर्वाधारको छनौट हुनु पर्ने ।
- विकासलाई आम पहुँचको विषय बनाउनु पर्ने ।
- विकास सम्बन्धी दृष्टिकोण स्पष्ट हुनु पर्ने ।
- विकासको पारदर्शिता अपनाउनु पर्ने ।
- विकासका क्षेत्रमा छनौट गरिएका योजनाहरुमा दलहरुबीच एकरुपता हुनु पर्ने ।
- योजना छनौट गर्दा आवश्यकताको पहिचान हुनु पर्ने ।
- स्थानीयस्तरका विकास योजनाहरुलाई प्राथमिकीकरण गरी अगाडि बढाउनु पर्ने ।
- कुनै पनि योजना छनौट गर्दा पूर्वाधार र वस्तुगत आधार मान्नु पर्छ ।
- छनौट योजनाहरु कार्यान्वयनमा दलगत स्वार्थभन्दा माथि उठेर कार्यान्वयन गर्नु पर्ने हुन्छ ।
- विकास सम्बन्धी सरकारी नीति स्पष्ट हुनु पर्दछ ।
- अनुगमन र मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ ।
- योजना छनौट गर्दा कम्तिमा पनि १० वर्षको आधार मान्नु पर्ने ।
- योजना छनौट गर्दा अल्पकालीन, मध्यकालीन र दिर्घकालीन गरी छनौट हुनु पर्ने ।
- योजना छनौट गर्दा त्यसको प्रभाव र लाभान्वीत जनसमूदायको बारेमा पहिचान हुनु पर्ने ।
- योजना छनौट भइ सम्पन्न भएको मितिले कति समयसम्म त्यसको जवाफदेहिताको नीति अवलम्वन हुनु पर्ने ।

**(ख) सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**कृषि :**

- वास्तविक कृषकहरुलाई सहुलियत ऋण, आधुनिक प्रविधि, सेवा झंझटरहित पर्याप्त मााात्रामा पाउने अवस्थाको सुनिश्चितता हुनु पर्ने ।
- भू-उपयोग नीति तत्काल कार्यान्वयन गरी कृषियोग्य जमीनको संरक्षण हुनु पर्ने ।
- तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गर्न अध्ययन, अनुसन्धानमा जोड दिनु पर्ने ।
- सिँचाइका कार्यक्रम/आयोजनाहरुलाई एकीकृत रुपमा लागू गर्नु पर्ने ।

**ऊर्जा :**

- ऊर्जा क्षेत्रमा स्वदेशी लगानी बढाउन लगानीमैत्री बातावरण बनाउनु पर्ने ।
- प्रत्येक वर्ष कम्तिमा एउटा ४०० मेघावाटभन्दा बढिको आयोजना शुरु गर्नु पर्ने ।

**पर्यटन तथा पूर्वाधार विकास :**

- लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन क्षेत्रका रुपमा विकास गर्दै पर्यटन हवका रुपमा सम्भावित क्षेत्रको पहिचान गर्नु पर्ने ।
- पर्यटनमैत्री वातावरण सिर्जना गर्नु पर्ने ।
- प्रविधि उपयोग र विकास
- क्षमता विकास

- सेवा सुविधामा सहजीकरण
- आन्तरिक पर्यटनका लागि प्रोत्साहन
- पर्यटन रोजगारीको अवधारण विकास गर्ने
- पर्याप्त रोजगारीका अवसर सृजना
- तालिम र अभिमुखिकरण
- संस्कृति प्रबर्द्धन र बजारीकरण

**मानव संशाधन :**

- प्रमुख स्रोतका रुपमा लिई लगानी बढाउनु पर्ने ।
- स्वदेशमा नै पर्याप्त रोजगारीका अवसर सहित उद्यमशीलता विकासमा जोड दिनु पर्ने ।
- बाल विकास, व्यवहारोपयोगी शिक्षा, प्रतिस्पर्धी वातावरण र शिक्षा तथा स्वास्थ्य क्षेत्रमा स्तरीय एवं पहुँच योग्य बनाउदै बीमा कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्ने ।
- वैदेशिक रोजगारीलाई मर्यादित र व्यवस्थित बनाउन सचेतनामूलक कार्यक्रममा लक्षित हुने र स्वदेश फिर्ती पश्चात् निजको सीप, पुँजी प्रयोगमा प्रोत्साहन गर्नु पर्ने ।
- समावेशी विकाससँग प्रत्येक नीति तथा कार्यक्रम Tie गउ गर्ने ।

**योजना कार्यान्वयनका समस्या :**

- समयमै योजना/कार्यक्रम स्वीकृत नहुनु,
- योजना कार्यान्वयनको लागि बजेटको अनिश्चितता,
- अख्तियारी तथा कार्यक्रमबीच तालमेल नहुनु,
- बजेट निकासा नहुनु,
- उपभोक्ता समितिबाट सञ्चालित योजनाहरुमा एथेष्ट जनसहभागिता जुट्ने अवस्था नहुनु,
- योजना प्रमुख तथा सम्बद्ध कर्मचारीहरुको समय नपुग्दै अदृश्य कारणले सरुवा हुने नियती ।

**पुँजीगत खर्च वृद्धि हुन नसक्नुका कारण :**

- एकातिर पुँजीगत खर्च नभएको अवस्था छ भने अर्कोतर्फ आवश्यक बजेट प्राप्त नभएको अवस्था (कार्य प्रगति अनुसारको बजेट विनियोजन नहुने) उदाहरणका लागि-सडक निर्माण ।
- योजना राम्रोसँग कार्यान्वयन भएमा पुँजीगत खर्च स्वतः वृद्धि हुन्छ ।

**आर्थिक अनियमितता नियन्त्रणका उपाय :**

- राष्ट्र बैङ्कको सूचक अनुसार कर्मचारीलाई जीवनयापन गर्न पर्याप्त हुने गरी तलब भत्ता सुविधा हुनु पर्दछ।
- आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी जिम्मेवारी दिने व्यवस्था गरिनु पर्दछ ।
- परिवर्तित समसामयिक ऐन नियम सम्बन्धी विभिन्न प्रकारका तालिम कार्यक्रहरु सञ्चालन गर्नु पर्दछ ।
- अनुगमन तथा सुपरिवेक्षणको लागि माथिल्लो निकायबाट स्वचालित संयन्त्रको व्यवस्था हुनु पर्दछ ।

**(ग) नागरिक समाजका प्रतिनिधि (प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/ सञ्जालका प्रतिनिधि एवं पत्रकार समेत) बाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- पुराना धार्मिक धरोहरहरुको संरक्षणमा सरकार र निजी क्षेत्रको प्राथमिकतामा राखिनु पर्ने ।
- लुम्बिनी, रामग्राम, देवदह, तिलौराकोट लगायतलाई समावेश गरी बुद्ध सर्किट बनाई आवश्यक बजेट व्यवस्था गर्नु पर्ने ।

- अन्तर्राष्ट्रिय एयरपोर्ट, अन्तर्राष्ट्रिय सभा भवनको निर्माण कार्य समयभित्र कार्यान्वयन गर्न चाहिने बजेट र निर्माण समय सीमाभित्रै सम्पादन गर्ने व्यवस्था गरिनु पर्ने ।
- विश्वभरिका मानिसहरु भगवान बुद्धको जन्म स्थान लुम्बिनीमा आई आफ्ना सन्तान जन्माउन इच्छुक रहेको अवस्थालाई मध्यनजर गर्दै लुम्बिनी क्षेत्रमा प्रसुती केन्द्रको स्थापना गरी यसै आर्थिक वर्षदेखि त्यसको लागि बजेटको व्यवस्था गर्नु पर्ने ।
- लुम्बिनी विकासका साथै यस क्षेत्रमा रहेका स्थानीय महत्वपूर्ण निम्नलिखित स्थानहरुको संरक्षण र प्रवर्द्धन गर्न बजेटको व्यवस्था यसै आर्थिक वर्षबाट गरिनु पर्ने ।
- नवलपरासी : मजरबावा मन्दिर (हिन्दु र मुसलमान समूदायको प्रख्यात मन्दिर)
- अंग्रेजसँगको यूद्धमा वीर नेपालीले विजय प्राप्त गरेको ऐतिहासिक जीतगढी किल्लालाई र आदिमानवको अस्थी (बङ्गारा) प्राप्त भएको रामापिथेकस क्षेत्रलाई पार्कको रुपमा विकास गर्न यसै आर्थिक वर्षदेखि बजेटको व्यवस्था गरिनु पर्ने ।
- लुम्बिनीमा रहेका लुम्बिनी बौद्ध विश्व विद्यालयलाई राष्ट्रिय स्तरबाट छुट्टै प्याकेजको रुपमा विकास गरी अन्तर्राष्ट्रिय स्तरमा विश्वभरिका बुद्ध शिक्षा अध्ययन अध्यापन गराउन राष्ट्रिय स्तरको विकास गर्न यसै आर्थिक वर्षबाट बजेटको व्यवस्था गर्नु पर्ने ।
- रुपन्देहीको मर्चवा र धतुधर्ह क्षेत्रमा अन्तर्राष्ट्रिय स्टेडियम स्थापना गर्न आवश्यक बजेट छुट्याउनु पर्ने ।
- द्वन्द्वकालमा विस्थापित भएका छोटी भन्सार कार्यालय व्यवस्थित गर्नु पर्ने ।
- तिलोत्तमा कोरीडोरका लागि चक्रपथको निर्माण गर्न आवश्यक बजेट विनियोजन गर्नु पर्ने
- जनताका लागि गरिने भनी राजनैतिक पार्टीहरुले गर्ने गरेका नेपाल बन्द जस्ता कार्यक्रम सदाका लागि बन्द गरिनु पर्ने ।
- रुपन्देही बुद्धचौक भैरहवादेखि लुम्बिनी हुँदै कपिलवस्तुको चन्द्रौटासम्म चार लेनको सडक तथा पुल निर्माणको लगि यसै आर्थिक वर्षदेखि बजेटको व्यवस्था गरी निर्माण कार्य सञ्चालन गरिनु पर्ने ।
- निःशुल्क र एकमुष्ठ भीसा प्रमाणित गर्ने व्यवस्था यसै आर्थिक वर्षबाट गरिनु पर्ने ।

**निर्माण उद्योग :**

- लो बिडिङ्गको अन्त्य गर्नु पर्ने र दुई करोड रुपैयाँसम्मको बोलपत्रको हकमा पूर्व योग्यताविना बोलपत्र दाखिला गर्नु पर्ने व्यवस्था गरिनु पर्ने ।
- निर्माण सामग्री जस्तैः गिटी, बालुवा, ढुङ्गा स्थानीय खोलाबाट जि.वि.स.लाई कर तिरेर मात्र उठाउनु पर्ने व्यवस्था हुनु पर्ने ।
- ढुङ्गा रुपन्देहीमा उपलब्ध नभएको हुँदा छिमेकी जिल्लाबाट ल्याउने व्यवस्था हुनु पर्ने ।
- राष्ट्रिय गौरवका योजना सञ्चालन गर्न नदिजन्य पदार्थ सहज रुपमा उपलब्ध गराउनु पर्ने ।

**उद्योग :**

- ऐन, कानून संसदबाट शीघ्र पास गराई अवैज्ञानिक नीतिहरुलाई निजी क्षेत्रसँग बसी सरलीकरण गरिनु पर्ने ।
- भैरहवा चक्रपथ-परासी खण्डलाई औद्योगिक करिडोरको रुपमा विकास गर्नका लागि विद्युत व्यवस्था गरिनु पर्ने ।
- भैरहवा लुम्बिनी करिडोरको लागि छुट्टै विद्युत ट्रान्समिशन लाइनको व्यवस्था गरिनु पर्ने ।
- ऊर्जा समस्या समाधानको लागि भारतको उत्तर प्रदेशको आनन्दनगरबाट १३२ के.भी.ए. अन्तरदेशीय विद्युत प्रसारण लाइनको विस्तारको लागि यसै आर्थिक वर्षबाट पहल गरी बजेट विनियोजन गरिनु पर्ने ।

- उद्योगीहरुले आयात तथा खरिद गरी ल्याउने ऊर्जाका उपकरणहरु अनुदान तथा भन्सार छुटको व्यवस्था गरिनु पर्ने ।
- औद्योगिक सुरक्षा बलको व्यवस्था गरिनु पर्ने
- राष्ट्रको आयात प्रतिस्थापन गर्न स्थानीय घरेलु तथा राष्ट्रिय आयोजनाका उद्योगहरु स्थापना गर्न ऊर्जा संकटको समाधान, औद्योगिक ऐनको पुनरावलोकन, औद्योगिक क्षेत्रको विकास र विस्तार गरिनु पर्ने ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरुलाई प्राथमिकतामा राखिनु पर्ने ।
- औद्योगिक प्रयोजनका लागि ब्याजदर कम हुनु पर्ने ।
- मोतिपुर औद्योगिक करिडोर, तिनाउ औद्योगिक करिडोर र तिलात्तमा सिक्टौन औद्योगिक करिडोर विकास गर्नु पर्ने ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**

- कच्चा पदार्थ र तयारी वस्तुको भन्सार दर बढी हुन पर्ने ।
- बुटवल ग्रिडको स्तर वृद्धि गरी, विद्युत पोल लगायत जडानका तार पुराना तथा १३२ के.भी.ए. लाइनलाई प्रयोग गर्न नसकिने अवस्था रहेको हुँदा विद्युत प्राधिकरण बुटवल, लुम्बिनी औद्योगिक करिडोरलाई चाहिने विद्युत सहज रुपमा पुऱ्याउन यसै आर्थिक वर्षबाटै बजेट विनियोजन गरिनु पर्ने ।
- भैरहवामा रहेको विद्युत कार्यालय क्षेत्रमा छुट्टै ट्रान्समिशन लाइनको व्यवस्था गरिनु पर्ने । ट्रान्सफरमरको क्षमता विस्तार गरिनु पर्ने ।

**भन्सार सम्बन्धी :**

- बेलहिया नाकामा हाल विद्यमान समस्या समाधान तथा त्यसको कारणबाट नेपाल आयातकर्ताले भोग्नु परेको समस्या तथा भन्सार पास गर्नको लागि पनि २/३ दिनसम्म ढुवानी साधन रहिरहने र अनावश्यक टेन्सन पनि परिरहेको समस्या समाधानको लागि नेपाल तर्फ भन्सारको कारीब ५४ विभाग जग्गा पार्किङ्ग व्यवस्थापन गर्ने बजेट विनियोजन गर्नु पर्ने ।
- भैरहवा भन्सारमा नेपाल र भारत समेत क्यारेनटाइन अफिसको व्यवस्था मिलाउने पर्ने ।
- नेपाली नम्बरका सवारी साधनहरु सहज रुपले भारततर्फ जाने व्यवस्था गर्नु पर्ने ।
- यात्रुलाई चेक जाँच गर्न एक्स-रे मेशीन को व्यवस्था मिलाउनु पर्ने ।
- भन्सार जाँच पास भएका वस्तुको पोस्ट क्रिएसन गर्दा पनि ३५ दिनभित्र गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- नेपाली निर्यात कर्जाको निर्यातमा सुविधा वृद्धिको लागि भारतीय पक्ष समक्ष समन्वय गरी तत्काल ICP निर्माण गरिनु पर्ने ।
- हाल नेपालमा सीमित कंक्रिट उत्पादन गर्ने उद्योगहरु रहेका र तिनले आफ्नो छुट्टै ब्राण्डको सिमेन्ट उत्पादन गर्न बिक्री वितरण गरी आएको अवस्थामा देशमा विद्यमान झण्डै ३५/४० वटा सिमेन्ट उत्पादन गर्ने उद्योगलाई चाहिने किंकरको भन्सार दरमा अचाक्ली वृद्धि गरिँदा त्यस्ता साना उद्योगलाई समस्या पर्ने हुँदा भन्सार दर वृद्धि गर्न नहुने ।
- भारतमा सित्तैमा पाइने सिमेन्ट उत्पादन गर्न अति आवश्यक Fly Ash को भन्सार दरमा प्रति टन रु. १०००/- बाट घटाई रु. ५००/-गरिनु पर्ने ।

**कृषि सम्बन्धी :**

- कृषि प्रधान देश भएकाले समयमै किसानलाई मल, बीउ, जल अन्य साधनहरु, औजार आदिको सहजरुपमा व्यवस्था बजेट मार्फत् गरिनु पर्ने ।
- दूग्धजन्य र मासुजन्य पशुको विकासका लागि प्राथमिकता दिन, पुल इन्सुरेन्स (बीमा) र सरल कर्जाको व्यवस्था गरिनु पर्ने ।

- साना किसानहरुलाई चक्लाबन्दी कार्यहरुको अनुरण गराई प्याकेजमा सुविधा प्रदान गर्नु पर्ने ।
- एक जिल्ला एक उत्पादनलाई विशेष जोड दिनु पर्ने ।
- उत्पादनको सुरक्षाको लागि प्रत्येक जिल्लामा कोल्डस्टोरको व्यवस्था मिलाउनु पर्ने ।
- जथाभावी प्लटीङ्ग गरी समथल जमीनलाई कंक्रिट बनाउने कार्यलाई रोक्ने जमीन बाँझो राख्ने कार्य तत्काल बन्द गरिनु पर्ने ।
- विदेशीने युवालाई रोक्न रोजगारमुखी शिक्षा प्रणाली लागू गर्नु पर्ने ।

**व्यापार सम्बन्धी :**

- उद्योग तथा वाणिज्य कार्यालयमा उद्योग दर्ता प्रक्रियामा उद्योग वाणिज्य संघको सिफारिस अनिवार्य गरिनु पर्ने ।
- घर धनी र व्यवसायीबीचको घरबहाल कर नीति नभएकाले घरबहाल कर नीति तत्काल बनाउनु पर्ने ।
- आयात गरिने वस्तुहरुमा MRP अनिवार्य गरिनु पर्ने ।

**VAT र कर सम्बन्धी :**

- VAT को बहुदर कायम गरिनु पर्ने । थ्रेसहोल्डको रकम बढाई एक करोड रुपैयाँ कायम गरिनु पर्ने ।
- करको सीमा एकलको तीन लाख र परिवारवालाको पाँच लाख गरिनु पर्ने ।
- सामाजिक सुरक्षा कर आयकरको दायराभित्र राखिनु पर्ने ।
- आन्तरिक राजश्व कार्यालयको अनलाइन डाटामा प्रयोगकर्ताको सहज पहुँच हुने व्यवस्था गरिनु पर्ने ।
- वार्षिक अडिट चालीस करोड रुपैयाँभन्दा माथिको केन्द्रमा मात्रै हुने भएकाले यसै आर्थिक वर्षबाट स्थानीय स्तरमा पनि सोको व्यवस्था हुनु पर्ने ।

**(घ) सहकारी संघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- नेपालको अन्तरिम संविधान, २०६३ ले सरकारी, निजी र सहकारी तीनखम्बे अर्थ नीति अवलम्बन गर्ने उल्लेख गरे तापनि व्यवहारमा लागू नभएकोले सो कार्यान्वयन हुनु पर्ने ।
- पचहत्तरवटै जिल्लामा साधन स्रोतसम्पन्न जिल्ला सहकारी कार्यालयको व्यवस्था हुनु पर्ने ।
- चौधवटै अञ्चलमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना हुनु पर्ने ।
- निजामति सेवाभित्र सहकारी सेवा समूह गठन गर्नु पर्ने ।
- सहकारी सम्बन्धी राज्यका सम्पूर्ण कार्यक्रमहरु सहकारी मन्त्रालय मार्फत् एकद्वार प्रणालीबाट कार्यान्वयन हुनु पर्ने । जस्तै : गरीबी निवारण कोष, युवा स्वरोजगार कोष, ग्रामीण स्वावलम्बन कोष सबै बैङ्कहरुका लक्षित वर्ग कर्जा प्रवाह कार्यक्रम, सहकारी खेती कार्यक्रम, महिला सशक्तीकरण परियोजना आदि ।
- सहकारीलाई लगाइने आयकर उत्पादन क्षेत्रमा लागेका सामाजिक न्यायका क्षेत्रमा लागेका सहकारीलाई करमुक्त हुनु पर्ने । नयाँ घोषणा भएका पूर्वाधार तयार नभएका नगरपालिकाहरु कम्तिमा पाँच वर्षसम्म करमुक्त (आयकर) हुनु पर्छ । अन्य सहकारीहरुलाई नगरपालिका ५ प्रतिशत, उपनगरपालिका ७ प्रतिशत, महानगरपालीका १० प्रतिशत आयकर तिर्ने व्यवस्था हुनु पर्ने ।
- सहकारी संस्था अथवा संघले सहकारी विद्यालय खोल्न पाउने व्यवस्था गर्नु पर्ने ।
- राष्ट्रिय सहकारी नीति, २०६९ लाई पूर्ण कार्यान्वयन गर्न विषयगत ऐन, नीतिहरु तयार गरी परिमार्जन गर्नु पर्ने ।
- कृषि उत्पादन, माछा, मासु उत्पादन प्रशोधन क्षेत्रमा कार्य गर्ने, सहकारीहरुलाई लगानी गर्न सहकारी बैंक, केन्द्रिय संघहरुले लगानी गर्दा ब्याज अनुदान दिनु पर्ने ।
- उत्पादन क्षत्र एक जिल्लामा एक उत्पादन भन्ने कार्यक्रम सहकारी मार्फत लगानी गर्नु पर्ने ।

- रुपन्देही जिल्लामा जिल्ला सहकारी संघलाई शीत भण्डारको लागि अनुदान बजेट व्यवस्था गर्नु पर्ने ।
- सहकारी क्षेत्रबाट प्राप्त कर सहकारी क्षेत्रमै लगानी गर्नु पर्ने ।
- सहकारीका आफ्ना समुदायभित्र बचत कारोबार गर्दा चेक दर्ता गर्न पाउनु पर्ने ।
- स्थायी लेखा नम्बर नलिएका सहकारी संघ संस्थाहरुलाई अन्तिम पटक छ महिना म्याद दिई स्थाई लेखा नम्बर लिन प्रोत्साहन गर्नु पर्ने ।
- सहकारी उद्योग जस्तै दूग्ध, शीत भण्डार, प्रशोधन केन्द्र आदि जस्ता उद्योगका लागि विद्युत महसुलमा पूर्ववत् ५०% अनुदान दिनु पर्दछ ।
- ग्रामीण क्षेत्रमा जहाँ सहकारी पुगेको छैन ,त्यसमा स्थानीय नयाँ सहकारी दर्ता तथा क्षेत्र विस्तार गर्न दिनु पर्ने ।
- सहकारी सदस्यहरुबाट उत्पादित कृषिजन्य वस्तु बिक्री वितरण गर्नका लागि बुटवल र भैरहवामा सहकारी कृषि उत्पादन सङ्कलन तथा बिक्री केन्द्र स्थापना गर्नु पर्ने ।

## पाल्पा जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- नेपाल सरकारको आर्थिक वर्ष वैशाख १ लाई नै बनाउने व्यवस्था होस् ।
- बजेट निर्माण गर्नु अघि स्थानीय तहदेखि केन्द्रसम्म पर्याप्त छलफल हुनु पर्ने र बजेट भाषणलाई नै पास भएको मान्ने व्यवस्था गर्नु पर्ने ।
- सरकारको बजेट प्राथमिकतामा कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र जलस्रोतक्षेत्रलाई प्राथमिकता दिनु पर्ने रोजगार मैत्री र उत्पादन मुलक हुनु पर्ने ।
- सरकारको योजना छनौट : स्थानीय निकायद्वारा प्रक्रियागत रुपले पारित भई आएका योजनालाई नै प्राथमिकता दिनुपर्ने रशक्ति रपहुँचको आधारमा बाँडफाँड गर्ने व्यवस्थाको अन्त्य हुनुपर्ने ।
- स्थानीय निकायको निर्वाचन अविलम्ब गर्नु पर्ने ।
- लक्षित वर्गको बजेट वृद्धि हुनु पर्ने र सामाजिक सुरक्षा भत्तामा उमेरको हकमा एकरुपता कायम हुनु पर्ने।
- निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत मा. सभासद्वारा बाँडिने बिशेष बजेट कार्यक्रम खारेज हुनु पर्ने र स्थानीय निकायद्वारा पारित र खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने ।

**(विषय : योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)**

- सवै राजनीतिक दलहरुले विकास निर्माणलाई आफ्नो राजनीतिक दलको अभिन्न अङ्ग बनाउनु पर्ने र विकास सम्बन्धी आ-आफ्नो कार्यकर्ताहरुलाई अभिमुखीकरण गर्नु पर्ने ।
- योजना छनौट, कार्यान्वयन र अनुगमनमा सक्रिय सहभागिताका साथ दिगो विकासमा सहयोग पुऱ्याउनु पर्ने ।
- उपभोक्ता समिति निर्माण गर्दा अनावश्यक राजनीतिहरुको अन्त्य गरी योग्य, सक्षम र समावेशी पद्धति अवलम्बन गर्नु पर्ने ।
- राजनीतिक दलको आडमा गलत काम गर्ने व्यक्तिलाई पनि राजनीतिक दलले संरक्षण नगर्ने परिपाटी बसाल्नु पर्ने ।

**जिल्लाको माग बारे :**

- बुटवल तानसेन सडकलाई स्तरोन्नति गरी फास्ट ट्र्याकको व्यवस्था गर्नु पर्ने ।
- पाल्पा दरवारलाई राष्ट्रिय संगहालय बनाउनु पर्ने ।

- अन्तर्राष्ट्रिय स्तरको शिक्षा तथा स्वास्थ्य केन्द्र बनाउनु पर्ने ।
- अन्तर्राष्ट्रिय सभागृहको स्थापना गर्नु पर्ने ।
- प्रान्तीय राजधानी तानसेनलाई बनाउनु पर्ने ।
- काली गण्डकी करिडोरको स्तरोन्नति गर्नु पर्ने ।
- पाल्पामा डोमेस्टिक एयरपोर्ट निर्माण गर्नु पर्ने ।

**(ख) सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**पूर्वाधार क्षेत्र :**

- कृषि, सिंचाई, ऊर्जासँग सम्बन्धित पूर्वाधारहरुको निर्माण गर्दा एकीकृत रुपमा गर्नका लागि वातावरण दीगो रहने गरी समन्वयात्मक तरिकाले प्रक्रियाहरु अगाडि बढाउनु पर्ने ।
- सार्वजनिक खरिद ऐन तथा नियमावलीमा संशोधन गरी कार्यालय प्रमुखलाई बढी जिम्मेवारी बनाउने ।
- सभासद्लाई योजना छनौट पक्रिया जिल्ला विकास समिति मार्फत् सहभागी गराउने तर बजेट भागबण्डा (सभासदलाई तोकेर बाँड्ने कार्य) नगर्ने ।
- लोडसेडिङ्ग अन्त्य हुने गरी ऊर्जा विकास, जलाशययुक्त योजना निर्माण गर्नु पर्ने ।

**शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्र :**

- राज्यले उच्च शिक्षा र प्राविधिक र स्वास्थ्यलाई निःशुल्क बनाउनु पर्ने । यस क्षेत्रलाई निजीकरण गर्न नहुने ।
- विद्यालय शिक्षा गुणस्तर सुधार्न अधिक बजेटको व्यवस्था, भौतिक पूर्वाधार, व्यवसायिक शिक्षामा जोड दिनु पर्ने ।
- भौतिक पूर्वाधारको विकास विद्यालयमा हुनु पर्ने ।

**पाल्पा विशेष :**

- बुटवल तानसेन चार लेनको सडक बनाउनु पर्ने ।
- हाइड्रो पावर काली गण्डकी डिभिजन व्यवस्था गर्नु पर्ने ।
- माडी सिँचाई, रुपन्देही र कपिलवस्तु सिँचाई योजना सञ्चालन गर्नु पर्ने ।
- तानसेन खानेपानी सञ्चालन गर्नु पर्ने ।
- सरकारी स्तरबाट उच्च प्राविधिक शिक्षालयको स्थापना गर्नु पर्ने ।
- तानसेन-रानीघाट र माडी चक्रपथको लागि पर्याप्त बजेटको व्यवस्था गर्नु पर्ने ।

**कृषि :**

- व्यवसायिक, वैज्ञानिक र यान्त्रीकरण गर्नु पर्ने ।
- उत्पादनको प्रतिफलको आधारमा अनुदानको व्यवस्था हुनु पर्ने ।
- भू-उपयोग नीतिलाई प्रभावकारी कार्यान्वयन गरी कृषि भूमिको अन्य उपयोग गर्न नपाइने व्यवस्था गर्नु पर्ने ।

**उद्योग :**

- लगानी मैत्री वातावरण हुनु पर्ने ।
- प्रत्येक जिल्लामा औद्योगिक क्षेत्र तोकिनु पर्ने ।
- उद्योगी व्यवसायीहरुलाई कर मैत्री वातावरणको नीति बनाउनु पर्ने ।

- निजी क्षेत्र मैत्री (उद्योग साना) हुनु पर्ने ।
- वन पैदावार प्रशोशन, value addition गरी आय आर्जन र रोजगारी प्रवर्द्धन गर्न व्यवस्था गर्नु पर्ने ।

**वन, वातावरण र Climate Change :**

- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको स्पष्ट व्यवस्थापन गर्नु पर्ने ।
- वनको दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्नु पर्ने ।
- जनस्वामित्वमा वनप्रति स्वामित्व अभिवृद्धि गराउनु पर्ने ।
- प्राकृतिक श्रोत (ढुङ्गा, गिटी, चुनढुङ्गा, कोइला) को उत्खनन् गरी स्थानीय समुदाय/निकायमा प्रतिफल स्रोत व्यवस्थापन गर्नु पर्ने ।
- REDD र जलवायु परिवर्तन अनुकूल अभियानको रुपमा लैजानु पर्ने ।

**सुरक्षा :**

- सुरक्षा चुनौती सम्बोधन गर्न आधुनिक प्रविधि र सुरक्षा उपकरणको व्यवस्था गर्नु पर्ने ।
- सुरक्षा क्षेत्रमा क्षमता विकास गर्नु पर्ने ।
- पूर्वाधार विकास गर्नु पर्ने ।

**अन्य :**

- जेष्ठ नागरिक,बालबालिका र अपाङ्ग मैत्री वातावरण निर्माण गर्ने कार्यक्रम समावेश गर्नु पर्ने।

**(विषय : योजना कार्यान्वयन, पुँजीगत खर्च वृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपाय)**

**योजना कार्यान्वयन :**

- अख्तियारी आर्थिक वर्षको शुरु महिनामा नै स्थलगत रुपमा पुग्नु पर्ने, मंसिरभित्र Tender सम्पन्न हुनु पर्ने ।
- सार्वजनिक खरिद नियम संशोधन भै Lowest लाई दिने व्यवस्था अन्त्य गरी गुणस्तरीय निर्णयको लागि उचित कानूनी व्यवस्था मिलाउनु पर्ने ।
- पचासलाख भन्दा माथिका योजनालाई पूर्वाधार अधिकार प्राप्त अनुगमन संयन्त्रको विकास गर्नु पर्ने ।
- एक करोडभन्दा माथिको योजनालाई पूर्व सम्भाव्यता अध्ययन गरी वहुवर्षीय बजेटको व्यवस्था गर्नु पर्ने ।
- राजनीतिक लगायत अन्य दबाबबाट सम्भाव्यता अध्ययनविनाका योजना तर्जुमा गर्ने कार्यलाइ रोक्नु पर्ने ।

**पुँजीगत खर्च वृद्धि :**

- बजेट स्वीकृति, निकासा, अख्तियारी र कायक्रम आर्थिक वर्षको पहिलो महिनामा प्राप्त हुने गरी सम्बन्धित ऐन, नियममा व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
- कर्मचारीको कार्यसम्पादन र योजना सम्पादनविच प्रत्यक्ष Tie Up गरी प्रोत्साहन र दण्डको व्यवस्था गर्नु पर्ने ।
- स्थानीय स्तरको अनुगमन समयमै फुकुवा, निकासा हुनु पर्ने ।
- स्थानीय स्तरको अनुगमन संयन्त्रलाई सक्रिय र अधिकारसम्पन्न बनाउनु पर्ने ।

**आर्थिक अनियमितता न्यूनीकरण**

- कर्मचारीको जीविकोपार्जन गर्न पुग्ने गरी सुविधाहरुको व्यवस्था गर्नु पर्ने ।
- जिल्लास्तरीय अधिकार सम्पन्न अनुगमन संयन्त्र स्थापना र उक्त संयन्त्र सिफारिसमा पुरस्कार तथा दण्डको व्यवस्था गर्नु पर्ने ।

- निर्माण व्यवसायी तथा ठेकेदारहरुलाई जवाफदेही बनाई गलत गर्नेलाई जिल्ला स्तरीय अनुगमन संयन्त्रले सहज कारबाही गर्न सकिने कानूनी व्यवस्था गर्नु पर्ने ।
- जिल्ला सदरमुकामस्थित सरकारी कार्यालयमा भ्याट बिल अनिवार्य गराउनु पर्ने ।
- स्थलगत भ्रमण कार्यक्रमका लागि होटल वास तथा दैनिक खर्च पुग्ने गरी व्यवस्था गर्नु पर्ने ।

**(ग) जिल्लास्थित नागरिक समाजका प्रतिनिधि (प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकार समेत) बाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**पर्यटन :**

- सरकारको नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा स्थानीय तहबाट आएका कार्यक्रमलाई प्राथमिकता दिनु पर्ने र समूदायबाट माग भएका योजना छायाँमा पर्ने गरी योजना र बजेट विनियोजन गर्ने पद्धति पूर्ण रुपमा रोकिनु पर्दछ ।
- आयोजना, योजना र पूर्वाधार क्षेत्रमा बजेट तर्जुमा गर्दा मूल्याङ्कन, निरीक्षण र अनुगमन संयन्त्र निर्माण गरी आवश्यक बजेटको व्यवस्था गर्नु पर्छ ।
- दक्ष जनशक्ति विदेश पलायन हुने, गाउँमा केटाकेटी र बुढाबुढी मात्र रहने स्थितिलाई रोक्न कृषि, कुटिर उद्योग लगायतका उद्योग व्यवसाय सञ्चालनका लागि उत्प्रेरित गर्ने कार्यक्रम ल्याइनु पर्छ ।
- विपन्न परिवारलाई जीविकोपार्जनका लागि आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।
- ग्रामीण भेग उजाड र शुन्य हुने स्थिति देखापरेकाले मोटरबाटो, विद्युत, खानेपानी, सञ्चार, स्वास्थ्य जस्ता आधारभूत विकासका कार्यक्रमका लागि विशेष बजेट तर्जुमा गर्नु पर्ने ।
- कृषि पेशामा संलग्न परिवारलाई व्यवसायिक र उद्यम विकासमा केन्द्रित गराउन सोझै जिल्ला विकास समिति/नगरपालिका/गाउँ विकास समितिबाट अनुदान/सहुलियत दरमा ऋण उपलब्ध हुने व्यवस्था गर्नु पर्ने ।
- जलस्रोतको सम्भावनालाई दृष्टिगत गरी प्रत्येक जिल्लामा न्यूनतम दुई मेघावाटसम्मका हाइड्रोपावर सञ्चानल गर्न इच्छुक र सम्भावना भएकाहरुलाई सोझै बजेट पठाउने व्यवस्था मिलाउनुपर्ने ।
- चुन ढुङ्गा, कोइला खानी, जडिबुटी, काठजन्य उद्योगहरु अन्य खानी सञ्चालनका लागि स्विकृति प्रदान गर्दा स्थानीय निकायको सिफारिस अनिवार्य चाहिने व्यवस्था गर्न सो उद्योगबाट आउने राजश्वको पचास प्रतिशत रकम स्थानीय तहमै लगाउनु पर्ने ।
- सरकारले सञ्चालन गर्ने राष्ट्रिय कार्यक्रमहरु सफल पार्न अहोरात्र खटिने स्वयंसेवकहरुलाई विशेष प्रोत्साहन भत्ताको व्यवस्था गर्नु पर्ने ।
- स्नातक तह वा सोभन्दा माथिल्लो तहको शैक्षिक योग्यता भएका व्यक्तिहरुलाई शैक्षिक बेरोजगार भत्ताको व्यवस्था गर्नु पर्ने ।
- शिक्षा, स्वास्थ्यमा देखिएको व्यापारीकरणले सर्वसाधारण, गरिब, पिछडिएका क्षेत्रका जेहेन्दार व्यक्तिले बाँच्न नसक्ने र शिक्षा हासिल गर्न नसक्ने परिस्थितिलाई सम्बोधन गर्नु पर्ने।
- जैविक खेती प्रणाली तथा दिगो कृषि विकास एवं वातावरणीय संरक्षणका लागि कडा नीतिको व्यवस्था गर्नु पर्ने ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**
**स्थानीय स्तरमा विकासका सम्भावना :**

- छोटो दूरीमा तराइ र पहाड जोड्ने बुटवल-पाल्पा सडक खण्डको सिद्धार्थ राजमार्गको दूरावस्था ( कालीगण्डकी लोकमार्ग निर्माणमा ढिलाई) देखिन्छ । यसमा सडक स्तरीकरणका साथै वैकल्पिक व्यवस्थापन गर्नु पर्ने ।
- ऐतिहासिक पर्यटकीय र शिक्षा, स्वास्थ्य तथा पर्यटन र कुटिर उद्योगको सम्भावना बोकेका नयाँ र पुराना तथा ऐतिहासिक गाउँ, नगर र शहरहरुको विकास तथा अति आवश्यक पूर्वाधार निर्माण गर्नु पर्ने । जस्तै : विद्युत खानेपानी । यसका लागि विशेष बजेटको व्यवस्था गरी समयमै कार्यान्वयन गर्नु पर्ने ।
- महिला स्वयंसेवक लगायत सबै विभाग अन्तर्गतका स्वयंसेवकका सेवा, शर्त र सुविधामा समानताको व्यवस्था र उचित मूल्याङ्कन सहित व्यवस्थापन गर्नु पर्ने ।
- ज्येष्ठ नागरिक, दलित, महिला, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय र स्थानीय सञ्चार संस्थाहरुको प्रवर्द्धन र विकास हुन नसकेको । यसका लागि हरेक निकायको सशक्तीकरणका लागि स्वरोजगार प्राविधिक शिक्षाको व्यवस्था तथा सञ्चार संस्थालाई दिगो र बलियो बनाउन सरकारको तर्फबाट आवश्यक बजेट स्थानीय स्तरमै गर्नु पर्ने ।

**(घ) जिल्ला विकास समिति तथा नगरपालिकाका प्रमुख एवं प्रतिनिधिहरु र जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गा.वि.स. महासंघ र गैर सरकारी संघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

**कृषि क्षेत्र :**

- सामूहिक चक्लाबन्दी खेती प्रणाली कार्यक्रम गर्नु पर्ने ।
- व्यवसायिक पशुपालनको लागि व्यवस्था गर्नु पर्ने ।
- कृषि अनुदान उपलब्धिको आधारमा वैज्ञानिक मुल्याङ्कन गरी वृद्धि गर्नु पर्ने ।
- माटो तथा वातावरणलाई आधार मानी वैज्ञानिक खेती र जडिबुटी खेतीको पकेट क्षेत्र कार्यक्रम आउनु पर्ने ।
- अनिवार्य आर्ग्यानिक खेतीको व्यवस्था र बजार व्यवस्थापनमा लगानी गर्नु पर्ने ।
- कृषि उद्योगको व्यवस्था र बजार व्यवस्थापन गर्नु पर्ने ।

**पर्यटन :**

- पाल्पालाई पर्यटन जिल्लाको घोषण गरी आवश्यक बजेट, कार्यालयको व्यवस्था गर्नु पर्ने ।
- सिद्धार्थ राजमार्गको बुटवल, झुम्सा (सिद्धवावा खण्ड) लाई सुरुङ्ग मार्ग बनाउनु पर्ने ।
- सिद्धार्थ राजमार्गका जोखिमयुक्त सवै मोड सुधार गरी करिब २५ कि.मी. बाटो छोटो बनाउन सकिने भएकोले यो कार्य गर्नु पर्ने ।
- पोखरा तथा लुम्बिनी आउने पर्यटकहरुलाई पाल्पा विश्राम स्थलको रुपमा विकास गर्नु पर्ने ।
- हवाई मैदान निर्माणको व्यवस्था गर्नु पर्ने ।
- पार्क व्यवस्थापन कार्य हुनु पर्ने ।
- ऐतिहासिक रानीमहलमा सहज पहुँच मार्ग निर्माण गर्नु पर्ने ।
- पाल्पा दरवार परिसर संग्रहालय गुरुयोजना र सञ्चालन गर्नु पर्ने ।
- पुरातात्विक महत्वको स्थानको रुपमा निम्नलिखित स्थानहरुलाई घोषणा गर्नु पर्ने :
- सिद्धबावा : रामापिथेकस क्षेत्र दोभान,
- पाल्पा दरवार परिसर,

- अमर नारायण मन्दिर,
- रानी महल,
- पाल्पा भैरव मन्दिर तथा पूर्वकोट क्षेत्र,
- सिद्ध गुफा राम्दी,
- प्रभास शिवालय, वंश गोपाल सूर्य कुण्ड, प्रभास ताल,
- जलेश्वर मन्दिर क्षेत्र कुसुमखोला,
- तानसेनको श्रीनगर पार्क,
- बाघतास डाँडा तथा तेल्घाको गुफा डाँडालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नु पर्ने ।
- तानसेन नगरको गुरुयोजना तयार गरी पर्यटकीय नगरको रुपमा विकास गरिनु पर्ने र खानेपानीको दिगो व्यवस्था गर्नु पर्ने ।

**शिक्षा :**

- व्यवसायिक शिपमूलक क्षेत्रीय तालीम केन्द्र पाल्पामा स्थापना हुनु पर्ने ।
- उच्च शिक्षा अध्ययन गरेका तथा सीपमूलक तालीम लिएका बेरोजगार युवा पुस्ताहरुलाई प्रमाणपत्र धितो राखी व्यवसायिक कर्जा उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने ।

**स्वास्थ्य :**

- पाल्पा अस्पतालको स्तर उन्नति हुनु पर्ने ।
- सरकारी स्तरबाट उपलब्ध हुने औषधि गुणस्तरीय हुनु पर्ने ।
- स्वास्थ्य स्वयंसेविका आधारभूत स्वास्थ्य सेवाका खम्बा भएकोले तिनको उचित सम्मान हुनु पर्ने ।
- निर्वाचन क्षेत्र विकास कोषको रकम स्थानीय निकायबाट निर्णय भै खर्च हुने गरी विनियोजन हुनु पर्ने ।
- तत्काल स्थानीय निकायको चुनाव हुनु पर्ने ।
- स्थानीय निकायलाई हरेक तहबाट आकर्षणको केन्द्र बनाउनु पर्ने ।
- स्थानीय निकायको अनुदानमा वृद्धि गर्नु पर्ने ।

**(विषय : स्थानीय तथहका योजना तर्जुमा सहजीकरण तथा उपयुक्त जनसहभागिताका प्रभावकारी उपाय)**

**योजना कार्यान्वयन :**

- स्थानीय निकायमा तत्काल जनप्रतिनिधिको व्यवस्था हुनु पर्ने ।
- जिल्ला परिषद्बाट पारित गरी केन्द्रमा बनाएका सबै योजना कार्यान्वयन हुनु पर्ने ।
- अनुगमन प्रभावकारी हुनु पर्ने ।
- स्थानीय निकायलाई हरेक क्षेत्रबाट आकर्षणको केन्द्र बनाउनु पर्ने ।

**(ङ) सहकारी संघका प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- लोडसेडिङ्ग समस्या समाधान हुने गरी उर्जा विकास वा जलाशययुक्त जल विद्युत आयोजना सञ्चालन गरिनु पर्ने ।
- कृषिलाई वैज्ञानिकीकरण, व्यवसायीकरण र आधुनिकीकरण गरिनु पर्ने ।
- भौतिक पूर्वाधार, यातायात र सञ्चारमा राज्यको तर्फबाट विशेष प्राथमिकताको योजनामा राखिनु पर्ने ।
- पर्यटन प्रबर्द्धन गर्न सकिने क्षेत्रमा विशेष प्राथमिकतासाथ नीति तथा कार्यक्रम बनाइनु पर्ने ।

**(विषय : सहकारी क्षेत्रमा विकास समस्या र आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- कृषि सहकारी र अन्य उत्पादनमुखी सहकारीलाई व्यवसायीकरण गर्नका लागि सहकारी मार्फत् बजेट र कार्यक्रमको छुट्टै व्यवस्था हुनु पर्ने ।
- सहकारी संघ संस्थाहरुलाई करलगाउँदा देहायबमोजिम वैज्ञानिक एवं समतामूलक गराउनु पर्ने ।
- गाउँ र शहर कर निर्धारण हुनु पर्ने ।
- नगरपालिकामा कर निर्धारण गर्दा महानगर, उपमहानगर, नगरमा छुट्टाछुट्टै समतामूलक हुनु पर्ने ।
- हालै मात्र गठन भएका पूर्वाधार तयार नभएका नगरपालिकाहरुलाई भने ५ वर्षसम्म आयकर छूट हुनु पर्ने ।
- पूर्वाधार नभएका र भर्खर गठन भएका नगरपालिकाका सहकारी संघ संस्थामा लगाइएको ब्याज कर छूट हुनु पर्ने ।
- सहकारी ऐन अनुसार स्थापित सहकारी संघ संस्थामा ज्ञानको अभावको कारणले स्थायी लेखा नम्बर लिने कार्य अझै पूरा नभएकाहरुलाई थप एक वर्षभित्रका लागि छूट सहितको स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था गर्नु पर्ने ।
- पचहत्तरवटै जिल्लामा सहकारी कार्यालय स्थापना हुनु पर्ने र स्थापित कार्यलयलाई स्तरोन्नति गरिनु पर्ने।
- प्रत्येक अञ्चलमा सहकारी प्रशिक्षण केन्द्रको स्थापना र भएका प्रशिक्षण केन्द्रहरुलाई वैज्ञानिकीकरण र प्रभावकारी बनाउनु पर्ने ।
- जिल्ला सहकारी संघ र विषयगत संघहरुलाई राज्यको तर्फबाट उपयुक्त सहयोगका उपलब्धता गरिनु पर्ने ।
- सहकारी विद्यालयको अवधारण ल्याइनु पर्ने ।
- सहकारी ऐन, नियम समय सापेक्ष संशोधन हुनु पर्ने । (जस्तैः एकीकरण (एक गाँउ एक सहकारी, दोहोरो सदस्यताको अन्त्य आदि सम्बन्धमा)

## अनुसूची-५

## पूर्व बजेट छलफल कार्यक्रममा प्राप्त लिखित सुझावहरु, पर्सा र मकवानपुर जिल्ला

### पर्सा जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**राजनीतिक दलका स्थानीय प्रतिनिधिबाट प्राप्त सुझाव**
**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**
**सडक :**

- सम्पूर्ण मधेशको बीच मागबाट जोड्ने एक मात्र बाटो हुलाकी सडक भएकोले सो कार्य शुरु गर्नु पर्ने नेपाल सरकारको नीति स्पष्ट नदेखिएको तथा मधेशप्रतिको विभेदकारी नीतिको अन्त्य हुनु पर्ने ।
- रेलमार्गलाई हरियो वन नेपालको धनलाई विनाश नहुने गरी मधेशकोबीच भागबाट रेल्वे मार्गको स्थापना गर्नु पर्ने ।
- सम्पूर्ण गाउँ विकास समितिहरुलाई त्यस जिल्लाको सदरमुकामसँग जोड्ने प्रमुख सडकलाई कम्तिमा कालोपत्रे गरेर छेउमा रुख लगाई निर्माण गर्नु पर्ने ।
- राष्ट्रिय गौरवको आयोजना दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, निजगढ-काठमाडौं फाष्ट ट्रयाकको निर्माण गर्नु पर्ने ।
- जिल्लाबाट उठेका कुल राजश्वको २५ प्रतिशत सम्बन्धित जिल्लाको विकासको लागि खर्च गर्ने नीति निर्माण गर्नु पर्ने ।

**कृषि :**

- वैज्ञानिक कृषि व्यवस्था गरिनु पर्ने ।
- जग्गाको चकलाबन्दी गर्नु पर्ने ।
- सिँचाइको उचित व्यवस्था गर्नु पर्ने ।
- प्रति दश कट्ठामा एउटा ट्यूबवेलको व्यवस्था गर्नु पर्ने ।
- कृषिबाट उत्पादित वस्तुलाई राज्यबाट मूल्य र बजारको व्यवस्थापन गर्नु पर्ने ।
- मधेशका प्रत्येक जिल्लाहरुमा चिनी कारखाना स्थापना गर्नु पर्ने ।
- पुरानो कृषि यन्त्र खरिद गर्दा त्यसको भन्सारबाट नेपाल सरकारको सेवा शुल्क मात्र लिई भित्र्याउने व्यवस्था गर्नु पर्ने ।
- कानुन अनुसार वित्तीय संस्थाद्वारा छुट्याइएको प्रतिशत अनिवार्य रुपले लगानी गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- कृषि औजार कारखाना राज्यले खोल्नु पर्ने ।
- राज्यले मधेशका जिल्लाहरुलाई कृषिको पकेट क्षेत्रघोषणा गरी विशेष कार्यक्रम लागूगर्नु पर्ने।
- कृषि आयोगको गठन गर्नु पर्ने ।
- दूग्ध उत्पादनलाई व्यावसायीकरण गर्नु पर्ने ।

**शिक्षा :**

- प्रत्येक गाउँमा कम्तिमा एक उच्च माध्यमिक विद्यालयको व्यवस्था गर्नु पर्ने ।
- विभेदकारी शिक्षा नीतिलाई अन्त्य गर्दै सामुदायिक विद्यालय र निजी विद्यालयको शिक्षाको स्तर एकै किसिमको हुने व्यवस्था गर्नु पर्ने ।
- ठाकुरराम क्याम्पसलाई आधार मानी विश्वविद्यालय कायम गर्नु पर्ने ।

- बालबालिकाहरुलाई अनिवार्य रुपले अभिभावकले शिक्षा दिनु पर्ने व्यवस्था गर्नु पर्ने । यसमा खास वर्ग (दलित, मुस्लिम आदि) लाई लक्षित गर्नु पर्ने ।

**स्वास्थ्य :**

- नारायणी उपक्षेत्रीय अस्पताललाई स्तरोन्नति गरी शिक्षण अस्पताल बनाउनु पर्ने ।
- अङ्ग प्रत्यारोपण गर्दा अति विपन्न मधेशी, मुस्लीम, दलितलाई निःशुल्क व्यवस्था गर्नु पर्ने ।
- क्यान्सरको उपचार निःशुल्क हुनु पर्ने ।
- पर्सा जिल्ला अस्पतालमा एम.बी.बी.एस. डाक्टर नभएकोले कम्तिमा त्यहाँ एमडी डाक्टरको व्यवस्था गर्नु पर्ने ।
- पोखरीयामा आधुनिक बस बिसौनी निर्माण गर्नु पर्ने ।

**(विषय : योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका)**

- विकास निर्माणको लागि हुने कुनै किसिमको ठेक्कामा राजनीतिक दल वा अन्य कसैको अवाञ्छित हस्तक्षेपको अन्त्य गरी ई-मेलद्वारा सबै ठाउँमा बोलपत्र आह्वान गर्ने व्यवस्था गर्नु पर्ने ।
- मधेशको वातावरणलाई असर हुने गरी कार्यालय सार्ने प्रक्रिया अन्त्य गर्नु पर्ने ।
- सामुहिक विकासको अवधारणा पहिचान गरी राजनीतिक दलहरुले सामूहिक प्रतिबद्धता जाहेर गर्नु पर्ने ।
- पहुँचको आधारमा विकास छनौट नगरी आवश्यकताका आधारमा सबै राजनीतिक दलको राय लिई कार्य गर्नु पर्ने ।
- पहुँचको आधारमा उपभोक्ता समिति गठन गर्ने कार्य बन्द गरिनु पर्ने ।
- आस्थाको आधारमा आम नागरिकलाई विकासको मूलधारबाट अलग्याउन नहुने ।
- विकासको मुल धारमा अति विपन्न, दलित, मुस्लीम, आदिवासीलाई अनिवार्य सहभागी गराउने व्यवस्था गर्नु पर्ने ।

**(ख) सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- सम्पूर्ण सरकारी कार्यालयहरुलाई आई.सी.टी. युक्त प्रविधिमैत्री बनाउनु पर्ने ।
- "एक गाउँ, एक उत्पादन" लाई प्रबर्द्धन गर्नु पर्ने ।
- "एक घर, दुई रुख", "एक गाउँ, एक वन" र "एक नगर, अनेक उद्यान" कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने ।
- सुकुम्बासी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्न ठोस् कार्यक्रम बनाउनु पर्ने ।
- उद्योगहरुलाई वातावरणमैत्री/प्रदूषणमुक्त बनाउनु पर्ने ।
- उद्योगहरु व्यवस्थापन गर्ने, औद्योगिक क्षेत्र विकसित गर्ने र मझौला तथा ठूला उद्योगहरुलाई औद्योगिक क्षेत्रमा नै स्थापना गर्ने प्रावधान ल्याउनु पर्ने ।
- ध्वनि प्रदूषण नियन्त्रणको लागि विशेष कार्यक्रम ल्याउनु पर्ने ।
- स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकास गर्नु पर्ने ।
- भौतिक पूर्वाधारमा माइक्रो प्रोजेक्टमा लगानी गर्नुभन्दा वृहद् आयोजनाहरुमा पर्याप्त बजेटको व्यवस्थापन गर्नु पर्ने ।
- मकवानपुरको राप्ती नदीबाट डाइभर्सन गरी विजुली र सिँचाइ उपलब्धता गराउनु पर्ने ।
- वीरगञ्जलाई औद्योगिक, व्यापारिक, सांस्कृतिक, पर्यटकीय, कृषि, आवासीय र ट्रान्जिट क्षेत्र निर्धारण गरी विकास गर्नु पर्ने ।

- वीरगञ्जलाई स्मार्ट सिटी, टेक्नोलोजी सिटी, इन्क्लूसिभ सिटी र ग्रिन सिटी बनाउनु पर्ने ।
- पर्सा जिल्लाको मेरुदण्डको रुपमारहेको हुलाकी राजमार्ग निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नु पर्ने ।
- रेलमार्ग पर्सा जिल्ला भएर जानु पर्ने ।
- बहुउद्देश्यीय रुपमा प्रयोग गर्न सकिने मकवानपुर जिल्लाको राप्ती लगायतका नदी डाइभर्सन गरी पर्सा जिल्लामा ल्याउनु पर्ने ।
- भू-संरक्षण कार्यालयको स्थापना हुनु पर्ने ।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुनु पर्ने ।
- पोखरीया अस्पताललाई जिल्ला अस्पतालको रुपमा स्तरोन्नति गर्नु पर्ने ।
- वीरगञ्ज शहरलाई महानगरको रुपमा विकास गर्न बाहिरी रिङ्गरोडको निर्माण हुनु पर्ने ।
- कृषि व्यावसायीकरण गर्नको लागि जिल्लाको सम्भाव्यता अनुसार पकेट क्षेत्र (खाद्यान्न, फलफूल, तरकारी, माछा) को विकास गर्नु पर्ने ।
- कृषि यान्त्रीकीकरण कार्यक्रमलाई विशेष जोड दिनु पर्ने ।
- कृषि पर्यटन प्रबर्द्धन कार्यक्रमलाई जोड दिनु पर्ने ।
- निजी वन विकास तथा सार्वजनिक कृषि वन विकास कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने ।
- अतिक्रमित वन क्षेत्र तथा सार्वजनिक जग्गा व्यवस्थापन गर्नको लागि पर्याप्त बजेट व्यवस्थापन हुनु पर्ने।
- युवालक्षित विशेष उत्पादन कार्यक्रमलाई अभियानको रुपमा प्रबर्द्धन गर्नु पर्ने ।
- जनता आवास कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमलाई टाई-अप गरीअति विपन्न, भूमिहीन, दलितवग (यसभित्र पनि महिलालाई प्राथमिकतामा राखी) लाईलक्षित गरीसञ्चालन गर्नु पर्ने ।
- वीरगञ्ज भन्सार कार्यालयकोयात्रु शाखामा आवागमन तथा वहिर्गमन (प्रस्थान) तर्फ मालवस्तुको लागि एक्स-रे मेशीन र यात्रुहरुको लागि वाक-थ्रु उपकरण जडान गर्नु पर्ने ।
- वीरगञ्ज भन्सार कार्यालयको लागि अत्याधुनिक प्रविधियुक्त मुभेबल कण्टेनराइज्ड सवारी एक्स-रे मेशीन खरिद गर्नु पर्ने ।
- एजेण्टबेस इण्टेलिजेन्स सूचना सङ्कलनको लागि जिल्ला तहमै रकम विनियोजन हुनु पर्ने र विशेष सूचना सङ्कलनका लागि छुट्टै कार्यक्रम हुनु पर्ने ।
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रद्वारा स्वस्थ जीवनशैली तथा योग केन्द्र स्थापना गर्नु पर्ने ।
- महिला, बालबालिका कार्यालयलाई स्रोत साधनसम्पन्न बनाउनु पर्ने ।
- लैङ्गिक हिंसा र मानव बेचबिखनमा परेका पीडित तथा प्रभावित महिलाहरुलाई सेफ हाउसमा राखेको समयमा सीपमूलक प्राविधिक तालीम दिई समाजमा स्थापित हुने वातावरण निर्माण गर्नु पर्ने ।
- विद्यालय नगएका र गएर पनि बीचमै कक्षा छाड्ने प्रकृतिलाई निरुत्साहित गर्न कक्षा १ देखि ५ सम्म अध्ययनरत पचास हजार विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिनु पर्ने ।
- २०७२/७३ मा ५० वटा विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था गरी क्रमशः सबैमा गर्दै लानुपर्ने ।

**(विषय : योजना कार्यान्वयन, पुँजीगत खर्च वृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपायहरु)**

- अभाव, दबाब र प्रभावबाट मुक्त हुने गरी मेकानिज्म बनाउनु पर्ने ।
- बारम्बार अनुगमन र मूल्याङ्कन गरी सुझाव दिने र नभए कारबाही गर्नेतर्फ लाने व्यवस्था गर्नु पर्ने ।
- निगरानी गर्ने निकायको सक्रियताले काम गर्ने प्रवृत्तिमा कमी आएको ।
- ई-बिडिङ्ग पारदर्शिता, उत्तरदायित्व, जवाफदेहितालाई हरेक कार्यक्रममा जोड्नु पर्ने ।

- ओभरमेकानिज्म रफाइलअड्काउनेचलन बाधाकोरुपमा रहेको छ, यसतर्फ विचार गर्नु पर्ने ।
- समयमै अख्तियारी नआउने, कार्यक्रम स्वीकृत नहुने तथा योजना संख्या अत्यधिक हुनुले कार्यान्वयनमा समस्या रहेकोले यसतर्फ ध्यान दिनु पर्ने ।
- गुणस्तर हेर्ने प्रयोगशालाको अभाव, गैरसरकारी संस्था, निजी क्षेत्रसँग समन्वय, सहकार्य गरी अघि बढ्नु पर्ने ।

**(ग) जिल्लास्थित नागरिक समाजका प्रतिनिधिहरु (प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकार समेत) बाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु)**

- ग्रामीण भेगलाई सदरमुकामसँग प्रत्यक्ष जोड्ने गरी सडक पूर्वाधारको विकास गर्नु पर्ने ।
- खानेपानीको लागि बजेट छुट्याउँदा तराइको सन्दर्भमा ओभरहेड ट्याङ्की कहीं पनि प्रयोग हुन नसकेको उदाहरण देखिएकोले स्थानीयहरुको सुविधा सापेक्ष किसिमले योजना बनाइनु पर्ने ।
- साना सिँचाइ योजनाहरुलाई प्राथमिकता दिनु पर्ने । पर्साको हकमा गण्डक नहरभन्दा दक्षिणी भागमा सिँचाइका अरु योजनाहरु नदिने गरेको अवस्था छ । गण्डक नहरको कमाण्ड एरिया भनिए तापनि सो क्षेत्रमा सधैं सिँचाइको समस्या आइरहन्छ । नहरमा पानी नआएको कारणले जिल्लामा रहेका कृषियोग्य जग्गाको लागि राज्यले दीर्घकालीन योजना ल्याउनु पर्ने ।
- वीरगञ्जको नारायणी उपक्षेत्रीय अस्पताललाई क्षेत्रीय अस्पतालमा स्तरोन्नति गरी शिक्षण अस्पतालको रुपमा सुविधासम्पन्न बनाइनु पर्ने ।
- कृषकलाई आवश्यक पर्ने मलखाद तथा विषादीको उत्पादन स्वदेशमै स्थापना गर्नु पर्ने
- हुलाकी सडकको निर्माणकार्य यथाशीघ्र सम्पन्न गर्नु पर्ने ।
- वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसलाई विश्वविद्यालयमा स्तरोन्नति गर्नु पर्ने ।
- जिल्लामा रहेका सम्पूर्ण माध्यमिक विद्यालयलाई अनिवार्य रुपमा प्लस टू बनाई पुस्तकालय प्रयोगशाला, कम्प्युटर ल्याबका साथै प्राविधिक शिक्षाको व्यवस्था गर्नु पर्ने ।
- विकास निर्माणका कार्यमा पूर्ण रुपमा पारदर्शिता हुनु पर्ने ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**

- सार्वजनिक खरिद ऐन तथा नियमावली संशोधन गरी सबैजसो सरकारी खरिद तथा ठेक्कापट्टालाई खुला प्रतिस्पर्धा मार्फत् टेण्डर गराइनु पर्ने । त्यस्ता टेण्डरका सूचनाहरु निश्चित गरिएको वेबसाइटमा अनिवार्य रुपमा राखिनु पर्ने । टेण्डर खोलिँदा प्राविधिक प्रस्तावमा सफल हुनेको मात्र आर्थिक प्रस्ताव हेरिनु पर्ने ।
- कृषि ऋणलाई सुलभ बनाइनु पर्ने र बाली बमिाको प्रबन्ध गा.वि.स. स्तरमै मिलाइनु पर्ने ।
- सरकारी कार्यालयहरुद्वारा गरिने विज्ञापनमा स्थानीय सञ्चार माध्यमलाई प्राथमिकतामा राखिनु पर्ने । सञ्चार शीर्षकको बजेटलाई आफूखुशी खर्च गर्ने परिपाटीको अन्त्य गरिनु पर्ने ।
- वीरगञ्ज सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई अन्तर्राष्ट्रिय सिपीङ्ग म्यापमा सरकारले यथाशीघ्र समावेश गराउनेतर्फ कार्य गर्नु पर्ने ।
- पर्सा/बारा औद्योगिक स्थललाई मापदण्ड सहितको कानूनी रुपमा औद्योगिक क्षेत्र यथाशीघ्र घोषणा गरिनु पर्ने ।
- पर्यटन प्रबर्द्धनका लागि प्राज्ञिक अध्ययन, योजना निर्माण र त्यसको कार्यान्वयनलाई जोड दिई ऐलानी जग्गा, जमीन, पोखरी आदि लगायत तर्फ भइरहेको बजेट दुरुपयोग कार्यलाई रोकिनुपर्ने ।
- स्थानीय निकायलाई अझै पारदर्शी बनाइनु पर्ने । सूचना प्रवाह, सेवाको जानकारी र प्रगति विवरण सार्वजनिकीकरण नियमित गर्नु पर्ने ।

- हाल वीरगञ्जमा शान्ति सुरक्षाको लागि जडान भएको सीसीटीभी क्यामेराको विस्तारको लागि सरकारी स्तरबाट पनि आर्थिक सहयोग प्रदान गर्नु पर्ने कुरामा हाम्रो जोडदार माग रहेको छ ।
- महिला उद्यमीहरुलाई सरकारले न्यन ब्याजदरमा ऋण प्रवाह गर्नु पर्ने ।
- वीरगञ्जमा बढ्दो जनसंख्या र ट्राफिक चापलाई मध्यनगर गरी यस क्षेत्रमा रिङ्गरोडको निर्माण गरिनु पर्ने।
- सीमावर्ती क्षेत्रमा पर्यटकहरुको सुविधाको लागि शहरी काउण्टरको स्थापना गर्नु पर्ने ।

**(घ) जिल्ला विकास समिति तथा नगरपालिकाका प्रमुख एवं प्रतिनिधि र जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गा.वि.स. महासंघ र गैर सरकारी संघका प्रतिनिधिबाट प्राप्त सुझावहरु**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु)**

- चौध चरणको योजनाका प्रत्येक चरणमा व्यापक जनसहभागिता (समावेशी प्रतिनिधित्व र सरोकारवालाहरु सहितको) हुने कानूनी व्यवस्था गर्नु पर्ने ।
- यथाशक्य राजनैतिक माध्यमबाट समाधान निकाली छिटोभन्दा छिटो गा.वि.स./न.पा./ जि.वि.स. मा राजनीतिक प्रतिनिधित्वको व्यवस्था गर्नु पर्ने । यसका लागि विकल्पहरुमा सम्भव भए स्थानीय निर्वाचन, नभए दलीय प्रतिनिधित्वको समझदारीता सहितको मनोनयन, यसो नभए विज्ञ समूह वा सल्लाहकार समूह गठन गर्ने वा अन्य विधि निर्धारण गरी गर्नु पर्ने ।
- सामाजिक परिचालक, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्थाहरुको बजेट निर्माण प्रक्रियामा समावेशीकरण सहभागिताको व्यवस्था गर्नु पर्ने ।
- विकास निर्माण सम्बन्धी विषयगत निकायहरु (सडक, सिँचाइ, भवन, सहकारी आदि)मा निक्षेपक हुनु पर्ने।
- सरसफाइ, लामखुट्टे नियन्त्रण, आगलागी, बाढी, पहिरो, महामारी जस्ता अवस्थाका लागि निश्चित नीति बनाई प्रभावकारी कार्यान्वयन हुने व्यवस्था गर्नु पर्ने ।
- प्रत्यक्ष लाभान्वित योजनाहरुमा विनाधितो कर्जा सहुलियतमा दिने योजनाहरु छनौट गर्नु पर्ने ।
- परिषद्बाट स्वीकृत योजनामा मात्र बजेट विनियोजन हुनु पर्ने ।
- नगरपालिकाको क्षेत्र विस्तार र नयाँ नगरपालिकाहरुमा जनतामा अनुभूति हुने गरी बजेट छुट्याउनु पर्ने ।

**(ङ) सहकारी संघ (बारा, पर्सा, रौतहट र सर्लाहीबाट सहभागी) का प्रतिनिधिबाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु)**

- आर्थिक वर्ष आषाढ १ गतेदेखि आरम्भ हुनु पर्ने ।
- समयमा बजेट र आवधिक कार्यान्वयनको प्रत्याभूति हुनु पर्ने ।
- नीति तथा योजना निर्माणमा आधारभूत तहका नागरिकहरुको प्रत्यक्ष संलग्नता हुनु पर्ने ।
- मुलुकको आर्थिक समृति र नागरिकको जीवनस्तरमा परिवर्तनका लागि मध्यतराइमा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं जोड्ने द्रूतमार्ग र विशेष आर्थिक क्षेत्र तत्काल निर्माण हुनु पर्ने । तराइ मधेशको लाइफलाइनको रुपमा रहेको हुलाकीमार्ग निर्माणलाई प्रभावकारी रुपमा अघि बढाउनु पर्ने।
- स्थानीय तहमा उद्यम व्यवसाय र नागरिकहरुको जीवनस्तरमा परिवर्तन ल्याउने कार्यक्रमहरु ल्याउनु पर्ने।
- आयको न्यायोचित वितरणमा ध्यान दिनु पर्ने अर्थात् जिल्ला र क्षेत्रबाट सङ्कलन हुने स्रोतहरुका आधारमा स्थानीय विकास र न्यायमा ध्यान दिनु पर्ने ।
- बजेटलाई कषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार निर्माण क्षेत्रमा प्राथमिकीकरण गर्नु पर्ने ।
- मध्य-तराइको पर्यटकीय क्षेत्र (बाराको गढीमाई, हलखोरिया दह, चुरियामाई, पर्साको पारसनाथ मन्दिर र पोखरी, बुद्धेश्वर मन्दिर) को विकासमा ध्यान दिनु पर्ने ।

- पर्साको पर्सौनी महुवन हुँदै सेनवर्षा, सिमरा-कोल्हवी सडक, मानमत-मटिअर्वा र सिम्रौनगढ-निजगढ बाटो लगायत कृषि व्यवसायको प्रबर्द्धन हुने गरी स्थानीय बाटोघाटो र पुलपुलेसा निर्माणमा प्राथमिकता दिनु पर्ने ।
- भ्रष्टाचार, कुशासन र दण्डहीनतालाई शून्य सहनशीलताका आधारमा कारबाहीको व्यवस्था मिलाउनु पर्ने।
- वीरगञ्ज-पथलैया छ लेनको बाटो, नारायणी उपक्षेत्रीय अस्पताललाई शिक्षण अस्पतालको रुपमा विकास गर्नु पर्ने ।

**सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु :-**

- राष्ट्रिय सहकारी संघ र केन्द्रीय संघद्वारा प्रस्तुत प्रस्तावित सहकारी ऐनलाई पूर्ण रुपले व्यवस्थापिका-संसद मार्फत् ल्याउने कार्यको प्रत्याभूति गरिनु पर्दछ । जननिर्वाचित निकायलाई बाइपास गरेर ल्याइएको अध्यादेश, त्यो पनि आंशिक सम्बोधनले सहकारी क्षेत्रको विद्यमान नियमनको आवश्यकता पूरा हुन सक्दैन ।
- सबै जिल्लामा डिभिजन सहकारी कार्यालय, शिक्षा र तालीमका लागि पर्याप्त बजेट, दक्ष र पर्याप्त कर्मचारीको व्यवस्था हुनु पर्ने ।
- डिभिजन सहकारीले बजेटको उपयोग गर्दा जिल्ला सहकारी संघ र विषयगत संघहरुको समन्वयमा खर्च गर्नु पर्ने ।
- केन्द्रमा अत्याधुनिक केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र, सबै अञ्चलमा पर्याप्त स्रोत र जनशक्ति सहितको प्रशिक्षण केन्द्रको व्यवस्था गर्नु पर्ने ।
- कृषि, महिला र उत्पादनमा आधारित सहकारीहरुलाई करमुक्त क्षेत्रको व्यवस्था हुनु पर्ने ।
- नयाँ नगरपालिकालाई केही वर्षका लागि करछूटको व्यवस्था गर्नु पर्ने ।
- वित्तीय कारोबार गर्ने सहकारीहरुलाई बढीमा पाँच प्रतिशत करको व्यवस्था गरी सहकारी क्षेत्रबाट सङ्कलित राजश्वलाई सहकारी क्षेत्रको प्रबर्द्धनमा नै प्रयोग गर्नु पर्ने । सदस्यहरुबीचको कारोबारमा दृष्टिबन्धक र कुनै पनि प्रकारको शुल्क छूट गर्नु पर्ने ।
- सहकारीहरुले आयात गर्ने मेशिनरी, औजार, उपकरण र कच्चा पदार्थको भन्सार, अन्तःशुल्क र अन्य शुल्कको पूर्ण छूटको व्यवस्था गर्नु पर्ने ।
- गरीबी निवारण र लक्षित समुदायको लागि राज्यको बजेट सहकारी क्षेत्र मार्फत् परिचालन गर्नु पर्ने ।
- सहकारीहरुको प्रबर्द्धन, नियमन र अनुगमनका लागि राष्ट्रिय सहकारी संघ र केन्द्रीय संघहरुलाई पर्याप्त अधिकार र बजेटको व्यवस्था हुनु पर्ने ।
- केन्द्रीय संघहरु, जिल्ला सहकारी संघ र विषयगत जिल्ला संघको भौतिक पूर्वाधार र सञ्चालनका लागि अनुदानको व्यवस्था मिलाउनु पर्ने ।
- आयात प्रतिस्थापन, स्वरोजगारी र दीगो आर्थिक विकासका लागि दूध र मासु उत्पादनका लागि पशुपालन र खाद्यान्न, तरकारी तथा फलफुल खेतीका लागि प्रभावकारी सहकारीमैत्री कृषि कार्यक्रम ल्याइनु पर्ने ।
- कृषि, पशुपक्षी, मत्स्यपालनको निःशुल्क विमा, क्षतिपूर्ति र राहतको व्यवस्था गर्नु पर्ने ।
- काठमाडौं लगायत मुख्य शहरमा कृषि उपजको उचित मुल्य र वितरणलाई प्रभावकारी बनाउन सहकारीहरुको प्रबर्द्धन गर्नु पर्ने ।
- सहकारीहरुले उत्पादन गर्ने निर्यातजन्य वस्तु तथा सेवाहरुलाई राज्यले अनुदान दिनु पर्ने ।
- दूध उत्पादनको क्षेत्रमा उन्नत नश्लको गाई, भैंसी, दाना र औजार, उपकरणलाई सहुलियत र अनुदानित मूल्यमा व्यवस्था गर्नु पर्ने ।

- निर्वाह मुखीबाट व्यावसायिक पशुपालनको लागि अनुदान र सहुलियत ऋणको व्यवस्था गर्नु पर्ने ।
- वीरगञ्ज चिनी कारखाना, कृषि औजार र हेटौंडा कपडा कारखानाहरुलाई सहकारीकरण मार्फत् पुनर्संरचना गर्नु पर्ने र रासायनिक मलखाद, बीउविजन, कृषि औजारका लागि सहकारीको माध्यमबाट कारखाना स्थापना गर्ने र राज्यले अनुदान र न्यून ब्याजदरमा सहकार्यको व्यवस्था मिलाउनु पर्ने ।
- वित्तीय सहकारीहरुका समस्याको प्रभावकारी समाधान र सुशासनका लागि छुट्टै ऐन, साकोस युनिफिकेशन प्रणाली, जोखिममा आधारित अनुगमन र अन्य उत्तम औजार एवं प्रविधिको व्यापक प्रयोगका लागि बजेट र कार्यक्रम हुनु पर्ने ।
- धेरै सहकारीहरु भएको स्थानमा एकीकरण र नभएका स्थानमा विस्तार र सशक्तीकरण साथै निष्क्रिय सहकारीहरुलाई खारेजीका लागि पर्याप्त बजेट र कार्यक्रम व्यवस्था गर्नु पर्ने ।
- कृषि उत्पादन वृद्धि र व्यावसायीकरणका लागि कृषिमा आधारित उद्योग स्थापनाका लागि नीतिगत व्यवस्था र राज्यको सहकार्य हुनु पर्ने ।
- कृषि उपजको उचित बजारीकरणका लागि सहकारीको भूमिका स्थापित गर्नु पर्ने ।
- अनुदानित मूल्यमा रासायनिक मलखाद, बीउविजन, किटनाशक औषधि, कृषि औजार र उपकरण, सिँचाइ, सीप र प्रविधिको स्थानीयकरणमा प्रभावकारिता र सहकारी मार्फत् हुने भएकोले यस कुरालाई ध्यान दिनु पर्ने ।
- सबै जिल्लामा सहकारी मार्फत् शीतभण्डार सहितको गोदामघर, कृषिमा आधारित उद्योग र व्यवसायको प्रबर्द्धन गर्नु पर्ने ।
- कृषि उपजहरुको सरकारी स्तरबाट मूल्य निर्धारण र सहज रुपमा बिक्री वितरण, भुक्तानीको व्यवस्था हुनु पर्ने ।
- सहकारीहरुलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालनका लागि र गाउँमा नमूना सहकारी अध्यास अनुशरण कार्यक्रमका लागि बजेट व्यवस्था हुनु पर्ने ।
- उत्पादनमा आधारित सहकारीहरुलाई अनुदान, सीप, प्रविधि र प्राविधिक जनशक्तिको व्यवस्था हुनु पर्ने ।
- उत्पादन (उद्योग, प्रतिष्ठान) र सेवाका सबै क्षेत्र (शिक्षा, विमा, जलस्रोत आदि) मा सहकारीलाई खुला गरी राज्य र निजी क्षेत्रको सहकार्यको प्रत्याभूति हुनु पर्ने ।
- महिला, युवा, किसान, सीमान्तीकृत समुदाय र भूगोलका सहकारीहरुलाई विशेष सहयोग कार्यक्रम ल्याइनु पर्ने ।
- माध्यमिक तहदेखि विश्वविद्यालय तहमा सहकारी विषय पाठ्यक्रममा समावेश गर्नु पर्ने ।
- सहकारीहरुबीच अन्तरलगानी कार्यक्रम र सहकारीहरु मिलेर उद्योग व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने ।
- जिल्लाका सम्बद्ध सहकारी कार्यालय (लाइन एजेन्सी) हरु र स्थानीय निकायको नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयनका लागि सहकारी क्षेत्रलाई अनिवार्य रुपमा समावेश गर्नु पर्ने र स्थानीय बजेटको कार्यान्वयन र अनुगमन सहकारी क्षेत्र मार्फत् गर्नु पर्ने ।

## मकवानपुर जिल्लाबाट प्राप्त लिखित सुझावहरु

**(क) राजनीतिक दलका स्थानीय प्रतिनिधिहरुबाट प्राप्त सुझाव**
**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु)**

- बेरोजगारी अन्त्यका लागि औद्योगिकीकरण तथा सीप विकास तालीमको व्यवस्था हुनु पर्ने ।
- वैज्ञानिक तथा व्यावसायिक कृषि प्रणालीको विकास गर्नु पर्ने ।

- प्रचुर मात्रामा पर्यटन पूर्वाधारको विकास हुनु पर्ने ।
- जलस्रोत विकासका लागि जोड दिनु पर्ने ।
- राष्ट्रिय गौरवका आयोजनाहरुमा प्राथमिकताका साथ बजेट विनियोजन गर्नु पर्ने ।
- राष्ट्रिय योजना आयोगले राष्ट्रिय स्तरका योजना मात्र हेर्ने हुनु पर्ने ।
- स्थानीय निकायहरुमा विकास बजेट बढाउनु पर्ने ।
- नवगठित नगरपालिकाहरुलाई यथेष्ट बजेट विनियोजन हुनु पर्ने ।
- स्वास्थ्य र शिक्षाका सम्पूर्ण दायित्व सरकारले लिनु पर्ने ।
- चुरे क्षेत्रको वर्तमान परिभाषा परिवर्तन गरी वैज्ञानिक तथा व्यावहारिक बनाउनु पर्ने ।
- सुकुम्बासी समस्या समाधानका लागि वैज्ञानिक व्यवस्था गर्नु पर्ने ।
- हेटौंडा-काठमाडौं सुरुङ्ग मार्ग तथा काठमाडौं-तराई द्रूत मार्गलाई प्राथमिकताका साथ बजेट विनियोजन गर्नु पर्ने ।
- मकवानपुर जिल्लालाई औद्योगिक जिल्ला घोषणा गरी हेटौंडा औद्योगिक क्षेत्रलाई विशेष आर्थिक क्षेत्र घोषणा गर्नु पर्ने ।
- हालको आर्थिक वर्षलाई परिवर्तन गरी वैशाख १ गतेबाट नयाँ आर्थिक वर्ष लागू गर्नु पर्ने ।
- सार्वजनिक खरिद ऐन परिवर्तन गरी समयानुकुल सरलीकृत बनाउन जरुरी ।
- बजेट पास भैसकेपछि अख्तियारी लिनु पर्ने व्यवस्था खारेज गर्नु पर्ने ।
- बजेट पहुँचका आधारमा होइन, प्राथमिकताका आधारमा विनियोजन हुनु पर्ने ।
- योजना छनौट गर्दा अधिकतम जना लाभान्वित हुने गरी छनौट गर्नु पर्ने ।
- लागतका आधारमा योजना छनौट गरी निर्धारित समयभित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्नु पर्ने ।
- विकृति, विसंगति र अनियमितताको अन्त्य गर्न यथाशीघ्र स्थानीय निकायको निर्वाचन गर्न बजेट कार्यक्रम तय गर्नु पर्ने ।
- विद्यमान अनियमितता अन्त्यको लागि राजनीतिक दल सहितको प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्नु पर्ने ।
- स्थानीय स्वायत्त शासन ऐनसँग बाझिएका ऐन, कानून समयानुकूल परिमार्जन गरी स्थानीय निकायहरुलाई सक्षम बनाउनु पर्ने ।
- लाइन एजेन्सीका रुपमा रहेका डिभिजन सडक कार्यालय/नगरपालिका/जिल्ला विकास समिति/ जलउत्पन्न प्रकोप नियन्त्रण/जिल्ला सिँचाइ जस्ता कार्यालयहरुको बजेट दोहोरो हुन नदिन एकीकृत विकास मोडेलको रुपमा कार्य गर्न तथा परिपूरक लगानीको रुपमा लगानी गरी थोरै-थोरै लगानीबाट पूर्ण निर्माण प्राप्त गर्न त्यस्ता निकायबीच प्रभावकारी रुपमा पूर्वबजेट छलफल गरी दोहोरो लगानीलाई निषेध गर्ने नीति लिनु पर्ने ।

**योजना छनौट तथा दिगो विकासका लागि राजनीतिक दलहरुको भूमिका,-**

- स्थानीय समस्या पहिचानमा जनचेतनाको अभिवृद्धि गराउनु पर्ने ।
- योजना छनौटमा अत्यधिक जनसहभागिताका लागि प्रेरित गर्नु पर्ने ।
- बहुजनहिताय, बहुजनसुखाय भन्ने सिद्धान्तका आधारमा योजना छनौट गर्नु पर्ने ।
- भौगोलिक आधारमा राष्ट्रिय आवास नीति निर्माण गरी कार्यान्वयन गर्नु पर्ने ।
- भू-उपयोग नीति कडाइका साथ लागू गर्नु पर्ने ।

- योजना सञ्चालनका लागि जनसहभागिता, अनुगमन, जनपरिचालन गर्नु पर्ने ।
- जनता र सम्बन्धित निकायबीच विकासका लागि प्रभावकारी समन्वय गर्नु पर्ने ।
- भ्रष्टाचार, अनियमितता नियन्त्रणका लागि प्रभावकारी नेतृत्व गर्नु पर्ने ।
- लैङ्गिक समानताका लागि प्राथमिकताका साथ राष्ट्रिय बजेट तथा सरकारका नीति तथा कार्यक्रमबाट सम्बोधित महिला तथा बालबालिकासँग सम्बन्धित कार्यक्रम कार्यान्वयनमा महिलाहरुलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्ने ।
- कानूनी राज्यको पूर्ण परिपालना गर्नु पर्ने ।

**(ख) जिल्लास्थित सरकारी कार्यालय प्रमुख एवं प्रतिनिधिहरु एवं जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ तथा गा.वि.स. महासंघ र गैर सरकारी संघका प्रतिनिधिबाट एकीकृत रुपमा प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- नेपाल सरकारबाट प्रदान गरिने तलब भत्ता तथा प्रोत्साहन भत्ता सम्पूर्ण कर्मचारीलाई एकरुपता हुने गरी प्रदान गर्नु पर्ने ।
- सरकारी कार्यालयहरुमा रिक्त रहेका दरबन्दीहरुमा करार सेवामा रहेका कर्मचारीहरुलाई तलब भत्ताबाट खर्च खर्च लेख्ने व्यवस्था हुनु पर्ने अन्यथा परामर्श सेवामा पर्याप्त बजेट विनियोजन हुनु पर्ने ।
- अर्थ मन्त्रालय, सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगबीच समन्वय गरी वैदेशिक सहायताप्राप्त आयोजनाहरुमा फुकुवाको यकिन गरी मात्र कार्यक्रम पारिन हुनु पर्ने ।
- निजामती कर्मचारीहरुलाई दिइने दैनिक भ्रमण भत्तामा समयानुसार वृद्धि गरी होटल बील पेश गर्नु पर्ने व्यवस्था खारेज गरी लचिलो व्यवस्था हुनु पर्ने ।
- जिल्लास्थित कार्यालयका बजेट तथा कार्यक्रममा संलग्न जनशक्तिलाई त्यस वर्षको बजेटभित्र रहेको कर तथा बजेट कार्यान्वयन सम्बन्धी अनुशिक्षणको व्यवस्था अनिवार्य गर्नु पर्ने ।
- सबै नागरिकहरुलाई करको दायरामा ल्याउनु पर्ने र राज्यका नागरिकहरुले अत्यावश्यक सामाजिक सुरक्षा (शिक्षा, स्वास्थ्य, बेरोजगारभत्ता) को ग्यारेण्टी राज्यले लिनु पर्ने र शिक्षा र स्वास्थ्यमा भैरहेको व्यापारीकरण बन्द हुनु पर्ने ।
- प्रत्येक राष्ट्रसेवकबाट कट्टा गरेको एक प्रतिशत सामाजिक सुरक्षा करको प्रतिफल सुनिश्चित हुनु पर्ने ।
- आधिकारिक ट्रेड युनियनको व्यवस्था हुनु पर्ने ।
- नेपाल सरकारबाट सञ्चालन गरिने गोष्ठी, तालीम, सेमिनारमा खर्च गर्ने नर्म्स सबै निकायहरुमा एकरुपमा हुनु पर्ने ।
- व्यावसायिक सीपमूलक तालीम कार्यक्रममा विभिन्न संस्थाहरुकाबीचमा देखिने दोहोरोपना रोकी तालीमलाई बढी प्रभावकारी बनाउन एउटा प्रकृतिको तालीम एउटा निकायलाई मात्र दिने र तालीम दिने संस्थाको न्यूनतम मापदण्ड तोक्नु पर्ने ।
- समानस्तरका जिल्लास्थित कार्यालयहरुमा न्यूनतम सेवा सुविधा जस्तै कम्तिमा एउटा सवारी साधन, लगायत कर्मचारीको व्यवस्था हुनु पर्ने ।
- सेवानिवृत्त हुँदा राष्ट्रसेवकले पाउने सेवा सुविधामा वृद्धि हुनु पर्ने ।

**(विषय : योजना कार्यान्वयन, पुँजीगत खर्च वृद्धि र आर्थिक अनियमितता नियन्त्रणका उपाय)**

- चालू आर्थिक वर्षको पहिलो हप्ताभित्र बजेट तथा खर्च गर्ने अख्तियारी कार्यान्वयन गर्ने निकायमा पुग्नु पर्ने ।
- वैदेशिक सहायताप्राप्त आयोजनाहरुको फुकुवा समयभित्रै हुनु पर्ने ।

- ठूला-ठूला विकास आयोजनाहरुको थप बजेट आर्थिक वर्षको अन्तिम दिनमा समेत आउने गरेकोले त्यस्ता आयोजनाहरुको कार्यान्वयन गर्न नसकिएकोले समयभित्रै भ्याइने गरी बजेट निकासा हुनु पर्ने ।
- ठेक्कापट्टा लगायतका पुँजीगत प्रकृतिका खर्चहरु तोकिएको समयतालीका अनुसार कार्यान्वयन हुने व्यवस्था मिलाउनु पर्ने ।
- असल नियतले गरेका कामहरुमा कतिपय समयमा बाधा, व्यवधान आउने भएको हुँदा यस्ता कुराहरु निरुत्साहित गर्न केन्द्रीय तहबाटै पहल हुनु पर्ने ।
- विषयगत कानूनी जटिलतामा संशोधन गरी सरल बनाइनु पर्ने ।
- पुँजीगत तथा चालू खर्चतर्फको खर्च गर्ने प्रकृतिमा सरलता ल्याइनु पर्ने ।

**(ग) जिल्लास्थित नागरिक समाजका प्रतिनिधि (प्राध्यापक, बुद्धिजीवी, उद्योगी, व्यापारी, महिला समूह/सञ्जालका प्रतिनिधि एवं पत्रकार समेत) बाट प्राप्त सुझाव**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- औद्योगिक जिल्लाको अवधारणा बोकेको मकवानपुर जिल्लालाई लोडसेडिङ्गमुक्त जिल्लाको रुपमा कायम गर्नु पर्ने ।
- विस्तारित औद्योगिक क्षेत्रलाई बजेटको व्यवस्था गरी तत्काल वितरण गर्नु पर्ने ।
- न्यून विजकीकरणलाई भन्सारबाटै रोक लगाउनु पर्ने ।
- साना व्यवसायीहरुले व्यहोर्नु परेका अप्ठ्याराहरुलाई ध्यान दिई थ्रेसहोल्ड वृद्धि गरी एक करोड रुपैयाँ पुऱ्याउनु पर्ने ।
- सरकारी राष्ट्रिय रुग्ण उद्योगहरुको संरक्षण, संवर्द्धन र सञ्चालन गरिनु पर्ने ।
- घरेलु तथा कुटिर उद्योगहरुलाई प्राथमिकतामा राख्नु पर्ने ।
- जिल्ला तहका कृषक समूह, कृषि फार्मलाई अनुदानको व्यवस्था गरिनु पर्ने ।
- सामाजिक सुरक्षा भत्ताको दायरामा आदिवासी, दलित, एकल महिला, अपाङ्ग, उत्पिडित, ज्येष्ठ नागरिकलाई राख्नु पर्ने ।
- लक्षित वर्गको लागि विशेष राहत कार्यक्रम ल्याइनु पर्ने ।
- राष्ट्रसेवक (निजामती, जङ्गी, प्रहरी, शिक्षक र विश्वविद्यालय सेवाका) लाई समयानुकूल आर्थिक राहत कार्यक्रम ल्याइनु पर्ने ।
- बालबालिका लक्षित थप कार्यक्रमहरु राखिनु पर्ने ।
- व्यावसायिक सुरक्षा कोष खडा गरी राज्यको तर्फबाट सोही कोषको केही अंश राहत र पेन्सनका रुपमा उद्यमी, व्यापारीलाई उपलब्ध गराउने व्यवस्था कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोष झैं गर्नु पर्ने ।
- लक्षित वर्गलाई र पीडित पक्षलाई न्याय प्राप्त नभएसम्म सुरक्षित आश्रय र भरणपोषण सहितको कार्य सरकारी निकायबाटै गरिनु पर्ने ।
- दक्ष जनशक्ति उत्पादन र क्षमता अभिवृद्धि केन्द्रित कार्यक्रम तथा स्वदेशमै रोजगारको व्यवस्था वृद्धि गरिनु पर्ने ।
- वैदेशिक रोजगारीबाट मानसिक तथा शारीरिक समस्या झेल्न बाध्य जनशक्तिलाई राज्यबाटै जीवनपर्यन्त व्यवस्थापनको लागि नीति निर्माण गरिनु पर्ने ।
- स्वरोजगार, वैदेशिक रोजगार प्रेरित कार्यक्रमलाई अभिमुखीकरणको पहल स्थानीय तहमा विस्तार गरिनु पर्ने ।
- लैङ्गिक सम्वेदनशीलताको आधारमा बजेट विनियोजन हुनु पर्ने ।

- महिला केन्द्रित विशेष कार्यक्रममा जोड दिइनु पर्ने ।
- विभिन्न कालखण्डमा बनेका कानून, नीति, नियमलाई गणतान्त्रिक मुलुकको परिप्रेक्ष्यमा संशोधन, परिमार्जन, पुनर्लेखन गरिनु पर्ने ।
- राज्यले विकास निर्माण र पूवाधार विकासको लागि व्यक्तिको घरजग्गा प्राप्ति गर्दा उचित मुआव्जा दिएर मात्र अधिग्रहण गर्नु पर्ने ।
- जिल्ला तहमा क्रियाशील मानव अधिकार संघ, संगठनको लागि राष्ट्रिय रुपमा आर्थिक सहयोग सम्बन्धी नीति निर्माण गरिनु पर्ने ।
- जिल्ला तहको मानव अधिकार इकाइ गठन गरी राष्ट्रिय मानव अधिकार आयोग र सरकारी निकायमा समन्वय कायम गर्ने नीति लिइनु पर्ने ।
- कृषकहरुलाई सङ्गठिन गर्ने, कृषि कोष खडा गर्दै राज्यको तर्फबाट कृषकलाई निवृत्तिभरण व्यवस्था गर्नु पर्ने ।
- कृषकका अभियानलाई थप ऊर्जा प्रदान गर्न कृषकहरुलाई प्रोत्साहन, सम्मान तथा पुरस्कार राज्यको तर्फबाट उपलब्ध गराउने नीति लिइनु पर्ने ।
- लोककल्याणकारी राज्यको अनुभूति आमनागरिकलाई हुने अवस्था निर्माण हुनु पर्ने ।

**(विषय : स्थानीय स्तरमा विकासका सम्भाव्यता, स्थानीय समस्या, आवश्यकता र समाधानका उपाय)**

- पर्यटन प्रबर्द्धनमा बढी जोड दिनु पर्ने ।
- एक कृषि उत्पादन नीति प्रबर्द्धनको व्यवस्था गर्नु पर्ने ।
- औद्योगिक सूचना पार्क, औद्योगिक संग्रहालयको व्यवस्था गर्नु पर्ने ।
- यहाँका पुरातात्विक, ऐतिहासिक सम्पदाहरु (मकवानपुर गढी, चिसापानी गढी, नेपालको पुरानो सुरुङ्ग मार्ग, क्याप्टेन यज्ञबहादुर थापा शहित पार्क) को संरक्षण निर्माण गर्नु पर्ने ।
- हेटौंडा-काठमाडौं सुरुङ्ग मार्ग, फास्ट ट्र्याक लिङ्क रोड निर्माण गर्नु पर्ने ।
- जैविक विविधता पार्क निर्माण गरिनु पर्ने ।
- लोपोन्मुख जाती (वनकरिया र चेपाङ्ग) उत्थान राष्ट्रिय कार्यक्रम ल्याइनु पर्ने ।
- उत्तरी मकवानपुरमा रहेका गोपाली जाति, वस्ती एवं संस्कृति संरक्षणको राष्ट्रिय कार्यक्रम ल्याइनु पर्ने ।
- परम्परागत ताल, पोखरी, नदीनाला संरक्षण कार्यक्रम ल्याइनु पर्ने ।
- बौद्ध धर्म, संस्कृति अध्ययन केन्द्र निर्माण गर्नु पर्ने ।
- हेटौंडा मत्स्य विकास केन्द्रलाई राष्ट्रिय स्तरको अध्ययन, उत्पादन, वितरण केन्द्रको रुपमा विकास गर्नु पर्ने ।
- मकवानपुर, पालुङ्ग जैविक विविधता केन्द्रको स्तर वृद्धि गर्नु पर्ने ।
- पूर्व-पश्चिम राजमार्गमा हुने दूर्घटनाबाट मानवीय क्षति कम गर्नका लागि पायक पर्ने स्थानमा अस्पतालहरुको निर्माण र भएका अस्पतालको स्तरवृद्धि गरिनु पर्ने ।
- प्राकृतिकचिकित्सा,योग, ध्यान केन्द्रको रुपमा अञ्चल आयुर्वेदिक अस्पतालको स्तर वृद्धि गरिनुपर्ने ।
- नेपाल नगर क्षेत्रहरुमध्ये हेटौंडा उपमहानगरपालिका क्षेत्रको वडा नं. २९ मा शहरी वनको विकास गर्नु पर्ने ।
- मकवानपुरको उत्तरी क्षेत्रको सीमभञ्ज्याङ्ग, दामन, भार्खु, कुलेखानी क्षेत्रमा पाइने नौप्रजातिका लालिगुराँस संरक्षण कार्यक्रम राख्नु पर्ने ।

- मकवानपुरको हेटौंडाको कान्ति ईश्वरी गृह (हालको नेपाल ट्रष्ट कार्यालय) रहेको जग्गा र भवनलाई शिक्षक अस्पतालको रुपमा विकास गर्नु पर्ने ।
- मकवानपुरको नगदे बाली वा जडीबुटीहरु (नीम, लप्सी, रुद्राक्ष, राजवृक्ष, चिउरी, हर्रो, वर्रो, अमला, अलौंची) उत्पादन केन्द्रको रुपमा विकास गर्नु पर्ने ।
- समुदायमा आधारित वन विकास अधिकांश ढाँचा (कबुलियती, धार्मिक, चुरे, सामुदायिक, मध्यवर्ती आदि) मकवानपुरमा रहेकोले नेपालको नमूना जिल्लाको रुपमा पहिचान कायम गर्ने नीति तय गरिनु पर्ने ।
- बजेट तयारी, निर्माण, स्वीकृति, अख्तियारी र कार्यक्रममा हुने लामो प्रक्रिया र ढिलासुस्तीलाई यसै आर्थिक वर्षदेखि परिमार्जन गर्नु पर्ने ।
- स्थानीय स्तरका बीस लाखसम्मका विकास निर्माणका कामहरु स्थानीय निकायको अनुगमन, निरीक्षण एवं फरफारकमा पी.पी.पी. मोडेलमा सञ्चालन गर्नु पर्ने ।
- पचास लाखसम्मका विकास निर्माणका कार्य स्थानीय निकाय र निजी क्षेत्रले आधा-आधा व्यहोर्ने गरी गर्ने नीति लिनु पर्ने ।

**(घ) सहकारी संघका प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु**

**(विषय : सरकारको नीति, कार्यक्रम र बजेटका प्राथमिकता एवं बजेटले सम्बोधन गर्नु पर्ने विषयवस्तु)**

- सहकारी प्रशिक्षण एवं तालीम केन्द्र संख्या विस्तार एवं स्रेत साधन सहितको क्षमतावृद्धि गरिनु पर्ने ।
- उत्पादक र उपभोक्ताबीच बिचौलियाले अनावश्यक कमिशन खाने दुवैका हितमा काम गर्न सुपथ मुल्य सहकारी पसल सञ्चालन गर्न सहयोग पुऱ्याउनु पर्ने ।
- सहकारी संघ, संस्थाहरु मार्फत् सहकारी शिक्षा तालीम सञ्चालन कार्यक्रम गर्नु पर्ने ।
- मेशिन, औजार, उपकरण तथा ढुवानी साधन, दूग्ध परीक्षण सम्बन्धी मेशिनरी (मिल्क अन्लाइजर) तथा कच्चा पदार्थ खरिदमा सहुलियत तथा छूटको व्यवस्था गर्नु पर्ने ।
- ग्रामीण क्षेत्रमा वित्तीय सेवा प्रदान गर्ने सहकारीलाई छूट सहुलियत उपलब्ध गराउनु पर्ने ।
- राष्ट्रिय सहकारी संघले प्रस्तुत गरेको करका सुझाव सम्बन्धमा सोही बमोजिम व्यावहारिक कर लागू गराई सबैलाई करको दायरामा ल्याएर नियमित कर बुझाउने अवसर प्रदान गर्नु पर्ने ।
- सहकारी मार्फत् मालपोत कार्यालयमा हुने धितो रोक्का, दृष्टिबन्धक गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लगायत अन्य शुल्क र जग्गा खरिद राजिनामा पारित दस्तुर छूटको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गराउनु पर्ने ।
- सहकारी संस्थाले सञ्चालन गरेको व्यवसायमा लाग्ने स्थानीय करमा छूटको व्यवस्था हुनु पर्ने ( उदाहरणको लागि परालमा कवाडी कर)
- सहकारीद्वारा सञ्चालित सुपथ मूल्यको उपभोक्ता पसलमा बिक्री गरिने वस्तु प्याकिङ्ग गरी बिक्री गर्दा मूल्य अभिवृद्धि कर लगायतका अन्य कर छूटको व्यवस्था गर्नु पर्ने ।
- युवा स्वरोजगार कोष, गरीबी निवारण कोष लगायतका कोषहरुको परिचालन सहकारी मार्फत् गरिनु पर्ने ।
- सहकारी कर्जा सूचना केन्द्रको स्थापना, सञ्चालन र परिचालन राष्ट्रिय सहकारी संघ मार्फत् गरिनु पर्ने ।
- उद्देश्य र प्रकृति मिलेका सहकारीहरु एकीकरण हुँदाथप सहुलियत सुविधाको व्यवस्था गरिनुपर्ने ।
- दूग्ध उत्पादक सहकारीहरुलाई कर छूट हुनु पर्ने । दूग्ध चिस्यान केन्द्र सञ्चालन गर्ने सहकारीलाई विद्युत महसूलमा पचास प्रतिशत छूट सुविधा उपलब्ध गराउनु पर्ने ।
- सहकारीहरुलाई स्थानीय कर लगाउन नपाउने व्यवस्था गर्नु पर्ने ।
- कृषिमा दिने अनुदान उत्पादित क्षेत्रको आधारमा मात्र प्रदान गर्नु पर्ने ।
- सहकारी मार्फत् सञ्चालित उद्योगहरु दर्ताका लागि एकद्वार नीति कायम गरी दोहोरो कर लगाउन नहुने।

- सहकारीबाट उत्पादित वस्तुमा भ्याट छूट हुनु पर्ने ।
- स्थानीय निकाय र जिल्लास्थित विभिन्न विषयगत सरकारी कार्यालयहरुले समूह मार्फत् सञ्चालन गर्ने विकास कार्यक्रमहरुको कार्यान्वयनमा सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिने व्यवस्था गर्नु पर्ने ।

**सहकारी क्षेत्रमा विकासका समस्या र आगामी बजेटमा सम्बोधन गर्नु पर्ने विषयवस्तुहरु :-**

- सहकारी शिक्षाका लागि आन्तरिक राजश्व कार्यालयमा बजेटको व्यवस्था गर्नु पर्ने ।
- सहकारी मार्फत् महिला सदस्यहरुको सशक्तीकरणका लागि राज्यले बजेट व्यवस्था गर्नु पर्ने ।
- सहकारीका सीमान्तकृत सदस्य, सहकारीकर्मी, उत्पादक उद्यमी, व्यवसायीहरुको क्षमता विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका तालीम, भ्रमण, गोष्ठीमा सहभागिताका लागि बजेट व्यवस्था गर्नु पर्ने ।
- कुनै पनि सहकारीले साना कृषकहरुको आर्थिक उपार्जन वृद्धिका लागि पशुपालन क्षेत्रमा कर्जा लिँदा राज्यले दिएको सहुलियतको ऋण प्रदान गर्न बजेट विनियोजन गर्नु पर्ने ।
- सहकारीलाई राज्यले तीनखम्बे अर्थनीतिको मान्यता प्रदान गरे तापनि सहकारी क्षेत्रको लागि न्यून बजेट मात्र विनियोजन हुने भएकोले पर्याप्त बजेट विनियोजन गर्नु पर्ने ।
- व्यावसायिक योजना, उद्यमशीलता विकास सम्बन्धी तालीम, कार्यक्रमको व्यवस्था गर्नु पर्ने ।
- दलित, एकल महिला, द्वन्द्वपीडित, लोपोन्मुख जातिहरुको सहकारीमा आबद्धता तथा स्वरोजगारमुलक सीप तथा क्षमता विकासका लागि प्रदान गरिने सहुलियत ऋण सेवाका लागि राज्यले बजेट व्यवस्था गर्नु पर्ने।
- सहकारी संघ, संस्थाका सदस्यहरुको क्षमता, स्वरोजगार विकास सम्बन्धी कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्ने ।
- सहकारी संघ, संस्थाको सूचना र तथ्याङ्क व्यवस्थापनमा बजेट विनियोजन हुनु पर्ने ।
- स्वरोजगारमूलक तालीम तथा क्षमता विकास सम्बन्धी तालीम तथा कार्यक्रमहरु सहकारी संघ, संस्थाले नै सञ्चालन, व्यवस्थापन गर्नका लागि बजेट विनियोजन गर्नु पर्ने ।
- जिल्लास्तरीय वित्तीय सेवा सञ्चालन गर्ने सहकारी संघहरुलाई थोक कर्जा उपलब्ध गराउन बजेट विनियोजन गर्नु पर्ने ।
- सहकारी संघ, संस्थाहरुको पूर्वाधार निर्माणका लागि बजेट उपलब्ध गराउनु पर्ने ।
- डिभिजन सहकारी कार्यालयको संख्या वृद्धि गरी पचहत्तरवटै जिल्लामा पुऱ्याउनुका साथै जनशक्ति र क्षमता विकासका कार्यक्रम र सहकारी कर्मचारी समुह गठन गरी विशेष भत्ताको व्यवस्था गर्दै लामो समय काम गर्ने वातावरण मिलाउनु पर्ने ।
- राष्ट्रिय सहकारी संघ, केन्द्रीय संघ र जिल्ला संघहरुको क्षमता वृद्धि एवं सञ्चालनका लागि स्रोतको व्यवस्था हुनु पर्ने ।
- गरीबी निवारण कार्यक्रम सहकारी मार्फत् कार्यान्वयन गर्नु पर्ने ।
- उत्पादक सहकारी, बजारीकरण सहकारी र सेवा उपलब्ध गराउने सहकारी गरी तीन किसिमले वर्गीकरण गरी सबैलाई समान रुपमा बजेट विनियोजन गर्नु पर्ने ।